राष्ट्रिय संस्करण

# नयाँ पत्रिका

nayapatrikadaily.com

२४ फागुन २०७५, शुक्रबार (8 March 2019, Friday) ■ नेपाल संवत् ११३९ ■ वर्ष १२ ■ अंक ३२१ ■ पृष्ठ १२+४+४ nayapatrikaofficial @naya_patrika मूल्य रु. ५/-





१० ■ सौतिनी आमा करिनाबारे सारा
१२ ■ मत्थर हुँदै भारत-पाक तनाव
२० ■ ज्ञानेन्द्र चार खेलमा प्रतिबन्धित

## अस्पतालमा बिरामीको व्यापार

# सरकारीले पठाउँछन्, निजीले कमाउँछन्

### ■ स्वास्थ्य मन्त्रालयले गठन गरेको शुल्क निर्धारण समितिको बैठक पाँच वर्षमा एकपटक मात्र

● अर्जुन अधिकारी/नयाँ पत्रिका

वीर अस्पतालमा सामान्य बेड निःशुल्क पाइन्छ। शिक्षण अस्पतालमा दुई सय ५० रुपैयाँ तिर्नुपर्छ। तर, बयोधा अस्पतालमा भर्ना हुनासाथ १५००, नर्भिकमा २०००, ग्रान्डीमा २०९० र मेडिसिटीमा ३२५० तिर्नुपर्छ। त्यस्तै, क्याबिन लिएमा वीर अस्पतालमा १००० र शिक्षण अस्पतालमा १४०० तिरे पुग्छ। तर, नर्भिकमा पुग्नासाथ ८०००, बयोधामा ८५००, मेडिसिटीमा १०००० र ग्रान्डीमा १०२८३ तिर्नुपर्छ। पैसा तिर्न सक्ने बिरामीका लागि अस्पतालहरूमा विशेष व्यवस्था पनि छ। वीर अस्पतालमा भिभिआइपी बेडको ३००० रुपैयाँ शुल्क छ, बयोधामा ए सुइटको १५०००, मेडिसिटीमा २७०००, ग्रान्डीमा २८०२४ र नर्भिकमा रिगल सुइटको ४५००० सम्म तिर्नुपर्छ। यसरी सरकारीभन्दा निजी अस्पतालमा बेडमा समेत १५ गुणा बढी शुल्क तिर्नुपर्छ।

बिरामीलाई आइसियूमा राख्नुपरेमा शिक्षणमा ११०० र वीरमा ३००० तिरे पुग्छ। तर, बयोधामा ८५००, नर्भिकमा ८७५०, ग्रान्डीमा १६९५० र मेडिसिटीमा २१००० तिर्नुपर्छ।

त्यस्तै, प्याथोलोजीमा पनि निजी र सरकारी शुल्कमा असाधारण अन्तर छ। ब्लड कल्चर गर्दा वीर अस्पतालमा १५०, शिक्षणमा १७० लाग्छ भने बयोधामा ३७५, ग्रान्डीमा ५००, नर्भिकमा ५०० र मेडिसिटीमा १६५० लाग्छ। त्यस्तै, ग्लुकोज परीक्षण गर्दा वीरमा ४०, शिक्षणमा ५०, ग्रान्डीमा ११०, नर्भिकमा १७०, बयोधामा १५० लाग्छ। इसिजी गर्दा वीरमा १५०, शिक्षण १७० लाग्छ भने बयोधामा ३७५ तिर्नुपर्छ। यही शीर्षकमा मेडिसिटी, नर्भिक र ग्रान्डीमा पाँच-पाँच सय तिर्नुपर्छ। एक्सरे गरेको वीरमा २०० र शिक्षणमा ३०० रुपैयाँ लाग्छ। तर, ग्रान्डीमा ५५०, नर्भिकमा ३२०० सम्म र मेडिसिटीमा १८०० सम्म लाग्छ।

निजी अस्पतालहरूले एकैखालका सुविधामा धेरै अन्तरमा शुल्क

» पृष्ठ १३ मा क्रमशः

### ■ सरकारी अस्पतालमा भन्दा निजीमा 'बेड चार्ज' १५ गुणासम्म बढी

| | वीर | टिचिङ | ग्रान्डी | नर्भिक | बयोधा | मेडिसिटी |
|---|---|---|---|---|---|---|
| सामान्य बेड | निःशुल्क | २५०/- | २०९०/- | २०००/- | १५००/- | ३२५०/- |
| क्याबिन | १०००/- | १४०० | १०२८३/- | ८०००/- | ८५००/- | १००००/- |
| भिभिआइपी बेड | ३०००/- | - | २८०२४/- | ४५०००/- | १५०००/- | २७०००/- |
| आइसियू | ३०००/- | ११००/- | १६९५०/- सम्म | ८७५०/- | ८५००/- | २१०००/- |
| एक्सरे | २००/- | ३००/- | ५५०/- | १७०-३२००/- | - | ६००/- |
| एमआरआई | ७०००-१२०००/- | १५००-१२५००/- | २७५००/- सम्म | १०९५२-३३३३३/- | - | - |
| अल्ट्रासाउन्ड | ४००/- | ९५/- | १५००-१४९१०/- | १५००-१४९१०/- | ९५०/- | ९९०/- |
| सिटी स्क्यान | २५००-५०००/- | २७००-१००००/- | ७०००-२२०००/- | ७०००-२२०००/- | ३०९७-१५०००/- | - |
| दिसा | २५/- | ५०/- | ५५०/- | ५५०/- | - | २०० |
| पिसाब | २०/- | ५०/- | ५५०/- | ५५०/- | - | २०० |
| ग्लुकोज | ४०/- | ५०/- | ११०/- | १७०/- | १५०/- | १५०/- |
| इसिजी | १५०/- | १७०/- | ५००/- | ५००/- | ३७५/- | ५००/- |
| ब्लड कल्चर | १२५/- | २५०/- | ७७०/- | - | - | १६५० |



स्वास्थ्य मन्त्रालयका अस्पताल प्रशासक **डा. दीपेन्द्ररमण सिंह** भन्छन्-

### तत्काल टिम गठन गरेर अनुगमनमा पठाउँछौँ

निजी अस्पतालहरूको शुल्क चर्को भएपछि एक वर्षदेखि मन्त्रालयले मूल्य निर्धारण गर्ने विषयमा कामहरू गरिरहेको छ। गत वर्ष बैठक बसेर निजी अस्पतालहरूलाई शुल्क उपलब्ध गराउन आग्रह गरिएको थियो। केही अस्पतालले सूची बुझाएका छन्। बाँकी आउने क्रममा छन्। स्वास्थ्य मन्त्रालयले केही दिनभित्रै मूल्य निर्धारण समितिको बैठक राख्छ। एउटा टिम गठन गरेर अनुगमनका लागि अस्पतालहरूमा पठाइन्छ। सरकारको लक्ष्य भनेको सस्तो र सरल रूपमा जनताले स्वास्थ्य सेवा पाऊन् भन्ने हो। अब मूल्य निर्धारण वैज्ञानिक रूपमा गरिनेछ। सरकारीभन्दा निजीको निश्चय नै बढी शुल्क हुन्छ, तर धेरै फरक हुनुहुँदैन।



निजी अस्पताल एसोसिएसनका वरिष्ठ उपाध्यक्ष **कुमार थापा** भन्छन्-

### सरकारी अस्पताल सस्तो होइन, निःशुल्क हुनुपर्छ

सरकारी अस्पताल सस्तो र निजी महँगोको कुरा होइन, सरकारी अस्पतालले त निःशुल्क सेवा दिनुपर्छ। निजी अस्पताल केही महँगा छन्। सबै उपकरण आफैँ किन्नुपरेपछि यो स्वाभाविक हो। राज्यले कुनै सहयोग गरेको छैन। निजी अस्पताललाई ट्याक्स पनि छुट छैन। बेवारिसे बिरामी सरकारीमा मात्रै हुँदैनन्, निजीमा पनि आउँछन्। उनीहरूलाई हामीले सेवा दिएका छौँ। यस हिसाबले त नेपालका निजी अस्पताल धेरै सस्ता हुन्। हामीभन्दा भारतमा सस्तो हुनुपर्ने, तर महँगो छ। त्यो एउटा उदाहरण पनि हो।

निर्मला हत्या प्रकरण

## आठ प्रहरीविरुद्ध मुद्दा दायर, ६ थुनामा

**काठमाडौंमा नवराज मैनाली**
**कञ्चनपुरमा मोहन विष्ट**

बालिका निर्मला पन्तको बलात्कार-हत्या अनुसन्धानमा प्रमाण नष्ट गरेको र निर्दोषलाई यातना दिएको अभियोगमा आठ प्रहरीविरुद्ध मुद्दा दायर भएको छ। जिल्ला प्रहरी कार्यालय कञ्चनपुरको अनुसन्धान प्रतिवेदनका आधारमा जिल्ला सरकारी वकिल कार्यालय कञ्चनपुरले बुधबार जिल्ला अदालतमा मुद्दा दर्ता गरेको हो।

सेवाबाट हटाइएका एसपी डिल्लीराज विष्ट र इन्स्पेक्टर जगदीश भट्टसहित अवकाशप्राप्त डिएसपी ज्ञानबहादुर सेठी, निलम्बित डिएसपी अंगुर जिसी, इन्स्पेक्टर एकेन्द्र खड्का, सइ रामसिंह धामी, हरिसिंह धामी र प्रहरी जवान चाँदनी साउदविरुद्ध सार्वजनिक न्यायविरुद्ध कसुर गरेको अभियोग लगाइएको छ।

उनीहरूमध्ये पूर्वएसपी विष्ट र निलम्बित डिएसपी जिसीबाहेक अरू सबैलाई बिहीबार अदालतमा उपस्थित गराइएको थियो। बयान र थुनछेक बहस नसकिएकाले उनीहरूलाई थुनामै राख्न अदालतले प्रहरीलाई पत्राचार गरेको छ। सोहीअनुसार उनीहरू कञ्चनपुर प्रहरीको हिरासतमा छन्। उनीहरूलाई आइतबार फेरि अदालतमा उपस्थित गराइने जिप्रका कञ्चनपुरका निमित्त प्रमुखसमेत रहेका डिएसपी कृष्णराज ओझाले बताए।

एसपी विष्ट, डिएसपीद्वय सेठी र जिसी तथा इन्स्पेक्टर खड्कालाई भने दिलीपसिंह विष्टलाई यातना दिएर अपराध कबोल गर्न लगाइएकोमा यातनासम्बन्धी मुद्दासमेत चलाइएको छ। निर्मलाका हत्याराका रूपमा प्रहरीले ४ भदौमा दिलीपसिंह विष्टलाई सार्वजनिक गरेको थियो। यातना दिएर अपराध कबोल गर्न लगाएको भन्दै प्रहरीविरुद्ध उजुरी परेको थियो। डिएनए परीक्षणमा विष्टको संलग्नता नदेखिएपछि जिल्ला सरकारी वकिल कार्यालयले उनलाई छाड्ने निर्णय गरेको थियो।

अनुसन्धानमा प्रमाण नष्ट गरेको र निर्दोष व्यक्तिलाई पक्राउ गरेर यातना दिएको आरोपमा आठ प्रहरीविरुद्ध मुद्दा चलाउन प्रहरी प्रधान कार्यालयले दुई महिनाअघि

» पृष्ठ १३ मा क्रमशः

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.
Truly a Nepali Bank
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त संस्था)

कर्नर किक
● रवि मिश्र



## २५ जना अट्ने कारागारमा १ सय १५ कैदी

सल्यान/२५ जना क्षमताको सल्यान जिल्ला कारागारमा एक सय १५ कैदीबन्दी छन्। कोठा आठवटा मात्रै छन्। 'एउटै कोठामा कोचिएर सुत्ने गरेका छौँ,' कैदीबन्दीका नाइके राजु भण्डारीले भने, 'दिउँसो त बाहिरभित्र बस्छौँ। राति सुत्ने ठाउँ हुन्न।'

कैदीबन्दीको संख्या बढिरहेकाले कोठामा खाट टाँगेर सुत्ने व्यवस्था मिलाएको जेलर विक्रम केसीले बताए। 'आकासे खाट बनाएका छौँ। त्यसमा १२ जनासम्म सुत्न मिलेको छ,' जेलर केसीले भने। ठाउँ नभएपछि केही कैदीलाई दाङ स्थानान्तरण

» पृष्ठ १३ मा क्रमशः

# पानीजहाज नेपालमा तत्काल कठिन

### नारायणी र कोसीको स्थलगत अध्ययनपछि प्राविधिक टोलीको निष्कर्ष

**जनार्दन बराल, जीवन बस्नेत/नयाँ पत्रिका**

जल यातायात सञ्चालनका लागि स्थलगत सम्भाव्यता अध्ययनले नेपालभित्रै तत्काल पानीजहाज आउन कठिन देखाएको छ। नेपाल र भारतका विज्ञ प्राविधिक टोलीले संयुक्त रूपमा नारायणी र कोसी नदीमा गरेको स्थलगत सम्भाव्यता अध्ययनपछि अधिकारीहरू यो निष्कर्षमा पुगेका हुन्। 'खासगरी कोसी र गण्डक ब्यारेजभन्दा मुनि पानीको सतह न्यून भएका कारण नेपालभित्र तत्काल पानीजहाज सञ्चालन असम्भव देखिन्छ,' स्थलगत अध्ययनमा सहभागी एक सदस्यले भने।

**संयुक्त टोलीद्वारा सम्भावित टर्मिनल रहने स्थान पहिचान**

कोसी र गण्डक ब्यारेजबाट अधिकांश पानी नहर हुँदै भारततर्फ नै लगिएको छ। त्यसकारण हिउँदमा त्यस क्षेत्रमा पानीको सतह एकदमै कम हुने गरेको छ। तर, पानीजहाजका लागि नदीमा पानी छाड्न भारत तयार नभएकाले मालबाहक पानीजहाज ल्याउन तत्काल सम्भव नदेखिएको उनको भनाइ छ। 'पानीको सतह बढ्ने भएकाले बर्खामा भने पानीजहाज ल्याउन सकिएला,' उनले भने, 'तर, त्यो दिगो होइन।'

भारतले हालै गण्डक र गंगाको संगमस्थल हाजीपुरसम्म ३ सय किलोमिटर जलमार्ग निर्माणको थालनी गरेको थियो। बघा नेपाल-भारत सिमानाको त्रिवेणीघाटको नजिक पर्छ। त्यो जलमार्गमा पनि ठूलो माल ढुवानीका लागि नभएर स्थानीय कृषिउपजलाई बजार पहुँच दिलाउने प्रयोजनका लागि भारतले निर्माण गरिरहेको ती सदस्यले बताए। त्यसो

» पृष्ठ १३ मा क्रमशः

### ■ नेपाल-भारतबीच काठमाडौंमा वार्ता जारी

गण्डक र कोसीको स्थलगत अध्ययन गरेर फर्केको संयुक्त टोलीको बिहीबारदेखि काठमाडौंमा बैठक सुरु भएको छ। बैठकका एजेन्डा सार्वजनिक नगरिए पनि नेपाली पक्षले पानीजहाज रुट प्रस्ताव गर्ने र भारतीय पक्षले स्वीकार गरेमा छलफल अघि बढाइनेछ। त्यस्तै, गंगा नदीबाट पानीजहाज ल्याउने रुटको थप प्राविधिक अध्ययनबारे बैठकमा छलफलको विषय रहेको बुझिएको छ। नेपाल र भारतीय प्राविधिक टोलीबीच शुक्रबार पनि बैठक बस्ने कार्यक्रम तय भएको छ। शुक्रबार हुने छलफलपछि मात्र बैठकका निर्णय सार्वजनिक गरिने तयारी छ।

नेपाली पक्षको तर्फबाट नेपालमा जल परिवहन सञ्चालनको सम्भावना खोज्न गठित जलमार्ग अध्ययन समितिका संयोजक माधव बेल्बासेले गरिरहेका छन्। त्यस्तै, भारतको तर्फबाट 'इन्ल्यान्ड वाटर-वे अथोरेटी अफ इन्डिया'का उपाध्यक्ष प्रबिर पाण्डेले गरिरहेका छन्। नेपाली टोलीमा सरोकारवाला सबै मन्त्रालयका गरी १७ जनाको सहभागिता छ। भारतीय टोलीमा भने ९ जना छन्। यसअघि दुवै देशका संयुक्त टोलीले मंगलबार र बुधबार कोसी नदीमा तथा सोमबार नारायणी नदीमा स्थलगत सम्भाव्यता अध्ययन गरेको थियो। स्थलगत सम्भाव्यता अध्ययनका क्रममा संयुक्त टोलीले टर्मिनल (पानीजहाज रोकिने स्थान) को सम्भावित स्थान पहिचान गरेको जानकारी दिएको छ।





# पुल निर्माणमा डेढ करोड खर्चेपछि डिजाइन गर्ने सडक कार्यालय भन्छ– नक्सा गलत

**टेकराज थामी**/नयाँ पत्रिका
**काठमाडौं, २३ फागुन**

२१ भदौ ०७२ मा भएको ठेक्का सम्झौताअनुसार काठमाडौंको अनामनगरस्थित धोबीखोला पुल २० माघ ०७३ मै सकिनुपर्ने थियो। ठेकेदार कम्पनी भण्डार/थोडङ्गा जी टेकले समयमा काम नसकेपछि २५ असार ०७५ सम्मका लागि म्याद थपियो। तर, म्याद फेरि गुज्रियो। अहिले पिलर ठड्याएर स्ल्याब राख्ने वेलामा फेरि पुलको नक्सा नै गल्ती भएको भन्दै काम रोकिएको छ।

चार वर्षअघि पुलको 'ड्रइङ एन्ड डिजाइन' गरेको सडक डिभिजन कार्यालय मीनभवनले नै अहिले नक्सा गल्ती भएको जनाएको छ। 'पुलको नक्सामै केही समस्या देखिएको छ। अब साबिकको नक्सामा पुल बनाउन सकिन्न,' कार्यालय प्रमुख

» पृष्ठ १३ मा क्रमशः

तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका



**पुरानो नक्साअनुसार बनाउँदा पुल सडकभन्दा साढे दुई मिटर अग्लो हुन्छ, गाडी कसरी चढ्ला त ?**

● **कैलाशकुमार श्रेष्ठ,** प्रमुख, सडक डिभिजन कार्यालय, मीनभवन

पुरानो नक्साअनुसार ठडिएका पिलरमा स्ल्याब हाल्दा सडकभन्दा पुल साढे दुई मिटर अग्लो हुने देखियो। सडकभन्दा आठ फिट अग्लो पुलमा सवारी कसरी चढ्ला त ? सडक फिलिङ गरेर उठाउन पनि सम्भव छैन। पुलको नक्सा पुनरावलोकन नगरी नहुने भयो।



**रानीपोखरीको सफाइ**

रानीपोखरी पुनर्निर्माणको क्रममा झारपात र घाँस उखेलेर फाल्दै कामदार । भूकम्प गएको तीन वर्षपछि रानीपोखरी बनाउने जिम्मा पुनर्निर्माण प्राधिकरणले पाएको छ । तस्बिर : सञ्जित परियार/नयाँ पत्रिका

# प्रधानमन्त्री बादशाह भए : डा. केसी

**नयाँ पत्रिका**
**काठमाडौं, २३ फागुन**

चिकित्साशास्त्र अध्ययन संस्थान आइओएमका प्रा.डा. गोविन्द केसीले प्रधानमन्त्री केपी शर्मा ओलीलाई 'बादशाह' को संज्ञा दिएका छन् । शिक्षण अस्पताल महाराजगन्जमा बिहीबार पत्रकार सम्मेलन गर्दै केसीले ओली बादशाह बन्दा देशमा भ्रष्टाचार बढेको बताए ।



शिक्षा र स्वास्थ्य क्षेत्रमा नेकपा कार्यकर्ता हाबी भएको र सोही कारण भ्रष्टाचार निवारणमा लाग्नेभन्दा संरक्षणमा सरकार केन्द्रित भएको उनको आरोप छ । 'दुईतिहाइ बहुमतको सरकारले सस्तो, सुलभ स्वास्थ्य सेवा देशभर पुऱ्याउने काम छाडेर माफियाहरूको स्वार्थमा काम गरेको छ' केसीले भने । केसीले चिकित्सा शिक्षा विधेयक संशोधन गर्न पनि माग गरेका छन् । उनले विगतमा भएको सम्झौता कार्यान्वयन नगरे पुनः अनशन थाल्ने चेतावनीसमेत दिएका छन् । तर, केसीले अनशनको समयसीमा भने तोकेका छैनन् ।

केसीले भनेका छन्, 'अख्तियारजस्तो संवेदनशील निकायमा बसेर वर्षौं संगठित अपराधको गिरोह चलाएका राजनारायण पाठकबारे सरकार मौन छ । निर्मला पन्तको बलात्कार र हत्या भएपछि न्यायका लागि सिंगो देश आन्दोलित हुँदा पनि अहिलेसम्म न दोषीलाई कानुनी दायरामा ल्याइएको छ, न त प्रमाण नष्ट गर्ने र नक्कली अपराधी खडा गर्ने प्रहरीहरूमाथि कुनै कारबाही भएको छ । भ्रष्टहरूलाई उन्मुक्ति र पुरस्कार दिइने यही लुटतन्त्र र दण्डहीनता नै अहिलेको सरकारको कार्यशैली बनेको छ ।'

# धोबीखोला अब घरभित्र पस्ने छैन




**कुश ढकाल**
**वडाध्यक्ष, काठमाडौं महानगरपालिका-२९**

मुलुकको मुख्य प्रशासनिक केन्द्र रहेको काठमाडौं महानगरपालिका अन्तर्गतको वडा नं. २९ मा आशातीत समृद्ध छैन । प्रत्येक वर्षा यहाँका घर धोबीखोलाको डुबानमा पर्छन् । वडा धुलो र धुवाँबाट मुक्त छैन । खानेपानी र ढल निकास यहाँका मुख्य समस्या हुन् । स्थानीयका लागि खुला ठाउँ छैन । उकुसमुकुस बस्तीका बासिन्दा दुर्गन्धित धोबीखोलाबाट उत्तिकै पीडित छन् । वडाध्यक्ष कुश ढकालसँग नयाँ पत्रिकाले गरेको संवाद ।

*प्रशासनिक केन्द्र सिंहदरबार रहेको यस वडा व्यवस्थित नभएको जनगुनासो छ । वडालाई समृद्ध बनाउने योजना के-के छन् ?*

निश्चय पनि सिंहदरबार हाम्रै वडामा पर्छ । तर, त्यो वडाको अधिकार क्षेत्रभित्र पर्दैन । जहाँसम्म वडालाई व्यवस्थित र समृद्ध बनाउने सवाल छ, यो निकै जटिल पक्ष हो । वडामा जनघनत्व प्रत्येक वर्ष बढेको छ । तर, पूर्वाधार जहाँको तहीँ छ । वडामा खानेपानीको समस्या छ । ढल निकासको प्रबन्ध राम्रो छैन । यसका लागि सरकारले नै एकीकृत विकास योजना बनाउनुपर्छ । उदाहरणका लागि पानीलाई लिऊँ । वडासँग पानीको स्रोत छैन । यसका लागि बाहिरबाटै आपूर्ति गरिनुपर्छ । यसमा वडाले चाहेर केही हुँदैन । ढल निकासमा पनि त्यही हो । त्यस बाहेकका काममा भने वडा अग्रसर भएर लागिपरेको छ ।

*तपाईं नेतृत्वमा आएपछि वडामा के-के काम भए त ?*

वडामा बस्ती बाक्लो छ । प्रतिष्ठितदेखि सर्वसाधारण वडाका बासिन्दा छन् । तर, उनीहरूका लागि खुला ठाउँ छैन । व्यायाम गर्ने व्यायामशाला छैन । स्वच्छ हावा लिने खुला पार्क छैन । हरियाली देखिन उद्यान छैन । यसको प्रबन्ध हामी गर्दैछौँ । बल्लतल्ल धोबीखोला आसपासमा खाली जग्गा भेटिएको छ । सोही जग्गामा अब पार्क बन्नेछ । वडाका स्थानीय सोही पार्कमा मर्निङ वाक गर्न सक्नेछन् । पार्कभित्र योगा तथा व्यायामको सुविधा हुनेछन् । जेष्ठ नागरिकका लागि वीर गणेशमान ज्येष्ठ नागरिक सेवा केन्द्र चैतको पहिलो साताबाटै शिलान्यास हुनेछ । करिब चार करोड रुपैयाँ लागतमा बन्ने केन्द्रमा वडा भित्रका जेष्ठ नागरिक गएर बस्न सक्नेछन् । सोही केन्द्रमा तरकारी बजार पनि सञ्चालन हुनेछन् । मैतीदेवी सडक किनारका अस्तव्यस्त तरकारी बजार त्यहाँ सारिनेछन् । वडाका लागि यो नौलो कार्यक्रम हो । त्योसँगै किरियापुत्री भवन पनि स्थानीयका लागि आवश्यक देखिएको छ । त्यसका लागि पनि वडाले गम्भीर भएर पहल गरेको छ ।

*प्रत्येक वर्ष धोबीखोला आसपासका घर डुबानमा पर्छन् । यसबाट वडावासीलाई मुक्त गराउने योजना केही छैनन् ?*

यो काम अघि बढिसकेको छ । वडा नं. १० र हाम्रो संयुक्त पहलमा यो काम हुँदैछ । धोबीखोलाभित्रको माटो अब हामी झिक्नेछौँ । खोलालाई गहिरो बनाउनेछौँ । खोला नै गहिरो भएपछि डुबानको समस्या स्वतः हट्नेछ । यसका लागि टेन्डर नै आह्वान भइसकेको छ । अब ठेकेदार कम्पनी छनोट हुनेछ । कम्पनीले केही दिनभित्रै खोलाको माटो झिक्ने काम गर्नेछ । त्यसो हुँदा आउने वर्षामा टोलवासीको घरभित्र पानी छिर्ने छैन । ढुक्क भएर बस्दा हुन्छ ।

*धुवाँ र धुलोले वडाका स्थानीय आक्रान्त छन् । बर्खामा हिलो, हिउँदमा धुलो वडाको परिचय नै बनेको छ । समाधानका लागि वडाको योजना के छन् ?*

धुवाँ र धुलोबाट मुक्त नभएको सहर नेपालमा कहाँ होला र ! यहाँ पनि त्यो समस्या छ । यो नौलो विषय होइन । यसो हुनुका केही कारण छन् । मेलम्ची खानेपानी आयोजनाले केही वर्षयता पाइप बिछ्याउन खाल्डो खन्दै आएको छ । धुलो र हिलोको मुख्य कारण धेरैमध्ये यो पनि एउटा हो । पाइप बिछ्याउने काम लगभग अब सकियो । त्यस्ता ठाउँमा अब धमाधम कालोपत्रे हुँदैछ । म दावाका साथ के भन्छु भने अब वडाभित्र माटो देख्न पाइने छैन । सबै ठाउँमा कालोपत्रे हुनेछन् । त्यसो हुँदा हिलोको समस्या स्वतः हटेर जानेछ । जहाँसम्म धुवाँको सवाल छ त्यो पनि कम हुनेछन् ।

*समृद्ध वडाको योजना बनाउने वडा कार्यालयकै भवन छैन । यस्तो अवस्थामा समृद्धिको नारा जनताले कसरी पत्याउने ?*

यस विषयमा वडा गम्भीर छ । वडा अब पहिलेको वडाजस्तो छैन । आफ्नो लागि भव्य भवन बनाउने योजना बनाइसकेको छ । यसको ड्रइङ एन्ड डिजाइन नै तयार भएको छ । यसमा महानगरपालिकाको सहयोग छ । जनप्रतिनिधिको सहयोग छ । आगामी वर्षबाटै वडाले आफ्नो काम आफ्नै भव्य भवनबाट गर्नेछ अर्कोतर्फ, कार्यालय नहुँदैमा वडाको समृद्धि रोकिन्छ भन्ने होइन । सपना त उसैले देख्छ, जोसँग दृढ लक्ष्य छ । लक्ष्यसम्म पुग्न योजना बनाउने हो । योजना टहरामै बन्ने हो, भव्य महलमा होइन ।

## भक्तपुरमा कर संकलन अभियान

भक्तपुर/ भक्तपुर नगरपालिकाले साना-ठूला सबै व्यवसायीलाई करको दायरामा ल्याउन अभियान चलाएको छ । नगरपालिकाले व्यवसाय दर्ता तथा कर संकलनका लागि अभियान सञ्चालन गरिरहेको जनाएको छ ।

नगरपालिकाको चौथो नगरसभाको निर्णयबमोजिम व्यवसाय दर्ता, नवीकरण र कर तिर्न विलम्ब गर्नेलाई विशेष छुट दिएको छ । दर्ता हुन बाँकी पसल व्यवसाय सहुलियतमा दर्ता भइरहेका छन् । नियमित कर नतिरी बक्यौता रहेकाले चैत्र मसान्तभित्र कर तिर्न आए जरिवाना नलाग्ने व्यवस्था रहेको नगरपालिकाले जनाएको छ ।

मेयर सुनील प्रजापतिले भने, 'नगरवासीलाई करको दायरामा ल्याउन हामीले अभियान चलाएका हौँ, यसमा साना-ठूला सबै व्यवसायी सामेल भए मात्र नगरको विकासमा सहयोग पुग्छ ।'

## तपाईंको प्रश्न सम्बन्धितको जवाफ

*एउटै मितिमा काम सुरु गरिएको बिजुलीबजारस्थित आर्क ब्रिज निर्माण अन्तिम चरणमा छ । तर, तीनकुनेको आर्क ब्रिज निर्माणको कामले गति लिन सकेको छैन । पुल नभएकै कारण घण्टौं जाम हुन्छ । पुल निर्माण कहिलेसम्म होला ?*

● रवीन तण्डुकार, तीनकुने



रवीन्द्रनाथ श्रेष्ठ
महानिर्देशक
सडक विभाग

उत्तर : बिजुलीबजारको आर्क ब्रिजको काम सकिएको र तीनकुनको आर्क ब्रिजमा कामले गति नलिएको साँचो हो । त्यहाँको पुल निर्माण पप्पु कन्स्ट्रक्सनले ठेक्का पाएको थियो । विविध विवादमा फसेपछि त्यहाँ गरेको काममा पनि हामीलाई शंका लाग्यो । पुल निर्माणका लागि उसले खनेको जग अध्ययन गर्न हामीले खोज्यौँ । प्राविधिक राखेर अध्ययन पनि गऱ्यौँ । शंका गरिएझैँ जगमा केही समस्या देखियो । समस्या हुँदाहुँदै काम गर्न दिने कुरा भएन । हामीले काम रोक्यौँ । जस कारण निर्माणको काम केही अवधि प्रभावित बन्न पुग्यो । अब उक्त पुलको जगनिर्माण पुनः गरिनेछ । र निर्माणको काम अगाडि बढाइनेछ ।

तपाईंका पनि यस्तै जिज्ञासा छन् भने हामीलाई letter@nayapatrika.com मा इमेल गर्न वा ९८४११२१३१४ मा फोन गर्न सक्नुहुन्छ ।

**सूचना**

Kitchen Concepts Pvt. Ltd. ले आफ्नो खुद्रा अधिकतम बिक्री मूल्य कायम गरी प्रकाशित गरेको छ ।

MRP for Hoods, Built-in-Oven & Built-inMicrowave Oven

| S.n. | Item Name | Model No. | MRP (Including VAT) |
|---|---|---|---|
| 1. | Hood | R 705-60 | 13,760 |
| 2. | Hood | R 705-90 | 18,900 |
| 3. | Hood | R 707-90 | 28,850 |
| 4. | Built-in-Oven | BSO - 6522GL | 52,720 |
| 5. | Built-in Microwave oven | BMW 8216BL | 40,790 |

*Note: All Price are inclusive of VAT. VAT No. 301591779*

Kitchen Concepts Pvt. Ltd.,
Teku, Kathmandu (Nepal)
Phone No.: 01-4212097/4221858

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय,
**वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र**
बबरमहल, काठमाडौं ।

**दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रथम पटक प्रकाशित मिति: २०७५/११/२४

यस केन्द्रबाट मिति २०७५/१०/०८ मा नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित दरभाउपत्र आह्वानको सूचना बमोजिम बिक्रि भई दर्ता हुन आएका दरभाउपत्रहरूमा यस केन्द्र बाट गठित मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई मूल्याङ्कन समितिको सिफारिस बमोजिम न्यूनतम मूल्याङ्कित दरभाउपत्र मध्ये सारभूत रुपमा प्रभावग्राही भनी सिफारिस भई आएको तपसिलमा उल्लेखित कार्यको लागि तपसिलमा उल्लेखित दरभाउपत्रदाताहरूले पेश गरेको दरभाउपत्र स्वीकृत गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

यो सूचना यस केन्द्रको सूचना पाटी वा यस केन्द्रको website www.frtc.gov.np मा समेत राखिएको छ ।

तपसिल

| सि.नं. | ठेक्का नं. | छनौट भएको दरभाउपत्र दाताको नाम र ठेगाना | मु.अ.कर समेत कबोल अंक |
|---|---|---|---|
| १. | २ | बि.जि. कन्सट्रकसन, कोटेश्वर, काठमाडौं । | १००४५७०।- |
| २ | ३ | जनआदर्श निर्माण सेवा, काभ्रेपलाञ्चोक । | १३९०१४६।९६ |
| ३ | ४ | जनआदर्श निर्माण सेवा, काभ्रेपलाञ्चोक । | १४४४६६१।१५ |

**Invitation for Bids**

(Date of publication: 8th March 2019)

1. The Province Government, Province No.3, *Infrastructure Development Office, Kavrepalanchok* invites electronic bids from eligible bidders for the construction of following Roads under National Competitive Bidding Procedure. Bidding is open to all eligible as per Section V of bidding document.
2. Bidder can submit their bid electronically for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) and bids must be valid for a period of *90 days* after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security of indicated amount which shall be valid for 30 days beyond the bid validity period.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office
*Name: Infrastructure Development Office, Kavrepalanchok* *Location:-Dhulikhel*
*Mailing address:- idokavrepalanchok@gmail.com, Telephone:011-490713* or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: Rastriya Banijya Bank, Dhulikhel
Name of Office : *Infrastructure Development Office, Kavrepalanchok*
Office Code no. : 03362604 Office Account no.1000200010000 Rajaswa (revenue) Shirshak no. :14229
5. Pre-bid meeting shall be held at *IDO, Kavre at 28th March 2019.*
6. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before Noon *12:00* on *7th April 2019*.
7. Bids received after this deadline will be rejected. The technical bids will be opened in the presence of Bidders' representatives who choose to attend at *1:00PM on 7th April 2019* at the office of *IDO Kavre, Dhulikhel.*

*Following*

| S.N | Name of Road | Contract ID | Bid Document Fee | Bid Security Amount | Valid Day of Bid |
|---|---|---|---|---|---|
| 1 | Construction of Nala-Kasibhanjyang-Hile-Nayagaun-Kunta Road | IDOKAVRE/NCB/W/4/2075/076 | 3000.00 | 425000 | 90 days |
| 2 | Construction of Rigid Pavement on Aaraniko Basti-Sagarmatha Marga jane Bato | IDOKAVRE/NCB/W/5/2075/076 | 3000.00 | 75000 | 90 days |
| 3 | Construction of Banepa Dadamukh Devitaar Ghumaunechaur Panchkhal Phedi Road | IDOKAVRE/NCB/W/06/2075/076 | 5000 | 575000 | 90 days |

**Senior Divisional Engineer**
**Infrastructure Development Office, Kavrepalanchok**

मा. डुवराज दुलाल (शरद)
सामाजिक विकास मन्त्री

प्रदेश सरकार

**सामाजिक विकास मन्त्रालय**
प्रदेश नं. ३, हेटौंडा, मकवानपुर, नेपाल

पत्र संख्या :-
चलानी नं. :-

मिति: २०७५।११।२४

**शुभकामना सन्देश**

महिला अधिकार, लैङ्गिक समानता र महिला सशक्तिकरणका मुद्दामा प्राप्त उपलब्धिको समिक्षा एवं अब सम्पादन गर्नुपर्ने कार्यहरुको रणनीति तय गर्दै प्रतिबद्धता एवं ऐक्यबद्धता जनाउन मार्च ८को दिनलाई विशेष अन्तर्राष्ट्रिय पर्वको रुपमा लिईन्छ । श्रमिक महिलाहरुले समान कामका लागि समान ज्याला, मत दिन पाउने अधिकार तथा कामका लागि निश्चित समय तोकिनु पर्ने लगायतका सवालमा सन् १९०८ मा अमेरिकाको न्युयोर्क शहरमा करीब १५०० भन्दा बढी महिलाहरु एकजुट भएर आवाज उठाएका थिए । त्यसैगरी सन् १९१० मा श्रमिक महिलाहरुले डेनमार्कको कोपनहेगनमा विभिन्न १७ मुलुकका १०० भन्दा बढि महिलाहरुको सहभागितामा अन्तर्राष्ट्रिय महिला सम्मेलन गरेका थिए । त्यस सम्मेलनमा समाजवादी पार्टी जर्मनिका महिला विभाग प्रमुख क्लारा जेट्किन (ClaraZetkin) ले प्रस्ताव गरेको अन्तर्राष्ट्रिय महिला दिवस सम्मेलनका प्रतिनिधिको सर्व सहमतिले पारित गरे पश्चात सन् १९१० मार्च ८ तारिखबाट अन्तर्राष्ट्रिय महिला दिवस मनाउन थालियो ।

महिलाहरुको सक्रिय एवं अर्थपूर्ण सहभागिता दीगो विकासका लागि महत्वपूर्ण आधार हो । नेपालले महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने संयुक्त राष्ट्रसंघीय महासन्धि (CEDAW) लाई २२ अप्रिल १९९१ मा अनुमोदन गरी यसका प्रावधानहरुलाई व्यवहारमा लागू गर्ने प्रतिबद्धता स्वरुप संवैधानिक, नीतिगत तथा कानुनी व्यवस्था गरेको छ । जसअनुसार सरकारले लागू गरेका नीति योजना एवं कार्यक्रमहरुको कार्यान्वयनबाट महिलाहरुको अवस्था र अवस्थितिका सूचकमा धेरै सकारात्मक परिवर्तन भएका छन् । तथापि समाजमा विद्यमान पितृसत्तात्मक सोचमा आधारित मूल्य मान्यताका कारण लैङ्गिक विभेद, शोषण र हिंसाका घटनाहरु आजपर्यन्त घटिरहेका छन् ।

संघीयताको कार्यान्वयन सँगै मुलुक नयाँ युगमा प्रवेश गरेको छ । संघीय तथा प्रादेशिक व्यवस्थापिकामा ३३ प्रतिशत र स्थानीय तहमा करिब ४१ प्रतिशत महिला सहभागिता सुनिश्चित भएको छ । लैङ्गिक समानताको सूचकमा नेपालले हासिल गरेको उपलब्धी, निजामती सेवा लगायत अन्य औपचारिक श्रम क्षेत्रमा वृद्धि हुँदै गएको महिला सहभागिता; शैक्षिक, आर्थिक तथा सामाजिक विकासका साथै महिलाहरुको स्वास्थ्य क्षेत्रमा भएको सुधार आदि सकारात्मक परिवर्तनका सूचक हुन । राजनैतिक क्षेत्रमा प्राप्त यो उपलब्धि अनुकरणीय भएपनि आशातित नतिजा हासिल गर्न अझै सार्थक प्रयासको खाँचो छ । लैंगिक हिंसा, विभेद तथा दुर्व्यवहारको अन्त्य गर्न महिला सशक्तिकरण र जागरुक बनाउनु आजको ज्वलन्त आवश्यकता भएको छ ।

यसै सन्दर्भमा हामी **"लैङ्गिक समानताका लागि समान सोँच र व्यवहार: समृद्धिको आधार"** भन्ने नाराका साथ १०९औं अन्तर्राष्ट्रिय महिला दिवस सम्पन्न गर्न गइरहेका छौं । लैगिक समुदायका बीच कानूनी, संरचनात्मक एवं व्यवहारिक समानता, सामाजिक न्याय एवं सुरक्षा, समान अवसरको सृजना गर्ने दिशामा आजको दिनले सबैलाई उत्प्रेरित गर्न सकोस् । अझै अग्रगामी सोँच सहित लैगिक समानता र न्याय स्थापित गर्न जुटौं । सबै उमेर समूहका महिलाले समावेशी विकासको प्रत्यक्ष लाभ प्राप्तगर्न तथा विकृति र विसंगतिलाई न्यूनीकरण गर्दै अन्धविश्वास र विभेदको जालो संपूर्ण रुपमा तोड्न सकौं । लैङ्गिक समानता युक्त समाज निर्माण तर्फ अग्रसर भई जनसंख्याको आधाभन्दा बढी हिस्सा ओगटेको महिलाको सामाजिक, शैक्षिक एवं आर्थिकस्तर सुदृढ गरि समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय लक्ष्य पुरा गर्न समेत लागि परौं । १०९औं अन्तर्राष्ट्रिय महिला दिवसको सबैलाई हार्दिक शुभकामना छ ।

डुवराज दुलाल
मन्त्री

सम्पर्क नं.: ०५७-५२८८३५, ईमेल : p3mosd@gmail.com

## श्रीमहलको पुनर्निर्माण वैशाखबाट

पुल्चोक/ पुल्चोकस्थित राणाकालीन भवन श्रीमहलको पुनर्निर्माण आगामी वैशाखदेखि सुरु हुने भएको छ । ठेक्का सम्झौताको प्रक्रिया भइरहेकाले दुई महिनाभित्र निर्माण कार्य सुरु हुने राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, केन्द्रीय आयोजना कार्यान्वयन एकाइअन्तर्गत अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधारले जनाएको छ ।

## रगत खपतबारे रिपोर्टिङ नै हुँदैन

काठमाडौं/ सरकारी तथा निजी क्षेत्रका अस्पतालले वार्षिक कति पिन्ट रगत खपत गर्छन् भन्नेलगायतका यकिन तथ्यांक कुनै निकायसँग छैन । अस्पतालले वार्षिकरूपमा खपत गर्ने रगतको तथ्यांक राखी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा केन्द्रीय जनस्वास्थ्य प्रयोगशालामा अनिवार्य जानकारी गर्नुपर्ने प्रावधान रहे पनि हालसम्म कुनै पनि अस्पतालले रिपोर्टिङ गरेका छैनन् ।

## लागुऔषधसहित तीनजना पक्राउ

काँडाघारी/ महानगरीय प्रहरी प्रभाग काँडाघारीले लागुऔषध गाँजासहित तीनजनालाई नियन्त्रणमा लिएको छ । कागेश्वरी मनोहरा नगरपालिका-७ फोर्स बसपार्क नजिक जाँच गर्ने क्रममा काठमाडौं महानगरपालिका-८ बस्ने ५० वर्षीय अभिमन्यु चापागाईं, ओखलढुंगा घर भई काडाँघारी बस्ने ३४ वर्षीय पदमबहादुर श्रेष्ठ र कागेश्वरी मनोहरा नगरपालिका-७ थापागाउँ बस्ने ३८ वर्षीय दीपककुमार कार्कीलाई पक्राउ गरेको प्रहरीले जनाएको छ ।

## प्रहरीलाई घुस दिने पक्राउ

स्वयम्भू/ प्रहरीलाई घुस दिन खोज्ने गोरखाका भीमबहादुर बानियाँलाई प्रहरीले सानो भऱ्याङबाट पक्राउ गरेको छ । जाँच गर्ने क्रममा मादकपदार्थ सेवन गरी चलाएको बा.७८ प ९९४४ नम्बरको मोटरसाइकललाई नियन्त्रणमा लिन खोज्दा बानियाँले प्रहरीलाई घुस दिएका थिए । नगद चार हजार पाँच सय रूपैयाँ घुस र मोटरसाइकलसहित नियन्त्रणमा लिई बानियाँमाथि अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

NMB

# एनएमबि नारी सम्मान बचत खाता

## सम्पूर्ण स्वावलम्बी नारीमा समर्पित

# सक्षम छन् नारी पनि, मौका मिले बराबरी

नारीमा अन्तर्निहित गुणहरूले समाजमा विशेष योगदान पुर्‍याई रहेको हुन्छ । नारीको सौन्दर्यता सँगै उनको शक्ति, सहनशीलता, धैर्यता र सन्तुलन गर्ने क्षमताले संसारलाई नै अघि बढाइ रहेको छ । समाजमा व्याप्त हरेक अवरोधहरूलाई पार गर्दै विभिन्न क्षेत्रहरूमा महिलाहरूले आफ्नो भूमिका स्थापित गर्दै आइरहेका छन् । त्यसैले समाजमा सुरक्षित वातावरणको सिर्जना गरी महिला सशक्तिकरणका लागि सबै क्षेत्र जिम्मेवार रहन आवश्यक छ । अहिलेको अवस्थामा पनि समाजले पुरुषलाई उच्च दर्जा र महिलालाई सहायक स्तरमा राखेकै कारण महिलाले व्यावसायिक जीवनमा आफ्नो क्षमता एवं नेतृत्व कौशलताको बारम्बार पुष्टिका साथै प्रमाणित गरिरहनुपर्छ । महिलाले गर्ने निर्णय माथि सधैँ प्रश्न चिन्ह खडा गरिन्छ । जुन निर्णय चित्त नबुझेर भन्दा पनि निर्णय गर्ने व्यक्ति महिला भएर उठेको हुन्छ । आजसम्म पनि महिलाको निर्णयात्मक तहमा पुग्ने बाटो साँघुरो नै छ । यसको बार तोड्नको लागि महिला आफैंले महिलालाई प्रोत्साहन दिनुपर्छ, उत्प्रेरणा दिनुपर्छ, आफूले जाने-नजानेका कुरा सिक्ने-सिकाउने वातावरण बनाउनु पर्छ । हरेक महिलाले आफूभित्रको कमजोरी होइन आफूमा निहित क्षमतालाई उजागर गर्नुपर्छ । आत्मविश्वासको तह आफैंले बढाउने हो । कोही आएर केही गरिदिन्छ भनेर बस्नु हुँदैन । पहिलेको तुलनामा महिलाहरु हरेक क्षेत्रमा अघि बढिरहेको अवस्था छ । तर ग्लास सिलिङ अर्थात कार्यस्थलमा महिलालाई निर्णायक तहसम्म पुग्न रोक्ने अदृश्य बाधा संसारका धेरै देशमा यथावत छ । महिलाको व्यावसायिक उन्नति-प्रगतिमा ग्लास सिलिङले नकारात्मक असर पुर्‍याउँछ । यसले महिला सशक्तीकरण तोड्ने र महिला विकासलाई पछि पार्ने तथ्यसमेत सार्वजनिक भैसकेको छ ।

आफ्नै क्षमतामा अघि बढ्न सक्नेहरूले पनि आरक्षणको सहारा लिनुपर्ने बाध्यता छ । ग्लास सिलिङको असरलाई कम गर्ने संस्थागत नीति महिलामैत्री हुनुपर्छ । कार्यस्थल महिलाका लागि सुविधाजनक हुनुपर्छ । स्वास्थ्य लगायत अन्य क्षेत्रमा पनि महिलामैत्री वातावरण हुनुपर्छ । अहिले नेपाली महिलाहरू पनि नीति निर्माण तहसम्म पुगेका छन् । तै पनि हाम्रा पुरातन मूल्य-मान्यता, महिलाप्रतिको सोच, छोरीको हुर्काइ-बढाइ, वरिपरिको वातावरण, काम गर्ने स्थानमा महिलाहरूप्रति गरिने व्यवहार, जस्ता कारणहरूले क्षमता पनि पछि पार्ने सोच देखिन्छ । हुँदाहुँदै यसको असर कम गर्न छोरीको लालन-पोषणदेखि शिक्षा-दीक्षा दिने वातावरणसम्म परिवर्तन ल्याउनुपर्छ । यसलाई कम गर्न सरकारी नीति त चाहिन्छ नै संस्थागत नीति-नियम पनि महिलामैत्री हुनुपर्छ र स्वयं महिला साहसी हुनुपर्छ ।

# बढ्दै छन् नारी, शिखर चुम्न अघि सरी

जबसम्म नारीमा हक अधिकार सम्पन्नताको अभाव रहन्छ तबसम्म कुनै पनि देश विकासको कल्पना गर्नु निरर्थक हुन्छ । शिक्षाको अभावले महिलाहरु धेरै समयसम्म अँध्यारोमा धकेलिए पनि वर्तमानसम्म आइपुग्दा महिलाहरु कुनै पनि क्षेत्रमा पुरुषभन्दा कम योग्य छैनन् । हरेक क्षेत्रमा महिलाहरूको सहभागिता अत्यन्तै उत्साहजनक छ । नेपाललाई विश्वसामु चिनाउन विगतदेखि वर्तमानसम्म महिलाहरूको भूमिका उत्तिकै सम्मानजनक छ । समृद्ध र सिर्जनशील समाजको स्थापनाका लागि महिलाहरु आफ्नो हक र अधिकार प्रति जागरुक हुनुपर्छ भने अर्कोतर्फ महिला-महिला बीचको विभेद अन्त्य हुनु आवश्यक छ । जसले भौतिक र नैतिक दुवै रुपमा सुदृढ समाज निर्माणमा महिला र पुरुष दुवैलाई बराबर हिस्सेदारको रुपमा चित्रित गर्दछ । हामी हिजोभन्दा आज र आजभन्दा भोलि निश्चय पनि परिस्कृत हुँदैछौं । त्यसकारण महिलाका प्रगतिका पाइलामा पुरुषले पनि साथ दिनुपर्छ । महिला सफल भए नै घर, समाज र देश सुन्दर बन्ने हो ।

यसैको उदाहरणको रुपमा वित्तीय क्षेत्रमा महिलाको सहभागिता र प्रगतिलाई लिपाल्न सकिन्छ । यस क्षेत्रमा महिलाको सहभागिता पनि बढ्दो छ । महिलाको इमान्दारिताकै कारण अर्थ जस्तो संवेदनशील क्षेत्रमा महिलालाई बढी विश्वास गरिन्छ । वित्तीय क्षेत्रमा महिलाको सहभागिता मात्र होइन महिलाका लागि सेवा-सुविधा पनि थपिँदै गएका छन् । महिला लक्षित विविध कार्यक्रम, योजना तथा सेवा नेपालका बैंक तथा वित्तीय क्षेत्रमा क्रमिक रूपमा बढिरहेको पाइन्छ । नेपालमा संचालित सरकारी तथा निजी बैंक लगायत विभिन्न वित्तीय संघ-संस्थाहरूले फरक-फरक नाममा आकर्षक ब्याजदरमा नारी बचत खाता एवं सहुलियतपूर्ण कर्जा मार्फत यस क्षेत्रमा महिला सहभागिताका लागि उत्प्रेरित गरिरहेको पाइन्छ । यस क्षेत्रप्रति महिलाको विश्वास र आकर्षण गजबले वृद्धि हुँदै गएको छ । महिला सशक्तिकरणको लागि आत्मविश्वासको तह आफैंले बढाउने हो । कोही आएर केही गरिदिन्छ कि भनेर आशा गर्नु भन्दा हरेक क्षेत्रमा नारी आफैं अग्रसर हुने प्रेरणा मिलिरहोस् ।

## अन्तर्राष्ट्रिय नारी दिवसको शुभकामना

हरेक खातामा १० ग्राम चाँदीको सिक्का निःशुल्क

आकर्षक ब्याजदर

डेबिट कार्ड, मोबाइल बैंकिङ्ग र इन्टरनेट बैंकिङ्ग निःशुल्क




NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि

A JOINT VENTURE WITH
FMO
Entrepreneurial Development Bank
The Netherlands

Member of
global alliance for banking on values

The Banker
Bank of the Year 2017
NEPAL

The Banker
Bank of the Year 2018
NEPAL

# मुडे–बाघखोर–कालापानी सडक कालोपत्रे गरिने

श्याम खतिवडा/नयाँ पत्रिका
दोलखा, २३ फागुन

दोलखाको पर्यटकीय क्षेत्र शैलुङ प्रवेश गर्ने मुख्य मार्ग मुडे-बाघखोर-कालापानी कालोपत्रे हुने भएको छ। सिन्धुपाल्चोकको मुडे बजारदेखि दोलखाको शैलुङ गाउँपालिका-३ स्थित कालापानीसम्म सडक कालोपत्रे हुने भएको हो।

सिन्धुपाल्चोकस्थित पूर्वाधार विकास कार्यालयका इन्जिनियर रबिन खातीका अनुसार मुडेदेखि कालापानीसम्म झन्डै २० किलोमिटर सडकको डिपिआर सम्पन्न भएको छ। 'उक्त आयोजनाको डिपिआर सम्पन्न गरी यातायात पूर्वाधार निर्देशनालय पठाइएको छ। केही दिनभित्र सबै प्रक्रिया पूरा गरी टेन्डर आह्वान गर्ने तयारी भएको छ,' उनले भने।

मुडे-मेलुङ सडकखण्डअन्तर्गत मुडेदेखि देउरालीसम्म १० किलोमिटर र देउरालीबाट शैलुङको कालापानी सम्म ९ दसमलव ५ किलोमिटर गरी झन्डै २० किलोमिटर बाटो कालोपत्रे हुने भएपछि स्थानीय उत्साहित भएको शैलुङ गाउँपालिका-८ का वडाध्यक्ष रामेश्वर उप्रेतीले बताए । 'यसअघि शैलुङ क्षेत्र उपेक्षित थियो। प्रदेश-३ सरकारले महत्त्वपूर्ण पर्यटकीय सडक योजना तयार गरेका कारण अब यस क्षेत्रको विकासमा थप टेवा पुग्ने विश्वास छ,' उनले भने।



मुडे-बाघखोर सडकखण्डअन्तर्गत शैलुङको ढुंगे क्षेत्र।

### बहुवर्षीय आयोजनाका रूपमा विकास गरिने

मुडे-बाघखोर-कालापानी सडकलाई बहुवर्षीय सडक आयोजनाका रूपमा विकास गर्ने तयारी भएको पूर्वाधार विकास कार्यालय सिन्धुपाल्चोकले जनाएको छ। कार्यालयका सिनियर डिभिजन इन्जिनियर श्याममणि काफ्लेले आयोजना स्विकृतिको अन्तिम चरणमा पुगेको जानकारी दिए। 'प्रदेश सरकारअन्तर्गत यातायात पूर्वाधार निर्देशनालयबाट बहुवर्षीय सडक आयोजनाका रूपमा विकास गर्न सहमति भइसकेको छ। तर, स्विकृति हुन भने बाँकी नै छ,' उनले भने। सिन्धुपाल्चोक र दोलखा कार्यक्षेत्र भएका पूर्वाधार विकास कार्यालयले दुवै जिल्लाका लागि उक्त आयोजना निकै महत्त्वपूर्ण हुने जनाएको छ।

कार्यालयप्रमुख काफ्लेले डिपिआर गरिएको झन्डै २० किलोमिटर सडकमध्ये शैलुङको ढुंगे क्षेत्रको ३ किलोमिटर सडकमा भौगोलिक समस्या देखिएकाले तत्काललाई उक्त खण्डबाहेक अन्यत्र मात्र काम हुन सक्ने जनाए।

### ■ अस्फाल्ट कंक्रिट कालोपत्रे हुने

पूर्वाधार विकास कार्यालयका अनुसार उक्त सडकमा अस्फाल्ट कंक्रिट प्रविधिको कालोपत्रे हुनेछ। उक्त प्रविधि निकै खर्चिलो र दीर्घकालीन हुने सडक विभागका अधिकारीले बताए।

कार्यालयप्रमुख काफ्लेका अनुसार उच्च हिमाली क्षेत्र भएकाले पनि उक्त प्रविधि जरुरी छ। उक्त प्रविधि राजधानी काठ्माडौंका सडकमा धेरै प्रयोग भए पनि बाहिरी जिल्लामा भने कमै मात्र प्रयोग हुने गरेको सडक विभागका अधिकारीको भनाइ छ । इन्जिनियर रबिन खातीका अनुसार उक्त प्रविधिअन्तर्गत सडकमा गरिने कालोपत्रेको उचाइ ५ सेन्टिमिटर हुनेछ।

# तलब र सुविधामा विभेद भएको महिला मजदुरको गुनासो

दीपेन्द्र अधिकारी/नयाँ पत्रिका
चितवन, २३ फागुन



मदिरा उद्योगमा कार्यरत महिला मजदुरले तलब-सुविधामा विभेद हुने गरेको गुनासो गरेका छन्। १ सय १०औँ अन्तर्राष्ट्रिय नारी दिवसका अवसरमा चितवनको नारायणगढस्थित यती डिस्टिलरी मदिरा उद्योगमा आयोजित अन्तर्क्रिया कार्यक्रममा एक सय महिला सहभागी थिए ।

उद्योगमा घन्टौँ समय लाइनमा उभिएर काम गर्नुपर्ने, गह्रुँगो भारी बोक्नुपर्ने, सानो गल्तीमा पनि सुपरभाइजरले अनावश्यक गालीगलौज गर्ने गरेको, घाइते हुँदा उपचार खर्च नपाएको ,सानो गल्तीमा पनि एक दिनकै हाजिर काटिदिने गरेको , थर्काउने, जागिर खाइदिन्छु भन्नेजस्ता हप्कीदप्की उद्योगका माथिल्ला तहका कर्मचारीले लगाउने गरेको महिला मजदुरको गुनासो छ। मदिरा उद्योगका प्रतिनिधि निर्मल श्रेष्ठले २ सय बढी महिला कामदारहरू उद्योगमा कार्यरत रहेको बताए। उनले व्यवस्थापन पक्षबाट कुनै भेदभावको व्यवहार नभएको बताए।

यौनजन्य हिंसाविरुद्धको साझा अभियान चितवनकी संयोजक मीना खरेलले जुनसुकै उद्योगमा काम गरे तापनि महिलाको अवस्था कमजोर रहेको बताइन्। आफ्ना कुरा व्यवस्थापन पक्षसँग राख्न नसक्ने, अन्तरमुखी स्वभाव, कमजोर शारीरिक अवस्था आदिले महिला पछि परेको उनले बताइन्।

एउटै उद्योगमा समान प्रकृतिको काम गर्ने महिला र पुरुषबीच असमान खालको ज्यालाको व्यवस्था रहेको उनको भनाइ थियो। 'न्युयोर्कको सय वर्षअघिको पीडा र नेपाली महिलाको अहिलको पीडा उस्तै छ,' संयोजक खरेलले भनिन्, 'कसैको भाषण गरेर औपचारिक दिनुभन्दा उद्योगमा कार्यरत महिलाको वास्तविकता थाहा पाउन नयाँ शैलीको कार्यक्रम गरिएको हो।'

उकार्यक्रममा बोल्दै चितवन प्रहरीप्रमुख एसपी सुशीलसिंह राठौरले महिला आर्थिक हिसाबले सक्षम नभएसम्म उनीहरूमाथि दमन, पीडा, शोषण भइरहने बताए। कार्यालयमा आउने उजुरीहरू केलाउँदा अधिकांशमा महिलाको आर्थिक पक्षसँगको सम्बन्ध प्रमुख कारण रहेको उनले बताए।

भरतपुर-३ का अध्यक्ष चन्द्रमित्र पण्डितले महिलाले रोजगारीको अवसर पाए पनि उनीहरूलाई अझै सन्तुष्टि प्राप्त नभइसकेको बताए। कम ज्यालमा बढी समय खर्चेर काममा लाग्नु महिलाको बाध्यता रहेको उल्लेख गर्दै उनले महिला जस्तोसुकै काम गर्न पनि सक्षम रहेको बताए।

यौनजन्य हिंसाविरुद्ध साझा अभियान चितवनकी सहसंयोजक संगीता भट्टराईले महिलामा चेतनाको अभाव हुँदा समस्या भएको बताइन्। समाज परिस्कृत हुँदै गर्दा कतिपय मुद्दाहरू आफैँ व्यवस्थापन हुँदै गए पनि सहरबजार र दूरदराजका महिला अधिकांश पीडित नै रहेको सहसंयोजक भट्टराईले बताइन्। मदिरा उद्योगमा सन् १९०८ मार्च ८ का दिन अमेरिका स्थित न्युर्योकको एक कपडा उद्योगमा कार्यरत महिलाले श्रमका विषयमा थालेको आन्दोलनले १ सय १० वर्ष पूरा गरेको छ। त्यसैको सम्झनामा हरेका मार्च ८ लाई अन्तर्राष्ट्रिय नारी दिवसका रूपमा लिइन्छ।

# ३० वर्षपछि थपियो नयाँ दमकल

सुदीप शिवाकोटी/नयाँ पत्रिका
हेटौँडा, २३ फागुन



हेटौँडा उपमहानगरपालिकाले ३० वर्षपछि नयाँ दमकल थपेको छ। यसअघि उपमहानगरपालिकासँग ४ हजार लिटर क्षमताको एउटा दमकल थियो।

बढ्दो जनसंख्या तथा बजारीकरणका कारण नगर, जिल्ला र आसपासका क्षेत्रमा आगलागी नियन्त्रण गर्न समस्या भएकाले नयाँ दमकल ल्याइएको मेयर हरिबहादुर महतले बताए।

'पुरानो दमकलले मात्रै आगलागी नियन्त्रण गर्न नसकिने भएकाले नयाँ प्रविधिसहितको दमकल खरिद गरेका हौँ,' उनले भने। उपमहानगरपालिकाले टेन्डरमार्फत ५२ लाख रुपैयाँ लागतमा दमकल खरिद गरेर बुधबारबाट नयाँ दमकल सञ्चालनमा ल्याएको महतले बताए। म्याप कम्पनीको ४ हजार ५ सय लिटर पानी क्षमताको दमकलले आगलागी नियन्त्रणमा सहजता ल्याउने उनले बताए।

एक वर्षअघि हेटौँडाको ओम्यास हलमा लागेको आगो निभाउन पथलैयाबाट दमकल ल्याउनुपरेको थियो। '३० वर्ष पुरानो एउटै मात्र दमकल हुँदा समस्या थियो। त्यसैले नयाँ दमकल खरिद गरेका हौँ। अब जिल्लामा मात्र नभई छिमेकी जिल्लामा विपद्का वेला सहयोग गर्न सकिन्छ,' मेयर महतले भने।

दमकल थपिएसँगै उपमहानगरपालिकालाई खर्चको भार थपिएको छ। एक दमकलका लागि ५ जना कर्मचारी, इन्धन, मर्मत सम्भारलगायत खर्च बढे पनि नगरवासीका लागि आगलागी हुँदा क्षति न्यूनीकरणमा टेवा पुग्ने उपमहानगरपालिकाले विश्वास लिएको छ।

## नयाँ भवनबाट सेवा आरम्भ

रामेछाप/ रामेछाप नगरपालिकाले आफ्नो नवनिर्मित भवनबाट सेवा आरम्भ गरेको छ। रामेछाप बजारको तल्लो बजारमा १ करोड ९ लाख ९९ हजार ९ सय ४१ रुपैयाँमा निमार्ण गरिएको भवनको उद्घाटन रामेछाप नगरपालिकाका प्रमुख नरबहादुर थापामगरले गरे। भवन उद्घाटन कार्यक्रममा नगरपालिकाका उपप्रमुख सिर्जना खड्का तथा सबै वडा अध्यक्षको उपस्थिति थियो।

यसअघि नगरपालिकाले घर भाडा लिएर कार्यालय सञ्चालन गर्दै आएको थियो। 'नगरपालिकाको आफ्नै भवन नहुँदा नागरिकलाई सबैखाले सेवा-सुविधा प्रदान गर्न समस्या थियो। अबका दिनमा सहज ढंगले सेवाग्राहीलाई सेवा प्रवाह गर्न र कार्यालय सञ्चालन गर्न सहजता भएको छ,' रामेछाप नगरपालिकाका प्रमुख नरबहादुर थापा मगरले भने।

# अलैँचीले बजार नपाएपछि किसान मारमा

दीपक भट्ट/नयाँ पत्रिका
रामेछाप, २३ फागुन

रामेछापको उच्च लेकाली भूभागका किसानले लगाएको अलैँचीले यस वर्ष भाउ नपाउँदा किसानले गुन्द्रुकको भाउँमा अलैँची बिक्री वितरण गर्नुपरेको गुनासो गरे।

विगत वर्षमा प्रतिकेजी २ हजार ६ सय रुपैयाँसम्म गाउँमै बिक्री गरेका किसानले यस वर्ष प्रतिकेजी ६ सय रुपैयाँमा पनि बिक्री नभएपछि अलैँची खेतीप्रति आकर्षित भएका किसान मारमा परेका हुन्। विशेष गरी अलैँची खेती रामेछापको उच्च भूभागअन्तर्गत उमाकुण्ड गाउँपालिकाको गुम्देल, बाम्ती, कुभुकास्थली, प्रीति, भुजी, गुप्तेश्वरलगायत स्थानमा बढी लगाइन्छ।

गत वर्षको अनुपातमा यस वर्ष अलैँची उत्पादन पनि कम भएको छ। गत वर्ष केही समय खडेरी परेर बिरुवा सप्रन पाएपछि उत्पादन बढेको थियो भने यस वर्ष बढी झरी परेका कारण अलैँची उत्पादनमा कमी आएको उमाकुण्ड गाउँपालिका-३ कुभुकास्थलीका किसान बालकुमार कार्कीले बताए।

उनले भने, 'विगत वर्षभन्दा यस वर्ष उत्पादनमा धेरै कमी आयो।' उत्पान घटे पनि अहिले अलैँची कौडीको भाउँमा बिक्री गर्नुपर्ने अवस्था आएको छ। अलैँची अहिले प्रतिकेजी ६ सय रुपैयाँमा पनि बिक्री हुन छाडेपछि गाउँका धेरै किसान मारमा परेका छन्। घरमा अहिले १० टनभन्दा बढी अलैँची बिक्री नभई त्यतिकै बाँकी रहेको दुःखेसो किसान कार्कीले जानकारी दिए।

रामेछापको उत्तरी क्षेत्रमा विशेष गरी ग्लोसाई, रामशाही र चिवेशाही गरी तीन प्रजातिका अलैँचीका बिरुवा लगाइन्छ। लेकाली भूभागमा वर्षामा बढी पानी पर्ने र हिउँदमा बढी हिमपातसहित तुषारो पर्ने गरेकाले पनि अलैँची खेती लगाउने किसानको आम्दानी मौसमअनुसार घटबढ हुने गरेको कुबुस्काथलीका अर्का किसान भरतकुमार बस्नेतले जानकारी दिए।

सुरुमा अलैँची उत्पादन गर्ने किसानको घरघरमै खरिद गर्न आउने व्यवसायी अहिले अलैँचीको मूल्य घटेसँगै खरिद गर्न आउन छाडेका छन्। पहिला त गाउँघरमै प्रतिकेजी २ हजार ६ सय रुपैयाँसम्म पनि बिक्री हुन्थ्यो। अलैँची छ भन्ने थाहा पाएपछि धेरै व्यवसायी आउँथे। तर, यस वर्ष अलैँची उत्पादन कमी हुँदा पनि गाउँमा बिक्री ठप्प हुँदा अलैँची किसान थप मारमा परेको उमाकुण्ड गाउँपालिका-२ बाम्तीका रोकट बस्नेतले जानकारी दिए।

उनले भने, 'पहिला अलैँची खरिद गर्न झापा, विराटनगर, वीरगन्ज र काठमौंका विभिन्न व्यवसायी गाउँमै आउँथे। तर अहिले त्यस्तो छैन। गाउँकै केही व्यक्तिले गाउँका किसानको घरघरमा पुगेर संकलन गर्ने गरेका छन् तर त्यो पनि बिक्री हुन सकेको छैन।'

**Invitation for Bids**

**Province Government**
**Ministry of Land Management, Agriculture & Cooperative**
***Province No-2, Janakpurdham, Dhanusha***
***Invitation for Bids for the Construction of office building of Directorate of Livestock and Fisheries Development, Dhanusha, Janakpurdham***

Contract Identification No: **NCB/MOLMACP2/eBQ09/075-76/Works**
Date of publication: **2075/11/24 (March 8, 2019)**

1. The Provience Government, Provience No 2 has allocated funds or received a loan/credit/grant towards the cost of **Construction of** ***Agriculture & Livestock Directorate Office, Dhanusha*** and intends to apply part of the funds to cover eligible payments under the Contract for **Construction of Directorate of** ***Livestock and Fisheries Development office, Dhanusha.*** Bidding is open to all eligible Nepalese Bidders.
2. **Ministry of Land Management, Agriculture & Cooperative,** *Dhanusha,Janakpurdham,* invites electronic bids from eligible bidders for the construction of office building of ***Directorate of Livestock and Fisheries Development, Dhanusha*** under National Competitive Bidding, Two Envelope Bidding procedures.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Ministry of Land Management, Agriculture & Cooperative,** ***Dhanusha, Janakpurdham*** or may visit PPMO website **www.bolpatra.gov.np**.
4. Bidder submit their bid electronically through PPMO's Web Site **www.bolpatra.gov.np**. Bidders, submitting their bid electronically, should deposit the cost of a non-refundable fee of ***NRs 5,000.00*** in Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Name of the Bank: **Rastriya Banijya Bank LTD , Janakpur Branch.**
   Name of the Office: **Ministry of Land Management, agriculture and Cooperative, Province No. 2, Janakpurdham, Dhanusha**
   Office Code No. : **70 -235 -17- 01** Bank Account No. : 0004010000001
   Revenue Head No. : **14229**
5. Pre-bid meeting shall be held at **Ministry of Land Management,Agriculture & Cooperative,** ***Dhanusha,Janakpurdham at 13.00 hrs on 29th March 2019 (2075/12/15).***
6. Electronic bids must be submitted through PPMO website **www.bolpatra.gov.np**, on or before ***1:00 PM*** on 7th ***April 2019 (2075/12/24).*** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2:00 PM on 7th April 2019 (2075/12/24)*** at the office of **Ministry of Land Management,Agriculture & Cooperative,** ***Dhanusha, Janakpurdham***. Bids must be valid for a period of ***120 days*** after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format, amounting to a minimum of **NRs 11,21,000.00**, which shall be valid for 60 days beyond the validity period of the bid. The bid security guarantee issued only by "A" Class commercial banks approved by Nepal Rastra Bank shall be accepted.
8. If the last date of pre-bid meeting, submission and opening falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Bidders are required to specify the total price of the Bid in the Letter of Bid or the Bid Price in the Bill of Quantities. Failure to specify the total price of the Bid in the Letter of Bid or the Bill of Quantities shall be ground for declaring the bid non responsive.
10. Bidder's qualification criteria are mentioned in the bid documents.
11. The bidders are requested to submit all the original hard copy of bid documents within 7th day after bid submission date at **Ministry of Land Management, Agriculture & Cooperative,** ***Dhanusha, Janakpurdham***. Failure to submit the original hard copy shall be ground for declaring the bid non responsive.
12. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
**Alternative Energy Promotion Centre (AEPC)**
Khumaltar Height, Lalitpur, Nepal
Tel: +977-1-5539390/5539391, Fax: +977-1-5542397, 5539392
Email: info@aepc.gov.np Website: www.aepc.gov.np

**Invitation for Electronic Bids**

**For "Supply, Delivery Installation, Testing & Commissioning of Electro Mechanical Equipment of Hikchu Khola Micro Hydropower Project", Bhotekhola, Sankhuwasabha"**
Contract Identification Number: AEPC/NRREP/HKMHPUC/G/NCB/2075/76-09
**Date of Notice Publication : 08 March 2019**

1. On behalf of **Hikchu Khola Micro Hydropower Project User's Committee** (HKMHPUC), AEPC/NRREP invites **electronic bids** from the registered eligible and qualified Suppliers/Bidders for the procurement of Goods **"Supply, Delivery Installation, Testing & Commissioning of Electro Mechanical Equipment of Hikchu Khola Micro Hydropower Project** (63 kW, 315 HH)**"** under National Competitive Bidding (NCB) procedures as specified in Public Procurement Act and Public Procurement Regulations.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of AEPC, as mentioned above or may visit e-GP system: www.bolpatra.gov.np/egp.
3. Bidding document in English is available online and can be downloaded from e-GP system of PPMO: **www.bolpatra.gov.np/egp.** Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document **NRs. 5,000.00** to the following bank:
   Name of the Bank: Nepal Bank Ltd., Gabahal Branch, Lalitpur
   Name of the Office: Alternative Energy Promotion Centre, Office Code No. : 308003401
   Bank Account No. : 00101000000001001001, Revenue Account No. 14229
4. Pre-bid meeting shall be held at AEPC, Khumaltar Height, Lalitpur, Nepal at **11.00 A.M. on 22 March 2019**.
5. Interested Bidders shall submit the electronic Bids through **www.bolpatra.gov.np/egp** to the above office of AEPC on or before **12:00 Noon on 08 April 2019.**
6. Submitted Electronic Bids shall be opened in presence of Bidders' representatives who choose to attend on **12:30 P.M. on 08 April 2019** at the office of AEPC, Khumaltar Height Lalitpur. But nothing shall bar the opening of Tender by the reason only that any bidder or its agent is not present. Bidder's representative should bear the authorization letter duly signed by the authority of firm at the time of bid opening.
7. Bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security, amounting to a minimum of **NRs. 700,000.00** which shall be valid for minimum 30 days beyond the bid validity period (i.e. Valid up to minimum 0**4 August 2019**).
8. If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in AEPC's Office Code 2830805 and Account Name DTCO, Lalitpur, Bank Account No. 16856 KHA3 at Nepal Bank Ltd., Gabahal, Lalitpur Branch and submit the original receipt of the deposited amount of cash along with the Bid.
9. If the last date of submission and opening falls on a government/public holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
10. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid. AEPC and respective User's committees shall not be responsible for any costs or expenses incurred by bidders in connection with preparation or submission of Bids.
11. AEPC and respective User's committees reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

# आमाको नाममा नागरिकता अझै आनाकानी

● दीपेश शाही

संसारभरि अन्तर्राष्ट्रिय नारी दिवसको १०९औँ शृंखला चलिरहेको छ । नेपालमा भने आमाका नामबाट सन्तानलाई नागरिकता दिने विषयमा विवाद जारी छ । संविधानमा नै 'पुरुष र महिलाबीच कुनै विभेद नहुने' र 'प्रत्येक महिलालाई लैंगिक भेदभावविना समान वंशीय हक हुने' व्यवस्था छ । तर, संविधान कार्यन्वयनमा जानुअघि नै लैंगिक विभेदको विवाद चुलिएको हो ।

गत साउन २२ गते संसद्मा दर्ता भएको नागरिकतासम्बन्धी संशोधन विधेयक सात महिनापछि संसद्को राज्य व्यवस्था समितिले आंशिक रूपमा परिमार्जन गरेर पारित गरेको छ । समितिको मंगलबार बसेको बैठकले सन्तानलाई नागरिकता दिलाउँदा महिलाले बाबुको पहिचान नभएको पुष्टि गर्नु नपरे पनि व्यहोरा खुलाउनुपर्ने व्यवस्थासहित पारित गरेको छ ।

समितिद्वारा पारित विधेयकलाई संसद्को पूर्ण बैठकले पारित गरेपछि अब नागरिकता दिलाउँदा आमाले बाबु नभएको लिखित व्यहोरा उपलब्ध गराउनुपर्ने हुन्छ । यसरी पहिले 'पुष्ट्याइँ गर्नुपर्ने' भनी राखेको व्यवस्थाको सट्टामा 'व्यहोरा उपलब्ध गराउनुपर्ने' भनी शब्दावली मात्रै परिवर्तन गरिएको छ । यसले लैंगिक विभेद कायमै राखेको भन्दै आलोचना सुरु भएको छ ।

महिलाको 'स्वघोषणा'का आधारमा सन्तानले नागरिकता पाउने प्रावधान राख्ने सहमति भए पनि पछि त्यसलाई तोडमतोड गरिएको आरोप सांसद बिन्दा पाण्डेको छ । प्रस्तावित विधेयकमा राखिएको पुष्टि गर्नुपर्ने कष्टभन्दा निवेदनमा व्यहोरा उल्लेख गरे पनि नागरिकता पाउने विषय तुलनात्मक रूपमा प्रगतिशील भएको उनको बुझाइ छ । 'तर, यो समान हैसियतका नागरिकका रूपमा महिलालाई नस्विकारिएको यथार्थ हो,' सांसद पाण्डेले भनिन्, 'ठूलाठूला संघर्षबाट बराबर योगदान पुर्‍याएर आजको अवस्थासम्म पुगे पनि महिला र पुरुष दुवै मानिसै हुन् भन्ने मानसिकताको विकास हुन सकेको छैन । यसको मूलजरो राजनीतिक नेतृत्वमा गडेर बसेको पितृसतात्मक सोच नै हो । यसलाई नबदलीकन समाज परिवर्तन सम्भव नै देखिँदैन ।'

महिलाको अधिकारका निम्ति बोल्दा पुरुष विरोधीको आरोप खेप्नुपर्ने स्थितिको अन्त्य नभएको पाण्डेको भनाइ छ । 'एउटा बच्चाका लागि आमा र बुवा उत्तिकै महत्त्वपूर्ण हुन् भन्ने चेतनाको निर्माण नभएसम्म समाज कहिल्यै विकास हुन सक्दैन,' उनले भनिन्, 'नेपाली नागरिकका सन्तानलाई पहिचानविहीनताको अवस्थाबाट नउठाएसम्म जस्तोसुकै समृद्धिका नारा लगाए पनि त्यसले कुनै अर्थ राख्दैन ।'

पुरुष बच्चाको नागरिकता बनाउन जाँदा आमाको पुष्ट्याइँ गर्नुनपर्ने तर आमा जाँदा बाबुबारे विवरण देखाउनुपर्ने प्रावधानले विभेदको अन्त्य गराउन नसक्ने बताउँछिन्, अधिकारकर्मी तथा लेखक अर्चना थापा । संशोधन गरेर थपिएको 'व्यहोरा' भन्ने शब्दको परिभाषा र त्यसका सीमा र मापदण्ड नबनाई अल्झाउनका लागि मात्रै विधेयक ल्याउन थालिएको थापाको बुझाइ छ । 'विवाहपश्चात् श्रीमान् मरेपछि घरमा नस्विकारिने महिलाले कुन व्यहोरा बुझाउने ?' उनको प्रश्न छ, 'कसैको बलात्कारबाट जन्मिएको बच्चाले नागरिकता बनाउँदा वर्षौंपछि पुलिसको रिर्पोट, मेडिकल रिपोर्ट, बलात्कार भएको प्रमाण मागियो भने के व्यहोरा बुझाउने ?'

अर्की लेखक तथा अधिकारकर्मी सरिता तिवारी पितृसत्तावादी राज्यको चरित्रका कारण महिलाका अधिकार स्थापित हुन नसकेको तर्क गर्छिन् । 'ठूलो संघर्षबाट आमाको नामबाट नागरिकता पाउने विषयलाई संविधानमा व्यवस्था गर्न सफल भए पनि सत्ताको नेतृत्वमा रहेका व्यक्ति पितृसतात्मक सोचबाट माथि उठ्न नसकेकै कारण अहिले विवाद आइरहेको देखिन्छ,' तिवारी भन्छिन् ।

नागरिकता अधिकारको मात्रै विषय नभएर आत्मसम्मान र भावना पनि जोडिने भएकाले यसलाई समाधान नगरिए ठूलो आक्रोश पैदा हुने तिवारीको भनाइ छ । 'जन्म आमाले दिने तर नागरिकतामा उसको अधिकार नहुने भनेपछि स्वाभाविक रूपमा यो विभेदपूर्ण व्यवस्था हो,' उनी प्रश्न गर्छिन्, 'यस्तो भावनात्मक विषयलाई कसरी कानुनले बाँधेर राख्न सकिन्छ ?' अहिले नागरिकताबारेको विवादमा एउटा शब्दको ठाउँमा अर्को शब्द राख्दैमा अधिकार स्थापित नहुने उनको तर्क छ ।



१०९औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस

"

नागरिकता दिलाउँदा आमाले बाबु नभएको लिखित व्यहोरा उपलब्ध गराउनुपर्ने प्रावधान राखिएपछि त्यसले लैंगिक विभेद कायमै राखेको भन्दै आलोचना सुरु भएको छ

## महिला प्रतिनिधित्व कहाँ कति छ ?

नेपालको कूल जनसंख्या २ करोड ६४ लाख ९४ हजारभन्दा बढी छ, जसमा पुरुषको संख्या १ करोड २८ लाख ४९ हजार छ । महिलाको संख्या १ करोड ३६ लाख ४५ हजारभन्दा बढी छ । तुलनात्मक हिसाबले महिलाको संख्या पुरुषको भन्दा बढी अर्थात् पुरुषको ४९ र महिलाको ५१ प्रतिशत छ । तर, सार्वजनिक क्षेत्रमा हुने महिला सहभागिताको स्थिति भने नाजुक छ ।

चिकित्सा क्षेत्रमा महिलाको उपस्थिति जम्मा ३६ प्रतिशत छ । त्यस्तै, प्रहरीमा ९ प्रतिशत र सशस्त्र प्रहरीमा ७.१ प्रतिशत महिला छन् । ट्राफिक प्रहरीमा महिलाको उपस्थिति ७ प्रतिशत मात्रै छ । सुरक्षा क्षेत्रमा नेपाली सेनामा सबैभन्दा कम महिला सहभागिता छ । सेनामा जम्मा ५ प्रतिशत मात्रै महिलाको उपस्थिति छ ।

निजामती कर्मचारीमा पनि महिलाको सहभागिता ३३ प्रतिशत पुग्दैन । यस क्षेत्रमा २३ प्रतिशत महिला छन् । विद्यार्थी भने ५०.९९ प्रतिशत महिला छन् । साथै, प्रतिनिधि सभामा ३३.५३ प्रतिशत महिला सांसद छन् । महिला सबैभन्दा धेरै सहभागी भएको पेसा हो- नर्सिङ । नर्सिङमा सबैभन्दा बढी अर्थात् ९९.८३ प्रतिशत महिला छन् ।




(फ्याक्ट नेपालको सहयोगमा)



टिप्पणी

● अर्चना थापा
लेखक तथा महिला अधिकारकर्मी

## हामी अझै दोस्रो दर्जाका ?

नागरिकताबारे प्रस्तावित विधेयक पूरै परिवर्तन हुन्छ भन्ने आशा थियो । त्यसमा व्यापक छलफल हुनुपर्थ्यो र फेरिनुपर्थ्यो । तर, संसद्मा भइरहेका बहसका टिप्पणी र समाचार विवरण सुन्दा शब्द परिवर्तन गर्नेबाहेक खासै परिवर्तन भएको देखिँदैन ।

विधेयकमा बाबुको पहिचान नभएमा अन्य पुष्ट्याइँसहित निवेदन गर्नुपर्ने उल्लेख छ । पुष्ट्याइँ भनेको के हो र गर्ने तरिका कस्तो हो ? यसबारे कस्तो निर्देशिका र नियमावली बन्छ, केही खुलेको छैन । यस्तो प्रावधानले आमाको नामबाट सन्तानलाई नागरिकता पाउन बाधा पार्छ । किनभने, पुष्ट्याइँका लागि कागजपत्र र भरपर्दा विवरणहरू चाहियो । कुनै कारणले श्रीमतीसँग मेल भएन र पुरुषले छोडेर गयो भने उसलाई महिलाले कहाँ खोज्दै जाने ? यस्ता थुप्रै घटना छन् । सबै घटनामा पुष्ट्याइँ गर्न सकिँदैन ।

कतिपय अवस्थामा केटाकेटी भागेर विवाह गर्छन् तर पछि छुट्छन् । त्यस्तो अवस्थामा उसको परिवारमा पनि सम्पर्क हुँदैन, कहाँ हो भन्ने पनि थाहा हुँदैन । त्यस्ता समस्यालाई कसरी समाधान गर्ने ? पश्चिमतिरको मन्दिरमा देउकी राख्ने चलन छ । देउकीबाट जन्मिएको बच्चाले कस्तो खालको पुष्ट्याइँ गर्ने ? यदि पुष्ट्याइँ भएन भने त्यसले नागरिकता पाउने कि नपाउने ?

अहिले शब्द परिवर्तन गरिएको छ । त्यो पनि विभेदकारी छ । एउटा पुरुष बच्चाको नागरिकता बनाउन गयो भने उसले आमाको पुष्ट्याइँ गर्नुपर्दैन । आमा जब जान्छे, उसले विवरण देखाउनुपर्ने ! यस्तो प्रावधानले कसरी विभेदको अन्त्य गराउँछ ? विवाहपश्चात् श्रीमान् मरेपछि केटीलाई पनि घरमा स्विकारिँदैन । त्यसले कस्तो व्यहोरा बुझाउने ? बलात्कारबाट बच्चा जन्मियो र सम्बन्धित निकायले पुलिस रिर्पोट वा बलात्कार भएको प्रमाण चाहियो भन्यो भने महिलाले के विवरण बुझाउने ? अल्झाउन थुप्रै बाटा छन् । विवरणहरू देखाउन पनि कारण खोजिएला ।

जहाँ राष्ट्रियताको विषय उठ्छ, त्यहाँ महिलालाई दोषी देखाइन्छ । महिलाको कारणले राष्ट्रिय सुरक्षामा खतरा पैदा गराउँछ भनिन्छ । यसले पुरुषको सोच्ने क्षमता बढी छ, महिलाले सोच्नै सक्दैन भन्ने देखाउँछ । महिलाले विवाह गरेको व्यक्तिले राष्ट्रियता खतरा पार्न सक्छ भन्ने गलत बुझाइ हो । महिलाले रोजेको जीवनसाथीले राष्ट्रिय संकट नै ल्याउने ? यसमा 'यो पुरुषले खुकुरी चलाएर, वीरता-शूरताले, कुर्वानी दिएर बनाएको देश हो' भन्ने मानसिकता छ । यो पुरुषको मात्रै देश हो भन्ने सोच यस्ता स्वरूपमा प्रकट भइरहेका छन् । ठूला नेता पुरुष, नीति निर्माणमा पुरुष, अंश बन्डा गर्ने पनि पुरुष । देश नै पुरुषको भन्ने मानसिकता छ । महिलाको अधिकार र चाहनालाई नियन्त्रणमा राखेर कुनै राष्ट्रियता वा राष्ट्रिय सुरक्षा बलियो हुँदैन ।

यसलाई परिवर्तन गर्न महिला मात्रै बोलेर पुग्दैन । संसद्मा सीमित सभासदले आवाज उठाइरहनुभएको छ । बिन्दा पाण्डे र शशी श्रेष्ठले बोलेर मात्रै यसले धक्का दिन सक्दैन । अरूले पनि आवाज उठाउन जरुरी छ । यो विधेयक आज भएन भने पनि कुनै समयमा त परिवर्तन गर्नु नै छ । भोलि विद्रोह गरेर पनि परिवर्तन गराएरै छाड्छ । महिलाको अधिकार र प्रेमको चाहना नियन्त्रित गरेर राष्ट्रियताको सुरक्षा हुँदैन ।



नयाँ पत्रिका
सम्पादकीय

# आठ मार्चको सान्दर्भिकता

आज संसारभर नै अन्तर्राष्ट्रिय नारी दिवस विभिन्न कार्यक्रमसाथ मनाइँदै छ। नेपालमा पनि 'लैंगिक समानताका लागि समान सोच र व्यवहार : समृद्धिको आधार' भन्ने मूल नारासाथ यो दिवस मनाउन लागिएको छ। विश्वका केही देश महिला अधिकार र लैंगिक समानताका दृष्टिले अत्यन्त उच्च सूचक भएका देशमा बदलिए पनि महिलामाथिको विभेद, लैंगिक हिंसा, वैवाहिक संस्थाका रूपमा महिलाले निर्वाह गर्ने भूमिका, समान कामको समान ज्यालाको विषय, कार्यथलोमा हुने यौन दुर्व्यवहारजस्ता पक्षबाट अझै अधिकांश देशमा महिलामाथिको विभेद यथावत् छ। सामाजिक बनोट र परम्परा, धार्मिक विश्वास, आर्थिक विकास र विद्यमान कानुनी प्रावधानले पनि महिलालाई विभेद गर्ने पक्षलाई समर्थन र सहयोग गरिरहेका छन्। महिलालाई जीविकाका लागि हुने बसाइँ–सराइ, बेचबिखन र बलात्कारजन्य घटनाका जोखिम अझै कायम छन्। यसैले नारी दिवस या आठ मार्च मनाइरहनुको अर्थ विकासोन्मुख देशमा बढी महत्त्वको छ। आठ मार्चको परम्परा आजभन्दा सवा सय वर्षपहिले युरोपमा थालिएको महिलाको मताधिकारसम्बन्धी मागसँग जोडिन्छ। सन् १९११ देखि मनाउन थालिएको यस दिवसलाई सुरुमा श्रमिक महिला दिवस भनिए पनि पछि समग्र महिलाको उत्थान र लैंगिक समानताको आन्दोलनको प्रतीकका रूपमा मनाउन थालिएको हो।




विभेदमा परेका महिलाको अवस्थाबारे बहस गर्नु र विभेदकारी अवस्था कायम हुनुमा जिम्मेवार सामाजिक तथा राजनीतिक अवस्था बदल्न दबाब दिनु नारी दिवसको सान्दर्भिकता हो

नेपालमा गतवर्ष पनि महिला हिंसा र हत्याका घटनामा कमी आएन। कलिला काखे नानीदेखि ७० कटेका वृद्धासम्म बलात्कारका सिकार बने। यस वर्ष विशेष चर्चामा भने कञ्चनपुरकी किशोरी १४ वर्षीया निर्मला पन्तको बलात्कारपछि भएको हत्याको विषय रह्यो। ११ साउनको घटनाका अपराधी अझै पत्ता लागेका छैनन्। दोषीले दण्ड पाएका छैनन्। यस वर्ष पनि केही जिल्लामा छाउपडी गोठमा बस्नुपर्ने बाध्यताका सिकार भएर केही महिला तथा किशोरीले ज्यान गुमाए। दाइजो दिन नसकेका कारण हुने हत्या र आत्महत्याका घटनामा यस वर्ष पनि कमी आएन। दलित महिला भएकै कारण अनेक विभेद र हिंसाको सिकार भएका घटना पनि यस वर्ष सार्वजनिक भइरहे। अर्कातिर अझै पनि महिलालाई स्वतन्त्र रूपमा आमा बन्न पाउने अधिकारबाट वञ्चित गर्ने गरी कानुन ल्याउन दबाब दिइएकै छ। खासगरी नागरिकतासम्बन्धी प्रस्तावित ऐनको प्रावधान त्यस्तो बनाउने प्रयास भइरहेको छ। महिला बेचबिखनका नयाँ–नयाँ घटना सार्वजनिक हुने क्रम पनि बढ्दो छ। हाम्रो सामाजिक, सांस्कृतिक मूल्य र महिला–पुरुषबीचको परम्परागत शक्ति सम्बन्धका कारण संविधान र ऐनले दिएका अधिकार उपभोग गर्नबाट समेत महिला वञ्चित हुने अवस्था छ। महिला पछि मात्र परेका छन् भन्ने पनि होइन। पेसागत संलग्नता, आर्थिक स्वतन्त्रता र सार्वजनिक वृत्तमा उपस्थितिका दृष्टिले महिलाको अवस्था पहिलेभन्दा निकै माथि उठिरहेको छ। राजनीतिक तहमा हुने सहभागिता पनि उल्लेख्य रूपमा सकारात्मक छ। तर, विभेदमा परेका महिलाको अवस्थाबारे बहस गर्नु र विभेदकारी अवस्था कायम हुनुमा जिम्मेवार सामाजिक तथा राजनीतिक अवस्था बदल्न दबाब दिनु नारी दिवसको खास महत्त्वको काम हो। नारी दिवसका सन्दर्भमा सबै महिलामा शुभकामना !

# सत्र हजार मारिए, हराए कति ?

## जनयुद्धमा मारिएका सत्र हजार नेपालीको प्रसंग उठाउँदा कस्तो परिस्थितिमा ती मारिएका थिए भन्ने बिर्सिनु हुँदैन



अग्रलेख
● किशोर नेपाल

'जनयुद्ध' शब्दसँग घृणा गर्नेको भिड सहरमा चलमलाइरहेको भेटिन्छ। यो घृणा गर्नुपर्ने शब्द होइन। सामाजिक सञ्जालमा प्रायः जनयुद्धको नाममा देशका सत्र हजार मानिसले ज्यान गुमाएको कथा दोहोर्‍याउने गरिन्छ। ती मानिसका 'हत्यारा' तत्कालीन माओवादी जनसेनाका 'सर्वोच्च कमान्डर' तथा हाल नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष प्रधानमन्त्री केपी शर्मा ओलीसँगै 'बराबरीका अध्यक्ष' पुष्पकमल दाहाल 'प्रचण्ड' हुन् भन्ने गरिएको छ। सत्र हजार मानिसलाई मृत्युको मुखमा झोसेको अपराधमा प्रचण्ड र उनका सहयोगीलाई हेगमा रहेको अन्तर्राष्ट्रिय अदालतमा उभ्याउनुपर्ने माग पनि गरिँदै आएको छ। यस्तो माग गर्ने र गराउनेहरूमा धेरै कथित बौद्धिक मानिस, मानव अधिकारसँग सम्बन्धित संघसंस्था र अन्य राजनीतिक निहित स्वार्थीको सक्रिय भूमिका रहेको जानकारी सबैलाई छ। विशेषतः देशमा पद र सुविधा पाउन मरिमेट्ने एउटा जमात गणतन्त्रको स्थापनासँग खुसी हुन नसकेको देखिन्छ। उनीहरूका लागि गणतन्त्र त्यति नफापेको पनि छैन। राजतन्त्रमा राजालाई रिझाएकै भरमा पाइने मन्त्री पद वा विशेष पदीय अधिकार पाउन उनीहरूले राजनीतिक दलका नेताको 'नेहोरा' अलि बढी नै गर्नुपरेको छ।

अहिले संघीय लोकतान्त्रिक गणतन्त्रलाई राजनीतिक दलका नेताले होइन, भृत्यतन्त्रले चलाएको छ। किनभने, राजनीतिक दलका नेताबीच आपसी सद्भावको सम्बन्ध छैन। सत्ता चलाउने पार्टीमा एकथरी 'हेर्ने सत्ताधारी' भेटिन्छन् र अर्काथरी 'भोग्ने सत्ताधारी।' यी दुईथरीबीचको घमासान आफ्नो ठाउँमा छँदै छ। प्रतिपक्षी पार्टी आफैँभित्र प्रतिपक्षको खोजी गर्दै छ। देशमा हुने गरेका सबै नियमित कुरा भइरहेकै छन्। राष्ट्रपतिको सवारी हुँदै छ। चारैतिरको बाटो बन्द छ। प्रधानमन्त्रीको सवारी भइरहेको छ। साइरन बजेको सुन्नेबित्तिकै सडकमा साइड लागेन भने जे पनि हुन सक्छ। सहरमा सुरक्षा सक्रियता बढेको छ। यसमा नयाँ कुरा केही छैन। पन्ध्र वर्षअगाडि कञ्चनपुरका बुद्धिजीवी डा. टंकराज पन्तले स्तम्भकारसँगको वार्तामा बताएका थिए, 'राजनीतिक शक्तिहरू आ-आफ्नो स्वार्थमा रुमल्लिएका छन्। कुनै पनि पार्टी, कुनै पनि राजनीतिक निकाय र राज्यसत्ताको कुनै पनि अंगले जनताको आवाजको प्रतिनिधित्व गर्न सकेका छैनन्। देशको राजनीतिक परिस्थिति झन्झन् जटिल र पेचिलो बन्दै गएको छ।'

जनयुद्धमा मारिएका सत्र हजार नेपालीको कुरा उठाउँदा कस्तो परिस्थितिमा ती मारिएका थिए ? भन्ने बिर्सिनु हुँदैन। देशका दिव्य बाह्र वर्ष हाहाकार र कोलाहलमा बितेका थिए। युद्धमा सत्र हजार मारिएका थिए कि सत्ताइस हजार ? त्यसको पनि यकिन टुंगो छैन। सत्र हजारमध्ये तत्कालीन शाही सेना र प्रहरीका जवान कति मारिएका थिए, त्यसको फेहरिस्त पक्कै होला। सेनाले जबर्जस्ती माओवादीको आरोप लगाएर कर्णाली नदीको वेगमा कतिलाई बगाइदियो होला, माओवादीले सेनाका लागि गुप्तचरी गरेको आरोपमा कतिलाई जल प्रवाहमा धकेलिदियो होला, यसको हिसाब-किताब गर्ने कि नगर्ने ? अहिले पनि यो विवाद टुंगिएको छैन। जर्नेल रुक्मांगद कटुवालले माओवादीका लडाकुलाई सधैँ 'च्यागट्याग' आर्मीको संज्ञा दिए। तर, सत्य यति मात्रै हो कि त्यही 'च्यागट्याग' आर्मीले शक्तिशाली, संगठित र अनुशासित सेनाको अभिमानमा तुसारापात गरिदियो। राजा वीरेन्द्र र उनको सकल परिवारजनको हत्याकाण्डमा दरबारभित्रको ब्यारेक देखाएर सरक्क पन्छिने नेपाली सेनाको नौटंकी नदेखिएको होइन।

जुन समयको चर्चा यहाँ गरिँदै छ, त्यो इतिहास होइन। एक-डेढ दशकको समय समकालीन नै हुन्छ। देश क्रन्दनमा डुबेको थियो र मानिस छटपटीमा थिए। माओवादी र सरकारी सेनाले जनतालाई गाउँ, टोलबाट बाहिर जान दिएका थिएनन्। गाउँमा जेजति सरकारी कर्मचारी थिए, ती सबै सदरमुकाममा शरणार्थी थिए। मर्ने र मारिनेको पीडा त स्पष्ट थियो, तर हराएका छोराछोरी र आफन्तको पीडा अझै चर्को हुन्थ्यो। हराएकाले के खाए होलान् र के लाए होलान् भन्ने चिन्ताभन्दा खतरनाक हुन्छ, ती मारिइसके भन्ने आशंका। नेपालका अनकन्टार गाउँमा खेतका आली, बारीका पाटा र करेसाबारीबाट हराउनेहरू एक-दुईको संख्यामा होइन, हजारौँका संख्यामा थिए। ती मानिस न खोज्दा भेटिन्थे, न फर्केर घर आउँथे भने जान्थे कहाँ ? बोल्न सक्ने मानिस त अहिले पनि बोलिरहेका छन्। तर, त्यतिखेर ती मानिस, जसका परिवारका सदस्य हराएका छन्, आफ्नो व्यथा सुनाउन सक्दैनथे। देश दुई बन्दुकको चेपमा थियो। त्यस्तो अवस्थामा सामान्य मानिसले बोल्नु नै के र ? अहिले त्यो स्थिति छैन। २०५० सालमा जन्मिएको नेपाली अहिले २५ वर्षको पुगेको छ। उसको अधिकार छ, प्रश्न उठाउने। तर, उसको त्यो अधिकारको सुरक्षा अहिलेको सरकारले गर्न सकेको छ त ?

सत्र हजारले ज्यान गुमाए। तीसौँ हजार बेपत्ता छन्। युद्धको दावानल रोकिएको छ र पनि सरकार प्रकटमा नै यो समस्यालाई टुंगोमा पुर्‍याउन चाहँदैन। यो स्पष्ट नै छ। सत्र हजारको ज्यान र तीसौँ हजार बेपत्ता नेपालीको योगदान भनेको जनताद्वारा निर्वाचित संविधान सभाद्वारा प्रवर्धित 'संघीय लोकतान्त्रिक गणतन्त्र' हो। यो गणतन्त्रको निर्माणमा बयलपाटा अछामकी भजनी बोहोरा, धनुषाका बुद्धिजीवी जयकिशोर लाभ, गोर्खाका रुद्र पोखरेल, पर्साकी फूलकुमारी देवी, लुम्बिनीमा ड्युटीमा खटिएका कृष्ण भट्टलगायत थुप्रै-थुप्रै व्यक्तिको योगदान छ, जसलाई हामी त्यो समयका प्रतिनिधि पात्र भन्न सक्छौँ। यी तिनै व्यक्ति हुन्, जसले आफ्ना प्रियजन गुमाएका थिए।



> सत्र हजारले ज्यान गुमाएर तीसौँ हजार बेपत्ता भएपछि युद्धको दावानल रोकिएको भए पनि सरकार यो समस्यालाई टुंगोमा पुर्‍याउन चाहँदैन

अहिले सत्र हजारको कुरा निकाल्नु आश्चर्य होइन। कुरा निक्लिनैपर्छ। तर, त्यो कसैप्रति बदलाको भावनाले प्रेरित भएर होइन, देशमा स्थायी शान्ति स्थापनाका लागि साबित हुन सक्नुपर्छ। प्रतिशोध बढाउने काम हुनुहुँदैन। अहिले त त्यस्ता मानिस गणतन्त्रविरुद्ध लागेका छन्, जो जनयुद्धको रापबाट आफू र आफ्ना परिवारलाई जोगाउन अनेक हथकण्डा रच्ने गर्थे। देशमा के भइरहेको छ ? त्यसको जानकारी भएर पनि कोही केही बोल्दैनथे। युद्धले उत्तेजना बढाउँदै थियो। सेनाले माओवादीविरुद्ध विजय हासिल गरेको भए माओवादीसँगै कति गैरमाओवादी कालको मुखमा पर्ने थिए, त्यसको अनुमान गर्नु कठिन छ।

नेपालको राज्य व्यवस्था 'लन्डनमा आगो नलागेसम्म बेलायती साम्राज्य सुरक्षित छ' भन्ने बेलायती भनाइबाट प्रभावित छ र त्यसैअनुसार सञ्चालित छ। काठमाडौंका दुई-चार सम्भ्रान्त परिवारलाई दुःख र पीडाले नछोएसम्म राज्य सुरक्षित भएको मनोगत सोचाइका आधारमा राज्य चलेको पर्याप्त उदाहरण पाउन सकिन्छ। त्यसो नभए देशका नागरिकले युगले यति ठूलो कोल्टे फेरेपछि पनि आफूलाई बेवारिसे जनता सोच्नुपर्ने थिएन। खास गरेर प्रजातन्त्र पुनर्स्थापनापछि जनताको चेतना जति-जति फैलिँदै गयो, राज्यव्यवस्थाको कमान सम्हालेर बसेकाहरूको विवेक साँघुरिँदै गयो। यो अवस्थालाई दोस्रो जनआन्दोलनले पनि मेटाउन सकेन। पछिल्लो समयमा लोभको मात्रा जति बढेको छ, देशप्रेमको भावना त्यत्ति नै घटेको छ। यो एउटा यथार्थ हो।

'आफ्नै देशमा उत्पादित तथा सञ्चालित' नेपालको शान्ति प्रक्रियालाई नेपाल कम्युनिस्ट पार्टीको वर्तमान सरकारले कहाँ पुर्‍याउनेछ ? त्यसको अनुमान गर्नु कठिन छैन। प्रधानमन्त्री तथा नेकपा अध्यक्ष केपी ओलीले सुखानीमा बोल्दै सहिदहरूलाई राष्ट्रका सम्मानित सदस्य बताएका छन्। नेकपाका अर्का अध्यक्ष पुष्पकमल दाहालले पनि यिनै कुरा दोहोर्‍याएका छन्। हाम्रा नेताको गुर्दा, कलेजो भए पनि दिल देखिँदैन। कहाँ के बोल्नुपर्ने हो, त्यसको समझ पनि देखिँदैन। अहिलेको सरकारले चाहेको खण्डमा सत्र हजार नेपाली मारिएको हिसाब-किताब सार्वजनिक गर्न सक्छ। बेपत्ताको फौजको पनि पहिचान गर्न सक्छ। तर, मुद्दालाई टुंग्याउनमा भन्दा त्यसलाई बल्झाएर राजनीतिक फाइदा लिन सरकारका नेता कस्सिएका देखिन्छन्। त्यसैले नेपालमा सत्य र तथ्यको निरुपण हुन गाह्रो छ।

सरकार युद्धको पीडाबाट दुनियाँलाई बाहिर ल्याउन चाहँदैन भने त्यसले दिने सकस अझ गहिरिँदै जानेछ। अहिले नै सत्यतथ्यको पोको फुकाउने प्रक्रिया सुरु भएन भने त्यो सकसबाट प्रम ओली र अध्यक्ष प्रचण्ड दुवै बच्नेछैनन्। तर, शान्ति-प्रक्रिया टुंग्याउन सरकार सकारात्मक रहेको संकेत पाइएको छैन।

# युरोप-चीन सहकार्यको प्रभाव

## फाइनान्सियल टाइम्समा बुधबार प्रकाशित समाचारअनुसार इटालीले चीनको 'बेल्ट एन्ड रोड' (बिआरआई) नीतिमा औपचारिक समर्थन जनाउने तयारी गर्दै छ।

देश/विदेश

फाइनान्सियल टाइम्समा बुधबार प्रकाशित समाचारअनुसार इटालीले चीनको 'बेल्ट एन्ड रोड' (बिआरआई) नीतिमा औपचारिक समर्थन जनाउने तयारी गर्दै छ। यसका लागि चीनसँग इटालीले प्रारम्भिक छलफल गरिरहेको समाचारमा उल्लेख छ।

अमेरिकाले यसको विरोधमा उत्रन केही समयको प्रतीक्षासमेत गर्न सकेन। फाइनान्सियल टाइम्समा ह्वाइट हाउसको राष्ट्रिय सुरक्षा विभागका प्रवक्तालाई उद्धृत गर्दै लेखिएको छ, 'इटालीले यस योजनामा साथ दिए उसको अन्तर्राष्ट्रिय छवि धुमिल हुनेछ। बिआरआई केवल आफ्नो फाइदाका लागि चीनले बनाएको एउटा महत्त्वाकांक्षी परियोजना हो।'

अमेरिकाको दृष्टिकोणमा ऊ युरोपको ठूलो दाजु हो। आफ्नो लामो समयदेखिको सहयोगी इटालीसँग चीनले सहकार्य गर्न खोज्दा वासिंटन हच्किएको छ। यसको अर्थ इटालीको निर्णयले अमेरिकाको चीनसम्बन्धी नीतिलाई पनि केही हदसम्म प्रभावित गर्न सक्छ। इटाली जी ७ का सदस्यमध्ये पहिलो देश बन्दै छ, जो बिआरआईको भाग हुनेछ।

बेलायतले युरोपेली युनियन छाडेमा इटाली युरोजोनको तेस्रो ठूलो अर्थतन्त्र हुनेछ, जर्मनी र फ्रान्सपछि। मेडिटेरियन क्षेत्रको प्रमुख राष्ट्रमध्ये इटाली एक हो र यहाँका केही क्षेत्रमा उसको गम्भीर प्रभाव फैलिएको पनि छ।

चीनसँग सहकार्य गर्दा इटालीले आफ्नो जल यातायात क्षमता बढाउन सक्नेछ र पूरै युरोपलाई एसियासँग जोड्नका लागि उत्प्रेरित गर्नेछ। इटालीका उत्पादनले चिनियाँ बजारमा अझ धेरै पहुँच पाउनेछन्। जसले उसको सुस्त अर्थतन्त्रलाई डोर्‍याउन मुख्य भूमिका खेल्नेछ। आफैँलाई सर्वोच्च सोच्ने अमेरिकी दृष्टिकोणमा भने यो अनौठो धक्का हुनेछ। वर्षौंदेखिको प्रभुत्वका कारण उसको यस्तो सोचाइ तत्कालै हट्ने अनुमान गरिएको छैन। युरोपले के बुझ्न जरुरी छ भने अमेरिकाकै पछि लागेर न उसको भलाइ हुनेछ, न त अमेरिकाकै।

पछिल्लो केही वर्षमा चीन र पश्चिमा देशको सम्बन्धमा धेरै उतारचढाव आएका छन्। अमेरिकाले यस सम्बन्धमा भ्याएसम्म अवरोध सिर्जना गरेको छ। चाहे व्यापार होस् वा प्रविधि, चीन-युरोप सम्बन्धमा उसको प्रभाव ठूलो देखिएको छ।



> आफूलाई युरोपको ठुल्दाजु ठान्ने अमेरिका आफ्नो लामो समयदेखिको सहयोगी इटालीसँग चीनले सहकार्य गर्न खोज्दा हच्किएको छ

इयूका धेरै सदस्य अमेरिकाका सहयोगी हुन्। परम्परागत रूपमै उनीहरूबीच सैन्य सहकार्य छ र सुरक्षा चासो पनि समान छ। यद्यपि, यो गठबन्धन शीतयुद्धताका बनेको थियो र अहिलेको युरोप र बाँकी विश्वबीचको मागलाई यसले सम्बोधन गर्न सक्दैन।

चीन नीतिमा युरोपले अमेरिकालाई हस्तक्षेप गर्न दिन मिल्दैन। युरोपले अमेरिकी चाहना र अडानलाई नै पछ्याएर चीनसँग सम्बन्ध कायम गर्न खोज्नु भनेको संसारको एउटा महत्त्वपूर्ण खम्बा हुने अवसरलाई तिलाञ्जली दिनु हो। यसले युरोपको चाहनालाई सम्बोधन गर्न सक्दैन।

चीनले इयू सदस्य राष्ट्रहरूको बिआरआईप्रतिको समर्थनलाई महत्त्व दिएको छ। यस परियोजनामार्फत इयूसँगको सहकार्य गहिरो पार्ने आशा उसले लिएको छ। चिनियाँ लगानीले इयूलाई बाहिरी विश्वसँग नजिक हुनका लागि सहयोग पुर्‍याउनेछ। पछिल्लो दशकमा चीनको बाँकी विश्वसँगको सम्बन्धले उतारचढाव व्यहोरेको छ। चीन हुवावेजस्ता निजी कम्पनीले पनि न्यायिक व्यवहार पाएका छैनन्। तर, यसका बाबजुद चीनले आपसी फाइदामा आधारित खुला सहकार्यको वकालत गर्नेछ। र, उसले त्यस्तो वकालत गर्दै आएको पनि छ। युरोपले चीनसँगको अन्तर्क्रियाबाट धेरै फाइदा लिनेछ र २१औँ शताब्दीमा आफ्नो महत्त्वपूर्ण स्थान बनाउनेछ।

*(ग्लोबल टाइम्सको सम्पादकीयबाट)*

प्रेरक प्रसंग

## मानिसको धर्म

उहिल्यै नेपालको पवित्र देवघाट क्षेत्रमा विभिन्न साधु, सन्त, महात्मा र तिनका शिष्य बसोवास गर्थे। उनीहरू हरेक बिहान नजिकै रहेको नदीमा स्नान गर्न एकसाथ जाने गर्थे र नदीमा डुबुल्की लगाएर बिहानी स्नान पूरा गर्थे।

एक दिन एकजना महात्मा बिहानै नदीमा स्नान गरिरहेका थिए। स्नान गर्दै गर्दा अकस्मात् उनले नदीको पानीमा डुब्दै गरेको एउटा बिच्छी देखे। महात्माले सो बिच्छीलाई डुब्नबाट बचाउन आफ्नो अँजुलीमा राखेर त्यसलाई पानीबाट बाहिर ल्याउने प्रयास गरे। तर, बिच्छीले उनलाई डस्यो। बिच्छीको डसाइको पीडा सहेरै पनि उनले त्यसलाई बाहिर निकाल्न पटक-पटक प्रयास गरे, बिच्छीले उनलाई पटक-पटक नै डस्यो। तैपनि, महात्माले हार मानेनन्। उनले त्यसलाई पानीबाट बाहिर निकालेर सुरक्षित बगरमा पुर्‍याई छाडे।



महात्माले बिच्छीलाई बचाउने प्रयास गरेको र बिच्छीले उनलाई पटक-पटक डसेको उनका शिष्य र अन्य साधु, सन्त तथा महात्माले देखिरहेका थिए। उनी नदीबाट बाहिर आउनासाथ सबैले एक स्वरमा सोधे– हे महात्मा, त्यो बिच्छीले तपाईंलाई पटक-पटक डस्दा पनि त्यसलाई बचाउनैपर्ने आवश्यकता के थियो ? बिच्छीको डसाइको पीडा भुलेर महात्माले भने– बिच्छी एउटा निकै सानो जीव हो। अन्य प्राणीलाई डस्नु उसको धर्म हो। पानीमा डुबेर मर्ने, बाँच्ने टुंगो नभएको समयमा पनि उसले आफ्नो धर्म भुलेन भने म मानिस भएर अन्य प्राणीमाथि दया गर्ने आफ्नो धर्म कसरी भुल्न सक्छु ?

## छोरी पनि के कम ?

हाम्रो समाजमा एउटा गज्जबको अन्धविश्वास छ, छोरा नभए मुक्ति पाइन्न। छोरा नभए कसले काजकिरिया गर्ला ? कसले वर्ष-वर्ष दिनमा श्राद्ध गरेर पिण्डपानी देला ? तर, यो सब सोच अन्धविश्वास मात्र हो। यथार्थमा यस्ता कुनै पनि कार्य छोराले गर्न सक्छन् भने छोरीले पनि सक्छन्। त्यसैले, छोरा नभए पनि छोरीले काजकिरिया गर्न सक्छन्, श्राद्ध, तर्पण गर्न सक्छन्। आखिर छोरी पनि केमा पो कम छन् र ?

- भूमिका खत्री, सानोगौचरन, काठमाडौं

छोराछोरीबीच कुनै शास्त्रले भिन्नता गरेको छैन, भिन्नता गर्ने हामी को हौँ ? स्वर्गीय आत्मालाई शिवपुरी धाम प्राप्त होस्। काजकिरियारत नानीहरूलगायत आफन्तजनमा धैर्यधारण गर्ने शक्ति ईश्वरद्वारा प्राप्त होस्, यही पुकारा।

- दीपक गिरी, नयाँ पत्रिका फेसबुकबाट

हाम्रो पूर्वीय ब्राह्मण परिवारमा छोरी पनि छोरासरह नै बाबुआमाको काजकिरिया बस्छन्, नौलो हैन।

- विपिन ढकाल, नयाँ पत्रिका फेसबुकबाट

टिप्पणी

पो.ब. नं : २४३१६, फ्याक्स नं.४४८५५३६
इमेल : comment@nayapatrika.com
nayapatrikaofficial
@naya_patrika

## सेवा, सुविधा र भत्तामा लुट

लामो समयपछि देशले स्थानीय सरकार पाएको छ। स्थानीय सरकारसँगै राजधानी काठमाडौंमा केन्द्रित सिंहदरबार गाउँगाउँ पुगेको हल्ला राजनीतिक दलका नेता तथा कार्यकर्ताले फिँजाएका थिए। तर, यथार्थमा सिंहदरबार गाउँगाउँ पुगेको होइन, सिंहदरबारका विकृति र विसंगतिचाहिँ गाउँगाउँसम्म पुगेका हुन्।

यतिखेर गाउँगाउँ पुगेको सिंहदरबारका हर्ताकर्ताले देशको ढुकुटी लुटिरहेका छन्। उनीहरूले पदाधिकारीको सेवा, सुविधाका नाममा राज्यकोषबाट करोडौँ खर्चिरहेका छन्। यस क्रममा राजधानी काठकाडौंको टोखा नगरपालिकाले पदाधिकारीको सेवा, सुविधा र भत्तामा मात्र डेढ करोड सिध्याएको छ।

उसले बैठकभत्ता शीर्षकमा बाँडेको रकममध्ये झन्डै ४७ लाख रुपैयाँ महालेखाले बेरुजु देखाएको छ। टोखा नगरपालिकाले एकै दिनमा बैठक भत्ताका नाममा झन्डै पाँच लाख रुपैयाँ झ्वाम पारेको छ।

के जनताले निर्वाचनमार्फत जिताएर पठाएको यसरी राज्यकोष लुटेर आफ्नो भुँडी भर्न हो ? के जनताले उनीहरूलाई 'लुट्न सके लुट् कान्छा, लुट्न सके लुट्' भनेर पठाएका हुन् त ? हैन भने उनीहरूले राज्यकोषबाट तलब सुविधा लिइसकेपछि पनि यसरी बैठकभत्ताका नाममा मोटो रकम लिन पाउने कानुनी छिद्र किन बाँकी राखियो ? आखिर अहिलेसम्म यसरी मोटो भत्ता असुलेर बसिएको कुनचाहिँ बैठकले गतिलो परिणाम दिएको छ र ?

- सन्तोष मगर, टोखा, काठमाडौं

## अस्पतालको कन्तबिजोग




सरकारी स्वामित्वको कान्ति बाल अस्पतालमा तीन वर्षअघि नै म्याद सकिएको मेसिनबाट सिटी स्क्यान भइरहेको समाचार पढ्नुपर्दा ज्यादै दुःख लाग्यो। नेपालका सरकारी अस्पताल देशभरका गरिब जनताका प्रमुख गन्तव्य हुन्। बिरामी हुँदा जस्तोसुकै अवस्थामा पनि गरिब जनताको मुख्य गन्तव्य यिनै सरकारी अस्पताल नै बन्ने गरेका छन्। तर, देशभरका सबैजसो सरकारी अस्पताल आफैँ दीर्घरोगी जस्ता बनेका या बनाइएका छन्। आखिर सरकारी अस्पतालको यो कन्तबिजोग कहिलेसम्म व्यहोर्नुपर्ने हो ?

- सन्तोष विक, दक्षिणढोका, काठमाडौं

## नेताहरूको सम्बन्ध

'ओलीसँग वामदेवको सम्बन्धविच्छेद !' शीर्षकको समाचार सामग्री पढेपछि केही लेखूँलेखूँ लाग्यो। खासगरी नेपाली नेताको सम्बन्ध कुनै पनि वेला सुमधुर बन्छ र कुनै पनि वेला शत्रुतामा बदलिन्छ। आज भएको भनिएको ओली-वामदेव सम्बन्धविच्छेद लाभको अर्को कुनै अवसर नआउन्जेलका लागि मात्र हो।

लाभको अवसर आउनासाथ नेताहरू मुटु जोडिएजस्तो गम्भीर र निकट सम्बन्धमा हुन्छन्। त्यसैले, यस सम्बन्धबारे चर्चा गरेर समय खेर फाल्नु नै बेकार हो।

- सपना कुइँकेल, सीतापाइला, काठमाडौं

भर्खरका केटाकेटीको लभ र नेताको सम्बन्ध उस्तै हुँदो रहेछ, छिनमै मिल्ने र छिनमै छुट्ने !

- हरिशरण बस्नेत, नयाँ पत्रिका फेसबुकबाट

आफू सांसद नभएपछि पार्टी फुटाउनेलाई तुरुन्तै कारबाही गर्नुपर्छ।

- रमेश श्रेष्ठ, नयाँ पत्रिका फेसबुकबाट

# आज रमिता छ

## १५ वर्षअघिको झैँ गरिने तामझाम, बोल्ने शैली, फलाक्ने मुद्दा र दिने आश्वासनमा आज पनि कत्ति फरक छैन नारी दिवस



बहस

● सुमी भारद्वाज

फागुनको उज्यालो घाम छ र अझै उज्याला छन्, जम्मा भएका दिदीबहिनी। कार्यक्रमको रमझम छ, मुक्ति प्राविको चौरमा। महिला दिवस रे भन्दै छन्, साना केटाकेटी। स्कुल बिदा गरेका छन्। यो त्यही वर्षैपिच्छे आउने कार्यक्रम हो, जसले रमझमबाहेक अरू कुनै परिवर्तन लिएर आएको छैन। शिक्षा र रोजगारीको अभावमा मान्छेको भिड बटुलिन्छ। साँच्चै भन्दा आज रमिता छ।

मलाई क्याम्पसमा हुँदा महिला दिवस मनाएको मधुरो सम्झना छ। किन मधुरो भयो सम्झना, त्यो शब्दले बोल्ला पक्कै। 'यो सामन्ती सत्ता रहेसम्म महिला दिदीबहिनीले मान्छे भएर बाँच्न पाउने छैनन्,' अझै उत्तेजित बनाउँदै थिइन्, एक नेत्रीले। 'अब क्रान्तिको बिगुल फुकिनेछ र महिलाविरुद्धका कानुन, व्यवस्था र सामाजिक संरचना भत्काइनेछन्, हातेमालो गरौँ, सबै नेत्रीले !' म पनि जुरुक्क उठेकी थिएँ, त्यो क्याम्पाचौरको खुला मैदानमा श्रोताको भिडबाट। परिवर्तनको सपना देख्ने र देखाउने दुवैको रगत तातो भएको थियो क्यारे ! सबैका कान राता देखिन्थे। जुलुस नारायणगढ बजार परिक्रमा गरी क्याम्पाचौरमा जम्मा भएको थियो। बजार लाल भएको थियो। सबैले जितेको अभिनय मात्र गरेका रहेछन्, यस्तै लाग्छ हिजोआज।

ती महिलाका उज्याला आवाज बोकेका नेत्री कता हराए आज ? तर, यो दिवस वार्षिक श्राद्धका रूपमा टुप्लुक्क आइपुग्दा यसको दक्षिणा लिने बहानाजस्तो लाग्छ। जसरी त्यो भिडमा उनीहरू हराए, त्यसरी नै महिलाका नितान्त परिवर्तनका मुद्दा पनि अवसान भए। देवी, लक्ष्मी, भगवती, गौरी, पार्वती आदि नेत्रीले जगाउन खोजेको स्वतन्त्रताको झिल्को उनीहरूसँगै निभ्यो वा अझै धिपधिप गर्दै छ ? कि 'गार्गी'जस्ता बलिया भएनन् ? हुन त, उनका प्रश्नलाई रोक्ने याज्ञवल्क्य आज पनि जताततै छन्। कि आफनै परिबन्दमा थुनिए ! कि परिवारका मैन भए वा त्यो लड्नुपर्ने परिस्थितिसँग आफैँ हारे ?

आज फेरि मेघाले भाषण दिँदै छिन्, उस्तै भाकामा। लोकतान्त्रिक सत्ता ल्याइएको छ। धेरै सहिद भएका छन्। तर, सामन्ती चरित्र फेरिएको रहेनछ। 'हाम्रो सरकार भएको भए यसरी महिलाले हारगुहार गर्नुपर्ने थिएन, केले रोक्यो यो सरकारलाई महिलाका मुद्दा सम्बोधन गर्न ?' तर, यी मुद्दा आजसम्मका सबै दलले दलदलमा पार्दै आएका हुन्। फेरि अर्को नेत्रीको नाम उद्घोषण भयो, 'धैर्य गरौँ, अझै सारगर्वित मन्तव्य राख्न आउँदै हुनुहुन्छ, निशाजी'। ताली माग्दै उद्घोषिका बसिन्। नेत्री अलि होसियार हुँदै नमस्ते टक्र्याउनतिर लागिन्, जसरी दलालले चाकरी टक्र्याएको थियो। उस्तै मुद्रा, तर अनुहार अलि भयमिश्रित रातो-पिरो छ।

विश्व क्रान्तिका कथा हाल्दै, पुँजीवादी अमेरिका र विस्तारवादी भारतलाई फलाक्नु एक धर्म हो, उनको र दलको। 'हो, महिला पनि यही समाजका पात्र हुन्, तर पुरुषको मालिकत्व अब स्वीकार्य छैन भन्दैमा यसको छुमन्तरी समाधान पनि त छैन भनेर सजिलै भन्न भ्याइन्।

अर्ध-सामन्ती देशमा क्रान्तिको असर ढिलो हुन्छ भन्दै बाटो बिराउने डर पाल्दै भाषण बिट मारिन्। घाम टन्टलापुर भइसकेको छ। रंगीचंगी पोसाकमा आएका महिला अब पल्याकपुलुक गर्न लागे। अलि पर रहेका रूखमा शिशिर छाएको छ। रूखमुनि केहि जत्था पुरुष बसेर धुवाँ उडाइरहेका छन्। हाँगामा बसेका काग कर्कश आवाजमा कराइरहेका छन्।

आज उनले किन महिलाका सवालमा सत्ताको तगारो भत्काउने गरी बोल्न चाहिनन्। उनीहरूका क्रान्तिका सपना कसले हरण गर्‍यो ? के नेत्री पनि आरक्षणबाटै त्यो मञ्चमा पुगेकी हुन् ? महिला र पुरुष नेतामा अझै समानस्तरको बुझाइ, सिद्धान्त र विचारको खडेरी नै छ त ? ३३ बाट ५० प्रतिशत महिला संसद्मा भए पनि के हुन्छ होला, यदि राज्यसत्ताको सामन्ती प्रवृत्ति र संस्कार नफेर्ने भए ?

मलाई कक्षामा नेपाली सरले बसौँ पुरानो नोटका पुराना पेजहरू भटभट्याएझैँ लाग्यो, उनको भाषण। ती मेरा गुरुजस्तै नेत्रीमा परिस्थितिको सही मूल्यांकन गर्ने क्षमता नै देखिनँ, तर यिनलाई नै समाज डोर्‍याउने काममा भर्ना गरिएको छ। कमजोरी कसको ? म नेपालीमा कमजोर भएझैँ मेरो देश नेतामा कमजोर कहिलेसम्म रहिरहने होला ? जसरी ह्रस्व-दीर्घले सधैँ मेरो सिर्जनालाई भत्काइरहन्छ, त्यसरी नै नेताको भ्रष्ट चरित्र र शोषकवृत्तिले जनताका सपनामा पहिरो झार्दछन्। म अनेकन प्रश्नले घेरिएँ। आजभन्दा १५ वर्षअघिको झैँ गरिने तामझाम, बोल्ने शैली, फलाक्ने मुद्दा र दिने आश्वासनमा कत्ति पनि फरक छैन। विकासे परियोजनाको घोषणा, उद्घाटन र कार्यकर्ताको भरणपोषण गर्ने मेसोमा देशले कोल्टे फेर्छ ? अनि यही समाजमा परिवर्तन र आउने समृद्धि थपक्क कुरेर बस्ने म, जनता। रेमिट्यान्स भाग्यविधाता भएको छ। युवा निर्यात गरी बाकसमा लास आयात गर्ने देश पनि मेरै हो, सिरिङ हुन्छ, देह।



> महिला दिवसमा महिलाका दुःखका सवाल किन उठेनन् भन्ने हुन्डरी चलेको छ, मनमा। सन्तानको जन्मदाता आमालाई पहिचान दिनुभन्दा कुन्तीको मौनता वरण गर्न प्रपञ्च रच्ने कर्म मात्र किन जान्दछन् ?

> मलाई पुरुष दिवस मनाउन मन छ। पुरुषले बुझ्न नसकेको यो दिवस मनाउन कत्ति मन छैन। दिवस कर्मकाण्ड भएका छन्। बरु दिवसको सट्टा अन्यायविरुद्ध लड्ने कुनै अभियान सुरु गरौँ।

'दिदी, तपाईंको बोल्ने पालो कहिले आउँछ ?' नजिकै बसेकी सशक्त समूहकी सचिव वसन्तीले सोधिन्। 'हामीले त बोल्न जान्दैनौँ नि, विश्वका ठूला-ठूला क्रान्तिका कुरा।'

'किन र ?' ऊ उत्सुक भई। 'हामीलाई त केवल अरूको भर पर्न नपर्ने कृषि, आफ्नो खुट्टामा उभिने श्रम र समाजको उत्तिकै सहभागितामा गरिने कामबारे बोल्न आउँछ। यी विनाआधारका गफ गर्नेसँग धेरै मान्छेले आफैँलाई बिर्सेका छन्, यी आजका हाम्रा पाहुना मात्र हुन्, बस्।'

'यिनीहरू किन पाहुना भए ?' उनले सोधिन्।

'यी जनताका सपनाहरू बेच्ने व्यापारी हुन्, जनताको पसिनाको मूल्य नचिन्ने मुसा र विदेशीसँग आफ्नो स्वार्थ भन्न नसक्ने स्याल हुन् भने गरिबलाई दाह्रा-नंग्रा गाड्ने विषालु जन्तु,' म जंगिएँ।

'किन यति अपशब्द हाम्रा भोटका मालिकलाई ?' वसन्तीले पनि व्यंग्य कसिन्।

'किन, किन, किन भन्ने धेरै किनका सवाल अनुत्तरित छाडेका छन् र आफ्नो स्वार्थको डोको मात्र भरेका छन्, यिनीहरूले।'

'महिला नेतासँग त के आशा गर्नु र दिदी ?'

'किन ?'

'यिनको त आवाज नै सुनिँदैन, यिनले बोलेको कसले सुनेको छ, ट्याउँ-ट्याउँ भन्छन् रे सहरतिर त !'

घाम कोल्टो पर्दै छ। समूहका महिलाहरू आ-आफ्ना ब्यानर बोकेर घर फर्कने तरखरमा छन्। बिहान बोकेर ल्याएको स्वर्गद्वारी बस सेवा नआउन पनि सक्छ। अब कार्यक्रम सकियो, त्यो भिडको कसलाई काम छ र ? ताली अब कसलाई चाहिएको छ र ? कार्यक्रमका थुप्रै फोटोहरू खिचिए। अभिनन्दन भए। अब नेताहरूको जलपान केही छिनमा सुरु हुनेछ, त्यही होटेलमा। कार्यक्रमजस्तै भव्य हुनेछ, तीनतारेमा चारपानेसहित र कार्यक्रम पनि भव्य भयो, सकियो।

तर, कार्यक्रमले थपेको तरंगले किनारा कहिले भेट्ने हो ? महिला दिवसमा महिलाका दुःखका सवाल किन उठेनन् भन्ने हुन्डरी चलेको छ, मनमा। सन्तानको जन्मदाता आमालाई पहिचान दिनुभन्दा कुन्तीको मौनता वरण गर्न प्रपञ्च रच्ने कर्म मात्र किन जान्दछन् ? महिलालाई मानव नदेख्नेको सोच देख्दा ७० हजार वर्षपहिलेका मनुवाकृति त होइनन् भन्ने मलाई मात्र लागेको होला कि तपाईंलाई पनि लाग्छ ? पैतृक सम्पत्तिमाथिको अधिकार स्थापित गर्न अब एउटा क्रान्ति गरौँ। आमा सत्य, बाबु विश्वास हो भन्ने हामी सबैलाई थाहा छ, तर बोल्न किन आउँदैन ? यही सामन्ती संस्कारले हुर्कायो र यसको गुन तिर्ने कर्म त होइन होला नि ? यो प्रवृत्ति बढ्दै गए 'मर्द'को धडधडीले अवश्य पराजय भोग्नुपर्नेछ। महिलाको मात्र सन्तान भन्ने कुतर्क गर्ने जमात त त्यही धर्मको, राजनीति र संस्कारका नाममा प्रश्न र सन्देह गर्ने नजान्ने भेडा न हुन्।

मलाई पुरुष दिवस पनि मनाउन मन छ। महिला दिवसमा बोल्न पर्‍यो सर भन्दा प्रमुखले भन्छन्- 'हामीले के बोल्ने यो त तपाईंको पो दिवस'। मलाई पुरुषले बुझ्न नसकेको यो दिवस मनाउन कत्ति मन छैन। दिवस कर्मकाण्ड भएका छन्। बरु दिवसको सट्टा अन्यायविरुद्ध लड्ने कुनै अभियान सुरु गरौँ भन्ने तर्क आउँछ, सलहसरी।

उनीहरूका गुडेका गाडीले फ्याँकेको धुलोभित्र हामी महिला पुरियौँ। दिदीबहिनीका घरबाहिर जाँदा लगाउने लुगाका रङ फेरिए धुलोले, तर अवस्था फेरिएन।

@sumidel

## अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस

# महिला दिवस आदर्श र संघर्षको विम्ब



● देवी खड्का

सन् १९०१ सम्म संसारका कुनै पनि महिलासँग मत दिने अधिकार थिएन। तर, २१औँ शताब्दीको झुल्के घामसँगै यो शताब्दी महिला अधिकारको शताब्दी बन्यो। सन् १९०७ मा जर्मनको स्टुटगार्डमा समाजवादी महिलाको पहिलो अन्तर्राष्ट्रिय सम्मेलन भयो। त्यही सम्मेलनबाट मत दिन पाउने अधिकार र समान ज्यालाको अधिकारको प्रस्ताव पारित गरियो। जर्मन कम्युनिस्ट आन्दोलनकी सशक्त महिला नेत्री क्लारा जेटकिनको अगुवाइमा समाजवादी महिलाको दोस्रो अन्तर्राष्ट्रिय सम्मेलन ८ मार्च १९१० मा डेनमार्कमा भयो। त्यहीँबाटै प्रत्येक वर्षको ८ मार्चलाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको रूपमा मनाउने निर्णय गरिएको थियो।

अमेरीकाको न्युयोर्क सहरका गार्मेन्ट र कपडा उद्योगका मजदुर महिलाले दैनिक १८ घन्टा गराइने कामलाई १० घन्टासम्म झार्नुपर्ने र उद्योगभित्र हुने अमानवीय क्रियाकलापलाई सुधार्नुपर्ने माग राखेर सन् १९०८ देखि ०९ सम्म सशक्त आन्दोलन गरे। जसको उत्कर्ष थियो, ८ मार्च। त्यही वीरताको सम्मानमा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउने निर्णय गरिएको थियो। आन्दोलनले दैनिक १० घन्टे कार्यावधि लागू गराउन सफल भए पनि अमेरिकी महिलाले मताधिकारको अधिकार सन् १९२० मा मात्र पाएका थिए। सन् १९१३ मा रुसमा पहलोपटक महिलाले भूमिगत रूपमा श्रमिक महिला दिवस मनाउँदा तत्कालीन जार प्रशासनले हस्तक्षेप गरी बीचैमा कार्यक्रम बिथोलेको थियो। जार शासकले रुसी पुरुषलाई जबरन युद्धमा पठाउँदा बिग्रदो आर्थिक अवस्थाले भोकमरीजस्ता समस्या निम्त्यायो। जसका विरुद्ध रुसका महिलाले निर्णायक आन्दोलन गरे। सन् १९१७ मार्च ८ मा रुसको पेत्रोग्राडका सडकमा महिलाले 'बालबालिकालाई रोटी दे ! हाम्रा लोग्नेलाई युद्धबाट फिर्ता गर् !' लगायत नारा लगाएर संघर्ष गरे जुन जारशाहीलाई अपदस्त गर्ने निर्णायक आन्दोलन थियो।

यी यावत् संघर्षको निष्कर्षमा संयुक्त राष्ट्रसंघले सन् १९७५ मा पहिलोपटक ८ मार्च मनायो र सन् १९७७ को डिसेम्बरमा आफ्ना सदस्य राष्ट्रमा महिलाको ऐतिहासिक दिनका रूपमा यस दिनलाई मनाउने निर्णय गर्‍यो। यसरी समाजवादी महिलाको नेतृत्वमा सञ्चालित महिला आन्दोलनको ऐतिहासिकतालाई गैरसमाजवादी मुलुकलेसमेत स्वीकार गर्न बाध्य भए। विश्व स्तरमा जसरी समाजवादी महिला आन्दोलनले महिला मुक्ति आन्दोलनको नेतृत्व लिन सफल भयो। त्यसरी नै नेपालमा पनि अढाइ सय वर्षको राजतन्त्रको अन्त्यका लागि जनयुद्ध अवधिभर परम्परागत सामाजिक संरचनालाई चुनौती दिँदै महिला जनमुक्ति सेनामा सहभागी भए। त्यसो त नेपाली महिलाको संघर्ष पूर्वी नेपालको भोजपुरमा जन्मिएकी योगमाया न्यौपानेले गरेको संघर्ष नै प्रधान मुक्ति संघर्ष थियो। उनी आफ्ना कविता र भजनमार्फत मुक्तिको सन्देश फैलाउने गर्थिन्। उनले सती प्रथाको अन्त्यका लागि महत्त्वपूर्ण भूमिका खेलिन्। रुढीवादले जेलिएको पितृसत्तात्मक सामाजिक चेतनालाई निरन्तर चुनौती दिएकी उनले विसं १९९८ मा ६८ अनुयायीसहित जलसमाधि लिइन्। उनकै आलोकमा रामेछापका डाटी र पुटी नामका दुई दिदीबहिनीको अलिखित इतिहासबारे धेरैले ध्यान दिएका छैनन्। समाजमा गढेको मान्यतालाई सत्ताले र सत्ताको मान्यतालाई रुढीवादले मलजल गरिरहेको हुन्छ। असंगठित रूपमा योगमायादेखि महिलाले चुनौती नदिएका होइनन्, तर, रुढीपना र सत्तालाई संगठित ढंगले चुनौती दिने मूलशक्ति राजनीति नै थियो। जुन ०४६ सालको आन्दोलन र जनयुद्धले दियो।

> यो गाथा ती महिलाको हो, जसले संघर्ष गरेर पसिना र अस्तित्वको मूल्य मागे। यो गाथा ती महिलाको हो, जसले स्वतन्त्रता र मुक्तिको आशामा जेलका चिसा छिँडीमा जीवन बिताए।


माओवादी जनयुद्धमा सुरुदेखि नै महिलाको उल्लेख्य सहभागिता थियो। तत्कालीन सत्ताको चरित्र असमावेशी र रुढीग्रस्त हुँदै गर्दा जनयुद्धका क्रममा जनमुक्ति सेनामा ४० प्रतिशत र संगठनमा ३३ प्रतिशत महिलाको सहभागिता थियो। महिला भएर हेर्दा त्यो आफैँमा गर्विलो इतिहास थियो। त्यसैको जगमा संसद्, सेना/प्रहरी र निजामतीसहित राज्यका विभिन्न निकायमा महिलाको उल्लेख्य सहभागिता हुन गयो।

विकास निर्माण, स्थानीय अर्थतन्त्र, सामाजिक संरचनामा परिवर्तनको भूमिका, संघर्षका दौरान जेलब्रेक आदि परिघटनाका बीच नेपाली महिलाले इतिहासमा गरेको योगदानलाई हामीले ८ मार्चमार्फत् सम्झनुपर्छ। संघर्षमा सहादत प्राप्त गरेका हजारौँ महिला सहिदको सपना पछ्याउन पनि ८ मार्चको भूमिका महत्त्वपूर्ण छ।

हावर्ड फास्टले मे दिवसका बारेमा लेखेको- 'यो गाथा हो... तर, तपाईं सबैका लागि होइन !' भनेजस्तै महिला दिवस पनि एउटा ऐतिहासिक गाथा हो, तर सबैका लागि होइन। यो गाथा ती महिलाको हो, जसले संघर्ष गरेर आफ्नो पसिना र अस्तित्वको मूल्य मागे। यो गाथा ती महिलाको हो, जसले स्वतन्त्रता र मुक्तिको आशामा जेलका चिसा छिँडीमा जीवन बिताए। यो गाथा ती महिलाको हो, जसले महिला मुक्तिका लागि बलात्कार भोगे। यो गाथा ती महिलाको हो, जसले आफ्नो घाँटीमा फाँसी लगाए, तर झुक्न मानेनन्। यो गाथा ती सबै महिलाको हो, जसले सपनासँगै न्यायपूर्ण समाजको कल्पना गर्छन्। ती सबै हाम्रा आदर्श र संघर्षका विम्ब हुन्।

# जनसंख्या धेरै, अधिकार थोरै

## 'संसारका सबै उपनिवेशलाई लोकतन्त्रको झिल्कोले ढाल्यो, तर महिला उत्पीडनको अन्तिम उपनिवेश अझै जिउँदै छ'



● डा. डिला संग्रौला पन्त

१०९औँ अन्तर्राष्ट्रिय नारी दिवस अर्थात् ८ मार्च 'लैंगिक समानताका लागि समान सोच र व्यवहार : समृद्धिको आधार' भन्ने मूल नारासाथ विश्वव्यापी रूपमा मनाइरहेका छौँ। आजको अवस्थासम्म आइपुग्नका लागि महिलाले ठूलो संघर्ष गर्नुपरेको परिवेश हाम्रोसामु जीवन्त छ। २१औँ शताब्दीलाई विज्ञान प्रविधिका साथै महिलाको युग पनि भन्ने गरिन्छ। तर, हरेक परिवर्तन र विकासका सहयात्री महिलालाई लैंगिकताका आधारमा विभेद गरिनु अमानवीय मात्र होइन, मानव विकासको क्रमलाई पनि पछाडि धकेल्नु हो। भारतीय नारीवादी चिन्तक प्रभा खेतानले 'संसारका सबै उपनिवेशलाई लोकतन्त्रको झिल्कोले ढाल्यो, तर महिला उत्पीडनको अन्तिम उपनिवेश अझै जिउँदै छ' भन्नुभएको भनाइले महिलाको अवस्था दर्शाउँछ। राष्ट्र निर्माणमा निर्णायक भूमिका निर्वाह गर्ने महिलालाई सर्वप्रथम राज्यले गरिबी, अशिक्षा, बेरोजगारी, सामाजिक अन्यायबाट यथाशीघ्र मुक्त गरी विकास निर्माणमा सहयात्री, सहकर्मी बनाउँदै राज्यको हरेक तह र तप्कामा समानुपातिक समावेशिताका आधारमा प्रनिधित्व गराउन जरुरी छ। किनभने महिला शक्ति र समाजको सिर्जना एक-आपसमा बाँधिएका हुन्छन्। मानव उत्पत्ति र विकासक्रमलाई नियाल्ने हो भने महिला दूरदृष्टिकर्ता, मानवस्रोतको विकासकर्ता र समाजिक संरचनाको धर्ती हो भन्ने यथार्थलाई इतिहासले प्रमाणित गरेको छ।

हरेक धर्म चाहे हिन्दू, इस्लाम, बौद्ध, क्रिस्चियन र सबैमा समाजको रूपान्तरणमा महिलाको चेतनशील शक्तिले योगदान दिएको पाइन्छ। पुरुषसरह आधाशक्ति महिलालाई मान्दै सम्मान पनि गरेको देखिन्छ। जस्तो मनुस्मृतिमा जहाँ महिलाको सम्मान, इज्जत हुन्छ त्यस परिवारमा ईश्वरको वास हुन्छ भनिएको छ। यस्तै, लैंगिक समानताको अध्ययनमा स्त्रीतत्त्व दर्शन, सामाजिक, राजनीतिक र सांस्कृतिक आन्दोलनले समान अधिकार र हैसियतमा संसारभरका महिलालाई सम्मानसाथ पुरुषसरह उभ्याएको छ। तर, स्त्रीतत्त्व दर्शनलाई कुनै एक मात्र दर्शनमा सीमित गरिनुहुँदैन। पुरुषशक्तिसँगै महिलाशक्तिको जग सामाजिक, राजनीतिक, आर्थिक शैक्षिक धरातलमा उभिएको हुनुपर्छ।

> अहिले पनि लैंगिक हिंसा २६ प्रतिशत, बालविवाह २९ प्रतिशत, संघीय संसद्मा सहभागिता २९.९ प्रतिशत, प्रदेश सभामा ३४ प्रतिशत, स्थानीय तहमा ४१ प्रतिशत, संघीय सरकारमा १२.५ प्रतिशत र सातैवटा प्रदेशमा पनि महिला मन्त्रीको न्यून उपस्थिति छ

१२औँ शताब्दीबाट लामो समयसम्म महिला विवाहपश्चात् पुरुषमै परनिर्भर थिए भने १८औँ र १९औँ शताब्दीमा महिलाको समान राजनीतिक उपस्थितिलाई केही हदसम्म मनन गरिएको पाइन्छ। १८औँ शताब्दीमा आएपछि मात्र महिला जागरणले सामाजिक आन्दोलनको स्वरूप लिएको देखिन्छ। २०औँ शताब्दीमा महिलाले जन्मसिद्ध नैसर्गिक अधिकार र मौलिक हक, समान न्याय तथा राजनीतिक समावेशितालाई अधिकांश पश्चिमी मुलुकले अँगालेको पाइन्छ। सन् १९४५ मा स्थापित संयुक्त राष्ट्रसंघको साधारण सभाले महिला विषयलाई अन्तर्राष्ट्रियकरण गर्न १९७५ को वर्षलाई अन्तर्राष्ट्रिय नारी वर्षको रूपमा घोषणा गर्‍यो। तत्पश्चात् १९७५ मा मेक्सिकोमा सम्पन्न विश्व प्रथम सम्मेलनदेखि १९९५को चौथो बेइजिङ सम्मेलनले महिला विकास र उत्थानमा विशेष जोड दियो। संयुक्त राष्ट्रसंघको वडापत्रमा महिला र पुरुष समानता एवं मानवअधिकारको सम्मान कायम हुनुपर्ने उल्लेख छ। महिला र पुरुषबीच समान कामका लागि समान ज्याला हुनुपर्ने महासन्धि १९५१ र सन् १९५२ मा महिलाले मत दिन पाउने महासन्धि संयुक्त राष्ट्रसंघबाट पारित भयो। सर्वप्रथम न्युजिल्यान्डले सन् १८९३ मा महिलालाई मताधिकार प्रदान गर्‍यो भने अस्ट्रेलियाले १९२०, नर्वे १९१३, डेनमार्क १९१५, जर्मनी १९१९, अमेरिका १९२०, जापान १९४५, चीन १९४७ मा महिलाले मताधिकार प्राप्त गरे। तर, १९२९ सम्म क्यानडामा महिलालाई व्यक्तिका रूपमा लिइँदैन थियो।

नेपालको सन्दर्भमा २००४ सालमा श्रद्धेय मंगलादेवी सिंहले मताधिकारका लागि तत्कालीन प्रधानमन्त्री पद्मशमशेरकहाँ डेलिकेसन गएर महिला अधिकारको लडाइँ सुरु गर्नुभयो। यस्तै, महिला नेतृ सहाना प्रधानले पनि राणाको निरकुंशताविरुद्ध प्रचा छर्ने काम गर्नुभएको थियो। सन् १९७४ मा दिव्यादेवी कोइरालाले महिला समिति गठन गरी जागरण फैलाउनुभएको थियो भने सन् १९९८ मा योगमायादेवी न्यौपानेको नेतृत्वमा ५४ जना महिलाले जलसमाधि लिए। यसरी महिला अधिकारका लागि विश्वभर नै ठूला-ठूला संघर्ष भए। जसको फलस्वरूप आज महिला कार्यकारणी पदमा पुगेका छन्। जसको ज्वलन्त उदाहरण श्रीलंका, बंगलादेश, पाकिस्तान, भारत र नेपालसमेत हो।

नेपालमा महिलाको अवस्था गहिरिएर अध्ययन गर्दा जसरी नेपाली समाजको बनोट आफैँमा विविधतायुक्त छ। त्यसैगरी, नेपाली महिलामा पनि विविधताको कारणले समस्याको स्वरूप फरक देखिएता पनि उनीहरूको सरोकार र अपेक्षा समान छन्। नेपाली महिलाको आकांक्षा र आन्दोलन समकालीन विश्वको गतिविधिबाट अछुतो छैन। नेपालमा पुरुषभन्दा महिलाको जनसंख्या बेसी छ, तर जन्मेदेखि महिलामाथि नै विभेद हुन्छ। उनीहरूलाई समकक्षी नभई सहयोगी ठान्ने शताब्दीयौँदेखिको मानसिकता व्याप्त छ। समान रूपले पहिचान, अवसर, प्रतिनिधित्व र सहभागिताबाट वञ्चित छन्। पितृसत्तात्मक संरचना, रुढीवादी सोच, पछौटेपन, अशिक्षा, अज्ञानता आदि कारणले महिला पिल्सिएका छन्। गरिबीको रेखामुनि पुरुषको भन्दा महिलाको प्रतिशत बढी छ। मातृ तथा मृत्युदर उच्च छ। घरमूली महिला २५.७ प्रतिशत, सम्पत्तिमाथि महिलाको स्वामित्व २६ प्रतिशत, निजामती प्रशासनमा महिलाको प्रतिनिधित्व १७.५ प्रतिशत, महिला साक्षरता ५७.४ प्रतिशत, श्रममा सहभागिताको दर ५४ प्रतिशत, लैंगिक असमानता सूचक ०.४८९ प्रतिशत, महिला मानवविकास सूचक ०.५२१ प्रतिशत, न्यायपालिकामा ३.० प्रतिशत, लैंगिक उतरदायी बजेट हाल २३.१ प्रतिशत, अप्रत्यक्ष भने ४८.४५ प्रतिशत रहेको छ। अहिले पनि लैंगिक हिंसा २६ प्रतिशत, बालविवाह २९ प्रतिशत, संघीय संसद्मा सहभागिता २९.९ प्रतिशत, प्रदेश सभामा ३४ प्रतिशत, स्थानीय तहमा ४१ प्रतिशत, संघीय सरकारमा १२.५ प्रतिशत र सातैवटा प्रदेशमा पनि महिला मन्त्रीको न्यून उपस्थिति छ। यसरी गहिरो अध्ययन गर्दा अझै पनि उनीहरूको उपस्थिति कमजोर छ।

नेपालको संविधान २०७२ ले मौलिक हकका रूपमा महिला हकको व्यवस्था गरेको छ। समानताको हक धारा १८ (४) अविभेदको सिद्धान्तको धारा १८ (३), महिला हकको धारा ३८ ले समान वंशीय हक, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसहित थुप्रै हक प्रदान गरेको छ। तर, पनि अझैसम्म लैंगिक समानता, दुर्व्यवहार, हत्या, हिंसा, बलात्कार रोकिएको छैन। महिला-पुरुषबीचमा जुन असमानता देखिएको छ, त्यसको मूल कारण धार्मिक सम्प्रदायबीचको द्वन्द्व, आर्थिक विकासमा देखिएको असन्तुलन, राजनीतिमा न्यून सहभागिता, सामाजिक विभेद, गुणस्तरीय शिक्षा तथा स्वास्थ्यमा पहुँचको अभाव आदि हुन्।

*(लेखक प्रतिनिधिसभा सदस्य हुन्)*



# बजेट अभावले रमिते र लावा खानेपानी आयोजना अलपत्र

**गणेश लम्साल/नयाँ पत्रिका**
**विराटनगर, २३ फागुन**

बजेट अभावले मोरङको मिलाजुङ गाउँपालिकाका दुईवटा ठूला खानेपानी योजना पाँचवर्षदेखि अलपत्र परेका छन् । दुवै योजना अलपत्र परेपछि १२ हजार उपभोक्ता समस्यामा परेका छन् ।

खानेपानी डिभिजन कार्यालयमार्फत यहाँका रमिते र लावाखोला टाँडी खानेपानी योजनाको पाँच वर्षअघि निर्माण थालिएको थियो । तर, अहिलेसम्म पानी त परै जाओस्, निर्माण कार्य पनि अधुरै रहेको छ । दुवै योजनाको २५ प्रतिशत काम पनि नभएको उपभोक्ताले बताएका छन् ।

स्थानीय बासिन्दाको पहलमा निर्माण सुरु गरिएको भए पनि बजेट अभावले निरन्तरता नपाएको लावाखोला टाँडी खानेपानी उपभोक्ता समितिका अध्यक्ष भगीरथ अर्यालले बताए । उनका अनुसार खानेपानी योजनामा ६ किलोमिटरजति पाइप बिछ्याउने र मुहानमा इन्टेक बनाउनेबाहेक अन्य काम भएको छैन ।

त्यस्तै, रमितेखोला खानेपानी योजनाको हालत पनि उस्तै छ । मिक्लाजुङको माथिल्लो क्षेत्र आइतबारे, ओखलढुंगालगायत गाउँलाई खानेपानी उपलब्ध गराउने गरी सुरु भएको योजनाको १९ किलोमिटरमा पाइप बिछ्याइएको छ । जब कि यो योजनामा ६३ किलोमिटर पाइप बिछ्याउनुपर्ने हो ।

खानेपानीको धारा र स्टोरेज ट्यांकी बनाउनेलगायत काम बाँकी नै रहेको उपभोक्ता समितिका अध्यक्ष धनबहादुर राईले बताए । 'उपभोक्ताले श्रमदान गरे पनि सरकारी ढिलासुस्तीले योजना अलपत्र परेको छ,' अध्यक्ष राईले भने । उपभोक्ता समितिले उधारोमा गरेको कामको २० लाख रुपैयाँ तिर्न बाँकी रहँदा समस्या भएको उनले गुनासो गरे ।

संघीय र प्रदेश सरकारको अलमलले गत र चालू वर्ष बजेट निकासा नहुँदा समस्या भएको खानेपानी डिभिजन कार्यालयले जनाएको छ । बहुवर्षीय योजना भए पनि क्रमागत बजेट नछुट्टिँदा काम अधुरो रहेको खानेपानी डिभिजन कार्यालयका इन्जिनियर ज्योतिषकुमार मिश्रले बताए ।



### ■ १२ हजार उपभोक्ता मारमा

दुवै ठूला योजना अलपत्र पर्दा यहाँका १२ हजार उपभोक्ता मारमा परेका छन् । लावाखोला टाँडी खानेपानी योजनामा १० हजार उपभोक्ता छन् । यसको लागत सात करोड ५९ लाख ६४ हजार रहेको छ जब कि पाँच वर्षसम्म यसको १२ प्रतिशत मात्रै काम सकिएको उपभोक्ता समितिले जनाएको छ ।

त्यस्तै, रमिते खानेपानी योजनामा दुई हजार उपभोक्ता छन् । यो योजनाको लागत ६ करोड ३२ लाख १९ हजार छ । अहिलेसम्म २५ प्रतिशत काम मात्रै सम्पन्न भएको उपभोक्ता समितिले जनाएको छ ।

### ■ कालीदह खानेपानी पनि अन्योलमा

त्यस्तै, यहाँको अर्को कालीदह खानेपानी योजना पनि अन्योलमा परेको छ । खानेपानी डिभिजन कार्यालयको प्राविधिक सहयोगमै स्थानीय बासिन्दाले पानीको मुहान पहिचान गरी ट्यांकी बनाएका थिए । यसमा ५० लाख खर्च भएको उपभोक्ता समिति उपाध्यक्ष कुमारी लिम्बूले बताइन् ।

तर, पानी विरतण गर्ने वेला उपभोक्ताबीच विवाद भएपछि अन्योलमा परेको छ । माग धेरै भएको र आपूर्ति गर्न नसकिएपछि धारा वितरण गर्न समस्या भएको उपाध्यक्ष लिम्बूले बताइन् ।

पानी कम भएपछि अर्को ठाउँमा बोरिङ गरिएको थियो । तर, बोरिङ गर्दा पनि पानी नभेटिएको उनले बताइन् । त्यसैले १० लाख खेर गएको उपभोक्ता समितिले जनाएको छ ।

### ■ पहल गर्ने जनप्रतिनिधिको आश्वासन

मिक्लाजुङ गाउँपालिका उपाध्यक्ष सरला राईले खानेपानी योजना चाँडो कार्यान्वयन गराउन पहल गर्ने बताइन् । 'सांसदहरूसँग मिलेर बास्केट फन्ड तयार गर्छौं । त्यससँगै संघीय र प्रदेशसँग बजेट मागेर भए पनि खानेपानी योजना पूरा गर्छौं,' उपाध्यक्ष राईले भनिन् ।

प्रदेश १ का सांसद कुशल लिम्बूले रमिते र टाँडीका बासिन्दालाई जसरी भए पनि खानेपानीको सहज आपूर्ति गरिने बताए । आफू यसमा लागिपरेको बताउँदै उनले भने, 'वर्षौंदेखि खानेपानीको अभाव खेपिरहेका मिक्लाजुङवासीको सपना पूरा गराउन लागिपरेको छु । अब बजेटको अभाव हुनेछैन ।'

## विप्लवका जिल्ला सदस्य पक्राउ

सल्यान/ नेत्रविक्रम चन्द

'विप्लव' नेतृत्वको नेकपाका सल्यानका जिल्ला कमिटी सदस्य मदन केसीलाई प्रहरीले पक्राउ गरेको छ । उनलाई बिहीबार सल्यानको श्रीनगर क्षेत्रबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर गिरिराज भण्डारीले बताए । यातायात बन्द गर्दै हिँडिरहेको अवस्थामा उनलाई पक्राउ गरिएको हो । बिहीबार नेकपाले राप्ती क्षेत्रका ६ जिल्ला बन्दको आह्वान गरेको थियो ।

अखिल क्रान्तिकारी सल्यानका अध्यक्ष टंकप्रकाश केसीले भने यात्राक्रममा केसीलाई पक्राउ गरिएको बताए । नेकपाले उनको रिहाइको माग गरेको छ ।

## हातखुट्टा गुमाएका युवकलाई बेलायतवासी नेपालीको सहयोग

काठमाडौं/ करेन्ट लागेर दुवै हात र एउटा खुट्टा गुमाएका दुई युवकलाई बेलायतमा बस्ने नेपालीले आर्थिक सहयोग गरेका छन् ।

करेन्ट लागेर हातखुट्टा गुमाएका रुकुमका कृष्ण वलीलाई एक लाख १० हजार र बाँकेका बुद्धिमान कुँवरलाई ४८ हजार ६ सय रुपैयाँ हस्तान्तरण गरिएको छ । कृष्णलाई हिमालय टेलिभिजनका कार्यकारी निर्माता सहेन्द्र श्रेष्ठ र सम्पादक विनोद ढुंगेलले तथा बुद्धिमानलाई नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य लेखनाथ न्यौपानले रकम हस्तान्तरण गरेका हुन् । गोर्खा सत्याग्रह संघर्ष समितिका सचिव शैलेन्द्र थापाको पहलमा रकम संकलन गरिएको थियो । उनीहरूका लागि ४१ जनाले सहयोग गरेका थिए ।

कृष्णलाई गत जेठमा दाङ र बुद्धिमानलाई एक वर्षपहिले भारतको सिमलामा काम गर्ने क्रममा करेन्ट लागेको थियो । उपचारका क्रममा दुवैको दुवै हात र एउटा खुट्टा काटिएको छ ।

## बेचबिखनमा १० वर्ष कैद

लमजुङ/ १७ वर्षीया किशोरीलाई बेचेको अभियोगमा जिल्ला अदालत लमजुङले क्व्होलासोंथर गाउँपालिका-८ की २६ वर्षीया शान्ता गुरुङलाई १० वर्ष कैद र ५० हजार जरिवाना फैसला गरेको छ । पीडित किशोरीलाई ३० हजार रुपैयाँ क्षतिपूर्ति भराउन पनि अदालतले आदेश दिएको छ ।

जिल्ला न्यायाधीश कोमलप्रसाद आचार्यको इजलासले मानव बेचबिखन तथा ओसारपसार मुद्दाका अभियुक्त गुरुङलाई कैदसजाय सुनाएको अदालतका स्रेस्तेदार भूमिप्रसाद शर्माले बताए । उनका अनुसार ती महिला पुर्पक्षका लागि २८ साउनदेखि कारागारमै थिइन् । गत ३० वैशाखमा किशोरीलाई बेचबिखन गर्न भनी लैजान लागेको र किशोरीले आमालाई खबर गरेपछि प्रहरीमा उजुरी आएको थियो ।

## संक्षेपमा जिल्ला

### दुई किलो सुनसहित व्यवसायी पक्राउ

धनगढी/ दुई किलोग्राम दुई सय ३२ ग्राम सुन र १० किलो चाँदीसहित प्रहरीले सुन-चाँदी व्यवसायीलाई पक्राउ गरेको छ ।

कैलाली प्रहरीले बुधबार राति धनगढीस्थित निलम सुन-चाँदी पसलका सञ्चालक रमेशकुमार सैँजूलाई चिसापानीमा पक्राउ गरेको हो । उनीसँग भएका सुन र चाँदीका सामान पनि प्रहरीले बरामद गरेको छ । विशेष सूचनाका आधारमा




रमेशले चलाएको बा.१९च ७४१३ नम्बरको कारबाट सुन र चाँदीका सरसामान बरामद गरिएको जिल्ला प्रहरी कार्यालयका एसपी आभूषण तिम्सिनाले बताए । रमेशसँग रहेका १२ वटा टुक्रा सुनको तौल दुई किलो दुई सय ३२ ग्राम रहेको एसपी तिम्सिनाले बताए ।

त्यस्तै, चाँदीको बडर भएको काठको फ्रेम ४३ थान, करुवा १० थान, आचमन ३२ थान, औंठी १८ थान, टीकादानी १२ थान, सतपाला सात थान र पञ्चपाक ३२ थान बरामद गरिएको प्रहरीले जनाएको छ । उनीसँग एक किलो सुनको मात्रै बिल भेटिएको एसपी तिम्सिनाले बताए ।

उनीसँगै गाडीमा सवार कैलारी गाउँपालिका-५ की सीताकुमारी चौधरीलाई पनि प्रहरीले पक्राउ गरेको छ । सीता रमेशकै पसलमा काम गर्दै आएको प्रहरीले जनाएको छ ।

पक्राउ परेका दुवैलाई सुन र चाँदीसहित थप अनुसन्धानका लागि बाँकेस्थित राजस्व अनुसन्धान विभागको कार्यालयमा पठाइएको प्रहरीले जनाएको छ ।

### सीमा प्रशासन कार्यालय सञ्चालन हुने



पाँचथर/ च्याङथापुमा रहेको सीमा प्रशासन कार्यालय सञ्चालनमा आउने भएको छ । प्रमुख जिल्ला अधिकारी मुरारी वस्तीले कार्यालय सञ्चालनको तयारी भइरहेका जानकारी दिए । १५ वर्षअघि कामकाज बन्द भएको कार्यालयमा हाल कार्यालय सहयोगी मात्रै छन् । कार्यालय सहयोगी सन्देश खवासले दैनिक कार्यालयको ढोका खोल्ने र बन्द गर्ने काम गर्छन् । कार्यालयबाट नागरिकता र राहदानीसहितको सेवा दिने गरी कार्यालय सञ्चालन गरिने प्रजिअ वस्तीले बताए । कार्यालयमा आठजना कार्मचारीको दरबन्दी भए पनि हाल खवास एक्लै छन् । कार्यालय सञ्चालनमा नरहे पनि सरकारले घरभाडा भने तिर्दै आएको छ । कार्यालयमा खटाइएका एकजना कार्यालय सहयोगी र एकजना कम्प्युटर अपरेटर हाल जिल्ला प्रशासन कार्यालयमा कार्यरत छन् ।

# युवा बिदेसिएपछि गाउँघरको खेतीयोग्य जमिन बाँझै

**सागर रिजाल/नयाँ पत्रिका**
**प्युठान, २३ फागुन**

प्युठानमा खेतीयोग्य जमिन बाँझो हुने क्रम बढेको छ । युवाहरू रोजगारी खोज्दै विदेश पलायन हुन थालेपछि खोतीयोग्य जमिन जंगलमा परिणत हुने क्रम बढेको हो । श्रम गर्ने उमेर समूहका युवा बिदेसिएकाले गाउँमा केटाकेटी तथा वृद्धवृद्धाको मात्रै बसोवास छ । प्युठानका अधिकांश युवा रोजगारीका लागि भारत र खाडी मुलुक पलायन भएका छन् ।

युवा बिदेसिएपछि गाउँमा युवा जनशक्तिको अभाव छ । जसको असर खेतीकिसानीदेखि विकास निर्माणका काममा समेत पर्न थालेको छ । युवा रोजगारी खोज्दै बिदेसिँदा काम गर्ने जनशक्ति पाउन छाडेको ऐरावती गाउँपालिका-५ का शान्तराज श्रेष्ठले बताए ।

'गाउँमा युवा नहुँदा खेतीयोग्य जमिन बाँझिएका छन्,' श्रेष्ठले भने, 'मर्दापर्दा पनि सरसहयोग नपाइने अवस्था सिर्जना हुन थालेको छ ।' केही वर्षअघिसम्म तीन सय रुपैयाँमा पाइने खेताला अहिले ५-७ सय रुपैयाँ दिन्छु भन्दा पनि नपाइने उनले बताए ।

### ■ विकास निर्माणमा असर

गाउँका युवा विदेश पलायन भएपछि स्थानीय तहले सञ्चालन गर्ने विकास निर्माणका काममा पनि जनशक्ति अभाव छ । प्युठानका नौवटै स्थानीय तहले युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरेका छन् । तर, स्थानीय तहले सञ्चालन गर्ने युवा स्वरोजगार कार्यक्रम पनि जनशक्ति अभावमा सोचेअनुसार अघि बढ्न सकेको छैन ।

स्थानीय तहले गाउँका युवालाई गाउँमै रोजगारीका अवसर प्रदान गर्ने भन्दै विभिन्न कार्यक्रम अघि सारेका छन् । ती कार्यक्रममा लाखौं रुपैयाँ विनियोजन भएको छ । तर, स्थानीय तहले सञ्चालन गरेका कार्यक्रममा युवाको इच्छा देखिँदैन । गाउँ-गाउँबाट दैनिक दर्जनौं युवा सदरमुकाम गएर राहदानी बनाउँदै बिदेसिइरहेका छन् ।

गाउँका युवालाई स्वरोजगार बनाउन ल्याइएको कार्यक्रममा युवाकै इच्छा नदेखिएको झिमरुक गाउँपालिकाका अध्यक्ष तिलक जीसीले बताए । गाउँपालिकाले युवा स्वरोजगार कार्यक्रमअन्तर्गत कृषि, पशुपालन, फलफूलखेती, उद्योगलगायतका क्षेत्रमा बजेट विनियोजन गरेको छ ।



### ■ चाडपर्वको रौनक घट्यो

गाउँमा युवा नहुँदा चाडपर्व, विवाह-व्रतबन्धजस्ता उत्सवमा पहिलाको जस्तो रौनक हुँदैन । ऊर्जाशील युवा गाउँ छोडेर रोजगारी र अध्ययनका लागि विदेश तथा सहर-बजारतिर गएपछि गाउँको रौनक घटेको गुनासो ज्येष्ठ नागरिकले गरेका छन् ।

गाउँघरमा युवा उमेरको जनशक्ति नहुँदा सडक, भवनलगायतका विकास निर्माणका काममा जनशक्ति अभाव छ । स्थानीय जनशक्ति नहुँदा कतिपय भारतीय मजदुरले काम पाउन थालेका छन् । जिल्लामा कामदार अभाव हुँदा भारतीय कामदार राख्नुपर्ने अवस्था सिर्जना भएको निर्माण व्यवसायी रामचन्द्र केसीले बताए ।

## प्रशासन कार्यालयमै स्वास्थ्य जाँच

पर्वत/ आफ्नो वडाको काम लिएर जिल्ला प्रशासन कार्यालयमा पुगेका महाशिला गाउँपालिका-५ का वडाध्यक्ष जीवनविक्रम उच्चैले रक्तचाप, सुगरलगायतको परीक्षण प्रशासन कार्यालयमै गराए । ठकुरी मात्र होइन, विहादी गाउँपालिकाबाट आएका अर्का सेवाग्राही अमृत शर्माले पनि आफ्नो स्वास्थ्य जाँच प्रशासन कार्यालयमै गराउन पाएकोमा खुसी व्यक्त गरे । जिल्ला प्रशासन कार्यालय पर्वतले सेवाग्राहीको स्वास्थ्य परीक्षण कार्यालयमै गर्न थालेको छ ।

सेवाग्राहीले आफ्नो स्वास्थ्य अवस्थाका बारेमा जानकारी पाऊन् भन्ने उद्देश्यले कार्यालयमै स्वास्थ्य परीक्षण सेवा सुरु गरिएको प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकालले बताए । 'कतिपय सेवाग्राही काम लिएर आउँदा रिसाउने, झर्कने गर्छन्,' सिडिओ ढकालले भने, 'उच्च रक्तचापका कारण पनि सेवाग्राही रिसाउने गरेका छन्, त्यस्ता सेवाग्राहीलाई आफ्नो स्वास्थ्य अवस्थाका विषयमा जानकारी दिन स्वास्थ्य परीक्षण सेवा सुरु गरेका हौं ।'

कुस्मा बजारमा थुप्रै मेडिकल, निजी अस्पताल र एउटा सरकारी अस्पताल छ । तर, प्रशासन कार्यालयमा दैनिक सयौंको संख्यामा पुग्ने सेवाग्राहीले स्वास्थ्य परीक्षण सेवा लिइरहेका छन् । नागरिकता, राहदानी, भारतीय पेन्सनसम्बन्धी काम, नाता-प्रमाणित, विभिन्न सार्वजनिक अपराधका मुद्दालगायतका कामले प्रशासनमा सेवाग्राही पुग्ने गरेका छन् ।

सेवाग्राहीलाई आकस्मिक रूपमा आइपर्ने स्वास्थ्यसम्बन्धी समस्याको तत्काल समाधान गर्ने उद्देश्यले स्वास्थ्य परीक्षण सेवा सुरु गरिएको ढकालले बताए । कार्यालयमा शनिबारबाहेक सबै दिन स्वास्थ्य परीक्षण हुने गरेको छ ।

सेवाग्राहीको स्वास्थ्य परीक्षणमा जिल्ला जनस्वास्थ्य कार्यालय र जिल्ला कारागारका स्वास्थ्यकर्मी खटिएका छन् । ब्लडप्रेसर चेकजाँच, सामान्य रुघाखोकी, ज्वरो, चोटपटकलगायतको तत्काल उपचार हुने गरेको जिल्ला कारागारका स्वास्थ्य सहायक धनकुमारी पुनले बताइन् ।

# ठेकेदारको लापरबाहीले विकास निर्माणका आयोजना अलपत्र

**पूर्णप्रसाद न्यौपाने/नयाँ पत्रिका**
**ओखलढुंगा, २३ फागुन**

ओखलढुंगामा ठेकेदारले जिम्मा लिएका अधिकांश विकास-निर्माणका काम अधुरा छन् । कतिपय आयोजनाको काम सुरु गरेर अलपत्र छाडिएको छ भने कतिपय सम्झौता अवधि सकिँदासमेत काम सुरु नै भएको छैन । विगतमा जनप्रतिनिधि नहुँदा अलपत्र परेका भनिएका आयोजना जनप्रतिनिधि आएको दुई वर्ष पुग्न लाग्दासमेत उस्तै अवस्थामा छन् ।

मोलुङ दोभानको पुल सम्झौता अवधि दुईपटक थप भएपछि भर्खर काम सुरु भएको छ । पहिलो सम्झौता म्याद सकिएर फेरि थपिएको म्याद पनि सकिएपछि बल्ल पुल निर्माणको काम सुरु भएको हो ।

पुलको दुवैतर्फ पिलर उठाउने काम भइरहेको छ । काम सुस्त भएकाले यो वर्ष पनि पुल निर्माण पूरा हुने अवस्था छैन । तर, ठेकेदार कम्पनीका दीपेश लामा भने २५ प्रतिशत काम भइसकेको दाबी गर्छन् ।



'२५ प्रतिशत काम सकिएको छ, अब यो हिँउदमै पुल निर्माण सम्पन्न गर्ने हाम्रो लक्ष्य छ,' उनले भने, 'विगतमा विभिन्न कारणले काममा ढिलाइ भए पनि अब वर्षा नलाग्दै काम सकिन्छ ।' ०७५ असार मसान्तसम्ममा पुल निर्माण सक्ने सम्झौता थियो । त्यो समयमा काम नभएपछि फेरि पुस मसान्तसम्मका लागि म्याद थपिएको थियो ।

### ■ सांसदलाई पनि छक्याए

विगतमा ओखलढुंगाबाट निर्वाचित संघ र प्रदेश सांसदले मोलुङ दोभान र मान्द्रे दोभानको पुल निर्माणको काम तुरुन्त सुरु गर्न ठेकेदार कम्पनीलाई ताकेता गरेका थिए ।

ठेकेदारले गएको चैतमै काम सुरु गर्ने प्रतिबद्धता जनाए पनि काम भने अघि बढाएनन् । जेठ मसान्तसम्ममा पुलको जिप तयार गर्ने, मंसिर मसान्तसम्ममा ट्रस जोड्ने र पुस मसान्तसम्ममा पुल निर्माण सकेर माघको पहिलो साताबाट पुल सञ्चालन गर्ने प्रतिबद्धता थियो ।

वाइबा केउरिनी जेभी कन्ट्रक्सनका प्रतिनिधि रवीन्द्र लामाले सांसद र सरोकारवालासमक्ष लिखित प्रतिबद्धता गरेका थिए ।

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
**Planning & Monitoring Branch**
**Road Safety & Traffic Unit**
**Tender Notice No. RSTU-075/76-03**
First Date of Publication: 24/11/2075 (8th March 2019)

1. Government of Nepal, Ministry of Physical Infrastructure and Transport, Department of Roads, Planning & Monitoring Branch, Road Safety & Traffic Unit, Chakupat, Lalitpur (hereafter called as RSTU) invites sealed bids for the following contracts from the duly registered eligible bidders.

| Contract No. | Name of the Projects | Bid fee (NRs) | Bid Security | Qualification Criterias |
|---|---|---|---|---|
| DOR-RSTU/ 3371653/075/76/W04 | Miscellaneous Road Safety Works With in Kathmandu Valley | 5000 | NRs 5,00,000. Validity 120 days from bid opening | Refer. www.bolpatra.gov.np/egp |

| Activity | Last Date | Time | Place to Purchase / submit document | To deposit the cost of bid document in Nepal Bank Limited, Gabahal, Lalitpur. | | For Cash deposit of bid security: |
|---|---|---|---|---|---|---|
| Submission of bid | 2075/12/25 | 12:00 | **www.bolpatra.gov.np/egp** | Office Account No | 00101000000001001001 | **Nepal Bank Limited, Gabahal, Lalitpur** Account Name: KoLeNiKa Deposit Account No.: 180-51-016856 |
| Opening of bid | 2075/12/25 | 13:00 | | Office Code No | 337023409 | |
| | | | | Rajaswa Sirshak No | 14229 | |

PPA 2063 & PPR 2064 (including recent amendments) shall govern the matters not covered in this notice.
2. Any amendment in this tender notice shall be posted on the notice board of the client's office and www.bolpatra.gov.np/egp
3. The Department of Roads, RSTU reserves the right to accept or reject any or all bids and to annul the bidding process and reject all bids without assigning any reason, whatsoever.

**Unit Chief**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
प्रमाणीकरण नियन्त्रकको कार्यालय
अनामनगर, काठमाडौं

**दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**
(प्रकाशन मिति : २०७५।११।२४)

यस कार्यालयबाट मिति २०७५।१०।२८ गतेको नागरीक दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार निम्न कार्यका लागि पर्न आएको दरभाउपत्रहरू मध्ये तपसिल बमोजिमका सारभूत रूपमा प्रभावग्राही न्युनतम मूल्यांकित दरभाउपत्र स्वीकृतिका लागि मूल्यांकन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनका लागि सम्बन्धित सबै दरभाउपत्रदाताहरूलाई ७ (सात) दिने आशयको सूचना समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

| प्याकेज नं./ सूचना नं. | सूचना प्रकाशित मिति | कामको विवरण | दरभाउपत्रदाताको नाम | कबोल गरेको रकम (मू.अ.कर बाहेक) रू. |
|---|---|---|---|---|
| ०१।०७५।७६ | २०७५।१०।२८ | Procurement of Mobile Forensic Product | DristiTech Pvt. Ltd. | ७,००,०००/- |



## भोक कम लागेमा...

■ कम भोक लाग्दा एनोरेक्सिया नर्वोसाको समस्या पनि हुन सक्छ । यस्तो अवस्थामा मुटुको धड्कन पनि बढेर जाने गर्छ । त्यस्तै, शरीर दुख्ने, थकाइको महसुस हुनेलगायत समस्या पनि देखिन्छ ।

■ भाइरल ग्यास्ट्रोएनट्राइटिसले पनि कम भोक लाग्छ । यो पेट र आन्द्रासँग जोडिएको समस्या हो । यस्तो समस्या भएमा पेट पोल्ने, ग्यास्ट्राइटिसलगायत थप समस्या पनि हुन्छ ।

■ तनावका कारण पनि कम भोक लाग्छ । किनकि, भोक र तनावको सीधा सम्बन्ध हुन्छ । यस्ता मानिसलाई नियमित थकाइ, निद्रामा समस्या, शारीरिक सम्बन्धमा अनिच्छा, उच्च रक्तचापलगायत समस्या पनि हुन्छ ।

■ कलेजोको खराबी छ भने पनि कम भोक लाग्छ ।

## यसकारण बेसार बहुउपयोगी

बेसार बहुउपयोगी औषधीय गुण भएको खाद्यपदार्थ हो । यो नेपाली भान्साका लागि अत्यावश्यक मसला हो । विशेषगरी, यसले खानामा रङ र स्वाद प्रदान गर्छ ।



■ आयुर्वेदमा समेत बेसारलाई औषधीय गुण भएको वनस्पतिका रूपमा व्याख्या गरिएको छ ।

■ हिजोआज, चिकित्सा विज्ञानले पनि यसलाई भिटामिन र खनिजको मुख्य स्रोतका रूपमा लिने गरेको छ । साथै, बेसारमा हाम्रो शरीरलाई आवश्यक क्यालोरी, भिटामिन ए, क्याल्सियम, फस्फोरस, फलाम तत्त्व आदि प्रचुर मात्रामा पाइन्छन् ।

■ बेसारको रङ पहेँलो हुन्छ । कुरकुमिन नामक रसायनले यसको रङ पहेँलो बनाएको हो । हिन्दू धर्ममा पहेँलो रङको छुट्टै महत्त्व छ । यसर्थ, कतिपय हिन्दू संस्कारमा बेसारलाई विशेष महत्त्व दिई उपयोग गरिन्छ ।

■ दूधमा बेसार मिलाएर खाँदा रुघाखोकी सन्चो हुन्छ । त्यस्तै, महसँग मिसाएर खाएमा टन्सिल निको हुन्छ ।

■ एलर्जी, दाद, लुतो आदि छालासम्बन्धी रोगका लागि बेसार प्रभावकारी हुन्छ । बेसारको चूर्ण गहतमा मिसाएर लेप बनाई लगाउँदा छालासम्बन्धी विभिन्न समस्या निको हुन्छन् ।

■ मुख र घाँटीमा घाउ आउँदा बेसारपानीले कुल्ला गर्दा आराम मिल्छ ।

■ पेटमा ग्यास जम्मा हुने, कफ जम्ने, खुट्टा बटारिनेजस्ता समस्यामा बेसारलाई नुनपानीमा घोलेर बिहान-बेलुका खाएमा ठीक हुन्छ ।

■ मधुमेहका बिरामीका लागि बेसार अचुक औषधि मानिन्छ । दैनिक अमलाको रसमा बेसार मिसाई सेवन गर्दा मधुमेहका रोगीलाई लाभ मिल्छ ।

■ बिच्छी, बारुला, अरिंगाल आदिले चिलेमा सो ठाउँमा काँचो बेसारको लेप लगाउँदा आराम मिल्छ ।

■ बेसार छालाका लागि एकदमै उपयोगी हुन्छ । यसर्थ, हिजोआज बेसार सौन्दर्य प्रसाधनका लागि समेत प्रयोग गर्न थालिएको छ । यसमा पाइने एन्टिअक्सिडेन्टले छालामा चमक ल्याउन मद्दत गर्छ ।

■ मर्किएको, सुन्निएको वा चोट लागेको ठाउँमा घिउकुमारीको रससँग बेसार मिसाएर लगाएमा दुखाइ कम हुन्छ ।

## यसरी सिक्ने कार चलाउन

ड्राइभिङ हिजोआजको अनिवार्य आवश्यकता हो । आफैँ ड्राइभिङ गरेर हिँड्ने जो-कोहीको इच्छा हुन्छ । सहरी परिवेश र युवावर्गमा बढ्दो व्यस्तताका कारण कम्तीमा कार, बाइक, स्कुटर सिक्न आवश्यकजस्तै भइसकेको छ । बाइक, स्कुटर त बरु सजिलै उपलब्ध हुने हुँदा सिक्न सकिएला । तर, कार सिक्न त्यति सजिलो पनि छैन । त्यसैले, आज हामीले कार चलाउन सिक्दा ध्यान दिन आवश्यक सूत्र दिएका छौँ । यी टिप्स फलो गर्न सके कार सिक्न सहज हुन्छ ।


फाइल तस्बिर


बालकृष्ण सिंह
प्रबन्धक
नेपाल ड्राइभिङ सेन्टर, चाबहिल

### प्रशिक्षक चयन

सवारीचालक अनुमति पत्र प्राप्त गरेको १० वर्ष पूरा भएको व्यक्ति वा यातायात व्यवस्था विभागबाट स्वीकृति पाएको प्रशिक्षकबाट मात्रै ड्राभिङ सिक्न आवश्यक हुन्छ । यस्ता प्रशिक्षकबाट सवारी चलाउँदा आवश्यक सबै आधारभूत जानकारी सजिलै मिल्छ ।

### पर्याप्त समय

ड्राइभिङ सिक्नका लागि कहिले पनि हतार गर्नुहुँदैन । पर्याप्त समय लिएर धैर्यताका साथ सिक्दा आत्मविश्वास बढ्छ । सामान्यतया २५ घन्टा सैद्धान्तिक र २५सै घन्टा प्रयोगात्मक रूपमा ड्राइभिङ सिक्नुपर्ने मान्यता छ । जसका लागि करिब एक महिना समय चाहिन्छ । यति समयमा पूर्ण रूपमा सिक्न सकिन्छ ।

### कारबारे पूर्ण जानकारी

कार चलाउन सिक्नुभन्दा पहिला कारको बारेमा पूर्ण जानकारी लिनु जरुरी हुन्छ । कारमा रहेका एक्सिलेटर, ब्रेक, क्लच, स्टेरिङ, गियर, लाइट, पावरजस्ता विषयको जानकारी लिनुपर्छ । कुन पार्टले के काम गर्छ भन्ने कुरा पहिले नै थाहा पाएर चलाउन सिक्दा सजिलो र सुरक्षित हुन्छ ।

### बसाइ

पहिलोपटक कारको सिटमा बस्दा असहज महसुस हुन सक्छ । सबैभन्दा पहिला बसाइको व्यवस्थापन गर्न आवश्यक हुन्छ । यसबाहेक, सिकारूमा गाडीको साइज सडक जत्तिकै छ भन्ने पनि भान पर्न सक्छ । तसर्थ, गाडीको साइजबारे पहिले नै जानकारी हुनुपर्छ ।

### ध्यानकेन्द्रित

कार चलाउन सिक्दा प्रशिक्षकले भनेको कुरा अनुशरण गर्न आवश्यक छ । यसबाहेक, आफूले जानुपर्ने बाटासँगै चलाउने तरिकामा पनि ध्यान केन्द्रित गर्नुपर्छ । कारमा रहेका ऐना मिलाउनुपर्छ । जसले आफूपछाडिको वस्तुस्थिति हेर्न सजिलो हुन्छ । साथै, कुन पार्ट चलाउँदा के हुन्छ भन्ने कुरामा विशेष ध्यान दिनुपर्छ ।

### शान्त रहने

कार सिक्दा सधैँ शान्त रहनुपर्छ । अरूतिर ध्यान दिने, प्रशिक्षकसँग अनावश्यक विषयमा कुरा गर्ने, गीत बजाउने आदि गर्नुहुँदैन । शान्त रहेर ड्राइभिङ गर्दा अचानक रोक्ने वा मोड्नुपर्ने अवस्थालाई ध्यान दिन सकिन्छ ।

## भाषा सिक्ने सजिलो तरिका


चन्द्रकान्त न्यौपाने
इन्स्ट्रक्टर
युनिभर्सिटी एकेडेमिक सेन्टर

भाषा कुनै विशेष ज्ञान नभई एक-अर्कासँग प्रतिक्रिया जनाउने माध्यम हो । भाषासम्बन्धी ज्ञानलाई लिएर कसैको बौद्धिकताको मापन गर्न सकिँदैन । तर, विभिन्न भाषाको ज्ञान हुनु आजको आवश्यकता हो । काम, पढाइ, घुमफिर आदिको सिलसिलामा हामी अर्को देशमा जानुपर्ने हुन्छ । जसका लागि उक्त देशको भाषा वा कम्तीमा पनि अन्तर्राष्ट्रिय भाषा जान्न आवश्यक छ ।

त्यसैले त आजभोलि हरेक ठाउँमा भाषा सिकाउने कक्षा सञ्चालन भइरहेका हुन्छन् । भाषा सिक्न अर्थ (मिनिङ) घोकेर कहिले पनि पोख्त बन्न सकिँदैन । भाषा छोटो समयमा सिक्न विद्यार्थीले निम्न कुरामा ध्यान दिनु जरुरी छ ।



■ सिक्ने मान्छेमा म गर्न सक्छु भन्ने आत्मविश्वास हुन जरुरी छ । सबैभन्दा पहिले त गल्ती हुन्छ कि भन्ने डर मनबाट पूर्ण रूपमा हटाउनुपर्छ । साथीभाइसँग वा कक्षामा ढुक्क भएर बोल्दा आफूमा आत्मविश्वास बढ्नुका साथै भाषा सुधारका लागिसमेत उपयोगी हुन्छ ।

■ नियमितता हुन जरुरी छ । कक्षामा नियमित सहभागी हुनुपर्छ । त्यस्तै, घरमा नियमित पढ्ने बानी बसालेमा भाषा सिकाइमा क्रमिक सुधार ल्याउन सकिन्छ ।

■ कक्षाकोठाका साथै आफ्नो समूहमा सकेसम्म धेरै अन्तर्क्रिया गर्न आवश्यक हुन्छ । शिक्षकहरूसँग पनि खुलेर अन्तर्क्रिया गर्नुपर्छ । यसले आफूमा भएका कमजोरी थाहा पाएर सुधार गर्न सहयोग पुग्छ ।

■ सुरु-सुरुमा बोल्दा लामा-लामा वाक्य प्रयोग गर्नुहुँदैन । लामा वाक्य प्रयोग गर्दा भाषा बिग्रने र अलमलिने डर हुन्छ ।


■ कुनै नयाँ शब्द आएमा नोट गर्नुपर्छ । बिस्तारै उक्त शब्द प्रयोग गर्ने अभ्यास गर्नुपर्छ ।

■ यति समयमा यी कुरा सिक्न सक्छु भन्ने कुराको विद्यार्थीले लक्ष्य लिन आवश्यक छ । यसरी लक्ष्यअनुसार अभ्यास गर्दा छिटो ज्ञान लिन सकिन्छ ।

■ भाषा सिकिहेकाले कक्षामा मात्र नभई बाहिर पनि अभ्यास गर्न आवश्यक हुन्छ । यसले विद्यार्थीमा लगनशीलताको विकास गर्छ । जसले गर्दा सिकाइमा सहजता हुन्छ ।


■ परीक्षामा नियमित सहभागी हुनुपर्छ । जसले गल्ती सच्याउन ठूलो सहयोग गर्छ । यसले भाषामा पोख्त बनाउँछ । नजानेको कुरा अरूसँग सिक्न डराउन वा हिच्किचाउनुहुँदैन ।

## डिप्रेसनबाट बच्ने उपाय



- अस्वस्थ जीवनशैलीका कारण अधिकांश मानिसमा तनाव हुने गर्छ । यसको व्यवस्थापन गर्न नसक्दा उनीहरू डिप्रेसनको सिकार हुने गरेका छन् । यसर्थ, स्वस्थ जीवनशैली अपनाउनुपर्छ । समयमा सुत्ने-उठ्ने, सन्तुलित आहारसँगै पर्याप्त आराम गर्न आवश्यक छ ।
- दैनिक काम गर्दा हुने तनावलाई सकारात्मक रूपमा लिनुपर्छ । आइपर्ने समस्याको चिन्ता लिएर बस्नुभन्दा समाधानको उपाय खोज्ने गर्नुपर्छ ।
- लामो समयसम्म एउटै काम गरिहनुहुँदैन । बीच-बीचमा घुम्न जानेजस्ता क्रियाकलाप गर्नाले फ्रेस भइन्छ ।
- फास्टफुड, जंकफुड, धूम्रपान र मध्यपानबाट टाढा रहनुपर्छ । अत्यधिक मात्रामा चिया-कफी पनि सेवन गर्नुहुँदैन । यसले निद्रा गडबडीको समस्या निम्त्याउँछ ।
- निष्क्रिय जीवनशैली त्याग्नुपर्छ । सामाजिक कार्यमा सक्रिय हुनुपर्छ ।
- मनोरोगलाई भयानक रूपमा लिनुहुँदैन । यदि, मानसिक समस्या भएको संकेत भएमा तुरुन्त चिकित्सकको सल्लाह लिनुपर्छ ।

## मधुमेह रोगीलाई यस्ता खानेकुरा



पछिल्लो समय धेरैजसो मानिस मधुमेहको समस्या भएर अस्पताल पुग्ने गर्छन् । हाम्रो शरीरमा अधिकांश रोग हाम्रै जीवनशैलीका कारण लाग्ने गर्छन् । सन्तुलित खानपान, नियमित व्यायाम गरेको खण्डमा मधुमेहबाट बच्न सकिन्छ । मधुमेह रोग लागेकाले खानेकुरामा अत्यन्तै ध्यान दिनुपर्छ । मधुमेह लागेकाले खानामा ध्यान दियो भने बिस्तारै यो नियन्त्रण हुँदै जान्छ । अब जानौँ, मधुमेह रोगीले खाने खानाबारे :

■ मधुमेह रोगीले कार्बोहाइड्रेटयुक्त खाना जस्तै : भात, आलु कम मात्रामा खाने गर्नुपर्छ । त्यस्तै, बोसो वा चिल्लो पनि कम खान आवश्यक छ । त्यस्तै, रातो मासु सकभर नखाने र खानैपरे पनि ज्यादै कम मात्र खानुपर्छ । बरु अन्डा र ताजा माछा ठीक मात्रामा खान सकिन्छ ।

■ ताजा सागसब्जी, बन्दा, काउली, काँक्रो, भन्टा, साग, गोलभेडा, मुला, गाँजर, प्याज र फलफूल प्रशस्त मात्रामा खाने गर्नुपर्छ । अमिलो अचार भने सकभर नखाँदा राम्रो ।

■ तरकारीको झोल, सुप आदिजस्ता झोलीय पदार्थ बढी खानुपर्छ । त्यस्तै, नुन कम खान आवश्यक छ भने चिनी कम भएको चिया वा कफी कम मात्रामा पिउन सकिन्छ ।

■ धेरै रेसादारयुक्त गहुँ, मकै, कोदो, फापरजस्ता खाना खानु राम्रो हुन्छ । धानबाट तयार हुने भात, चिउरा आदिको सट्टा गहुँ, मकैजस्ता अन्य खानामा कार्बोहाइड्रेटको मात्रा तुलनात्मक रूपमा कम हुने हुँदा त्यसतर्फ ध्यान पुऱ्याउनु उचित हुन्छ ।

■ दाल मज्जाले खान सकिन्छ । भात खानै नहुने त होइन, तर कोदो, मकै आदिबाट निर्मित खानेकुरा ढिँडो, रोटी खाँदा शरीरमा कार्बोहाइड्रेटको मात्रा केही कम भई रगतमा चिनीको मात्रा पनि कम हुन्छ ।

▶ पत्रिका नआएमा
▶ ठेगाना परिवर्तन गर्नु परेमा
▶ पत्रिकाको ग्राहक बन्न वा नवीकरण गर्नु परेमा

वितरण विभाग
नयाँ प्रकाशन प्रा.लि.
स्टार मल, पुतलीसडक, काठमाडौं
मोबाईल नं. : ९८४९७९९१०५, ९८५११६३८०७
फोन नं. : ०१-४०१२५८७, ०१-४०१२५६६
नयाँ पत्रिका
स्थानीय ढुकुटीमा डोजरको ज्यादती

आवश्यकता

यस कम्पनीमा बजार प्रवर्धनका लागि निम्न बमोजिमको पदमा काम गर्न इच्छुक व्यक्तिहरुले शीघ्र सम्पर्क गर्नुहोला ।

डाइरेक्ट मार्केटिङ अफिसर (DMO)
न्यूनतम योग्यता: एस.एल.सि वा सो सरह
सेवा तथा सुबिधा: तलब तथा कमिशन

| | संख्या | सम्पर्क | सम्पर्क नं |
|---|---|---|---|
| काठमाडौ : | १०० जना | शिब | ९८४०७९९५९९ |
| पोखरा : | ५० जना | दिपक | ९८५६०७०१२३ |
| बिराटनगर : | ५० जना | रामबन्धु | ९८०१५५७८०१ |
| नेपालगंज : | ५० जना | लक्ष्मण | ९८५१०७२४०३ |
| बुटवल : | ५० जना | भरत | ९८४७११०७२७ |
| नारायणगढ : | ५० जना | सरोज | ९८४३९२३५१८ |
| सुर्खेत : | २५ जना | राजकुमार | ९७४८०१२७४१ |
| जनकपुर : | २५ जना | राजिब | ९८४४०२००५३ |

बायोडेटा, नागरिकताको प्रतिलिपि र २ प्रति फोटो सहित माथि दिइएको नम्बर मा सम्पर्क गर्नुहोला ।

नयाँ प्रकाशन प्रा. लि.
स्टार मल छैठौं तल्ला, पुतलीसडक, काठमाडौं
फोन नं : ४०१२६६६, ४०१२५९९
इमेल : dmovacancynp@gmail.com

फ्राइडे रिलिज

# हलमा खाग र अदालत



काठमाडौं/ आज शुक्रबारबाट दुई नयाँ नेपाली फिल्म खाग र अदालत प्रदर्शन भएका छन् । कमलजंग कुँवर लिखित गैँडालाई चार वर्ष नामक पुस्तकमा आधारित खाग मनोज पण्डितले निर्देशन गरेका हुन् ।

गैँडा तस्करीको विषयमा रहेको फिल्ममा निर्देशक मनोज आफैँ, प्रवीण खतिवडा, आशान्त शर्मा, पुष्कर गुरुङ, सृजना अधिकारीलगायतले अभिनय गरेका छन् । दीपक बज्राचार्यले खिचेको फिल्मको निर्माता प्रमिला कुँवर हुन् । निर्देशक पण्डित खागप्रति निकै आशावादी रहेको बताउने गरेका छन् । पण्डितले यसअघि लक्ष्य, दासढुंगा, बधशाला, छायालगायतका फिल्म निर्देशन गरेका थिए ।

त्यसैगरी, दिनेश लिङ्देनको निर्देशनमा बनेको अदालत एक्सन लभस्टोरी फिल्म भएको बताइन्छ । सिंगल थिएटरमा मात्रै प्रदर्शन भएको फिल्ममा दीपक क्षेत्री, एलिना बास्कोटा, राजकुमार अधिकारी, रुद्र पाहिम लिम्बू, शान्ति लामा, राजु घिमिरेलगायतले अभिनय गरेका छन् । कविता राई निर्मात्री रहेको फिल्मको एउटा आइटम गीतमा अभिनेत्री सुष्मा कार्कीले डान्स गरेकी छिन् । उल्लेखित दुवै फिल्म प्रचारप्रसारमा भने निकै कमजोर देखिएका छन् ।


## दुबईमा दोस्रो कन्सर्ट गर्दै नेपथ्य



काठमाडौं/ नेपथ्य ब्यान्डले दुबईमा कन्सर्ट गर्ने भएको छ । कन्सर्ट मार्च १५ मा दुबईको अल नासर लेजर ल्यान्डमा आयोजना गरिने बताइएको छ ।

ब्यान्डका प्रमुख गायक अमृत गुरुङले दुबई कन्सर्टमा श्रोता/दर्शकलाई नचाउने खालका रमाइला गीत प्रस्तुत गर्ने बताएका छन् । घरपरिवारबाट टाढा रही दुबईमा कार्यरत नेपाली युवालाई नेपालीपनको स्वादमै रमाउन सो कन्सर्ट प्रभावकारी हुने विश्वास आयोजक मोहन लिम्बूको छ । 'दुबई फेरि नेपथ्यलाई स्वागत गर्न तयार छ,' दोस्रोपटक दुबईमा हुन लागेको नेपथ्यको कन्सर्टबारे उनी भन्छन्, 'गीत-संगीतका माध्यमबाट श्रोता/दर्शकलाई खुसी पार्न कुनै कसर बाँकी राखिनेछैन ।' कन्सर्टमा गायक अमृतलाई सधैँझैं ड्रममा ध्रुव लामा, किबोर्डमा सुरज थापा, बेस गितारमा सुविन शाक्य, गितारमा नीरज गुरुङ र मादलमा शान्ति रायमाझीले साथ दिनेछन् ।

## आजको राशिफल



२०७५ फागुन २४ गते शुक्रबार
ज्यो. पुष्पकला कौशिक
फोन: ०१-५२११२३३ मो. ९८५१०८१६६८

**मेष** सामाजिक प्रतिष्ठा बढ्नेछ । धन आर्जन हुनेछ । वैदेशिक यात्राको अवसर मिल्नेछ । घर-परिवारको सहयोग मिल्नेछ । आम्दानीका मार्ग खुल्नेछन् ।

**सिंह** बोलीको आलोचना हुनेछ । धन हानि हुनेछ । आर्थिक संकट पर्नेछ । व्यावसायिक साझेदारबाट धोका हुन सक्छ । बोल्दा विचार पुर्‍याउनुहोला ।

**धनु** बोलीको आलोचना हुनेछ । घरझगडा हुन सक्छ । निर्णय लिन गाह्रो पर्नेछ । मनमा नैराश्य बढ्नेछ । पेटसम्बन्धी समस्या आउनेछ ।

**वृष** मित्रजनको सहयोगले धन आर्जन हुनेछ । प्रेममा सफलता मिल्नेछ । नयाँ कामको अवसर प्राप्त हुनेछ । आत्मविश्वास बढ्नेछ ।

**कन्या** आत्मविश्वास बढ्नेछ । अँाटेका काम सजिलै पूरा गर्न सकिनेछ । मिष्ठान्न भोजन हुनेछ । हराएको धनमाल फिर्ता हुन सक्छ । पति-पत्नीमा भने विवाद हुनेछ ।

**मकर** मान-सम्मान मिल्नेछ । आफन्तको सहयोगले ठूला काम बन्नेछन् । अँाटेका काम सजिलै पूरा हुनेछन् । यात्रा निस्फल हुनेछ ।

**मिथुन** प्रेममा बाधा आउनेछ । वादविवादको सामना गर्नुपर्नेछ । आम्दानी गर्न कडा मिहिनेत गर्नुपर्नेछ । सवारी चलाउँदा होस पुर्‍याउनुहोला ।

**तुला** झुटो आरोप आउनेछ । पति-पत्नीमा विवाद बढ्नेछ । स्वास्थ्यमा समस्या आउनेछ । मानसिक तनाव बढ्नेछ । धनमाल हराउन सक्छ ।


**कुम्भ** लेनदेनमा विवाद पर्नेछ । मित्रजनबाट धोका हुन सक्छ । व्यापारमा हानि हुनेछ । प्रेममा समझदारी बढ्नुका साथै अध्ययनमा मन जानेछ ।

**कर्कट** भाग्यले साथ दिँदा अधुरा काम बन्नेछन् । रोजगारीका मार्ग खुल्नेछन् । मन प्रसन्न रहनेछ । अध्ययनमा रुचि बढ्नेछ । पारिवारिक झमेला बढ्नेछ ।

**वृश्चिक** प्रेममा बाधा आउनेछ । चोटपटक लाग्न सक्छ । सानो कामको लागि कडा मिहिनेत गर्नुपर्नेछ । काम बिगार्नेहरू सक्रिय हुनेछन् । अध्ययनमा असफलता हात लाग्नेछ ।

**मीन** प्रियजन भेट हुनेछन् । व्यवसायमा प्रगति हुनेछ । अध्ययनमा मन जानेछ । सामाजिक कार्यमा मन जानेछ । बौद्धिकताको प्रशंसा हुनेछ ।


NOW SHOWING For Booking: 01-4468700





FCUBE CINEMAS
KL TOWER

| Movies | Cube 1 | Cube 2 | Cube 3 |
|---|---|---|---|
| Captain | | | 9:30am \| 12:45pm \| 4:00pm \| 7:15pm |
| Khaag | | 12:00pm | |
| Badla | 2:00pm \| 7:30pm | | |
| Luka Chuppi | | 2:30pm \| 5:15pm | |
| The Break Up | 11:15am | | |
| Total Dhamaal | 4:45pm | 9:00am \| 8:00pm | |

www.fcubecinemas.com facebook.com/fcubecinemas

BG Mall Gongabu, Kathmandu
BSR MOVIES
FIRST TIME IN NEPAL
DOLBY ATMOS SOUND
For booking: 01-4362712
Gongabu, Kathmandu
www.facebook.com/bsrmoviesnepal
www.bsrmovies.com

NOW SHOWING




CURRENT SHOWTIME

| MOVIES | ATMOS 1 | ATMOS 2 |
|---|---|---|
| CAPATIN | 8:00 AM<br>11:00 AM<br>2:00 PM<br>8:00 PM | |
| TOTAL DHAMAAL | 5:00 PM | 8:45 AM |
| BADLA | | 12:00 PM |
| KHAAG | | 2:30 PM |
| THE BREAKUP | | 5:30 PM |
| LUKA CHUPPI | | 8:15 PM |

XTENDED SUPER 2 DAYS TUESDAY & WEDNESDAY
RS. 190 ALL DAY LONG
BSR owns the rights to change the show time


विभिन्न समयमा हुने युद्धका कारण ती मुलुक आर्थिक रूपमा कमजोर बन्छन् । यसकारण शक्तिशाली राष्ट्र पनि आर्थिक मन्दीको चपेटामा परेको इतिहास छ । नयाँ पत्रिकाकर्मी **श्रीलोचन राजोपाध्याय**ले एजेन्सीको सहयोगमा विश्वका १० ठूला युद्ध र खर्च (डलरमा) खोजेका छन् ।



# संसारका ठूला युद्ध र खर्च १०

### १ दोस्रो विश्वयुद्ध (१९३९-१९४५)

खर्च २,२५,५०० अर्ब

सन् १९३९ को सुरुमा जर्मनीले पोल्यान्डमाथि बम वर्षा गर्‍यो । अनि सुरु भयो, दोस्रो विश्वयुद्ध । बेलायत र फ्रान्सको संयुक्त सेनाले जर्मनी र इटालीमाथि आक्रमण गरे । जर्मनीका चान्सलर हिटलरले बेलायत र फ्रान्सविरुद्ध प्रत्युत्तर दिए । यता, एसियामा पनि यसको असर देखियो । एसियन राष्ट्र पनि आफूलाई शक्तिशाली देखाउन युरोपतिर हानिए । सन् १९४१ मा जापानले एक्कासि जर्मनी र इटालीका बन्दरगाहमा हमला गर्‍यो । अमेरिकाले जापानको हिरोसिमा र नागासाकीमा दुई शक्तिशाली अणु बम खसालेको थियो । हिरोसिमामा मात्र हजारौँ व्यक्तिले ज्यान गुमाए । पोल्यान्डबाट सुरु भएको विश्वयुद्ध जापानको हिरोसिमामा आएर समाप्त भएको मानिन्छ । युद्धमा लाखौँले ज्यान गुमाए । अहिलेसम्म दोस्रो विश्वयुद्ध सर्वाधिक महँगो मानिन्छ । तथ्यांकअनुसार दोस्रो विश्वयुद्धमा दुई लाख २५ हजार पाँच सय अर्ब डलर खर्च भयो ।

### २ ट्विन टावर आक्रमणपछि (२००१-२०११)

खर्च १,१०,००० करोड

ओसामा बिन लादेनको अल कायदाले ११ सेप्टेम्बर २००१ मा अमेरिकाको प्रमुख व्यापारिक तथा प्रशासनिक भवन ट्विन टावरमा दुई हवाईजहाज ठोक्कायो । उनीहरूले वासिङ्टनमा समेत आक्रमण गरे । ट्विन टावरमा पाँच हजारभन्दा बढीको ज्यान गयो । यो घटनासँगै अमेरिकाले ओसामालाई आतंककारी सूचीको पहिलो नम्बरमा राख्यो । तत्कालीन अमेरिकी राष्ट्रपति जर्ज डब्लू बुस र त्यसपछिका राष्ट्रपतिहरूले प्रमुख योजनाकार ओसामा बिन लादेनको हत्या प्रयास गरिरहे । २०११ मा पाकिस्तानको एटमाबादमा गोप्य सैनिक आक्रमणमा उनको हत्या भयो । ओसामा र आतंककारीलाई विश्वबाटै हटाउने योजनासहित अमेरिकाले १० वर्षमा एक लाख १० हजार करोड डलर खर्च गरेको थियो ।

### ३ भियतनाम युद्ध (१९६५-१९७५)

खर्च ७३,८०० करोड डलर

अमेरिकाले आक्रमण गरेपछि भियतनाममा १० वर्षसम्म युद्ध चल्यो । भियतनामको कम्युनिस्ट सरकार हटाउन अमेरिकाले त्यहीँका केही नागरिकलाई प्रयोग गरेर युद्धमा होमिएको थियो । तर, भियतनाम सरकारले अमेरिकासँग गुरिल्ला शैलीमा युद्ध लड्यो । जनताले भियतनाम सरकारको साथ दिँदै युद्धमा होमिए । अमेरिकाले सरकारबाट समर्थनप्राप्त गुरिल्लासँग लड्न सकेन । बिस्तारै अमेरिका लडाइँबाट पछि हट्यो । अमेरिकाले भियतनामविरुद्ध आक्रमण गरेपछि त्यहाँका नागरिकले निकै सास्ती झेले । तर, लडाइँमा सरकारलाई साथ दिइरहे । युद्धमा भियतनामका लाखौँ मानिस घरविहीन भए । १० वर्षसम्म चलेको युद्धमा ७३ हजार आठ सय करोड डलर खर्च भएको थियो ।

### ४ कोरियन युद्ध (१९५०-१९५३)

खर्च ३४,१०० करोड डलर खर्च

भियतनाममा युद्ध हुनुअघि दक्षिण र उत्तर कोरिया युद्धमा थिए । कोरियन युद्धमा उत्तर कोरियालाई सोभियत संघ र चीनले साथ दिएका थिए । दक्षिण कोरियालाई अमेरिकालगायत केही पश्चिमी राष्ट्रले सहयोग गरे । दक्षिण र उत्तर कोरियाबीचको लडाइँमा परमाणु हतियारको प्रयोग भएको मानिन्छ । ५० को दशकबाट सुरु भएको युद्धका कारण उत्पन्न दुस्मनी दुई कोरियाबीच

## सरोजले ल्याए आकृति



काठमाडौं/ सञ्चारकर्मीसमेत रहेका गायक सरोज कोइरालाले आफ्नो दोस्रो एकल एल्बम आकृति श्रोतामाझ ल्याएका छन् । प्रज्ञा भवनमा सोमबार आयोजित कार्यक्रममा संगीतकार शम्भुजित बास्कोटा, प्रकाश गुरुङ, सुरेश अधिकारी, महेश खड्का, गीतकार चूडामणि देवकोटा, पत्रकार शान्तिप्रियलगायतले आकृति संयुक्त रूपमा विमोचन गरेका हुन् ।

चारवटा गीत रहेको एल्बममा गायक सरोजकै शब्द र संगीत छ । कार्यक्रममा संगीतकार बाँसकोटाले सरोजको संगीत र स्वर दुवै राम्रो भएको भन्दै तारिफ गरे । त्यसैगरी संगीतकार सुरेश अधिकारी र महेश खड्काले पनि नेपाली संगीतमा सरोजको भविष्य उज्ज्वल रहेको टिप्पणी गरे । संगीतकार तथा संगीत प्रशिक्षक प्रकाश गुरुङले सरोज आफ्नो सबैभन्दा राम्रो विद्यार्थी भएको उल्लेख गर्दै एल्बम सफलताको शुभकामना व्यक्त गरे । गायक सरोजले पहिलो एल्बम सगुनबाट पाएको चर्चाले आफूलाई आकृतिसम्म ल्याएको बताए । उनले आफूले गीत-संगीत क्षेत्र कहिल्यै नछाड्ने प्रतिबद्धता व्यक्त गरे ।

## बिहे गर्दै रणवीर र आलिया

अभिनेता रणवीर कपुर र अभिनेत्री आलिया भट्ट हाल प्रेममा छन् । उनीहरू चाँडै नै वैवाहिक बन्धनमा बाँधिने समाचारले अहिले बलिउड तातेको छ । भारतीय मिडियाका अनुसार अमेरिकामा उपचार गरिरहेका रणवीरका बाबु ऋषि कपुर लगभग ठीक भइसकेका छन् । रणवीरकी आमा नीतुले आफूहरू अब चाँडै नै भारत फर्किने जानकारी सामाजिक सञ्जालबाट दिएकी छिन् । न्युयोर्कमा घर किन्ने योजना पनि बनाइरहेका छन् ।


घरको जिम्मेवारी आमा नीतुले उठाएको बताइएको छ । उनी न्युयोर्कमा आफ्ना छोरा र बुहारीका लागि भनेर घर खोजिरहेकी छिन् । आलिया र रणवीर पनि प्रायः न्युयोर्क गइरहन्छन् । दुवैलाई त्यो सहर खुब मन पर्छ । खबर यो पनि छ कि आलिया र रणवीर विवाहपछि न्युयोर्कमै सेटल हुनेछन् ।



खबर यो पनि छ कि ऋषि भारत आएर सबैभन्दा पहिले रणवीर र आलियाको विवाह गराउनेछन् ।

रणवीर-आलियाको विवाहलाई लिएर उनीहरूको परिवारबाट आधिकारिक रूपमा कुनै घोषणा त आइसकेको छैन, तर खबरअनुसार रणवीरले विवाहको तयारी पनि सुरु गरिसकेका छन् । मुम्बई मिररको रिपोर्टअनुसार रणवीर र आलियाले आलिया र रणवीरलाई लिएर आएको विवाहको खबरअनुसार बाबु ऋषि मुम्बई आएपछि कपुर र भट्ट परिवारले पण्डितसँग भेट्नेछन् र विवाहको मिति तय गर्नेछन् । विवाहको मिति अप्रिलमा निकाल्ने कोसिस भइरहेको बताइएको छ । करण जौहरले पनि आलियालाई रणवीरसँग चाँडै विवाह गर्न सल्लाह दिएको बताइएको छ ।

## सौतेनी आमा करिनाबारे के भन्छिन् सारा ?





'केदारनाथ' र 'सिम्बा' फिल्मबाट आफ्नो पहिचान बनाएकी सारा अली खानमा अहिले खुब आत्मविश्वास पलाएको छ । उनको दोस्रो फिल्म 'सिम्बा'ले दुई सय करोडमाथिको व्यापार गरेको छ भने अहिले उनको हातमा कैयौँ ठूला बजेटका फिल्म छन् । यसैबीच, साराले हालै दिएको एक अन्तर्वार्तामा आफू र सौतेनी आमा करिना कपुरबीचको सम्बन्धलाई लिएर केही कुरा खोलेकी छिन् ।

सारालाई सोधिएको थियो कि उनी सौतेनी आमा करिनालाई के भन्न चाहन्छिन् । त्यतिवेला उनले भनिन्, 'म सधैँ करिना कपुरको फ्यान हुँ । श्रीदेवीपछि म करिना कपुरको फ्यान हुँ ।' उनले आफू र करिनाको सम्बन्ध निकै राम्रो रहेको र आफू आफ्ना पिता सैफ अलीको जुनसुकै खुसीमा पनि खुसी हुने बताएकी छिन् । उनले यी सबका लागि आफ्नी आमा अमृता सिंहले नै सहयोग गरेकोसमेत बताइन् । 'आमाले नै मलाई पापाको करिनासँग दोस्रो विवाहलाई स्विकार्न सक्ने बनाएकी थिइन्,' साराले भनेकी छिन् ।

अहिले सारा नयाँ फिल्म लव आजकल २ को सुटिङमा व्यस्त छिन् । सामाजिक सञ्जालमा उनी र अभिनेता कार्तिक आर्यनको चुम्बन दृश्य चर्चित भइरहेको छ । सारा र कार्तिक प्रेममा छन् । तर, सो भिडियो फिल्मकै एक दृश्य भएको बताइएको छ ।



अझै कायम छ। तीन वर्षसम्म चलेको युद्धमा ३४ हजार एक सय करोड डलर खर्च भएको मानिन्छ।

### ५ पहिलो विश्वयुद्ध (१९१७-१९२१)

खर्च ३३,४०० करोड डलर

बेलायतले जर्मनीको एक यात्रुबाहक जहाजलाई समुद्रमा आक्रमण गरी डुबाएपछि जर्मनीले त्यसको प्रतिशोध लिन बेलायतमा आक्रमण गरेको थियो। यहीँबाट पहिलो विश्वयुद्ध सुरु भयो र चार वर्षसम्म चल्यो। विश्वयुद्धमा युरोप दुई समूहमा विभाजित भयो। एकातिर बेलायत, फ्रान्सलगायत अन्य स-साना राष्ट्र थिए। अर्कोतिर जर्मनी, बुल्गेरिया, अस्ट्रिया, हंगेरी तथा टर्की थिए। दुवै समूहलाई अमेरिकाले हतियार उपलब्ध गराएको थियो। पहिलो विश्वयुद्ध सन् १९१४ मा सुरु भयो। तर, अमेरिका स्वयं सन् १९१७ मात्र पहिलो विश्वयुद्धमा समावेश भयो। विश्वयुद्धमा बाहिर बसेर प्रभाव बनाउन नसकेपछि अमेरिका सीधै युद्धभूमिमै होमिएको थियो। यसमा ३३ हजार चार सय करोड डलर खर्च भयो।

### ६ खाडी युद्ध (१९९०)

खर्च १०,२०० करोड डलर

सन् १९९० मा इराकी शासक सद्दाम हुसेनले कुवेतमाथि अचानक हमाल गरे। सद्दामको एउटै दाबी थियो, कुवेत पनि इराककै एक भाग हो। इराकले कुवेतमाथि आधिपत्य जमाउनु भनेको अमेरिकी तथा युरोपियन राष्ट्रले तेल नपाउनु थियो। इराकले कुवेतपछि लगत्तै साउदी अरबमा हमला गर्‍यो। कुवेत र अरबी मुलुकमा आक्रमण भएपछि पश्चिमी राष्ट्रमा इन्धनको समस्या आयो। साउदीले इराकको आक्रमणबाट बच्न अमेरिकासँग सहयोग माग्यो। इराकविरुद्धको युद्धमा फ्रान्सेली सैनिकले पनि अमेरिकाको साथ दिए। पश्चिमा राष्ट्रले यो युद्धमा १० हजार दुई सय करोड डलर सकाए।

### ७ सिभिल वार (१८६१-१८६५)

खर्च ७,९७० करोड डलर

अमेरिकामा गुलामी प्रथाबाट दिक्क मानेर धेरै राज्य विरोधमा उत्रिए। ती राज्य स्वतन्त्र हुन चाहन्थे। तर, कतिपय राज्य गुलामीमै बस्न रुचाए। राज्यहरू दुई पक्षमा बाँडिए। यही कारण १८औँ शताब्दीमा अमेरिका दुई भागमा विभाजित भयो। दुई पक्षबीच युद्ध भयो। चार वर्षको युद्धमा धेरै व्यक्तिले ज्यान गुमाए। यस युद्धमा सात हजार नौ सय ७० करोड डलर खर्च भयो।

### ८ स्पेन-अमेरिका युद्ध (१८९८ १८९९)

खर्च ९०० करोड

सन १८९८ मा क्युबा स्पेनको कब्जामा थियो। अमेरिकाले स्पेनलाई क्युबा छाड्न निर्देशन दियो। तर, स्पेन पछि हट्न तयार भएन। क्युबाकै कारण स्पेन र अमेरिकाबीच युद्ध भयो। यो युद्धबाट अमेरिकाको विस्तारवादी नीति सुरु भयो। अमेरिकाले क्युबा, पोटिरिको तथा फिलिपिन्समाथि कब्जा जमायो। क्युबाबाट स्पेनलाई धपाउन अमेरिकाले नौ सय करोड खर्च गरेको थियो।

### ९ अमेरिकी क्रान्ति (१७७५-१७८३)

खर्च २४० करोड डलर

ब्रिटिस साम्राज्यवाद अमेरिकातिर बढिरहेको थियो। ब्रिटिसले अमेरिकावरपर १३ उपनिवेश बनाइसकेको थियो। अमेरिकाले ब्रिटिससँग समान अधिकार माग्यो। ब्रिटेन अमेरिकालाई उपनिवेश नै राख्न चाहन्थ्यो। अमेरिकाले टेक्सेसनको विवाद उठायो। टेक्सेसन विवाद युद्धमा परिणत भयो। यो युद्ध आठ वर्ष चल्यो। पछि सन् १८८३ मा पेरिसमा दुई पक्षबीच सन्धि भयो। यहाँबाटै अमेरिका स्वतन्त्र राष्ट्रका रूपमा स्थापित भयो। यो युद्धमा दुई सय ४० करोड डलर खर्च भएको मानिन्छ।

### १० मेक्सिको युद्ध (१८४६-१८४९)

खर्च २३७ करोड डलर

सन् १८४५ मा अमेरिकाले टेक्सासमा कब्जा जमायो। टेक्सासलाई आफ्नो अधीनमा लिन अमेरिकाले सैनिक परिचालन गरेको थियो। अमेरिकाले न्यु मेक्सिकन तथा क्यालिफोर्निया कब्जामा लियो। तर, मेक्सिको युद्धबाट पछि हटेन। मेक्सिकोसँग केही सीप नलागेपछि अमेरिका नै पछि हट्यो। यो युद्धमा दुई सय ३७ करोड डलर खर्च भएको तथ्यांक छ।

# मैथिली साहित्य महोत्सवमा राजनीतिक रंग

मैथिली भाषाको इतिहास धार्मिक ग्रन्थ रामचरित्रमानससँग जोडिएको छ। अर्थात् मैथिली भाषाको इतिहास चार हजार वर्ष पुरानो छ। यसलाई व्यवस्थित भने इस्वी संवत् १३४० मा कवि विद्यापतिले गरेको पाइन्छ।

■ हदिश खुद्दार





जनकपुरमा एक साता लामो अन्तर्राष्ट्रिय कला-साहित्य तथा नाटक महोत्सव बिहीबार मात्र सकियो। प्रदेश २ सरकारले आर्थिक सहयोग गरे पनि सरकारका निकायको सहभागिता भने कतै देखिएन। प्रदेशको नामकरण र आधिकारिक भाषा निर्धारण टुंगो नलाग्दा प्रदेश सरकार महोत्सवप्रति उदासीन देखिएको हो।

मैथिली भाषा र साहित्यको प्रवर्द्धन गर्ने उद्देश्यले मैथिली विकास कोषले महोत्सव आयोजना गरेको हो। महोत्सवमा मैथिली भाषा, साहित्य, मिथिला इतिहास, मैथिली फिल्म तथा नाटकका विषयमा छलफल भयो। महोत्सवमा मैथिली साहित्यकारदेखि मिथिला र मैथिली भाषाको पक्षपोषण गर्ने राजनीतिकर्मीको सहभागिता थियो। सत्तारुढ संघीय समाजवादी फोरम र राजपाका नेताको सहभागिता उल्लेख्य थिएन। सरकारमा सहभागी दुवै दल प्रदेश २ को नाम मधेस हुनुपर्ने पक्षमा छन्। कांग्रेस र नेकपा भने मिथिला वा मिथिला-भोजपुरा नामकरण गर्नुपर्ने पक्षमा छन्।

महोत्सव उद्घाटन पूर्वप्रधानमन्त्री तथा कांग्रेस सभापति शेरबहादुर देउवाले गरे। महोत्सव अवधिभरि कांग्रेस र नेकपा नेता कार्यकर्ता खुब खटिएका थिए। मिथिला संघर्ष समितिका संयोजकसमेत रहेका त्रिभुवन विश्वविद्यालय मैथिली विभागका पूर्वप्रमुख प्रा. परमेश्वर कापडीले मैथिली भाषा अहिले पहिचानको खोजीमा रहेको बताए। उनले भने, 'संघीय व्यवस्थामा पनि यसलाई उजागर गर्न सकिएन भने इतिहास नै समाप्त हुन जान्छ।'

भारतका मुगल तथा नेपाली शासकले मैथिली भाषामाथि पटक-पटक आक्रमण गरी यसको पहिचानलाई ओझेलमा पारेको उनको भनाइ छ। मिथिला प्रदेश र मैथिली भाषाको आन्दोलन गर्दा पाँचजना सहिद भएको र धर्नास्थलमै बम पड्काएको स्मरण गर्दै उनले अहिले पनि मैथिली भाषा विकासमा अवरोध गर्न षड्यन्त्र भइरहेको बताए।

मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीले प्रदेशको नामकरण र भाषासम्बन्धी विवाद चलिरहेका वेला महोत्सवले सबैलाई आफ्नो विचार राख्ने मञ्च प्रदान गरेको बताए। तर, आन्तरिक मामिला तथा कानुनमन्त्री ज्ञानेन्द्रकुमार यादवले नामकरण र भाषा विवाद छुट्टै विषय भएको र मिथिला संस्कृतिमाथि राजनीति हुन नसक्ने बताए। उनले भने, 'मिथिलाको भाषा र संस्कृति धेरै पुरानो, सभ्य र परिष्कृत रहेकाले हरेक व्यक्तिले सम्मानपूर्वक अघि बढ्नुपर्छ।'

प्रदेश २ मा समस्याको रूपमा हेरिएको भाषा र नामकरण विवाद सामाधान गर्ने दिशामा महोत्सव ठूलो पाइला साबित भएको नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वप्राज्ञ रमेशरञ्जन झाले बताए। 'महोत्सवले एकलाई अर्कोले स्वीकार गर्ने र सम्मान दिने संस्कार दिएको छ, हामीले द्वन्द्व बढाउने कि अन्त्य गर्ने ? जनकपुर कला साहित्य महोत्सवले विवाद समाधान गर्न साझा मञ्च तयार गरेको छ,' उनले भने। प्राज्ञ धीरेन्द्र प्रेमर्षिले प्रदेश २ मा भाषा र नामकरणसम्बन्धी खासै विवाद नरहेको दाबी गरे। 'अढाई सय वर्षदेखि राज्य सत्ताले हाम्रो संस्कृतिलाई जराबाटै फाल्ने काम गरेको छ,' प्रेमर्षिले भने, 'हामी के छौँ, कहाँ छौँ बुझ्नै दिइएको छैन, यसैले विवादजस्तो देखिएको मात्र हो।'


मैथिली भाषाको इतिहास धार्मिक ग्रन्थ रामचरित्रमानससँग जोडिएको छ। अर्थात् मैथिली भाषाको इतिहास चार हजार वर्ष पुरानो छ। यसलाई व्यवस्थित भने इस्वी संवत् १३४० मा कवि विद्यापतिले गरेको पाइन्छ। विद्यापतिकै माध्यमले भाषाको प्रभाव मिथिलासहित भारतका बंगाल, उडिसा, असम राज्यमा परेको मानिन्छ। तत्कालीन मिथिलामा भारतका मधुवनी, दरभंगा, सीतामढी, मुज्जफरपुर, सुपौल, भागलपुर, पुर्णिया, सहरसा, मुंगेर, मधेपुरा, किसनगन्ज, अररिया, सम्सस्तीपुरलगायत १६ जिल्ला थिए। नेपालका धनुषा, महोत्तरी, सर्लाही, सप्तरी, सिरहा, सुनसरी र मोरङ पनि थिए।

मिथिलामा भारतीय मुगल साम्राज्यले आक्रमण गरी राजा शिव सिंहलाई बन्धक बनाएका थिए। त्यही वेला विद्यापतिले आफ्ना गीतका माध्यमले राजा शिव सिंहलाई बन्धकबाट मुक्ति दिलाउन सफल भएको मैथिली साहित्यकार अयोध्यानाथ चौधरीले बताए। विद्यापति राजा शिव सिंहका दरबारिया कवि थिए।


मुगल साम्राज्यको आक्रमणपश्चात् मिथिलाका अधिकांश कवि तथा साहित्यकार नेपालका दरबारको संरक्षणमा पुगे। मल्लकालका राजाहरू काव्य र नाटकका सौखिन थिए। त्यसैले मध्ययुगीन मैथिली साहित्यका धेरै अंश नेपालमै लेखिएको छ। पछि पृथ्वीनारायण शाहले नेपाललाई एकीकरण गर्दा मल्ल राजाहरूलाई हराएर त्यहाँ गोर्खा राज्य स्थापना गरियो। र, सोही क्रममा मैथिली भाषा र साहित्यको पुनः पतन सुरु भएको सहित्यकार चौधरीको भनाइ छ।

राजा महेन्द्र शाहले ल्याएको एउटै भाषा एउटै भेष नीतिले मैथिली भाषा साहित्य झन् कमजोर हुँदै गएको लेखक तथा साहित्यकार रोशन जनकपुरीको भनाइ छ। मैथिली भाषा, साहित्यमाथि पटक-पटक आक्रमण भएर यो भाषा अहिले वर्तमान अवस्थामा पुग्यो,' जनकपुरी भन्छन्, 'जबसम्म कुनै भाषा र साहित्यको सत्ता हुँदैन, तबसम्म त्यो भाषा र साहित्यको विकास हुँदैन।' राज्यले नै त्यो भाषालाई बेवस्ता गरेपछि त्यो भाषा र साहित्यको विकास सम्भव नहुने उनको भनाइ छ।

लेखक तथा साहित्यकार डा. सुरेन्द्र लाभ भन्छन्, 'मैथिली भाषामा कथा, कविता, नाटक नलेखिएको होइन, लेखिएको हो। तर, जुन हिसाबले लेख्नुपर्थ्यो, त्यो हिसाबले लेखिएन, समाजको वर्तमान अवस्थालाई वर्णन गरी लेख्नुपर्ने वेलामा धर्मग्रन्थको मैथिली संस्करण तथा जातपातका विषयमा केन्द्रित भएर लेखियो।' समयको आवश्यकता र दैनिक जीवनलाई समाएर साहित्य लेखिनुपर्ने उनले बताए।







## निर्वाचनको मुखमा सिनावात्राको पार्टीमाथि प्रतिबन्ध

बैंकक/ थाइल्यान्डको राजनीतिमा ठूलो प्रभाव रहेको सिनावात्रा परिवारको पार्टीलाई अदालतले प्रतिबन्ध लगाएको छ। पूर्वप्रधानमन्त्रीद्वय थाक्सिन सिनावात्रा र यिंलक सिनावात्राको थाई रक्षा चार्ट नामक पार्टीलाई अदालतले बिहीबार प्रतिबन्ध लगाएको अधिकारीहरूले बताएका छन्।

पूर्वनिर्धारित कार्यतालिकाअनुसार आम निर्वाचन हुन एक साता बाँकी रहँदा अदालतले सो पार्टी प्रतिबन्धको फैसला गरेको हो। राजकुमारीलाई प्रधानमन्त्रीको उम्मेदवार बनाउने प्रयास गरेर पार्टीले अवैध र गलत काम गरेको भन्दै अदालतले प्रतिबन्ध लगाएको बताइएको छ।

संवैधानिक अदालतका नौ सदस्यले सर्वसम्मत सो पार्टीलाई प्रतिबन्ध लगाउने निर्णय गरेको थाई सञ्चार माध्यमले जनाएका छन्। थाइल्यान्डकी राजकुमारी उबोलरत्ना महिडोलले केही साताअघि रक्षा चार्टबाट उम्मेदवार बन्ने घोषणा गरेकी थिइन्। प्रधानमन्त्रीका लागि उम्मेदवारी दिने घोषणा गरेकी राजकुमारीलाई निर्वाचन आयोगले उम्मेदवार बन्न अयोग्य रहेको घोषणा गरेको थियो।

राजाकै आशय र असन्तुष्टिलाई ध्यानमा राखेर निर्वाचन आयोगले राजकुमारी महिडोललाई निर्वाचनमा सहभागी गराउन अयोग्य घोषणा गरेको अधिकारीले बताएका छन्।

## संक्षेपमा विदेश

### बस-स्टेसनभित्र बम विस्फोट

श्रीनगर/ भारत प्रशासित कास्मिरको जम्मु सहरमा रहेको एक व्यस्त बस स्टेसनमा बिहीबार भएको बम विस्फोटमा कम्तीमा १८ व्यक्ति घाइते भएको भारतीय प्रहरीले जानकारी दिएको छ। जम्मु सहरमा रहेको मुख्य बस स्टेसनमा सो बम विस्फोट भएको थियो। जम्मु सहर भारत नियन्त्रित कास्मिरको राजधानी हो। घाइतेलाई सरकारी मेडिकल कलेज अस्पतालमा भर्ना गरिएको छ। घाइतेमध्ये एकको अवस्था गम्भीर रहेको बताइएको छ।

### सुनखानी दुर्घटनामा २७ को मृत्यु

जकार्ता/ मध्य इन्डोनेसियाको एक सुनखानीमा भएको दुर्घटनामा मृत्यु हुनेको संख्या २७ पुगेको छ। बोलाङ मन्गोन्डो जिल्लामा खानी दुर्घटना हुँदा अन्य केही बेपत्ता भएको राष्ट्रिय विपत् निकायले जनाएको छ। विपत् निकायका अधिकारीले बेपत्ता व्यक्तिको खोजी तथा उद्धार कार्य अन्त्य भएको जनाएका छन्। उद्धारकर्मीलाई सुनखानीको भित्री भागमा पुगेर खोज तथा उद्धार कार्य गर्न कठिनाइ भएपछि उद्धार कार्य अन्त्य गरिएको हो।

### कतारले बेच्यो १२ अर्ब डलरको ऋणपत्र

दोहा/ कतारले १२ अर्ब डलरबराबरको ऋणपत्र बिक्री गरेको छ। खाडी राष्ट्रको गठबन्धनले आर्थिक तथा कूटनीतिक सम्बन्ध विच्छेद गरे पनि कतारले उत्साहजनक ढंगले ऋणपत्र बिक्री गरेको हो। 'कतारले अन्तर्राष्ट्रिय वित्तीय बजारमा सफलता हासिल गरेको छ, र तीनपटक जारी गरिएको ऋणपत्रबाट १२ अर्ब डलर प्राप्त भएको छ,' कतारको अर्थ मन्त्रालयले भनेको छ। मन्त्रालयले ऋणपत्रका लागि ५० अर्ब डलरभन्दा बढीको आवेदन प्राप्त भएको जनाएको छ।

हाल साउदी अरेबियाको अग्रसरतासँगै खाडी राष्ट्रको गठबन्धनले कतारलाई सन् २०१७ देखि आर्थिक तथा राजनीतिक रूपमा एक्ल्याएको छ। यो गठबन्धनमा संयुक्त अरब इमिरेट्स, बहराइन र इजिप्ट पनि छन्।

### हुवावेद्वारा अमेरिकी सरकारविरुद्ध मुद्दा दायर

बेइजिङ/ सूचना प्रविधि एवं दूरसञ्चार प्रदायक चिनियाँ कम्पनी हुवावेले आफ्ना उत्पादन अमेरिकी बजारमा बिक्री गर्न रोक लगाउने अमेरिकी कानुन खारेजी गर्न माग गर्दै मुद्दा दायर गरेको छ। हुवावेले अमेरिकाको टेक्सासको प्लानोस्थित जिल्ला अदालतमा सन् २०१९ को अमेरिकी प्रतिरक्षा कानुनविरुद्ध मुद्दा दर्ता गरेको हो । सो कानुनले सरकारी निकायले हुवावेका उपकरण, सेवा वा हुवावेका ग्राहक रहेका अरू निकायका सेवा खरिद गर्न प्रतिबन्ध लगाएको छ।

हुवावेले आफ्ना उपकरणमार्फत चीन सरकारका लागि जासुसी गरिरहेको आरोप लगाउँदै अमेरिकाले हुवावेका सामग्री खरिदमा प्रतिबन्ध लगाइरहेको छ। हुवावेका सामानमाथि अमेरिकासहित विश्वका धेरै देशमा प्रतिबन्ध लगाइएको छ। मुद्दा दर्तासँगै हुवावेले राजनीतिक, कानुनीसमेतका सबै विधि उपयोग गर्न अग्रसरता देखाएको छ।



### 'वायुसेनामा हुँदा बलात्कृत भएँ'

वासिंटन/ एक अमेरिकी सिनेटरले आफू अमेरिकाको वायुसेनामा हुँदा सेनाका उच्चस्तरीय व्यक्तिबाट बलात्कृत भएको बताएकी छिन्। आफू वायुसेनाले गरेको यौनजन्य हिंसाको एक जीवित उदाहरण भएको रिपब्लिकन सिनेटर मार्था म्याकसेलीले बताएकी हुन्। सेनाबाट हुने यौनजन्य हिंसाको सुनवाइका लागि बनेको उपसमितिमा उनले सो कुरा बताएकी हुन्। सेनाको उच्चस्तरमा रहेका ती बलात्कारीले पदको दुरुपयोग गरेर यौन दुर्व्यवहार गरेको उनले बताइन्।

एरिजोना राज्यबाट सिनेटर बनेकी ५२ वर्षीया म्याकसेली सन् १९८८ देखि २०१० सम्म अमेरिकी वायुसेनामा कार्यरत थिइन्। उनले कर्नेल पदबाट अवकाश प्राप्त गरेकी थिइन्।

# मत्थर हुँदै भारत–पाक तनाव



### जैस ए मोहम्मदको धार्मिक विद्यालय अझै सञ्चालनमा

पाकिस्तानमा जैस ए मोहम्मदले सञ्चालन गरेको धार्मिक विद्यालय अझै पनि सक्रिय रहेको स्याटलाइट तस्बिरमा देखिएको जनाइएको छ। पाकिस्तानको उत्तरपूर्वी क्षेत्रको बालाकोटमा जैस ए मोहम्मद समूहको आधार शिविरलाई निसाना बनाएर गरेको हवाई हमलामा सो समूहको शिविर ध्वस्त भएको भारतले दाबी गरे पनि सो समूहले धार्मिक विद्यालय निरन्तर सञ्चालन गरेको स्याटलाइट तस्बिरमा देखिएको रोयटर्सले जनाएको छ। सानफ्रान्सिस्कोस्थित स्याटलाइट सञ्चालक प्लानेट ल्याब्स इन्कले मार्च ४ देखि विद्यालय सुचारु रहेको जनाएको हो।

एजेन्सी
कास्मिर, २३ फागुन

भारत र पाकिस्तानबीचको द्वन्द्व मत्थर हुने संकेत देखिएको छ। पछिल्ला दिनमा दुई देशलाई छुट्याउने लाइन अफ कन्ट्रोलमा दोहोरो फायरिङमा तुलनात्मक रूपमा कमी आएको छ। पछिल्लो द्वन्द्व चर्किएपछि बन्द भएको भारत र पाकिस्तानबीचको रेलसेवा सुचारु भएको छ भने पाकिस्तानले एक सातादेखि बन्द गरेको हवाई आकाश खुला रहेको जनाएको छ।

पहिल्यैदेखि संयम बनेको पाकिस्तानले आफ्नो भूमिमा आश्रय लिएको विद्रोही समूह जैस ए मोहम्मद समूहका तीन दर्जन कार्यकर्ता पक्राउ गरेको छ। सीमामा गोली हानाहान भए पनि मानवीय क्षति नहुनेतर्फ उच्च सतर्कता अपनाइएको दुवै देशका सैन्य अधिकारीले बताएका छन्। भारत-पाक सीमा पहिलाको भन्दा धेरै शान्त भएको भारतीय सेनाले जनाएको छ।

### 'भारतले तनाव चर्काउन आवश्यक छैन'

इस्लामावादले सशस्त्र समूहमाथि निरन्तर कारबाही गरे भारतले द्वन्द्व चर्काउन नहुने भारतका पूर्वकर्णेल तथा रणनीतिक मामिलाका विज्ञ अजयी शुक्लाले बताएका छन्। 'भारतले हवाई हमला गर्नुको मुख्य उद्देश्य पाकिस्तानले आफ्नो भूमिमा रहेका अतिवादी समूह जैस ए मोहम्मदमाथि कारबाही गरोस् भनेर दबाब दिनु हो। पाकिस्तानले अहिले सो समूहमाथि कारबाही चलाएको छ,' उनले भने।

### पाकिस्तानले गर्‍यो दर्जनौं लडाकु पक्राउ

पाकिस्तानले विद्रोही समूह जैस ए मोहम्मदआबद्ध दर्जनौं लडाकु पक्राउ गरेको दाबी गरेको छ। सशस्त्र समूहविरुद्ध दमनको एउटा अंशको रूपमा सो समूहका कार्यकर्तालाई पक्राउ गरिएको पाकिस्तानको गृह मन्त्रालयले जनाएको छ। पक्राउ पर्नेमा जैस ए मोहम्मदका दुई आफन्त रहेका छन्। 'जैस ए मोहम्मद समूहमा आबद्ध ४४ जनालाई नियन्त्रणमा लिइएको छ,' मन्त्रालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

### भारत-पाक सीमा सापेक्षिक रूपमा शान्त

भारत र पाकिस्तानलाई छुट्याउने लाइन अफ कन्ट्रोल पछिल्ला दिनमा तुलनात्मक रूपमा शान्त बनेको पाकिस्तानी सेनाले जनाएको छ। पछिल्लो घटनामा भारतीय सेनाले गरेको फायरिङमा एक भारतीय सर्वसाधारण घाइते भएको पाकिस्तानी सेनाद्वारा जारी विज्ञप्तिमा भनिएको छ। भारतको पनडुब्बी जहाज पाकिस्तानी समुद्रनजिक बढिरहेकाले पाकिस्तानी जलसेना सतर्क बनेको विज्ञप्तिमा उल्लेख छ।

### रेलसेवा सुचारु

भारत र पाकिस्तानबीचको विवादका कारण केही दिन अवरुद्ध दुई देशबीचको रेलसेवा सुचारु भएको छ। दुई देशबीचको महत्त्वपूर्ण सेवाको रूपमा रहेको सम्झौता एक्सप्रेसको सेवा सुरु भएको हो। दुई देशबीच द्वन्द्व चर्किएसँगै पाकिस्तानको लाहोरदेखि भारतको नयाँदिल्लीसम्मको रेलसेवा अवरुद्ध भएको थियो। पाकिस्तानको विदेश मन्त्रालयले फेब्रुअरी २८ मा द्विदेशीय रेलसेवा सञ्चालन नगर्ने घोषणा गरेको थियो। सामान्यतया सोमबार र बिहीबार दुई देशबीच रेलसेवा सञ्चालन हुँदै आएको थियो। सम्झौता एक्सप्रेस रेल स्थानीय समयअनुसार सोमबार बिहान ११:३० बजे अत्तारी रेल स्टेसन पुगेको भारतले पुष्टि गरेको छ। रेल सुचारुसँगै दुई देशबीचको तनाव मत्थर हुँदै गएको विज्ञहरूले अनुमान गरेका छन्।

### भारतका लागि पाकिस्तानी दूत नयाँदिल्ली फर्किने

पाकिस्तानले नयाँदिल्लीस्थित आफ्ना दूतलाई पुनः भारत फर्काउने भएको छ। पुलवामा हमलापछि दुई देशबीच द्वन्द्व चर्किएसँगै पाकिस्तानले नयाँदिल्लीस्थित आफ्ना दूतलाई स्वदेश फर्काएको थियो। दुई आणविक शक्ति राष्ट्रबीच जारी तनाव न्यून गर्न वार्ता आवश्यक भएको पाकिस्तानी विदेश मन्त्रालयका प्रवक्ता मोहम्मद फैसलले एक विज्ञप्तिमार्फत बताएका छन्।

## 'हत्यापछि ओभनमा जलाइएको थियो खसोगीको शव'

अंकारा/ केही महिनाअघि हत्या गरिएका साउदी पत्रकार जमल खसोगीको शव इस्तानबुलस्थित साउदी कन्सुलेट जनरलको आवासमा एउटा ओभनमा जलाइएको हुन सक्ने एक अनुसन्धानमा खुलासा गरिएको छ। अल जजिरा सञ्चार संस्थाले टर्कीका अनुसन्धान अधिकारीलाई उद्धृत गर्दै त्यस्तो खुलासा गरेको हो। खसोगीको हत्यापछि शवलाई टुक्रा-टुक्रा पारेर राखिएको झोलालाई इस्तानबुलस्थित साउदी दूतावासका कर्मचारीले केही मिटर टाढा रहेको कन्सुलेट जनरलको घरमा लगेका थिए। पछि सो झोलालाई पनि ओभनमा जलाइएको थियो, जसलाई टर्कीका अधिकारीले निरीक्षण गरेका थिए।



साउदी कन्सुलरको निर्देशनमा ठूलो ओभन निर्माण गरिएको सो कार्यमा संलग्न एक कामदारले बताएको अल जजिराले जनाएको छ। निकै गहिरो सो ओभनमा हजार डिग्री सेल्सियसभन्दा बढी तापक्रम रहेको र फलामसमेत सजिलै पग्लिन सक्ने बताइएको छ।

शव जलाइएको प्रक्रिया छिपाउन खसोगीलाई जलाएपछि सो ओभनमा केही झोला मासुसमेत पकाइएको टर्कीका अनुसन्धानकर्ताले बताएका छन्। खसोगीको हत्या गरिएको कोठाका पर्खालहरूमा रगतका टाटा लतपतिएको र त्यसलाई छिपाउन कन्सुलरका कर्मचारीले रंगरोगन गरेका थिए। टर्कीका अनुसन्धानकर्ताले रंग उप्काउँदासमेत रगतका टाटा देखेका थिए। खसोगीको गतवर्षको अक्टोबर २ मा हत्या भएको थियो। खसोगीको हत्या गराउन साउदी युवराज सलमानले प्रत्यक्ष निर्देशन दिएको विभिन्न गुप्तचरी निकायका प्रतिवेदनमा जनाइएको छ।

## वर्गीकृत डिस्प्ले

हटलाईन नं. : ९८४३७७०२८३
Email : classifiedpage9@gmail.com




## वर्गीकृत विज्ञापन

### चाहियो

कस्मेटीक कम्पनीलाई कर्मचारी १५,५००/- कोटेश्वर 9851006183, 9809473040

Speed-Target लाई कर्मचारी 15,500/- 01-4020315, 9842918008, 9803575899

बानेश्वर अफिसलाई कर्मचारी २४,५००/- ४८,०००/- 9808910762

कर्मचारी आवश्यकता माछापोखरी तलव 13500 9851091428, 9808092150

अगरबत्ती, डल्स, पेपरकटिङ्मा रोजगार कामघरैमा २८,०००/- ०१-५२३४६१८, ९८१३५५८०६१

धुपअगरवति डलखेलौनामा कामदार २५,५००/- 9860815876

अफिसलाई कर्मचारी २४,५००/- ४८,०००/- 9810118432, 9845327587

अफिसलाई कर्मचारी आवश्यकता तलव 15450 9846662817, 9886251272

कस्मेटीक मार्केटिङमा जागिर बस्न र 14,000/- 9803849890

कोटेश्वर अफिसलाई कर्मचारी २४,५००/- ४८,०००/- 9808486304, 9861484533

गोंगबु अफिसलाई कर्मचारी 14,999/- 9849365964, 9824937551

### भाडामा

Office space at bagbazar @6000/- Per Month, 01-4251285

### घर जग्गा

डिल्लीबजारदेखी हांडीगाऊ आसपासको पूरानोघरमा धुम्बाराहीको नयांघरसंग सट्टापट्टा गर्नचाहानेले 9840251235

मण्डिखाटार सहयोगिमार्ग VIP एरियमा ९ आना जग्गामा बनेको साडे दुईतल्लाको घरजग्गा विक्रिमा सम्पर्क ९८१३५४४५७४

### निर्माण सफाई

ढलट्वाईलेट मंगाल जामखोल्ने सस्तोमा ९८४१६६३६६८

ढलट्वाईलेट मंगाल जामखोल्ने सस्तोमा ९८४१९५५२९१

प्रोफेसनल पानीट्याङ्की सफाई ९८५११५२२९९, ९८४१३६७८५१

ढलंट्वाईलेट मंगाल जामखोल्ने ९८०३२२७१६८, ९८४०८८५१९१

ढलट्वाइलेट जामखोल्ने सेफ्टीट्याङ्की सफाई 9841934680

ढलट्वाइलेट, मंगाल, जामखोल्ने सस्तोमा 9823483411

ढलट्वाइलेट, मंगाल, जामखोल्ने सस्तोमा 9864676555

गाडीमेसीनबाट सेफ्टीट्याङी ढलट्वाईलेट सफाई 9851247369

### मर्मत

T.V फ्रिज Microwave Washing Machine 9841517747

### भाडामा

धापाखेल मुलसडकमा चारसटर सातकोठको पुरैघर ९८५१०६४८७९

### सम्पर्क

जुनसुकै पत्रपत्रिकामा विज्ञापन गर्नुपरेमा ९८६०३००८९५

# सरकारको कामको समीक्षा गरेर अघि बढ्नुपर्छ : प्रचण्ड

नयाँ पत्रिका
काठमाडौं, २३ फागुन

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सरकारको कामको समीक्षा गरेर अघि बढ्नुपर्ने आवश्यकता औंल्याएका छन् । पार्टी नेताद्वय भरतमोहन अधिकारी र रवीन्द्र अधिकारीसहित हेलिकोप्टर दुर्घटनामा निधन भएकाहरूको स्मृतिमा बिहीबार भृकुटीमण्डपमा आयोजित श्रद्धाञ्जली कार्यक्रममा प्रचण्डले त्यस्तो आवश्यकता औंल्याएका हुन् ।

'निर्वाचनका वेला जनतासामु गरिएका प्रतिबद्धताअनुसार समृद्ध नेपाल सुखी नेपालीको दिशामा कति अघि बढ्न सक्यौं, समीक्षा गर्ने वेला भएको छ,' उनले भने, 'कामबारे कतिपय कमीकमजोरी छन् भने सच्याएर अघि बढ्नुपर्छ, जनअपेक्षाअनुसार विकासको कामलाई गति दिनुपर्ने आवश्यकता छ ।'

### 'भरतमोहन र रवीन्द्रको अभाव महसुस हुँदै जानेछ'

कार्यक्रममा प्रचण्डले भरतमोहन र रवीन्द्रको मृत्यु मुलुक र कम्युनिस्ट आन्दोलनका लागि ठूलो क्षति भएको स्मरण गर्दै अभाव पूर्तिका लागि सबैले हातेमालो गर्नुपर्ने बताए । दुवैको मृत्युले लाखौंलाई उद्वेलित गरिरहेको बताउँदै उनीहरूको सपना साकार पार्न परिवार र पार्टीले अग्रणी भूमिका खेल्नुपर्नेमा जोड दिए । उनले भरतमोहनलाई नेपाली कम्युनिस्ट आन्दोलनकै अभिभावक तथा रवीन्द्रलाई नेपाली युवाहरूले आशा र भरोसा गरेका नेताको संज्ञा दिए ।

### भरतमोहन कर्मशील, रवीन्द्र असाधारण क्षमताको नेता : प्रधानमन्त्री

प्रधानमन्त्री केपी ओलीले नेपालको वाम-लोकतान्त्रिक आन्दोलन कठिन परिस्थितिमा गुज्रिएका वेला पनि भरतमोहनले अभियन्ताका रूपमा खटिएर कर्मशील स्थापित नेताको परिचय बनाएको स्मरण गरे । भरतमोहन मिलनसार, कडा शब्द प्रयोग गर्न नचाहने, तनावबाट सधैं टाढा बस्न रुचाउने र कामप्रति विश्वास गर्ने नेता भएकोसमेत प्रधानमन्त्रीले स्मरण गरे ।

त्यस्तै, रवीन्द्रले एक वर्षकै अवधिमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रीका रूपमा असाधारण क्षमता देखाएको चर्चा गर्दै प्रधानमन्त्री ओलीले उनले छोटो अवधिमा संस्कृति र पर्यटनका क्षेत्रमा गरेका थुप्रै कामलाई कहिल्यै बिर्सिन नसकिने बताए । दुर्घटनामा परी निधन भएका परिवारका लागि जीविकोपार्जनका लागि जस्तोसुकै सहयोग गर्न सरकार तयार रहेको प्रधानमन्त्रीको भनाइ थियो ।

श्रद्धाञ्जली कार्यक्रममा रवीन्द्रकी जीवनसंगिनी विद्या भट्टराईसहित छोराहरू, वरिष्ठ नेता माधवकुमार नेपाल, नेताहरू रामबहादुर थापा बादल, विष्णु पौडेललगायत सहभागी थिए ।

नेकपाका पुराना नेता भरतमोहनको ८२ वर्षको उमेरमा निधन भएको थियो । १५ फागुनमा ताप्लेजुङको फुङलिङमा भएको हेलिकोप्टर दुर्घटनामा मन्त्री अधिकारीसहित पर्यटन व्यवसायी आङछिरिङ शेर्पा, नेपाल नागरिक उड्डयन प्राधिकरणका इन्जिनियर ध्रुव भोछिभया, नेपाल नागरिक उड्डयन प्राधिकरणका उपमहानिर्देशक वीरेन्द्रप्रसाद श्रेष्ठ, प्रधानमन्त्री कार्यालयका सल्लाहकार युवराज दाहाल, मन्त्री अधिकारीका पिएसओ अर्जुन घिमिरे र पाइलट प्रभाकर केसीको निधन भएको थियो ।

## सरकारीले...

पृष्ठ १ बाट क्रमशः

असुलेको उजुरी परेपछि पाँच वर्षअघि निजी स्वास्थ्य संस्थाको शुल्क निर्धारण गर्न सरकारले समिति गठन गरेको थियो । तर, स्वास्थ्यसचिव नेतृत्वको समितिको बैठक पाँच वर्षमा एकपटक मात्रै बसेको छ । स्वास्थ्य संस्था सञ्चालक, स्थापना र स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० अनुसार तत्काल शुल्क निर्धारण समिति गठन भए पनि चार वर्षसम्म कुनै सक्रियता नै देखाएन । निजी अस्पतालले चर्को शुल्क लिएको चौतर्फी गुनासो आएपछि २६ माघ ०७४ मा मात्रै समितिको बैठक बस्यो । बैठकले चिकित्सा महाशाखा प्रमुखको संयोजकत्वमा कार्यदल गठन गरी एक महिनाभित्र प्रतिवेदन पेस गर्ने निर्णय गरेको थियो । तर, एक वर्ष सकिँदा पनि कुनै प्रगति भएको छैन । महाशाखा प्रमुख डा. दीपेन्द्ररमण सिंह भने सबै अस्पतालबाट सूची नआएकाले ढिला भएको बताउँछन् ।

### अनुगमन छैन

स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमतिप्राप्त संस्थाहरूले दिने गरेको सेवाका विषयमा अनुगमन गर्न मन्त्रालय, विभाग, क्षेत्र र जिल्लास्तरीय अनुगमन समितिको व्यवस्था छ । तर, ती निकायले अनुमगन गरी गुणस्तरीय एवं मापदण्डअनुसारको सेवा दिए-नदिएको सुनिश्चित गरेका छैनन् । नियमन गर्ने निकाय गम्भीर नबन्दा निजी स्वास्थ्य संस्थाले विभिन्न अतिरिक्त शुल्कका नाममा बिरामी ठगिरहेका छन् । गेट पास चार्ज, अप्रेसन चार्ज, प्रक्रिया चार्ज, बिरामी कुरुवा चार्ज, प्रशासनिक, डाक्टर, नर्सिङ, सर्जरी चार्ज, उपकरण चार्ज, ल्याबलगायत विभिन्न शीर्षकमा समेत बिरामीसँग रकम उठाउने गरेका छन् ।

## आठ प्रहरीविरुद्ध...

पृष्ठ १ बाट क्रमशः

निर्देशन दिएको थियो । एआइजी धीरू बस्न्यात नेतृत्वको छानबिन समितिको प्रतिवेदनका आधारमा मुद्दा चलाउन कानुन शाखाले जिप्रका कञ्चनपुरलाई राय दिएको थियो ।

प्रहरीले आठैजनासँग बयान लिइसकेको थियो । थुनामा नराखी उनीहरूलाई बयान लिएकाले फरार अभियुक्तका रूपमा उनीहरूविरुद्ध मुद्दा दायर गरिएको छ ।

### के हुन्छ सजाय ?

गत भदौदेखि अपरा धसंहिता लागू भएपछि अनुसन्धानमा लापरबाही गरेको आरोपमा पहिलोपटक प्रहरीविरुद्ध मुद्दा दायर भएको हो । सार्वजनिक न्यायविरुद्धको कसुरको दफा ८९, ९१, ९२, ९६ र ९९ अनुसार उनीहरूविरुद्ध मुद्दा चलाइएको छ । अपराध संहिताको दफा ८९ मा झुटा प्रमाण बनाउन नहुने, ९१ मा झुटा प्रमाण तथा प्रमाणपत्र बनाउन नहुने, ९२ मा लिखत नष्ट गर्न नहुने, दफा ९६ मा कसुर भएको जानकारी दिनुपर्ने तथा दफा ९९ मा बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गर्न नहुने उल्लेख छ । हरेक दफामा फरक-फरक सजाय उल्लेख छ । कानुनअनुसार अधिकतम पाँच वर्षसम्म कैद सजाय हुन सक्छ । निर्मलाकी आमा दुर्गादेवीले प्रमाण नष्ट गरेको भन्दै प्रहरीविरुद्ध जिल्ला प्रहरी कार्यालय कञ्चनपुरमा जाहेरी दिइसकेकी छिन् ।

यातनासम्बन्धी मुद्दामा मुलुकी संहिताको दफा १६७ अनुसार मुद्दा दायर गर्न र १६९ अनुसार क्षतिपूर्ति भराइदिनुपर्ने दफा उनीहरूविरुद्ध आकर्षित हुने उल्लेख छ । दफा १६७ अनुसार पाँच वर्षसम्म कैद सजाय हुन्छ । दिलीपसिंहलाई यातना दिइएको भन्दै उनका दाइ खडकसिंह विष्टले क्षतिपूर्ति माग गरी प्रहरीविरुद्ध जाहेरी दिएका थिए ।

### निष्कर्षहीन अनुसन्धान

अनुसन्धानमा लापरबाही गर्ने प्रहरीविरुद्ध मुद्दा दायर हुँदा पनि निर्मलाको बलात्कार र हत्यामा संलग्न अभियुक्त भने अझै फेला परेका छैनन् । प्रहरीले ६० जनाभन्दा धेरैको डिएनए परीक्षण गरे पनि कसैको पनि मिलेको छैन । राष्ट्रिय मानवअधिकार आयोगले डिएनएको नमुना संकलन र परीक्षणमै त्रुटि भएको भन्दै 'ह्युमेन इन्टेलिजेन्स'लगायत अन्य माध्यमबाट अनुसन्धान गर्न सरकारलाई निर्देशन दिएको थियो । आयोगको प्रतिवदेनमा कुनै आरोपीको डिएनए भजाइनल स्वाबको डिएनएसँग शतप्रतिशत मिले पनि सोही व्यक्ति बलात्कारपछि हत्यामा संलग्न भन्न नसकिने उल्लेख छ ।

अनेकौं छनबिन समिति बने पनि यो घटनामा अनुसन्धानको नतिजा शून्य देखिँदै आएको छ । अहिले पनि सिआइबी तथा अपराध महाशाखाका प्रहरी अधिकारी कञ्चनपुरमै बसेर घटनाको अनुसन्धान गरिरहेका छन् ।

### प्रहरीमा निराशा

अनुसन्धानमा लापरबाही गर्ने प्रहरीलाई मुद्दा दायर भएकोमा अधिकारीकर्मीले स्वागत गरेका छन् । यसले प्रहरीलाई अनुसन्धानमा थप जिम्मेवार बनाउने उनीहरूको भनाइ छ ।

तर, प्रहरीभित्रै भने यसलाई सकारात्मक रूपमा लिइएको छैन । यसले प्रहरीको मनोबल घटाउने उनीहरूको दाबी छ । पर्याप्त तालिम र स्रोत-साधनविना नै अनुसन्धान गनुपर्ने अवस्था रहेको उनीहरूको गुनासो छ । काम गर्दा कुनै कमजोरी भए अनुसन्धानकर्ताविरुद्ध नै मुद्दा चल्ने हुनाले फिल्डमा काम गर्न कोही पनि राजी नहुने अवस्था आउने तर्क उच्च प्रहरी अधिकारीहरू नै गर्छन् । नियतवश लापरबाही गरे मात्रै मुद्दा चलाइनुपर्ने उनीहरूको भनाइ छ ।

नेपाल प्रहरीका पूर्वएआइजी नवराज ढकाल यस्तो प्रवृत्तिले संगठनलाई कमजोर बनाउन सक्ने बताउँछन् । 'अनुसन्धानमा आपराधिक संलग्नताबाहेकको अवस्थामा लापरबाही गर्ने प्रहरीलाई विभागीय कारबाहीकै बाटो अवलम्बन गर्नुपर्छ,' उनी भन्छन्, 'काममा बुद्धि नपुर्‍याउँदा वा तालिमको कमजोरीले कुनै लापरबाही हुँदा पनि यसरी मुद्दा चल्यो भने भोलि जोखिम लिएर काम गर्ने प्रवृत्ति प्रहरीमा रहँदैन । यसबाट संगठन नै कमजोर हुन सक्छ । सेवा खस्कन सक्छ । यो निकै संवेदनशील विषय हो ।'

यो प्रकरणमा गृह मन्त्रालय, राष्ट्रिय मानवअधिकार आयोग तथा प्रहरी प्रधान कार्यालयले गरेका छुट्टाछुट्टै छानबिनमा नियतवश कुनै पनि प्रहरीले लापरबाही गरेको देखिएको थिएन ।

## राहतलाई दरबन्दीमा बदल्ने सहमति

**काठमाडौं/** राहत र बालविकास शिक्षक कोटालाई दरबन्दीमा बदल्ने सहमति भएको छ । शिक्षा मन्त्रालय र राष्ट्रिय शिक्षक महासंघबीच भएको छलफलमा आन्दोलनरत राहत र बालविकास शिक्षकका माग सम्बोधन गर्ने सहमति भएको हो ।

शिक्षासचिव खगराज बरालका अनुसार बालविकास र राहतलाई दरबन्दीमा बदल्ने र सो दरबन्दीमा आन्तरिक तथा खुला प्रतिस्पर्धाका लागि कानुनी व्यवस्था गर्ने सहमति भएको छ । एकपटकका लागि उमेरको हदबन्दी नलाग्ने गरी व्यवस्था गर्ने सहमति भएको छ । सामुदायिक विद्यालयमा कार्यरत राहत तथा बालविकास शिक्षकहरूले विभिन्न माग राखी आन्दोलन गर्दै आएका थिए । उनीहरूको आन्दोलनका कारण विद्यालयको पठनपाठनसमेत प्रभावित भएको थियो ।

# विप्लवकै गाउँबाट ठूलो परिमाणमा हतियार बरामद

डिलाराम भुसाल/नयाँ पत्रिका
कपिलवस्तु, २३ फागुन

नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द 'विप्लव'को गाउँबाट प्रहरीले ठूलो मात्रामा हातहतियार बरामद गरेको छ । प्रहरीले बिहीबार कपिलवस्तुको शिवराज नगरपालिका-९ शिवगढीका दुर्गाबहादुर रोकाको घरबाट हतियार बरामद गरेको हो ।

प्रहरीले उनको घरबाट एसएमजी दुई थान, चाइनिज पेस्तोल एक थान, म्यागजिन तीनवटा, एसएमजी ६८ राउन्ड गोली, पेस्तोल म्यागजिन दुईवटा, तीन थान गोली, एन १६ हतियार र त्यसमा लाग्ने क्यालिभर १३१ पिस, वेयरिङ तार ४० मिटर, रिमोट एक थान र नटबोल्ट फलामको एक बोरा बरामद गरेको जनाएको छ ।

### गोली प्रहार गरी रोका पक्राउ, अस्पतालमा उपचार हुँदै

प्रहरीले घर खानतलासी गर्न थालेपछि रोका भाग्न खोजेका थिए । सोही क्रममा प्रहरीले हानेको गोली उनको खुट्टामा लागेको थियो । घाइते अवस्थामा प्रहरीले रोकालाई पक्राउ गरेको हो । उनको लुम्बिनी अञ्चल अस्पताल बुटवलमा उपचार भइरहेको छ ।



### विनाप्रमाण स्थानीयको घरमा खानतलासी गरेको भन्दै विरोध

नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोली बिहीबार बिहान नेपाल राष्ट्रिय आधारभूत विद्यालयका प्रधानाध्यापक यादव चन्दको घरमा खानतलासीका लागि पुगेको थियो । तर, स्थानीय र विद्यार्थीले विनाप्रमाण खानतलासी गर्न लागेको भन्दै विरोध र नाराबाजी गरेका थिए । चन्दले कुनै प्रमाण र तलासी पुर्जाविना घरमा खानतलासी गर्न नदिने भनेपछि प्रहरी र स्थानीयबीच केहीबेर तनाव सिर्जना भएको थियो ।

स्थानीय र विद्यार्थीको नाराबाजीले सर्च मिसनअन्तर्गत त्यहाँ पुगेका वडा प्रहरी कार्यालय चन्द्रौटाका प्रमुख उपाध्यायले संयमता अपनाएर विद्यार्थीलाई शान्त बनाएका थिए । 'माथिको आदेशमा खानतलासी गर्न आएका हौं, विद्यार्थीमाथि शक्ति प्रयोग हुँदैन' भन्दै उनले सम्झाएका थिए । गाउँका डेढ दर्जन घरमा सर्च अभियान चलाए पनि रोकाको घरबाट मात्रै ठूलो परिमाणमा हतियार बरामद गरेको प्रहरीले जनाएको छ ।

## २५ जना...

पृष्ठ १ बाट क्रमशः

गरिएको भए पनि अझै समस्या भएको उनको भनाइ छ । दिउँसो व्यवस्थापन भए पनि राति सुत्ने व्यवस्था मिलाउन समस्या हुने गरेको जेलर केसीले बताए ।

पुरुष कैदीबन्दीलाई कोचाकोच गराएरै राखे पनि महिला कैदीबन्दीलाई झन् अप्ठ्यारो भएको छ । पाँचजना अटाउने क्षमता रहेको कारागारमा २७ जना महिला कैदीबन्दी छन् । उनीहरू दुईवटा कोठामा बस्दै आएका छन् । त्यसमा पनि तीनजना नाबालक रहेकाले सकस भइरहेको जेलर केसी बताउँछन् ।

### ८५ जनाका लागि एउटा चर्पी

सल्यान कारागारमा दुईवटा मात्रै चर्पी छन् । एउटा महिलाका लागि र अर्को पुरुषका लागि छुट्याइएको छ । महिलातर्फको चर्पी २७ जनाले प्रयोग गर्छन् भने पुरुषतर्फको चर्पी ८५ जनाले प्रयोग गर्दै आएका छन् । 'राति ८५ जनाले एउटै चर्पी प्रयोग गर्दा के हालत होला ? घन्टौं पालो कुर्नुपर्छ,' कैदीबन्दी नाइके भण्डारीले भने ।

कैदीबन्दीले प्रयोग गर्ने चर्पीका सेफ्टीट्याङ्की भरिएका छन् । बाहिर गन्ध आउन थालेको कैदीबन्दी बताउँछन् । कारागारको आँगनमा सेफ्टीट्याङ्की बनाउने योजना भए पनि बजेट नहुँदा काम गर्न नसकिएको जेलर केसीले बताए ।

### भवनका लागि जग्गा खोजिँदै

जिल्ला कारागारलाई विस्तार गर्न ठाउँ छैन । कारागारको तीनतिर जिल्ला अदालत, नेपाल टेलिकम र सडक छ भने चौथोतिर भिरालो जमिन छ । त्यसैले विस्तार गर्न नसकिएको जेलर केसीले बताए । नयाँ कारागार निर्माणका लागि जग्गाको खोजी भइरहेको उनको भनाइ छ ।

पत्र लेखेर नवीकरण र पर्यटन शुल्क उठाउन वडा कार्यालयलाई अधिकार दिएको छ ।

# उपसचिव गिरीद्वारा १८ लाख घुस असुली

नयाँ पत्रिका
काठमाडौं, २३ फागुन

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार आरोपमा एक उपसचिवविरुद्ध मुद्दा दायर गरेको छ । सडक निर्माणका क्रममा भुक्तानी रोक्ने धम्की दिई १८ लाख ५० हजार रुपैयाँ घुस लिएको आरोपमा जिल्ला प्राविधिक कार्यालय भोजपुरका तत्कालीन सिनियर डिभिजन इन्जिनियर (उपसचिव) लालु गिरीविरुद्ध अख्तियारले बिहीबार विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

भोजपुर-टक्सार-कोट-गोगने-लेखर्क सडक स्तरोन्नतिका लागि पेस्की तथा रनिङ बिल भुक्तानीका लागि उनले घुस लिएका थिए । सडक निर्माणको ठेक्का पाएको एमके रवाई पिजेभीका प्रतिनिधिसँग पटक-पटक रकम माग गरी बैंक खातामार्फत तथा नगदैसमेत गरी घुस लिएको उजुरी आयोगमा परेको थियो । छानबिनका क्रममा गिरीले घुस लिएको पुष्टि भएको अख्तियारले जाएको छ । उनको बैंक खाताको विवरणसमेत आयोगले अनुसन्धान गरेको थियो, जसमा निर्माण कम्पनीका प्रतिनिधिले पैसा दिएको पुष्टि भएको छ ।

दुई वर्ष ६ महिनादेखि चार वर्षसम्म कैद सजाय माग गरी उनीविरुद्ध आयोगले मुद्दा दायर गरेको हो । साथै, १८ लाख ५० हजार जरिवानासमेत माग गरिएको छ ।

### सरकारी इन्जिनियरको प्रमाणपत्र नै नक्कली

एक सरकारी इन्जिनियरको नक्कली प्रमाणपत्र रहेको खुलेको छ । खानेपानी तथा ढल निकास विभाग पानीपोखरी काठमाडौंको मातहतमा विभिन्न खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयमा कार्यरत इन्जिनियर मोतिउर रहमानको नक्कली प्रमाणपत्र रहेको भन्दै आयोगले मुद्दा दायर गरेको छ । भारतको अलाहबाद विश्वविद्यालयबाट बिई अध्ययन गरेको भन्दै शैक्षिक प्रमाणपत्र पेस गरेर उनी बढुवा भएका थिए ।

## पानीजहाज...

पृष्ठ १ बाट क्रमशः

ती सदस्यले बताए । त्यसो हुँदा अन्तर्राष्ट्रिय व्यापारमा प्रयोग हुने कार्गो त्यसमार्फत आउने सम्भावना कम रहेको उनको भनाइ थियो ।

भारतको टर्मिनल र रुट प्रयोगबारे छलफल

तत्काल नेपालसम्मै मालबाहक पानीजहाज ल्याउन नसकिने भएपछि भारतले गंगा नदीमा निर्माण गरेका मल्टिमोडल टर्मिनलमध्ये नेपालका लागि कुन उपयुक्त हुन्छ भन्नेबारे बैठकमा छलफल भइरहेको कार्यदलका एक सदस्यले जानकारी दिए । भारतमा पटना, बनारस तथा साहेबगन्जमा निर्माण गरिएका मल्टिमोडल टर्मिनलमध्ये कुनै वा सबैबाट नेपालसम्म मालबस्तु ल्याउन सहज हुने ती सदस्यको भनाइ छ । 'ती टर्मिनल प्रयोग नेपालबाट जलमार्गको दूरी १ सय ५० किलोमिटरसम्म हुन आउँछ, त्यसो हुँदा गंगामा निर्माण भएका टर्मिनलबाट नेपाल मालबस्तु ल्याउनु उचित हुन्छ,' उनले भने ।

### संयुक्त टोलीद्वारा सम्भावित टर्मिनल रहने स्थान पहिचान

संयुक्त टोलीले कोसीमा पानीजहाज सञ्चालनको सम्भाव्यता अध्ययन गर्दा नेपालतर्फ टर्मिनलका लागि कोसी ब्यारेजको करिब एक किलोमिटर दक्षिण हनुमाननगर क्षेत्रलाई सम्भावित ठाउँका रूपमा पहिचान गरेको छ । त्यसअघि संयुक्त टोलीले नारायणी नदीमा भने नेपाल-भारत चल्ने पानीजहाजको टर्मिनल नवलपरासीस्थित त्रिवेणी ब्यारेजनजिक राख्न सकिने सम्भावना दुई देशको प्राविधिक टोलीको अध्ययनले पहिचान गरेको छ । संयुक्त टोलीले सुस्ता गाउँपालिकामा पर्ने गण्डक नदीको स्पर (ठोकर) नम्बर १२ आसपास टर्मिनल निर्माण गर्न सकिने सम्भावित स्थान पहिचान गरेको थियो । 'त्रिवेणी ब्यारेजको पुलभन्दा तल्लो भागमा स्पर नम्बर १२ आसपास टर्मिनल बनाउन उपयुक्त देखिएको छ,' नेपालतर्फको टोलीका संयोजक जल तथा ऊर्जा आयोजनाका सहसचिव माधव बेल्वासेले बताएका थिए । भारतीय पक्षले यसबाहेक त्रिवेणी ब्यारेज पुलभन्दा माथिपट्टि नवलपुरको कावासोतीआसपास पनि टर्मिनल बनाउन सकिने जानकारी दिएको बेल्वासेको भनाइ थियो ।

संयुक्त टोलीले दुइटै नदीको पानी, बालुवा र माटोको अवस्थाबारे समेत अध्ययन गरेको छ । संयुक्त अध्ययनले कोसीभन्दा नारायणी नदीमा पानीजहाज सञ्चालनका सम्भावना बढी छ ।

### पानीजहाज कार्यालय उद्घाटन २ फागुनमा

यसअघि प्रधानमन्त्री केपी शर्मा ओलीले पानीजहाज कार्यालयको उद्घाटन २ फागुनमा गरेका थिए । ललितपुरको एकान्तकुनामा रहेको पानीजहाज कार्यालयको नेतृत्व इन्जिनियरिङ सेवाअन्तर्गतको सहसचिव ऋषिराज कोइरालाले गरिरहेका छन् । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत स्थापना भएको पानीजहाज कार्यालयमा कार्यालय प्रमुख (रजिस्ट्रार)सहित १६ जना कर्मचारी रहेका छन् ।

### जल यातायात 'टाइम लाइन'

**१५ जेठ** : अर्थमन्त्री डा. युवराज खतिवडाले चालू आवको बजेट भाषण गर्दै कोसी, नारायणी र कर्णाली नदीमा जलमार्ग सञ्चालनसम्बन्धी अध्ययन गरिने घोषणा गरे ।

**२० जेठ** : जलमार्ग निर्माण तथा सञ्चालनसम्बन्धी अध्ययन गर्न ऊर्जा आयोगका सहसचिव माधव बेल्वासेको नेतृत्वमा समिति गठन । समितिमा ऊर्जा तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात, उद्योग वाणिज्य तथा आपूर्ति र परराष्ट्र मन्त्रालयका प्रतिनिधि छन् ।

**१५ असार** : प्रधानमन्त्री केपी शर्मा ओलीले बजेटमाथि सांसदले उठाएका प्रश्नको जवाफ दिँदै यसै वर्षको पुसदेखि पानीजहाज सञ्चालन गर्ने घोषणा गरे । पानीजहाज चढेर कोलकाता जान सांसदहरूलाई निम्तोसमेत दिए ।

**३१ असार** : नेपाल र भारतबीच इनल्यान्ड वाटर-वेसम्बन्धी पहिलो प्राविधिक छलफल भयो । भारतको स्थलगत जलमार्ग प्राधिकरणका उपाध्यक्ष प्रबिर पाण्डेको नेतृत्वमा भारतीय टोली आएको थियो ।

**१ असोज** : नेपालमा पानीजहाज सञ्चालनका लागि अध्ययन गर्न बनेको इनल्यान्ड वाटर-वे अध्ययन समितिका प्रतिनिधिले १ देखि १४ असोजसम्म बनारस गएर जलमार्गसम्बन्धी अवलोकन अध्ययन गरे ।

**२६ कात्तिक** : भारतको उत्तरप्रदेश राज्यस्थित वाराणसीमा स्थलगत जलमार्गको पहिलो मल्टिमोडल टर्मिनल सञ्चालनमा आयो । यससँगै कोलकाता/हल्दिया-वाराणसीमा स्थलगत पानीजहाज औपचारिक रूपमा सञ्चालनमा आएको छ ।

**२८ माघ** : भारतको केन्द्रीय सरकारले गंगा नदीदेखि गण्डक नदीसम्म जलमार्ग निर्माण सुरु गरेको हो । भारत सरकारका केन्द्रीय जलमार्गमन्त्री नितिन गडकरीले बिहारको हाजिपुर (गंगा र गण्डकको संगम)देखि बघा (नेपालको सिमानानजिक) सम्म निर्माण हुने जलमार्गको शिलान्यास गरेका हुन् । करिब ३ सय किलोमिटर लामो उक्त जलमार्गमा चारवटा टर्मिनल हुनेछन् । जलमार्गको विस्तृत परियोजना प्रतिवेदन तयार भइसकेको छ ।

**२ फागुन** : प्रधानमन्त्री केपी शर्मा ओलीले पानीजहाज कार्यालय उद्घाटन गरे । ललितपुरको एकान्तकुनामा रहेको पानीजहाज कार्यालयको नेतृत्व इन्जिनियरिङ सेवाअन्तर्गतको राजपत्रांकित तृतीय श्रेणीका व्यक्तिले गरेका छन् । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत स्थापना भएको पानीजहाज कार्यालयमा कार्यालय प्रमुख (रजिस्ट्रार) सहित १६ जना कर्मचारी रहेका छन् ।

## पुल निर्माण...

पृष्ठ १ बाट क्रमशः

कैलाशकुमार श्रेष्ठले भने, 'नयाँ नक्सा बनाएर काम गर्नुपर्छ । केही समय लिन सक्छ ।'

सडक डिभिजनले नै दिएको पुरानो नक्साअनुसार निर्माण कम्पनीले पुलको जग हालेर पिलर ठड्याएको छ । ३ करोड २२ लाख ठेक्का लागेको पुल निर्माणमा अहिलेसम्म १ करोड ५९ लाख सकिएको छ । तर, अहिलेसम्म सकिएको निर्माण नयाँ नक्साअनुसार कति भत्काउनुपर्छ निश्चित छैन ।

साबिकको पुल बर्खाको भेलले भत्काएपछि धोबीखोलामा दुई लेनको १२ मिटर लामो पुल निर्माण कार्य अघि बढाइएको थियो । तत्काल पुल नभएपछि स्थानीयले भने फलामको फड्के हालेर वारपार गरेका थिए । तर, गत वर्षको भेलले फड्के पनि बगाएपछि स्थानीय समस्यामा छन् ।

### यही पुलका कारण जलमग्न बन्छ अनामनगर

धोबीखोला पुल निर्माणका लागि खनिएको खाल्डो र थुपारिएको माटोका कारण खोलाको बहाव थुनिएर हरेक वर्ष अनामनगर क्षेत्र जलमग्न बन्ने गरेको छ । गत वर्ष काठमाडौं महानगरपालिकाको वडा नं. १० का घर बाढी पसेर जलमग्न बनेका थिए । वडाध्यक्ष रामकुमार केसीले पुलमा थुपारिएको माटोले खोला थुनेपछि स्थानीयले पीडा भोग्नुपरेको बताए । प्रत्येक वर्ष १२ देखि १३ करोड रुपैयाँको धनमाल क्षति हुने गरेको उनले बताए । 'पुल त बन्न सकेन । त्यसमा केही छैन । तर, खोलाकै बहाबमा माटो थुपारेपछि झन् समस्या भएको छ,' वडाध्यक्ष केसीले भने, 'पानी पर्‍यो कि खोला थुनिन्छ । थुनिएको खोलाले अनामनगर नै जलमग्न बनाउँछ ।'

# कोमल ओलीद्वारा क्षमायाचना

काठमाडौं/ नेपाल कम्युनिस्ट पार्टी (नेकपा)की राष्ट्रिय सभा सदस्य कोमल वलीले एक टेलिभिजन अन्तर्वार्ताका क्रममा दिएको अभिव्यक्तिप्रति क्षमा मागेकी छिन् । दलित समुदायप्रति लक्षित उखान टुक्का प्रयोग गर्दा आफूबाट गल्ती भएको उनको भनाइ छ । भविष्यमा यस्ता शब्द प्रयोगप्रति सचेत रहने उनले बताएकी छिन् ।

'हिजोका कुविचार, कुव्याख्या तथा नमीठा शब्दहरू, भनाइहरू, उखानहरू, उत्पीडनहरू, समस्याहरू, सोचहरू, विचारहरू, मानसिकताहरू परिवर्तन हुँदै जाऊन् । बदलिँदो समयमा त्यस्ता उखानहरू प्रयोग गर्दा हामीले विशेष सावधानी अपनाउनु जरुरी छ । यो प्रकरणबाट मैले त्यही चेतना पाएको छु,' बिहीबार विज्ञप्ति जारी गर्दै उनले भनेकी छिन्, 'कार्यक्रममा मैले त्यो उखान कुनै एक समुदायको मन दुखाउन प्रयोग गरेकी थिइनँ । मैले प्रयोग गरेको उखानको शब्दले दिने अभिधार्थका कारण कसैलाई चोट पुगेको भए त्यसप्रति म क्षमायाचना गर्छु ।'

हार्दिक श्रद्धाञ्जली



जन्म
वि.सं. २०२०/३/२६

स्वर्गारोहण
वि.सं. २०७५/११/१३

स्व. गीतादेवी (पोखरेल) पौडेल

हाम्री श्रद्धेय गीतादेवी पौडेल (राधा) को ५६ वर्षको अल्पायुमा स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

ससुरा : कृष्ण प्र. पौडेल
श्रीमान् : तुल्सी प्र. पौडेल
छोरा/छोरी : विजय/लक्ष्मी
आमाजू : गंगा/यशोदा भट्टराई
आमा : पद्म कु. पोखरेल
बहिनी : शान्ता काफ्ले
भाइ/बुहारी : कृष्ण पोखरेल/शान्ता, टीकादत्त पोखरेल/मायाजा, ईश्वर पोखरेल/चारु
दिदी : देव कु. पौडेल, नन्द कु. रेग्मी

हार्दिक श्रद्धाञ्जली



जन्म:
१९८४/११/२८

स्वर्गारोहण:
२०७४ /११/०५

स्व.पुष्प कुमारी थापा क्षेत्री (राठौर)

पति: मेजर (भू. पू.) त्रिलोक सिंह थापा क्षेत्री

हाम्रा ममतामयी आमा स्व. पुष्प कुमारी थापा क्षेत्री (राठौर) को असामयिक स्वर्गारोहण भएको बार्षिक पुण्यतिथीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली श्री पशुपतिनाथसँग प्राथना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौ । साथै यस शोक र वियोगको घडीमा हाम्रो परिवार प्रति सहानुभुति प्रकट गर्नु हुने सम्पूर्ण आफन्तजन तथा शुभचिन्तकहरु प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौं ।

छोरा/बुहारीहरु:
दिनेश/उर्मिला थापा क्षेत्री
रमेश/मधु थापा क्षेत्री
नरेश/बबी थापा क्षेत्री

ज्वाई:
क्याप्टेन पाईलट दिपक नरसिंह राणा

छोरी:
ट्युलिप थापा क्षेत्री

नाती/नातिनीहरु:
हिमांशु/रमोना, निधा, शुभांन्सु, निशान्त, प्रशान्त, ससांक, दिलाशा राणा

पनाती: एलाइजा थापा क्षेत्री तथा सम्पूर्ण परिवार ।

## नेपाल स्टक एक्सचेन्ज

२३ फागुन (०७ मार्च)

- कुल सेयर : १,१६८,३०४
- कारोबार संख्या : ५,५१५
- नेप्से परिसूचक : १,१२७.७७ (१६.०१)
- कुल कारोबार रकम : रु. २९३,९३८,२०३
- बजार पुँजीकरण : १,३७७,४०८.४५ (रु. दश लाखमा)

| क्र.सं. | कम्पनीको नाम | कारोबार नम्बर | उच्च मूल्य | न्यून मूल्य | अन्तिम मूल्य | सेयर संख्या | रकम | अघिल्लो दिनको मूल्य | |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | कृषि विकास बैंक लि. | ५१ | २९४ | २९० | २९४ | ८६२४ | २५२५६३१ | २९२ | २.०० |
| २. | आखुखोला जलविद्युत् कं. लि. | २३ | ८२ | ७७ | ८० | ३४० | २७०४० | ८० | ०.०० |
| ३. | अपि पावर कम्पनी लि. | ५५ | १२९ | १२३ | १२९ | १४०९९ | १७९२०४५ | १२५ | ४.०० |
| ४. | आरम्भ मा.फा. वित्तीय संस्था लि. | १५ | ६६० | ६४८ | ६५९ | १७५ | ११४६०५ | ६५५ | ४.०० |
| ५. | अरुण काबेली पावर लि. | २६ | १६७ | १५८ | १६७ | १२३४ | २०१२६२ | १५८ | ९.०० |
| ६. | अरुण भ्याली हाइड्रोपावर डे. कं. लि. | २१ | १०१ | ९९ | १०१ | ६३६६ | ६३८७०८ | ९९ | २.०० |
| ७. | एसियन लाइफ इन्स्योरेन्स कं. लि. | ८९ | ३९९ | ३८५ | ३९८ | १०६३५ | ४१७२०५० | ३८८ | १०.०० |
| ८. | बैंक अफ काठमाण्डू लि. | ३९ | २४६ | २३८ | २४६ | १२४२७ | २९९४४९५ | २३८ | ८.०० |
| ९. | बरुण हाइड्रोपावर कं. लि. | १० | ९५ | ९१ | ९५ | ६२२ | ५७२४४ | ९३ | २.०० |
| १०. | बेस्ट फाइनान्स कं. लि. | १ | ९६ | ९६ | ९६ | १०० | ९६०० | ९६ | ०.०० |
| ११. | भार्गव विकास बैंक लि. | १ | १४८ | १४७ | १४७ | १५०० | २२०५०० | १४८ | -१.०० |
| १२. | विशाल बजार कम्पनी लि. | १ | १६०५ | १६०५ | १६०५ | ८ | १२८४० | १६०५ | ०.०० |
| १३. | बुटवल पावर कम्पनी लि. | ३२ | ३५० | ३४२ | ३५० | २०२० | ६९५७७० | ३४२ | ८.०० |
| १४. | सेन्ट्रल फाइनान्स कं. लि. | १२ | ११२ | १०४ | १०७ | १५१९ | १६५५९० | ११२ | -५.०० |
| १५. | सेन्चुरी कमर्सियल बैंक लि. | ७८ | १६३ | १६० | १६३ | १८८४७ | ३०३६२९६ | १६० | ३.०० |
| १६. | सेन्चुरी कमर्सिलि बैंक लि. (प्रो.से.) | २ | १४० | १४० | १४० | २०९९५ | २९३९३०० | १४० | ०.०० |
| १७. | चौतारी लघुवित्त वित्तीय संस्था लि. | १२८ | ५८३ | ५५५ | ५६६ | १८१० | १०१५०९० | ५५६ | १०.०० |
| १८. | छिमेक लघुवित्त विकास बैंक लि. | ५० | ८८७ | ८७२ | ८८६ | ८७८० | ७७२६५८४ | ८७४ | १२.०० |
| १९. | चिलिमे हाइड्रोपावर कं. लि. | २८ | ५०८ | ५०३ | ५०७ | २७०९ | १३६८११५ | ५०३ | ४.०० |
| २०. | सिटिजन बैंक इन्टरनेशनल लि. | ५४ | २०८ | २०२ | २०८ | १८९९० | ३८९१८७८ | २०४ | ४.०० |
| २१. | सिटिजन इन्भेष्टमेन्ट ट्रष्ट | ४८ | २५८० | २५४० | २५६३ | २९४५ | ७५४०६५५ | २५४० | २३.०० |
| २२. | सिटिजन्स म्युचल फण्ड-१ | १ | ८.८३ | ८.६६ | ८.८३ | २५००० | २२०७५० | ८.६६ | ०.१७ |
| २३. | सिटी एक्सप्रेस फाइनान्स कं. लि. | १ | ९५ | ९४ | ९५ | २०० | १९००० | ९४ | १.०० |
| २४. | सिभिल बैंक लि. | ६४ | १५२ | १४९ | १५२ | २६४२९ | ३९७४७४५ | १४९ | ३.०० |
| २५. | सिभिल बैंक लि. (प्रो.से.) | २ | ११८ | ११८ | ११८ | ८२८१ | ९७७१५८ | ११८ | ०.०० |
| २६. | सिभिल लघुवित्त वित्तीय संस्था लि. | ७ | ६१० | ५९४ | ५९४ | ५८२ | ३४७८०० | ६०६ | -१२.०० |
| २७. | कर्पोरेट डेभलपमेन्ट बैंक लि. | ९ | ९२ | ९१ | ९२ | १२१० | ११०५२० | ९१ | १.०० |
| २८. | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि. | ३१ | ५९८ | ५९० | ५९८ | ६५२१ | ३८७८८७९ | ५९५ | ३.०० |
| २९. | देव: विकास बैंक लि. | ३४ | १२४ | १२२ | १२४ | ७०७५ | ८७१०९० | १२२ | २.०० |
| ३०. | एभरेष्ट बैंक लि. | ५७ | ५२० | ५१२ | ५१८ | ६३१२ | ३२६२३६८ | ५१४ | ४.०० |
| ३१. | एभरेष्ट इन्स्योरेन्स कं. लि. | ५ | ८२५ | ८१० | ८१० | ४६० | ३७४७८० | ८१३ | -३.०० |
| ३२. | एक्सल डेभलपमेन्ट बैंक लि. | १४ | २९० | २७५ | २९० | २४०७ | ६६८४६९ | २८५ | ५.०० |
| ३३. | एक्सल डेभलपमेन्ट बैंक लि. (प्रो.से.) | १ | १६० | १६० | १६० | १०० | १६००० | १६० | ०.०० |
| ३४. | फस्ट मा.फा. डेभलपमेन्ट बैंक लि. | २६ | ३७३ | ३६२ | ३६८ | २४८४ | ९१८६२९ | ३६२ | ६.०० |
| ३५. | फरवार्ड कम्युनिटी मा.फा. वित्तीय संस्था लि. | २१ | १५६० | १५३० | १५५५ | ८५२ | १३१८६५५ | १५३० | २५.०० |
| ३६. | गण्डकी विकास बैंक लि. | ३१ | १८२ | १७८ | १८२ | १२५५३ | २२४६४७९ | १७९ | ३.०० |
| ३७. | गरिमा विकास बैंक लि. | २६ | १८८ | १८१ | १८५ | ४२३३ | ७७४०५८ | १८५ | ०.०० |
| ३८. | घलेम्दी हाइड्रो लि. | १ | २१४ | २०४ | २०४ | ३० | ६१२० | २१४ | -१०.०० |
| ३९. | ग्लोबल आइएमई बैंक लि. | ४६ | २६५ | २६० | २६४ | ६७६४ | १७७३०८४ | २६१ | ३.०० |
| ४०. | ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लि. | १८ | ११९० | १०८१ | १११० | १२९ | १४१०४८ | १०८१ | २९.०० |
| ४१. | गुडविल फाइनान्स कम्पनी लि. | ९ | ११८ | ११४ | ११४ | १२५७ | १४५६७८ | ११६ | -२.०० |
| ४२. | ग्रामिण विकास लघुवित्त वित्तीय संस्था लि. | ४९ | ४४६ | ४३९ | ४४६ | ३३५१ | १४८४२३४ | ४४१ | ५.०० |
| ४३. | ग्रीन डेभलपमेन्ट बैंक लि. | १२ | १०४ | १०१ | १०४ | २४३० | २५००९० | १०२ | २.०० |
| ४४. | गुराँस लाइफ इन्स्योरेन्स कं. लि. | २६ | ७०९ | ६९० | ७०८ | २७४१ | १९२८८०४ | ६९३ | १५.०० |
| ४५. | गोर्खाज फाइनान्स लि. | ७ | १०८ | १०६ | १०८ | २६३४६ | २७९३४२४ | १०८ | ०.०० |
| ४६. | हाथवे फाइनान्स कं. लि. | ७ | १२३ | ११७ | १२३ | १७९० | २१६७१० | ११७ | ६.०० |
| ४७. | हिमालयन बैंक लि. | १७ | ४३४ | ४२७ | ४३३ | ४३०४ | १८४९०७५ | ४२७ | ६.०० |
| ४८. | हिमालयन डिष्टिलरी लि. | १० | १३४३ | १३१७ | १३४३ | ४४० | ५८४२२० | १३३७ | ६.०० |
| ४९. | हिमालयन जनरल इन्स्योरेन्स कं. लि. | २४ | ३८८ | ३७६ | ३८८ | ३०२७ | ११६१८६७ | ३७६ | १२.०० |
| ५०. | हिमालयन पावर पार्टनर लि. | ७० | १८२ | १६९ | १७० | ११०५ | १९२९५० | १७२ | -२.०० |
| ५१. | हाइड्रो इलेक्ट्रिसिटी एन्ड डे. कं. लि. | ६१ | १३३ | १२८ | १३३ | ८५५५ | ११३०८०४ | १३० | ३.०० |
| ५२. | आईसीएफसी फाइनान्स लि. | ३ | १५० | १४७ | १५० | ७२५ | १०८४७५ | १४७ | ३.०० |
| ५३. | आइएमई जनरल इन्स्योरेन्स लि. | ९ | ४१९ | ४१० | ४१३ | १०३४ | ४२९७९६ | ४११ | २.०० |
| ५४. | जानकी फाइनान्स लि. | ९ | १६३ | १६० | १६२ | ६१२५ | ९९५२१० | १६० | २.०० |
| ५५. | जनता बैंक नेपाल लि. | ७२ | १७० | १६६ | १७० | २७०३४ | ४५५२०२९ | १६७ | ३.०० |
| ५६. | जनउत्थान सामुदायिक लघुवित्त वि. बैंक लि. | २ | २४२० | २४०० | २४२० | २४ | ५७८१४ | २४०० | २०.०० |
| ५७. | जेबिल्स फाइनान्स लि. | १५ | १४६ | १३६ | १४६ | ६२५० | ८९१०५० | १३६ | १०.०० |
| ५८. | ज्योति विकास बैंक लि. | १६ | १३५ | १३३ | १३५ | ३३१२ | ४४५००४ | १३५ | ०.०० |
| ५९. | कैलाश विकास बैंक लि. | ७ | २१० | २०५ | २०९ | २१६२ | ४५२२५४ | २०५ | ४.०० |
| ६०. | कालिका लघुवित्त वित्तीय संस्था लि. | ८ | ८५२ | ८११ | ८५२ | ११२८ | ९२९४६० | ८२० | ३२.०० |
| ६१. | कालिका पावर कम्पनी लि. | ५१ | ९४ | ९२ | ९३ | १९२० | १७८६७० | ९४ | -१.०० |
| ६२. | कामना सेवा विकास बैंक लि. | २३ | १३७ | १३४ | १३५ | ४७३७ | ६४०६२४ | १३४ | १.०० |
| ६३. | कन्चन डेभलपमेन्ट बैंक लि. | ३ | १५७ | १५१ | १५१ | १४३ | २१८९३ | १५७ | -६.०० |
| ६४. | कन्काई विकास बैंक लि. | ४ | १२४ | १२० | १२४ | ४० | ४९४० | १२० | ४.०० |
| ६५. | कर्णाली डेभलपमेन्ट बैंक लि. | १३ | ९९ | ९६ | ९८ | २४४ | २३९९५ | ९६ | २.०० |
| ६६. | खानीखोला हाइड्रोपावर कं. लि. | ११ | ७३ | ७१ | ७१ | २८२ | २०३३२ | ७२ | -१.०० |
| ६७. | किसान मा.फा. वित्तीय संस्था लि. | ९ | ८९० | ८६८ | ८९० | १९६ | १७२०९७ | ८७७ | १३.०० |
| ६८. | कुमारी बैंक लि. | ५२ | २३५ | २३० | २३५ | १३१८५ | ३०७२९३५ | २३१ | ४.०० |
| ६९. | लक्ष्मी बैंक लि. | ५३ | १९० | १८४ | १९० | १८१०६ | ३३९३८६७ | १८७ | ३.०० |
| ७०. | लक्ष्मी इक्विटी फण्ड | १ | ७.२ | ७.०६ | ७.२ | २७७८६ | २०००५९.२ | ७.०६ | ०.१४ |
| ७१. | लक्ष्मी लघुवित्त वित्तीय संस्था लि. | १७ | ७८८ | ७६९ | ७८८ | १४१८ | ११०९६७४ | ७७० | १८.०० |
| ७२. | लाइफ इन्स्योरेन्स कम्पनी नेपाल | २६ | १५०० | १४३० | १४५९ | २३५५ | ३४१४२७१ | १४३० | २९.०० |
| ७३. | लुम्बिनी विकास बैंक लि. | २६ | १७३ | १७१ | १७३ | ४१८३ | ७२०५८० | १७१ | २.०० |
| ७४. | लुम्बिनी जनरल इन्स्योरेन्स कं. लि. | २६ | ५१६ | ५०५ | ५१४ | ४८६४ | २४७५१४२ | ५०५ | ९.०० |
| ७५. | माछापुच्छ्रे बैंक लि. | ६६ | २१५ | २०९ | २१२ | २१३६८ | ४५२८३५८ | २१० | २.०० |
| ७६. | महालक्ष्मी विकास बैंक लि. | १३ | १६६ | १५७ | १६६ | ४७९४ | ७७५८५७ | १५८ | ८.०० |
| ७७. | महिला सहयात्रा मा.फा. वित्तीय संस्था लि. | ५ | ५५६ | ५३७ | ५४५ | ९९ | ५४१०४ | ५३७ | ८.०० |
| ७८. | माहुली सामुदायिक लघुवित्त वित्तीय संस्था लि. | ५ | १३६३ | १२६१ | १३६३ | १०६ | १३९६६२ | १२६१ | १०२.०० |
| ७९. | मञ्जुश्री फाइनान्स लि. | ६ | ११४ | ११२ | ११३ | १३६३ | १५३९५६ | ११२ | १.०० |
| ८०. | मेगा बैंक नेपाल लि. | १०३ | १६२ | १५७ | १६१ | ३०९५२ | ४९४३५९१ | १५७ | ४.०० |
| ८१. | मेरो मा.फा. वित्तीय संस्था लि. | २५ | ६०५ | ५८० | ६०५ | १५५८ | ९३२०४८ | ५८० | २५.०० |
| ८२. | मिर्मिरे लघुवित्त वित्तीय संस्था लि. | ८ | ९५५ | ९२० | ९५५ | ६४२ | ६०७८२० | ९२० | ३५.०० |
| ८३. | मिसन डेभलपमेन्ट बैंक लि. | ८ | १५२ | १४८ | १५२ | ३००० | ४५०६४० | १४८ | ४.०० |
| ८४. | मितेरी डेभलपमेन्ट बैंक लि. | ९ | २२८ | २२४ | २२५ | १५३४ | ३४६१५६ | २२४ | १.०० |
| ८५. | मिथिला लघुवित्त वित्तीय संस्था लि. | ६ | ६०५ | ५९५ | ६०५ | ४४५ | २६८२०५ | ५९९ | ६.०० |
| ८६. | मुक्तिनाथ विकास बैंक लि. | ४० | ३४२ | ३३७ | ३४० | ७०५५ | २३९६८५५ | ३३७ | ३.०० |
| ८७. | मल्टिप्रपोज फाइनान्स कं. लि. | २ | १३६ | १३५ | १३५ | ६० | ८१०० | १३६ | -१.०० |
| ८८. | नविल बैंक लि. | ६१ | ६९० | ६८५ | ६८८ | ७५५५ | ५१८७९१२ | ६८६ | २.०० |
| ८९. | नविल बैंक लि. (प्रो.से.) | १९ | ६५० | ६४२ | ६५० | २१७३ | १४०१३८७ | ६४२ | ८.०० |
| ९०. | नविल इक्विटी फण्ड | ५ | ७.९४ | ७.८ | ७.९४ | २७०४९ | २१३१५५.३२ | ७.८ | ०.१४ |
| ९१. | नाडेप लघुवित्त वित्तीय संस्था लि. | १८ | ६९६ | ६७८ | ६९२ | १९० | १३०११० | ६९६ | -४.०० |
| ९२. | नागबेली लघुवित्त वित्तीय संस्था लि. | १८ | ६५० | ६४० | ६५० | ६९२ | ४४६७०८ | ६४५ | ५.०० |
| ९३. | नेशनल हाइड्रो पावर कम्पनी लि. | ३० | ६७ | ६२ | ६७ | ३०६७३ | १९३०४६५ | ६२ | ५.०० |
| ९४. | नेशनल लाइफ इन्स्योरेन्स कं. लि. | ७९ | ६५४ | ६३० | ६५२ | ९४७९ | ६०९८६५९ | ६३० | २२.०० |
| ९५. | नेशनल मा.फा. वित्तीय संस्था लि. | १५ | १६८३ | १६३० | १६८३ | १९२ | ३१९५५७ | १६३४ | ४९.०० |
| ९६. | नयाँ नेपाल लघुवित्त विकास बैंक | १३ | ४७० | ४५५ | ४७० | ५४९ | २५३६३० | ४६८ | २.०० |
| ९७. | नेको इन्स्योरेन्स कं. लि. | ५६ | ५२७ | ५१५ | ५२७ | ११५०२ | ५९८७६४६ | ५१७ | १०.०० |
| ९८. | नेपाल बंगलादेश बैंक लि. | ६७ | १८७ | १८३ | १८७ | १८०६२ | ३३६१२९७ | १८५ | २.०० |
| ९९. | नेपाल बैंक लि. | ५५ | २८८ | २८३ | २८८ | १७२३२ | ४९१९४१९ | २८४ | ४.०० |
| १००. | नेपाल कम्युनिटी डेभलपमेन्ट बैंक | १ | ११६ | ११४ | ११६ | ४० | ४६४० | ११४ | २.०० |
| १०१. | नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि. | १४१ | २१२ | २०५ | २१० | ६१६५८ | १२८२८५२६ | २१२ | -२.०० |
| १०२. | नेपाल दूरसञ्चार कम्पनी लिमिटेड | २७ | ६८५ | ६७८ | ६८४ | ३९६८ | २७००८२२ | ६८० | ४.०० |
| १०३. | नेपाल हाइड्रो डेभलोपर्स लि. | ५ | १२३ | १२० | १२३ | ५० | ६०७० | १२० | ३.०० |
| १०४. | नेपाल इन्स्योरेन्स कं. लि. | ४८ | ३८३ | ३६८ | ३८३ | १०७४१ | ४०५८४३३ | ३७१ | १२.०० |
| १०५. | नेपाल इन्भेस्टमेन्ट बैंक लि. | ९१ | ५१७ | ५०८ | ५१७ | १०४५५ | ५३८५४५३ | ५०८ | ९.०० |
| १०६. | नेपाल इन्भेष्टमेन्ट बैंक लि. (प्रो.से.) | ८ | ४७२ | ४६८ | ४७० | १३०० | ६११२८० | ४६८ | २.०० |
| १०७. | नेपाल लाइफ इन्स्योरेन्स कं. लि. | २४९ | ११२० | १०७८ | १११० | १८१०७ | १९९२७१९० | १०७८ | ३२.०० |
| १०८. | नेपाल एसबिआई बैंक लि. | ३५ | ३८२ | ३७३ | ३८२ | ६७८१ | २५५६८८१ | ३७३ | ९.०० |
| १०९. | नेपाल सेवा लघुवित्त वित्तीय संस्था लि. | २४ | ५७१ | ५२६ | ५७१ | ३७० | २०४६०० | ५५५ | १६.०० |
| ११०. | नेरुडे लघुवित्त विकास बैंक लि. | १२ | ४७१ | ४५५ | ४७१ | १८१३ | ८४३७८२ | ४५५ | १६.०० |
| १११. | ङादी ग्रुप पावर परिवार | ११ | ११६ | ११३ | ११४ | १००२ | ११४३८७ | ११५ | -१.०० |
| ११२. | एनआईबीएल प्रगति फण्ड | १ | ८.९८ | ८.८५ | ८.९८ | ७२६३ | ६५२२१.७४ | ८.८५ | ०.१३ |
| ११३. | एनआईसी एसिया बैंक लि. | १०९ | ३९२ | ३८५ | ३९१ | २६६९७ | १०३५४६५४ | ३८५ | ६.०० |
| ११४. | एनआईसी एसिया ग्रोथ फन्ड | १ | ८.६६ | ८.५२ | ८.५२ | ५०० | ४२६० | ८.६६ | -०.१४ |
| ११५. | निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लि. | ९ | ७२५ | ७१६ | ७२५ | ४२५ | ३०७४२६ | ७२४ | १.०० |
| ११६. | एनएलजी इन्स्योरेन्स कं. लि. | १९ | ८२८ | ७९९ | ८२३ | २५४७ | २०७०६०७ | ८१५ | ८.०० |
| ११७. | एनएमबी मा.फा. वित्तीय संस्था लि. | ३ | १०६० | १०५० | १०६० | १३५ | १४३१०० | १०५० | १०.०० |
| ११८. | एनएमबि बैंक लि. | १०७ | ३१५ | ३०६ | ३१५ | १८४३१ | ५७२९६०८ | ३०६ | ९.०० |
| ११९. | एनएमबी हाइब्रिड फन्ड एल-१ | १ | ८.७५ | ८.६ | ८.६ | ३००० | २५८०० | ८.७५ | -०.१५ |
| १२०. | एनएमबी सुलभ इन्भेष्टमेन्ट फण्ड-१ | ९ | १०.३५ | १०.०५ | १०.२ | ८०५०० | ८१८८९५ | १०.०५ | ०.१५ |
| १२१. | ओरियन्टल होटल्स लि. | ६ | ४२९ | ४१५ | ४२९ | ५८१ | २४५६४१ | ४२१ | ८.०० |
| १२२. | पञ्चकन्या माइ हाइड्रोपावर लि. | ८९ | ११४ | १०८ | ११२ | १२७० | १४१६५० | ११० | २.०० |
| १२३. | पोखरा फाइनान्स लि. | १३ | १३२ | १२९ | १३० | ५१७ | ६७६२१ | १२९ | १.०० |
| १२४. | प्रभु बैंक लि. | १५३ | २२४ | २१५ | २२४ | ४७६९८ | १०४६७५३५ | २१६ | ८.०० |
| १२५. | प्रभु इन्स्योरेन्स लि. | ४९ | ४१८ | ४०७ | ४१८ | ९९०१ | ४०८७१९१ | ४१० | ८.०० |
| १२६. | प्रिमियर इन्स्योरेन्स कं. लि. | ७० | १०३५ | १००५ | १०३० | ३६०८ | ३७०१७१९ | १०१८ | १२.०० |
| १२७. | प्राइम कमर्सियल बैंक लि. | ६५ | ३१२ | ३०८ | ३१२ | १२१९१ | ३७८१७१३ | ३०८ | ४.०० |
| १२८. | प्राइम लाइफ इन्स्योरेन्स कं.लि. | ४७ | ४५० | ४३७ | ४५० | ७८३३ | ३५०६९९६ | ४३७ | १३.०० |
| १२९. | प्रुडेन्सियल इन्स्योरेन्स कं. लि. | १५ | ६९४ | ६७६ | ६९४ | २०४२ | १४०८११९ | ६८८ | ६.०० |
| १३०. | पूर्णिमा विकास बैंक लि. | ६६ | १८८ | १७१ | १८८ | १५३९६ | २७७६०८६ | १७१ | १७.०० |
| १३१. | राधि विद्युत् कम्पनी लि. | १५ | १७१ | १५७ | १७१ | १७३२ | २९४२६७ | १५७ | १४.०० |
| १३२. | रैराङ हाइड्रोपावर डेभलपमेन्ट कं. लि. | १६ | ९६ | ९३ | ९६ | ६४५ | ६१७८० | ९४ | २.०० |
| १३३. | राष्ट्रिय विमा कम्पनी लि. | ५ | ९३५० | ९०५० | ९३५० | ७० | ६४९३१० | ९०५० | ३००.०० |
| १३४. | राष्ट्रिय विमा कम्पनी लि. (प्रो.से.) | १५ | ८६५० | ८५०० | ८५०६ | २५५ | २१७९१९० | ८५०० | ६.०० |
| १३५. | रिलायन्स फाइनान्स लि. | ४ | ११४ | ११० | ११४ | ४३८ | ४९८६० | ११२ | २.०० |
| १३६. | रिडी हाइड्रोपावर डेभलपमेन्ट कं. लि. | १६ | ९२ | ८६ | ९२ | १५५९ | १३७५१५ | ८७ | ५.०० |
| १३७. | आरएमडिसी लघुवित्त वित्तीय संस्था | १९ | ५४९ | ५२३ | ५४० | २८४६ | १५२०५३३ | ५३९ | १.०० |
| १३८. | आरएसडिसी लघुवित्त वित्तीय संस्था | ३ | ३८० | ३७६ | ३८० | ११८ | ४४७१४ | ३८० | ०.०० |
| १३९. | सगरमाथा इन्स्योरेन्स कं. लि. | ७ | १३०५ | १२८५ | १२९५ | २४० | ३१०२९० | १२८५ | १०.०० |
| १४०. | सहयोगी विकास बैंक लि. | ५ | १८९ | १८० | १८९ | १४२ | २६११२ | १८१ | ८.०० |
| १४१. | समता मा.फा. वित्तीय संस्था लि. | ६ | १३१८ | १२९२ | १३०२ | १६८ | २१८९८२ | १३१८ | -१६.०० |
| १४२. | सामुदायिक लघुवित्त वित्तीय संस्था | ४१ | ७८३ | ७६१ | ७७७ | ८१० | ६२४६२० | ७६८ | ९.०० |
| १४३. | साना किसान विकास बैंक लि. | १२ | ८६० | ८३५ | ८६० | १२०५ | १०१९०६० | ८३५ | २५.०० |
| १४४. | सानिमा बैंक लिमिटेड | ५५ | ३०० | २९३ | ३०० | १०५५८ | ३१३५८१० | २९३ | ७.०० |
| १४५. | सानिमा इक्विटी फण्ड | १ | ८.५५ | ८.३८ | ८.३८ | ६५० | ५४४७ | ८.५५ | -०.१७ |
| १४६. | सानिमा माई हाइड्रोपावर लि. | १३ | २२७ | २१९ | २२४ | ९०८ | २०३९३१ | २२२ | २.०० |
| १४७. | सांग्रिला डेभलपमेन्ट बैंक लि. | १२ | १३९ | १३६ | १३८ | ४४९९ | ६१७५९२ | १३७ | १.०० |
| १४८. | शिखर इन्स्योरेन्स कं. लि. | ४२ | ८८५ | ८७२ | ८८१ | ४२८६ | ३७६२१४७ | ८७५ | ६.०० |
| १४९. | शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लि. | २४ | २४१ | २३६ | २४० | ५३८४ | १२८१५३८ | २४० | ०.०० |
| १५०. | श्री इन्भेष्टमेन्ट फाइनान्स कं. लि. | ५ | १३५ | १३२ | १३५ | २३३४ | ३१२७०१ | १३४ | १.०० |
| १५१. | सिर्जना फाइनान्स (वित्तीय संस्था) | १ | २१९ | २१५ | २१९ | १७ | ३७२३ | २१५ | ४.०० |
| १५२. | सिद्धार्थ बैंक लि. | ४१ | २८४ | २७७ | २८१ | ६८१८ | १९१२५९८ | २७९ | २.०० |
| १५३. | सिद्धार्थ इक्विटी फन्ड | ४ | ९.३ | ९.२ | ९.२ | ६२०० | ५७०४१ | ९.३ | -०.१० |
| १५४. | सिद्धार्थ इक्विटी ओरियन्टेड स्मिक | ४ | ९.६१ | ९.५३ | ९.६ | ४०००० | ३८४१०० | ९.५३ | ०.०७ |
| १५५. | सिद्धार्थ इन्स्योरेन्स लि. | २० | ६१२ | ५९७ | ६१२ | ३०९८ | १८८२१५८ | ५९७ | १५.०० |
| १५६. | सिन्धु विकास बैंक लि. | ६ | १२० | ११६ | ११८ | ३६० | ४२८४० | ११६ | २.०० |
| १५७. | सोल्टी होटल लि. | ५ | २०५ | २०० | २०४ | १४५९ | २९६००९ | २०५ | -१.०० |
| १५८. | स्ट्यान्डर्ड चार्टर्ड बैंक लि. | ७१ | ५३६ | ५३० | ५३३ | ६४०६ | ३४०८४८६ | ५३२ | १.०० |
| १५९. | समिट मा.फा.डेभलपमेन्ट बैंक लि. | १७ | ६६६ | ६३० | ६६६ | ९८५ | ६३२९८० | ६६६ | ०.०० |
| १६०. | सनराइज बैंक लि. | ५० | २१४ | २०६ | २१४ | १९९६६ | ४१७६४४१ | २०९ | ५.०० |
| १६१. | सपोर्ट मा.फा. वित्तीय संस्था लि. | ११ | ६३९ | ६१० | ६३९ | १२० | ७४८९० | ६१० | २९.०० |
| १६२. | सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लि. | ६२ | ५३८ | ५१५ | ५३५ | ५२८६ | २८०९७६६ | ५२३ | १२.०० |
| १६३. | सूर्योदय लघुवित्त वित्तीय संस्था लि. | ११ | ९७९ | ९५१ | ९७९ | ३८१ | ३६५३०४ | ९६० | १९.०० |
| १६४. | स्वावलम्वन लघुवित्त वित्तीय संस्था | ५ | ८१५ | ८०० | ८१५ | १२० | ९७४९० | ८०० | १५.०० |
| १६५. | स्वदेशी लघुवित्त वित्तीय संस्था लि. | ८ | ५९६ | ५८५ | ५९० | ४६८ | २७७०१३ | ५८५ | ५.०० |
| १६६. | स्वरोजगार लघुवित्त विकास बैंक | १६ | ५१० | ४९१ | ५१० | १४५६ | ७३०७३८ | ४९९ | ११.०० |
| १६७. | सिनर्जी पावर डेभलपमेन्ट लि. | १२ | ९२ | ८९ | ९१ | ३३६ | ३०६३६ | ९० | १.०० |
| १६८. | तारागाउँ रिजेन्सी होटल लि. | ४ | २४८ | २४३ | २४७ | ४० | ९८०० | २४८ | -१.०० |
| १६९. | तिनाउ डेभलपमेन्ट बैंक लि. | ५ | १६४ | १५८ | १६४ | ४१० | ६६२७१ | १५८ | ६.०० |
| १७०. | युनिलिभर नेपाल लि. | ४ | १९४९२ | १९१०५ | १९१०५ | ८० | १५२८४०० | १९४९२ | -३८७.०० |
| १७१. | युनाइटेड इन्स्योरेन्स कं. (नेपाल) लि. | १६ | ७८२ | ७५७ | ७८२ | ६७८ | ५२४८७१ | ७७० | १२.०० |
| १७२. | युनाइटेड मोदी हाइड्रोपावर लि. | ४ | १०९ | १०५ | १०९ | ११० | ११८४२ | १०७ | २.०० |
| १७३. | उन्नति मा.फा. वित्तीय संस्था लि. | ११ | १२७५ | १२४० | १२७५ | ८४५ | १०६५०६५ | १२४० | ३५.०० |
| १७४. | अपर तामाकोशी हाइड्रोपावर लि. | ६३९ | २३१ | २२५ | २३० | ४७३२८ | १०७६४५३८ | २२६ | ४.०० |
| १७५. | विजय लघुवित्त वित्तीय संस्था लि. | १० | ६८५ | ६७० | ६८५ | ४१४ | २७९९८२ | ६७७ | ८.०० |
| १७६. | वोमी मा.फा. वित्तीय संस्था लि. | ३९ | ११२८ | १०६५ | ११२८ | १९६६ | २१५५६६१ | ११११ | ९.०० |

# १.४४ प्रतिशत बढ्यो नेप्से कारोबार रकम पनि बढ्यो

**नयाँ पत्रिका**
**काठमाडौं, २३ फागुन**

साताको अन्तिम कारोबार दिन नेप्से परिसूचक १ दशमलव ४४ प्रतिशत बढेर बन्द भएको छ। नेप्से उकालो लागेसँगै यस दिन कारोबार रकममा पनि सुधार देखिएको छ। दैनिक औसतमा २० करोडको कारोबार भइरहेको बजारमा यस दिन २९ करोडभन्दा बढीको सेयर खरिद-बिक्री भएको छ। बजार खुलेदेखि उकालो लागेको नेप्से, १ हजार १ सय २१ बिन्दुमा पुगेर ओरालो लागेको थियो। लगानीकर्ता नाफा सुरक्षित गर्नतर्फ लागेका कारण सो समयमा बजार ओरालो लागेको थियो। तर, मध्याह्नपछि बजारमा खरिदकर्ता बढ्न थाले पनि बजार पुनः उकालो लागेको थियो। बजारले अब सकारात्मक दिशा लिने अपेक्षा लगानीकर्ताले गरेका छन्। आगामी कारोबार दिन भने बजारले करेक्सनको सामना गर्न सक्ने एक विश्लेषकले बताए। अल्पकालीन लगानीकर्ता नाफा सुरक्षित गर्नतर्फ लाग्ने भएकाले बजारमा सो अवस्था आउने उनको भनाइ छ।

### बजार सारांश

नेप्से परिसूचक यस दिन १६ दशमलव शून्य १ अंक बढेर १ हजार १ सय २७ दशमलव ७७ बिन्दुमा पुगेको छ। सेन्सेटिभ इन्डेक्स यस दिन ३ दशमलव ४३ अंक बढेर २ सय ३९ दशमलव ७२ बिन्दुमा पुगेको छ। त्यसैगरी, फ्लोट इन्डेक्स यस दिन १ दशमलव २६ अंक बढेको छ भने सेन्सेटिभ इन्डेक्स १ दशमलव १६ अंक बढेको छ। यस दिन १ सय ७६ कम्पनीको ५ हजार ५ सय १५ पटकको कारोबारमा २९ करोड ३९ लाख ३८ हजार २ सय ३ रुपैयाँबराबरको ११ लाख ६८ हजार ३ सय ४ कित्ता सेयर खरिद-बिक्री भएको छ।

### प्राविधिक विश्लेषण

**आरएसआई :** नेप्सेको १४ दिने आरएसआई यस दिन ५१ दशमलव शून्य ६ स्केलमा पुगेको छ। बजार बढे पनि आरएसआई न्युट्रल जोनमा रहनुले बजारमा सेयर खरिद-बिक्री चाप सन्तुलनमा रहेको संकेत गर्दछ।

**एडी रेसियो :** नेप्सेको एडी रेसियो यस दिन ६ दशमलव १३ रहेको छ। यसले बजार बुलिस प्रवृत्तिमा रहेको संकेत गर्दछ। यस दिन कारोबारमा आएका १ सय ७६ कम्पनीमध्ये १ सय ४१ कम्पनीको सेयरमूल्य बढेको छ भने २३ कम्पनीका मात्र सेयरमूल्य घटेको छ। बाँकी १२ कम्पनीको सेयरमूल्य यस दिन स्थिर रहेको छ।

यस दिनको पिभट विश्लेषण गर्दा, नेप्सेको पिभट बिन्दु १ हजार १ सय २२ दशमलव ४३ रहेको छ। आगामी कारोबार दिन नेप्से ओरालो लागे १ हजार १ सय १७ दशमलव शून्य ९ बिन्दुमा पहिलो टेवा पाउने देखिन्छ भने १ हजार १ सय ६ दशमलव ४२ बिन्दुमा दोस्रो टेवा पाउने देखिन्छ। त्यसैगरी, बजार उकालो लागे १ हजार १ सय ३३ दशमलव १० बिन्दुमा पहिलो प्रतिरोध र १ हजार १ सय ३८ दशमलव ४४ बिन्दुमा दोस्रो प्रतिरोधको सामना गर्नेछ।

### नेपाल लाइफको सर्वाधिक कारोबार

यस दिन कारोबार रकमका आधारमा नेपाल लाइफ इन्स्योरेन्स अगाडि रहेको छ। सो कम्पनीको यस दिन २ करोड बराबरको सेयर खरिद-बिक्री भएको छ। कम्पनीले २५ प्रतिशत बोनस र २३ दशमलव ५ प्रतिशत नगद लाभांश वितरण गर्ने घोषणा गरेका कारण लगानीकर्ता यसतर्फ आकर्षित भएका हुन्। नेपाल क्रेडिट एन्ड कमर्स बैंक, अपर तामाकोसी, प्रभु बैंक र एनआइसी एसियाको कारोबार रकम पनि यस दिन १ करोड नाघेको छ। सेयर संख्याका आधारमा नेपाल क्रेडिट कमर्स बैंक अगाडि रहेको छ भने कारोबार संख्याका आधारमा अपर तामाकोसी अगाडि रहेको छ। यस दिन नेपाल क्रेडिट एन्ड कमर्सको ६१ हजार ६ सय ५८ कित्ता सेयर किनबेच भएको छ। अपर तामाकोसीको यस दिन ६ दशमलव ३९ पटक सेयर कारोबार भएको छ।

### पूर्णिमाको सेयरमूल्यमा सर्किट ब्रेक

यस दिन पूर्णिमा विकास बैंकको सेयरमूल्य १० प्रतिशत बढेर सर्किट ब्रेक लागेको छ। अघिल्लो कारोबार दिन १ सय ७१ रुपैयाँ रहेको यस बैंकको सेयरमूल्य यस दिन १७ रुपैयाँ बढेर १ सय ८८ रुपैयाँमा अन्तिम कारोबार भएको छ। राधि विद्युत् कम्पनी, महुली सामुदायिक लघुवित्त र नेसनल हाइड्रोपावर कम्पनीको सेयरमूल्य यस दिन ८ प्रतिशतभन्दा बढी बढेको छ। घलेम्दी हाइड्रो र सेन्ट्रल फाइनान्सको सेयरमूल्य भने यस दिन ४ प्रतिशतभन्दा बढी घटेको छ।

### पिभट विश्लेषण

| | |
|---|---|
| तेस्रो प्रतिरोध | ११४९.११ |
| दोस्रो प्रतिरोध | ११३८.४४ |
| पहिलो प्रतिरोध | ११३३.१० |
| पिभट बिन्दु | ११२२.४३ |
| पहिलो टेवा | १११७.०९ |
| दोस्रो टेवा | ११०६.४२ |
| तेस्रो टेवा | ११०१.०८ |

### ९ समूहको परिसूचक बढ्यो

यस दिन कारोबारमा आएका १० समूहमध्ये ९ समूहको परिसूचक बढेको छ भने १ समूहको परिसूचक घटेको छ। जीवन बिमा समूहको परिसूचक यस दिन सर्वाधिक २ दशमलव ७७ प्रतिशत बढेको छ। त्यसैगरी, निर्जीवन बिमा समूहको परिसूचक १ दशमलव ९६ प्रतिशत, लघुवित्त समूहको १ दशमलव ५९ प्रतिशत, जलविद्युत् समूहको १ दशमलव ५३ प्रतिशत, वाणिज्य बैंक समूहको १ दशमलव ४७ प्रतिशत र विकास बैंक समूहको १ दशमलव २७ प्रतिशत बढेको छ। कारोबारमा आएको अन्य समूहको परिसूचक शून्य दशमलव ८२ प्रतिशत, वित्त समूहको शून्य दशमलव ७४ प्रतिशत र होटेल समूहको शून्य दशमलव शून्य २ प्रतिशत बढेको छ। उत्पादनमूलक समूहको परिसूचक भने यस दिन शून्य दशमलव ९२ प्रतिशत घटेको छ।

## शिवम्को आइपिओ बाँडफाँड

शिवम् सिमेन्ट्स लिमिटेडले फागुन २२ गते आइपिओ बाँडफाँड गरेको छ। कम्पनीले फागुन ६ गतेदेखि १४ गतेसम्म सर्वसाधारण तथा आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि निष्कासन गरेको साधारण सेयर बाँडफाँड गरेको हो।

कम्पनीले प्रतिसेयर रु. १०० अंकित दरमा प्रिमियमबापत रु. २०० थप गरी प्रति सेयर रु. ३०० का दरले सर्वसाधारणका लागि ४३ लाख ४० हजार कित्ता र प्रतिसेयर रु. १०० अंकित दरमा प्रिमियपबापत रु. १०० थप गरी प्रति सेयर रु. २०० का दरले ५ लाख ७९ हजार ६४० साधारण सेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि निष्कासन गरेको थियो। कम्पनीको धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक सिद्धार्थ क्यापिटल लिमिटेड रहेको छ।

## माउन्टेन हाइड्रोको आइपिओ निष्कासन खुला

माउन्टेन हाइड्रो नेपाल लिमिटेडले फागुन २३ गतेदेखि आइपिओ निष्कासन तथा बिक्री खुला गरेको छ। कम्पनीले १८ लाख १६ हजार ११० कित्ता साधारण सेयर निष्कासन गरेको हो। निष्कासन बन्द छिटोमा फागुन २८ गते र ढिलोमा चैत २२ गते हुनेछ। कम्पनीले निष्कासन गरेको आइपिओलाई इक्रा नेपालले औसतभन्दा कम आधार जनाउने 'इक्राएनपी आइपिओ ग्रेड ४' रेटिङ दिएको छ। कम्पनीले आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि निष्कासन गरेको सेयरमा आवेदन नपरेको ५ लाख ६६ हजार १ सय १० कित्तासहित सो आइपिओ सर्वसाधारणमा जारी गरेको हो। निष्कासन गरेको कुल सेयरमध्ये ३६ हजार ३ सय २२ कित्ता सेयर कर्मचारीलाई र ४० हजार कित्ता सामूहिक लगानी कोषहरूलाई बाँडफाँड गरिएको थियो। सर्वसाधारण लगानीकर्ताले बाँकी १७ लाख ३९ हजार ७ सय ८८ कित्ताका लागि आवेदन दिन सक्नेछन्।

कम्पनीको धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक सिद्धार्थ क्यापिटल लिमिटेड रहेको छ। लगानीकर्ताले सिद्धार्थ क्यापिटल, माउन्टेन हाइड्रो नेपालको रजिस्टर्ड कार्यालय र नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्बा सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरूबाट सि-आस्बा प्रणालीमार्फत आवेदन दिन सक्नेछन्। लगानीकर्ताले न्यूनतम ५० कित्ता र अधिकतम ८० हजार कित्तासम्मका लागि आवेदन दिन सक्नेछन्। कम्पनीको प्रतिमेगावाट लागत १९ करोड ८२ लाख २७ हजार १ सय ६८ दशमलव १० रुपैयाँ रहेको छ भने कुल लागत ४ अर्ब २८ करोड १७ लाख ६ हजार ८ सय ३१ रुपैयाँ रहेको छ। कम्पनीले विद्युत् विकास विभागबाट ०७० साउन ९ गते विद्युत् उत्पादन अनुमति पत्र पाएको थियो। कम्पनीको विद्युत् उत्पादन अनुमति अझै ३० वर्ष बाँकी रहेको छ। कम्पनीको लगानी फिर्ता हुने अवधि ८ दशमलव १७ वर्ष र डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि १० दशमलव ७२ वर्ष रहेको छ।

## हकप्रद सेयर

| कम्पनीको नाम | अनुपात | कुल कित्ता | सुरु–बन्द | बुक क्लोज/स्वीकृत/आवेदन मिति |
|---|---|---|---|---|
| मिथिला लघुवित्त वित्तीय संस्था लि. | २:१ | ३,२९,८८९.६९ | १७ माघ–२९ फागुन | १ माघमा बुक क्लोज |
| उन्नति मा.फा. वित्तीय संस्था लि. | ५:१ | १,१०,००० | १३ फागुन–१७ चैत | २० पुसमा सेबोनबाट स्वीकृत |
| मेरो मा.फा. वित्तीय संस्था लि. | १:१ | ३२,८९,००० | १९ फागुन–२४ चैत | २४ माघमा बुक क्लोज |
| नेपाल इन्स्योरेन्स कं. लि. | १:०.६५ | ४०,१४,६५१.५८ | २१ फागुन–२५ चैत | १३ माघमा सेबोनबाट स्वीकृत |
| एसियन लाइफ इन्स्योरेन्स कं. लि. | १:०.६ | ७५,४०,३५२.७३ | | २२ फागुनमा बुक क्लोज |
| सूर्या लाइफ इन्स्योरेन्स कं. लि. | १०:७ | ७९,२३,३०० | | १२ मंसिरमा सेबोनबाट स्वीकृत |
| गुराँस लाइफ इन्स्योरेन्स लि | २:१ | २,९७०,००० | | १९ चैतमा सेबोनबाट स्वीकृत |
| युनाइटेड फाइनान्स | ५:१ | १३,४५,४१०.९५ | | २१ जेठमा सेबोनबाट स्वीकृत |
| ललितपुर फाइनान्स लि. | १:१ | १८,७९,४५४ | | ११ वैशाखमा सेबोनबाट स्वीकृत |
| जनउत्थान सामुदायिक लघुवित्त | १:१ | २,८८,००० | | ७ फागुनमा सेबोनमा आवेदन |
| ग्रामीण विकास बैंक लि. | १:०.५ | ३२.७५,००० | | २९ माघमा सेबोनमा आवेदन |
| ङादी ग्रुप पावर लि. | १०:३ | १६,०६,६६४.४० | | २३ पुसमा सेबोनमा आवेदन |
| अपि पावर कम्पनी | १:२ | २,२६,८०,००० | | ४ पुसमा सेबोनमा आवेदन |
| सिर्जना फाइनान्स लि. | १०:६ | २४,०४,०८० | | २ असोजमा सेबोनमा आवेदन |
| वरुण हाइड्रोपावर कं. लि. | १:१ | २५,५१,५०० | | २२ जेठमा सेबोनमा आवेदन |
| श्रीराम सुगर मिल्स | १:३ | ८९,०३,९४९.८१ | | २८ वैशाख ०७४ मा सेबोनमा आवेदन |

## साधारण सेयर

| कम्पनीको नाम | धितोपत्र प्रकार | कुल कित्ता | सुरु–बन्द | बिक्री प्रबन्धक |
|---|---|---|---|---|
| ग्रिनलाइफ हाइड्रोपावर लि. | आइपिओ (स्थानीय) | १८,००,००० | २२ माघ–२६ फागुन | काठमाडौं क्यापिटल लि. |
| १०.५ प्रतिशत ग्लोबल आइएमई डिबेन्चर २०८० | ऋणपत्र | ६,००,००० | १५ फागुन–१४ चैत | एनआइबिएल एस क्यापिटल लि. |
| माउन्टेन हाइड्रो नेपाल लि. | आइपिओ | १८,१६,११० | २३–२८ फागुन | सिद्धार्थ क्यापिटल लि. |
| स्पर्श लघुवित्त वित्तीय संस्था लि. | आइपिओ | २,६९,६३० | २६–२९ फागुन | सानिमा क्यापिटल लि. |
| १० प्रतिशत एनएमबि डिबेन्चर | ऋणपत्र | १२,००,००० | ३० फागुन–२ चैत | सिद्धार्थ क्यापिटल लि. |
| जनसेवी लघुवित्त वित्तीय संस्था लि. | आइपिओ | ४,६३,३०० | – | एनएमबि क्यापिटल लि. |
| युनियन हाइड्रोपावर लि. | आइपिओ | ३५,३४,३४० | – | लक्ष्मी क्यापिटल मार्केट लि. |
| हिमालयन ऊर्जा विकास कं. लि. | आइपिओ | १४,८५,००० | – | नबिल इन्भेष्टमेन्ट बैंकिङ लि. |
| इन्फिनिटी लघुवित्त वित्तीय संस्था लि. | आइपिओ | ६७४,००० | – | सिभिल क्यापिटल मार्केट लि. |
| नेपाल एग्रो लघुवित्त वित्तीय संस्था | आइपिओ | १,६१,७७८ | – | नेपाल एसबिआई क्यापिटल लि. |
| १० प्रतिशत सनराइज डिबेन्चर २०८० | ऋणपत्र | ४,००,००० | – | प्रभु क्यापिटल लि. |
| स्वाभिमान मा.फा. वित्तीय संस्था लि. | आइपिओ | १,९८,६१० | – | सिद्धार्थ क्यापिटल लि. |
| हिमाल दोलखा हाइड्रोपावर कं. लि. | आइपिओ | ६२,००,००० | – | ग्लोबल आइएमई क्यापिटल लि. |
| हिमाल दोलखा हाइड्रोपावर कं. लि. | आइपिओ (स्थानीय) | १६,००,००० | – | ग्लोबल आइएमई क्यापिटल लि. |
| गुराँस लघुवित्त वित्तीय संस्था लि. | आइपिओ | २,५०,००० | – | एनआइबिएल एस क्यापिटल लि. |
| सान्जेन जलविद्युत् कं. लि. | आइपिओ | ५४,७५,००० | – | नागरिक लगानी कोष |
| गणपति मा.फा. वित्तीय संस्था लि. | आइपिओ | ३,३५,००० | – | एनआइबिएल एस क्यापिटल लि. |
| रसुवागढी हाइड्रोपावर कं. लि. | आइपिओ | १,०२,६३,१५० | – | सिद्धार्थ क्यापिटल लि. |
| भैरवकुण्ड हाइड्रोपावर लि. | आइपिओ | २५,३३,२८० | – | ग्लोबल आइएमई क्यापिटल लि. |
| भैरवकुण्ड हाइड्रोपावर लि. | आइपिओ (स्थानीय) | ६,५०,००० | – | ग्लोबल आइएमई क्यापिटल लि. |
| नबिल ब्यालेन्स्ड फन्ड–२ | म्युचुअल फन्ड | १२,००,००,००० | – | नबिल इन्भेष्टमेन्ट बैंकिङ लि. |
| एनआइसी एसिया ब्यालेन्स्ड फन्ड | म्युचुअल फन्ड | १२,५०,००,००० | – | एनआइसी एसिया क्यापिटल लि. |
| रुरु जलविद्युत् परियोजना लि. | आइपिओ (स्थानीय) | ४,०७,७०५ | – | एनएमबि क्यापिटल लि. |
| शुभम पावर लि. | आइपिओ | ५,८०,५८० | – | सिबिआइएल क्यापिटल लि. |
| जनसेवी लघुवित्त वित्तीय संस्था लि. | आइपिओ | ४,२०,००० | – | एनएमबि क्यापिटल लि. |
| सयपत्री हाइड्रोपावर लि. | आइपिओ | ३,००,००० | – | एनआइबिएल एस क्यापिटल लि. |
| एनएमबि–५० | म्युचुअल फन्ड | १२,००,००,००० | – | एनएमबि क्यापिटल लि. |
| सिटिजन्स म्युचुअल फन्ड–२ | म्युचुअल फन्ड | १०,००,००,००० | – | सिबिआइएल क्यापिटल लि. |
| सिबिआइएल क्यापिटल लि. | आइपिओ | ३,००,००० | – | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ लि. |
| मैलुङ खोला जलविद्युत् कं. लि. | आइपिओ | ७३६,२८६ | – | सिद्धार्थ क्यापिटल लि. |
| ग्लोबल आइएमई ब्यालेन्स्ड फन्ड | म्युचुअल फन्ड | १२,००,००,००० | – | ग्लोबल आइएमई क्यापिटल |
| लाफिङ बुद्ध पावर नेपाल लि. | आइपिओ (स्थानीय) | ९,७८,००० | – | सिद्धार्थ क्यापिटल लि. |
| युनिक हेडल कम्पनी लि. | आइपिओ (स्थानीय) | ५,५०,००० | – | एनएमबि क्यापिटल लि. |
| अरुण भ्याली हाइड्रोपावर डे.कं. | एफपिओ | ३१,५७,८८३ | – | |
| सिइडिबी हाइड्रोपावर फन्ड लि. | आइपिओ | २२,८९,३०० | – | सनराइज क्यापिटल लि. |
| एनआइबिएल सहभागिता फन्ड | म्युचुअल फन्ड | ५,००,००,००० | – | एनआइबिएल क्यापिटल |
| गर्जाङ उपत्यका हाइड्रोपावर लि. | आइपिओ (स्थानीय) | २,००,००० | – | एनआइबिएल क्यापिटल |

## विदेशी विनिमय दर

०७५ साल २४ फागुन, नेपाल राष्ट्र बैंकले तोकेको विनिमय दर

| मुद्रा | एकाइ | खरिददर (रु.मा) | बिक्रीदर (रु.मा) |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ | १११।७० | ११२।३० |
| युरो | १ | १२६।४० | १२७।०८ |
| पाउन्ड स्टर्लिङ | १ | १४६।८१ | १४७।६० |
| स्विस फ्रैंक | १ | १११।२५ | १११।८५ |
| अस्ट्रेलियन डलर | १ | ७८।७१ | ७९।१४ |
| क्यानेडियन डलर | १ | ८३।१७ | ८३।६२ |
| सिंगापुर डलर | १ | ८२।३२ | ८२।७६ |
| जापानी येन | १० | १०।०० | १०।०६ |
| चिनियाँ युआन | १ | १६।६६ | १६।७४ |
| साउदी अरब रियाल | १ | २९।७९ | २९।९५ |
| कतारी रियाल | १ | ३०।६८ | ३०।८५ |
| थाई भाट | १ | ३।५१ | ३।५३ |
| संयुक्त अरब इमिरेट दिराम | १ | ३०।४१ | ३०।५७ |
| मलेसियन रिंगिट | १ | २७।३२ | २७।४७ |
| दक्षिण कोरियन वन | १०० | ९।८९ | ९।९४ |
| स्विडिस क्रोनर | १ | ११।९७ | १२।०३ |
| डेनिस क्रोनर | १ | १६।९४ | १७।०३ |
| हङकङ डलर | १ | १४।२३ | १४।३१ |
| कुवेती दिनार | १ | ३६७।४५ | ३६९।४२ |
| बहराइन दिनार | १ | २९६।३० | २९७।८९ |

**नोट** वर्तमान व्यवस्थाअन्तर्गत वाणिज्य बैंकहरूले तोकेको खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ।

## प्रस्तावित बोनस सेयर तथा नगद लाभांश

| कम्पनीको नाम | बोनस सेयर | नगद लाभांश | कैफियत |
|---|---|---|---|
| नेपाल लाइफ इन्स्योरेन्स | २५ प्रतिशत | २३.५ प्रतिशत | १७ फागुनमा सञ्चालक समितिको निर्णय |
| सिभिल बैंक लि. | | ४.०५ प्रतिशत | ३ फागुनमा सञ्चालक समितिको निर्णय |
| जनउत्थान सामुदायिक लघुवित्त | रु. ५७,६०,००० | रु. ३,०३,१५७.८९ | १४ माघमा सञ्चालक समितिको निर्णय |
| साल्ट ट्रेडिङ कर्पोरेसन लि. | २५ प्रतिशत | १० प्रतिशत | १ माघमा नेप्सेमा जानकारी |
| गुराँस लाइफ इन्स्योरेन्स कं. लि. | ८ प्रतिशत | ०.४२१ प्रतिशत | ३० पुसमा सञ्चालक समितिको निर्णय |
| ओम डेभलपमेन्ट बैंक लि. | १२.७० प्रतिशत | | २७ पुसमा सञ्चालक समितिको निर्णय |
| तारागाउँ रिजेन्सी होटल लि. | १२ प्रतिशत | ०.६३१ प्रतिशत | २४ पुसमा सञ्चालक समितिको निर्णय |
| कुमारी बैंक लि. | ८.५० प्रतिशत | | २५ पुसमा सञ्चालक समितिको निर्ण |
| लक्ष्मी बैंक लि. | ८.५० प्रतिशत | ०.४५ प्रतिशत | २५ पुसमा सञ्चालक समितिको निर्णय |
| सहारा विकास बैंक लि. | रु. ८९,७८,३६०.४० | रु. ४,७२,५४५.२८ | २० पुसमा सञ्चालक समितिको निर्णय |
| भार्गव विकास बैंक लि. | | ६ प्रतिशत | २० पुसमा सञ्चालक समितिको निर्णय |
| गुडविल फाइनान्स लि. | | ५.२६३ प्रतिशत | ११ पुसमा सञ्चालक समितिको निर्णय |
| लुम्बिनी विकास बैंक लि. | रु. ३७,७१,९७,२३६ | | ६ पुसमा सञ्चालक समितिको निर्णय |
| चिलिमे जलविद्युत् कम्पनी लि. | २० प्रतिशत | ५ प्रतिशत | २६ मंसिरमा सञ्चालक समितिको निर्णय |
| मिथिला लघुवित्त वित्तीय संस्था लि. | १०.४५ प्रतिशत | ०.५४ प्रतिशत | १९ मंसिरमा सञ्चालक समितिको निर्णय |
| कुमारी बैंक लि. | १२.७५ प्रतिशत | | १६ मंसिरमा सञ्चालक समितिको निर्णय |
| नाडेप लघुवित्त वित्तीय संस्था लि. | ३० प्रतिशत | रू. २५२६३१५.७९ | १२ मंसिरमा सञ्चालक समितिको निर्णय |
| उन्नति माइक्रोफाइनान्स वित्तीय संस्था लि. | ४०.५० प्रतिशत | २.१३ प्रतिशत | २६ कात्तिकमा सञ्चालक समितिको निर्णय |
| नागबेली लघुवित्त वित्तीय संस्था लि. | १६.११ प्रतिशत | ०.८४ प्रतिशत | २६ कात्तिकमा सञ्चालक समितिको निर्णय |
| लाइफ इन्स्योरेन्स कर्पोरेसन (नेपाल) लि. | १२ प्रतिशत | ०.६३ प्रतिशत | १७ कात्तिकमा सञ्चालक समितिको निर्णय |
| एक्सेल डेभलपमेन्ट बैंक लि. | | १७ प्रतिशत | ३१ भदौमा सञ्चालक समितिको निर्णय |

## साधारणसभा

| कम्पनी नाम | किसिम | स्थान | मिति | प्रस्ताव | बुक क्लोज | सेयर रजिस्ट्रार |
|---|---|---|---|---|---|---|
| सहयोगी विकास बैंक लि. | पन्ध्रौं | होटेल मानकी इन्टरनेसनल, जनकपुरधाम | २५ फागुन | १७ प्रतिशत नगद लाभांश, मर्जर/एक्विजिसन | १३–२५ फागुन | एनआइसी एसिया क्यापिटल |
| नबिल बैंक लि. | चौतीसौं | नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी | २७ फागुन | २२ प्रतिशत नगद लाभांश, १२ प्रतिशत बोनस सेयर, सेयर संरचना परिवर्तन | १४ फागुन | नबिल इन्भेष्टमेन्ट बैंकिङ लि. |
| प्रभु क्यापिटल लि. | दशौं | रोयर सिंगी होटेल, कमलादी | १ चैत | नियमावली संशोधन, लेखापरीक्षक नियुक्ति | – | – |
| सानिमा इन्स्योरेन्स कं. लि. | प्रथम | होटेल एलो पेगोडा, कान्तिपथ | ३ चैत | नाम परिवर्तन, सञ्चालन नियुक्ति | – | – |
| राष्ट्रिय वाणिज्य बैंक लि. | तेह्रौं | राष्ट्रिय वाणिज्य बैंक, दरबारमार्ग | ४ चैत | लेखापरीक्षक नियुक्ति | २१–२७ फागुन | – |
| लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) | सोह्रौं | राष्ट्रिय सभागृह, प्रदर्शनीमार्ग | ४ चैत | १२ प्रतिशत बोनस सेयर, ०.६३ प्रतिशत नगद लाभांश | २१ फागुन–४ चैत | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ लि. |
| सेन्ट्रल फाइनान्स लि. | बाइसौं | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | ५ चैत | ७ प्रतिशत नगद लाभांश, लेखापरीक्षक नियुक्ति | २३ फागुन | एनएमबि क्यापिटल लि. |
| कालिका पावर कम्पनी लि. | एघारौं | कम्पनीको रजिस्टर्ड कार्यालय, भरतपुर | ८ चैत | सञ्चालकको निर्वाचन, लेखापरीक्षक नियुक्ति | २७–३० फागुन | ग्लोबल आइएमई क्यापिटल लि. |
| मितेरी डेभलपमेन्ट बैंक लि. | तेह्रौं | गोर्खा किचन, धरान | ९ चैत | १७ प्रतिशत बोनस सेयर, ०.८९ प्रतिशत नगद लाभांश, मर्जर/एक्विजिसन | १५ फागुन–९ चैत | प्रभु क्यापिटल लि. |
| साल्ट ट्रेडिङ कर्पोरेसन लि. | ५२औं | | ११ चैत | २५ प्रतिशत बोनस सेयर, १० प्रतिशत नगद लाभांश, सञ्चालकको निर्वाचन | २४ फागुन–११ चैत | एनआइबिएल एस क्यापिटल लि. |
| कृषि विकास बैंक लि. | बाह्रौं | केन्द्रीय तालिम प्रतिष्ठान, बोडे, भक्तपुर | १५ चैत | ६ प्रतिशत बोनस, १५.०५३ प्रतिशत नगद लाभांश, सञ्चालकको निर्वाचन | १६ फागुन–१५ चैत | एनआइबिएल एस क्यापिटल लि. |
| नेसनल लाइफ इन्स्योरेन्स कं. लि. | तिसौं | नेसनल लाइफ भवन, लाजिम्पाट | १५ चैत | १३.५ प्रतिशत बोनस, नगद लाभांश, सञ्चालक निर्वाचन | – | |
| नागबेली लघुवित्त वित्तीय संस्था | नवौं | होटेल हेभन, झापा | १५ चैत | ४:१ अनुपातमा हकप्रद सेयर, ९.३८ प्रतिशत बोनस, नगद लाभांश | २९ फागुन–१५ चैत | एनएमबि क्यापिटल लि. |
| चौतारी लघुवित्त वित्तीय संस्था लि. | तेस्रो | आम्रपाली कटेज एन्ड रेस्टुरेन्ट, बुटवल | १६ चैत | कार्यक्षेत्र विस्तार, मर्जर/एक्विजिसन, सञ्चालन समितिको निर्वाचन | २९ फागुन–१६ चैत | एनआइबिएल एस क्यापिटल लि. |








# अर्थ पत्रिका


शुक्रबार २४ फागुन ०७५, www.nayapatrikadaily.com nayapatrikaofficial @naya_patrika





१८ | हामी बजार खोस्न होइन, बनाउन चाहन्छौं: तिमिल्सिना | १८ | मुक्तिनाथ विकास बैंकका थप दुई शाखा | १८ | त्रिवि परीक्षाको सम्पूर्ण कारोबार ग्लोबल आइएमई बैंकबाट


## डाटा अफ द डे




# प्रधानमन्त्री ओलीलाई ५ चैतमै जलविद्युत्‌को सेयर

## ओलीले ३५ दिनभित्र सेयर किन्छु भनेका थिए, ३३ दिनमै पाउने भए

**पुष्प कोइराला/नयाँ पत्रिका**
**काठमाडौं, २३ फागुन**

जनताको जलविद्युत् कार्यक्रमअन्तर्गत माथिल्लो त्रिशूली ३ बी (३७ मेगावाट)को पहिलो सेयर प्रधानमन्त्री केपी शर्मा ओलीलाई ५ चैतमै दिने तयारी भएको छ। प्रधानमन्त्री ओलीले २ फागुनमा सो कार्यक्रमको घोषणा गर्दै ३५औँ दिनमा (७ चैत)मा आफूले कार्यक्रमअन्तर्गत अघि बढ्ने आयोजनाको पहिलो सेयर किन्ने प्रतिबद्धता व्यक्त गरेका थिए। तर, प्रधानमन्त्रीले घोषणा गरेभन्दा दुई दिनअगाडि नै सेयर किन्न पाउने भएका हुन्।

ओलीको सो प्रतिबद्धता पूरा गराउन पनि कार्यक्रमको कार्यविधि चाँडो बनाइएको कार्यक्रम संयोजन समिति सदस्यसचिव हाइड्रो इलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत छविराज पोखरेलले बताए। उनका अनुसार कार्यक्रमका लागि आवश्यक कार्यविधि निर्माणको काम अन्तिम चरणमा पुगेको छ। 'कार्यविधि निर्माण अन्तिम चरणमा पुगिसकेको छ,' उनले भने, 'आइतबार ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनलाई हस्तान्तरण गर्ने तयारी छ।' मन्त्री पुन १२ सदस्यीय कार्यक्रम संयोजन समितिको संयोजक हुन्। कार्यक्रम घोषणा भएको भोलिपल्टै (३ फागुनमा) संयोजन समितिले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका कानुन हेर्ने सहसचिव तोयानाथ अधिकारीको संयोजकत्वमा कार्यविधि निर्माण कार्यदल गठन गरेको थियो। समितिमा धितोपत्र बोर्डका कार्यकारी निर्देशक परिष्ठनाथ पौडेल, एचाइडिसिएलका सिइओ छविराज पोखरेल, नेपाल विद्युत् प्राधिकरणको कानुन विभागका निर्देशक बेलप्रसाद शर्मा सदस्य रहेका छन्।

त्यस्तै, समितिले माथिल्लो त्रिशूली ३ बी आयोजनाको कार्ययोजना बनाउन ऊर्जा मन्त्रालयको नीति महाशाखाका सहसचिव (प्रवक्ता) प्रवीणराज अर्यालको संयोजकत्वमा कार्यदल गठन गरेको थियो। सो कार्यदलमा ऊर्जा मन्त्रालयका सहसचिव नवीनराज सिंह र विद्युत् उत्पादन कम्पनी लिमिटेडका कार्यकारी निर्देशक मोहनराज पन्त सदस्य छन्। तर, कार्यदल संयोजक अर्यालको कार्य व्यस्तताका कारण हाल सहसचिव सिंहको नेतृत्वमा त्रिशूली ३ बीको कार्ययोजना निर्माण अघि बढिरहेको ऊर्जा मन्त्रालयले जनाएको छ।

ऊर्जा मन्त्रालयले आकर्षक देखिएका १९ वटा जलविद्युत् आयोजनामार्फत ३ हजार ४ सय ७९ मेगावाट विद्युत् उत्पादन गर्ने गरी कार्यक्रम अघि बढाएको हो।



### के छ बन्दै गरेको कार्यविधिमा ?

एचआइडिसिएलका सिइओ छविराज पोखरेलका अनुसार जनताको जलविद्युत् कार्यक्रमको कार्यविधिले ५१ प्रतिशत सेयर सरकारी र ४९ प्रतिशत सेयर सर्वसाधारण रहने व्यवस्था गर्न लागेको छ। त्यस्तै, सर्वसाधारणले पाउने ४९ प्रतिशतमध्ये स्थानीय प्रभावितलाई १० प्रतिशत र बाँकी देशभरका सर्वसाधारणलाई ३९ प्रतिशत सेयर दिनेछ। आयोजना निर्माण सुरु भएपछि आफूले लिन चाहेको सेयरबापतको कुल रकममध्ये सुरुमा १० प्रतिशत भुक्तानी गर्नुपर्नेछ। आयोजनाको निर्माण ५० प्रतिशत पूरा भएपछि बाँकी ९० प्रतिशत रकम भुक्तानी गरी सेयर प्रमाणपत्र दिने व्यवस्था गरिएको छ। सेयर प्रमाणपत्र नपाउन्जेलसम्मको अग्रिम भुक्तानीको १० प्रतिशत रकमको ब्याज भुक्तानीसमेत सर्वसाधारणले पाउनेछन्। सर्वसाधारणले प्रतिकित्ता १०० अंकित दरका सेयर कम्तीमा १० हजार रुपैयाँदेखि १० लाख रुपैयाँसम्मको किन्न पाउनेछन्।

### सेयर किन्न मिल्ने कार्यविधि तयार भइसकेको छ

■ **छविराज पोखरेल,** सदस्य सचिव, जनताको जलविद्युत् कार्यक्रम संयोजनन समिति



जनताको जलविद्युत् कार्यक्रमअन्तर्गत १९ आयोजना अघि बढाउनल लागिएको छ। आकर्षक देखिएका यी आयोजनामध्ये ३७ मेगावाटको माथिल्लो त्रिशूली ३बी पहिलो चरणमा अघि बढाउन लागिएको छ। कार्यक्रम अघि बढाउन आवश्यक कार्यविधिको मस्यौदा निर्माण भइसकेको छ। आइतबार ऊर्जामन्त्रीज्यूलाई बुझाउने कार्यक्रम छ। कार्यक्रमको उद्घाटन समारोहमा प्रधानमन्त्रीज्यूले ७ चैतमा पहिलो सेयर किन्ने प्रतिबद्धतासमेत जाहेर गरिसक्नुभएको छ। त्यसैअनुसार ५ चैतमै सेयर किन्न मिल्ने गरी कार्यविधि निर्माणलगायत आवश्यक तयारी अघि बढाइरहेका छौं। सेयर खरिद गरेबापतको रकम दुई किस्तामा भुक्तानी गर्न पाइने र प्रमाणपत्र नपाउन्जेलसम्म सुरुमा गरिने १० प्रतिशत भुक्तानी रकमको ब्याजसमेत पाइने भएकाले यो कार्यक्रममा आमसर्वसाधारणले राम्रो सहभागिता जनाउनुहुन्छ भन्ने अपेक्षा छ।

# ओरियन्टलका पीडितले राहत पाउने सम्भावना न्यून

**नयाँ पत्रिका**
**काठमाडौं, २३ फागुन**

ओरियन्टल सहकारी संस्थाबाट ठगिएका पीडितहरूले राहत नपाउने भएका छन्। संस्थाको दायित्वको तुलनामा सम्पत्ति न्यून देखिएपछि पीडितहरूले राहत पाउने सम्भावना कम देखिएको हो। समितिले संस्थाको नाममा रहेको चल, अचल, गैरबैंकिङ, सेयरलगायतका सम्पत्तिको छानबिन गरेको छ। समितिले गरेको छानबिनबाट संस्थाको दायित्व १६ अर्ब १ करोड रुपैयाँ देखिएको छ। तर, संस्थाको सम्पत्ति भने बैंकमा नगद करिब १९ लाख र ऋण असुली ७५ लाख रुपैयाँ मात्रै देखिएको समितिका अध्यक्ष युवराज सुवेदीले बताए। 'संस्थाको नाम तथा सञ्चालकहरूको नाममा रहेको सेयर तथा अचल सम्पत्ति रोक्का राखिएको छ,' उनले भने, 'बैंकमा राखिएको अचल सम्पत्ति बिक्री गर्दा पनि खासै मूल्य नआउने कमसल खालको रहेछ।'

समितिमा ७ हजार ५ सय ४६ पीडित निक्षेपकर्ता, अपार्टमेन्ट बुकिङकर्ता, सेयर सदस्यहरू र अन्य साहुहरूको निवेदन परेको थियो। ०७४ कात्तिक २० गते सरकारले ओरियन्टल कोअपरेटिभलाई समस्याग्रस्त सहकारी संस्था घोषणा गरेर सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी गर्न छानबिन समिति गठन गरिएको थियो। अचल सम्पत्तितर्फ ललितपुरको ८२ कित्ताको कुल क्षेत्रफल ४० रोपनी देखिएको छ। जुन नबिल बैंक, राष्ट्रिय वाणिज्य बैंक र सञ्चयकोषमा धितो बन्धक राखिएको छ। उक्त जमिन धितोमा राखी भेगासिटी अपार्टमेन्ट निर्माणका लागि भनी लिएको ऋणको सावाँ-ब्याजसहित नबिल बैंकबाट १ अर्ब ४८ करोड रुपैयाँ दायित्व देखिएको छ।

### १२ करोड ऋण उठ्न बाँकी

सहकारी संस्थाको १२ करोड ७ लाख रुपैयाँ कर्जा उठ्न बाँकी रहेको छ। उक्त कर्जामध्ये १५ जना ऋणीहरूबाट ७५ लाख रुपैयाँ असुल गरिएको छ। उक्त रकम पीडितहरूलाई भुक्तानी दिने प्रयोजनका लागि समितिको नाममा कृषि विकास बैंकमा राखिएको समितिले बताएको छ।

### सवा ९ अर्ब सावाँ, करिब ७ अर्ब ब्याज

संस्थाको कुल दायित्वमध्ये ९ अर्ब १२ करोड सावाँ र ६ अर्ब ८९ करोड ब्याज देखिएको छ। समितिले गरेको छानबिनबाट सहकारी संस्थामा बचतकर्ताको निक्षेप रकम ८ अर्ब ३८ लाख रुपैयाँ दायित्व देखिएको छ। त्यस्तै, सहकारी संस्थाको सेयर रकम २ लाख रुपैयाँ, अपार्टमेन्ट बुकिङ रकम ४ अर्ब ९२ करोड रुपैयाँ, बैंक तथा वित्तीय संस्थाको कर्जा १ अर्ब ९८ करोड, नेपाल सरकारको कर दायित्व ५३ करोड १० लाख तथा अन्य साहुको १९ करोड ७० लाख रुपैयाँ दायित्व रहेको समितिले बताएको छ।

# नेपालमा अमेरिकी लगानी भित्र्याउन आग्रह



काठमाडौं/ नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष भवानी राणा र नेपालका लागि अमेरिकी राजदूत र्‍यान्डी बेरीबीच नेपाल र अमेरिकाको आर्थिक व्यावसायिक सम्बन्ध विस्तारका विषयमा छलफल भएको छ। बिहीबार भएको भेटघाटमा दुई देशको आयात-निर्यात, संयुक्त लगानी, नेपालमा लगानीको वातावरण, नेपाल सरकारले आयोजना गर्न लागेको लगानी सम्मेलनलगायतको विषयमा छलफल भएको उद्योग वाणिज्य महासंघले प्रेस विज्ञप्तिमार्फत जानकारी दिएको छ। सो अवसरमा महासंघकी अध्यक्ष राणाले लगानीको वातावरण बनेको तथा प्रविधि तथा विकासको मोडलसमेत खोजिरहेको कारण नेपालमा अमेरिकी लगानी आकर्षण गर्ने कार्यमा कूटनीतिक तवरबाट सहयोग गर्न राजदूतसमक्ष अनुरोध गरिन्। राजदूत बेरीले नेपालको आर्थिक विकासमा अमेरिकाले निरन्तर सहयोग गर्दै आएको र आगामी दिनमा पनि सहयोग गर्दै जाने प्रतिबद्धता जनाए।

नेपाल बिस्तारै आर्थिक विकासको मार्गतर्फ अगाडि बढिरहेकोमा अमेरिकी सरकार अत्यन्त खुसी रहेको बताउनुहुँदै राजदूत बेरीले बाह्य लगानी आकर्षणका लागि अझै धेरै सुधारको आवश्यकता औंल्याए। राजदूत बेरीले सो अवसरमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनका विषयमा चासोसमेत देखाए। नेपालमा अमेरिकी लगानी आकर्षणका लागि आफ्नो कार्यकालमा सक्दो सहयोग गर्ने उनले बताए।

# फ्रिक्वेन्सी बोलकबोलमा टेलिकम र एनसेलको आवेदन

**गोपाल साउद/नयाँ पत्रिका**
**काठमाडौं, २३ फागुन**

नेपाल दूरसञ्चार प्राधिकरणले पहिलोपटक फ्रिक्वेन्सी बोलकबोल गर्न अगाडि बढाएको प्रक्रियामा नेपाल टेलिकम र एनसेल मात्र सहभागी भएका छन्। प्राधिकरणसँग अहिले १८ सय ब्यान्डमा ३२ मेगाहर्ज, ९ सय ब्यान्डमा ६ मेगाहर्ज र २१ ब्यान्डमा १० मेगाहर्ज फ्रिक्वेन्सी बाँकी छ। बोलपत्रका लागि अन्तिम समय बिहीबारसम्म एनसेल र नेपाल टेलिकमले मात्रै बोलपत्र दर्ता गराएको प्राधिकरणकी सहायक निर्देशक रोजाकिरण वासुकलाले जानकारी दिइन्। उनका अनुसार नेपाल टेलिकमले १८ सय मेगाहर्ज ब्यान्डको तथा एनसेलले १८ सय मेगाहर्ज ब्यान्डसहित ९ सय र २१ सय मेगाहर्ज ब्यान्डको फ्रिक्वेन्सीका लागि बोलपत्र दर्ता गराएका छन्।

दुई कम्पनीको बोलपत्र १८ सय मेगाहर्ज ब्यान्डको फ्रिक्वेन्सीका लागि दर्ता भएका कारण सो ब्यान्डको फ्रिक्वेन्सी मात्र लिलाम हुने प्राधिकरणले जनाएको छ। हाल १८ सय मेगाहर्ज ब्यान्डको २२ मेगाहर्ज फ्रिक्वेन्सी एनसेलसँग र ३० मेगाहर्ज फ्रिक्वेन्सी टेलिकमसँग रहेको छ। फ्रिक्वेन्सी नीतिअनुसार एउटा कम्पनीले उक्त ब्यान्डमा अधिकतम ४० मेगाहर्जभन्दा बढी फ्रिक्वेन्सी लिन पाउँदैन। अधिकतम सीमाका कारण ३२ मेगाहर्ज फ्रिक्वेन्सी बाँकी रहेको १८ सय ब्यान्डमा टेलिकम र एनसेलमध्ये एउटा कम्पनीले क्रमशः अधिकतम १० मेगाहर्ज तथा १८ मेगाहर्ज पाउन सक्नेछन्। २१ सय र ९ सय मेगाहर्ज ब्यान्डको फ्रिक्वेन्सीमा एनसेलको मात्र बोलपत्र परेका कारण म्याद थप गरिने प्राधिकरणकी सहायक निर्देशक वासुकलाले जानकारी दिइन्। 'बिहीबार बोलकबोलमा सहभागी कम्पनीहरूको बोलपत्रसम्बन्धी कागाजत बुझ्ने काम मात्र भएको छ,' उनले भनिन्, 'अबको दश दिनमा पूर्व योग्यताको मूल्यांकन गरी २५ दिनभित्रमा १८ सय ब्यान्डको फ्रिक्वेन्सी बोलकबोल हुन सक्छ।'

### यस्तो छ, न्यूनतम मूल्य

बोलकबोलमार्फत वितरण गरिने फ्रिक्वेन्सीको आधारभूत मूल्य (बेसप्राइस) भने यसअघि नै फ्रिक्वेन्सी नीति निर्धारण समितिबाट तय भइसकेको थियो। जसअनुसार ९ सय मेगाहर्ज ब्यान्डमा २ मेगाहर्जका लागि ४ करोड ८० लाख रुपैयाँ, १८ सय ब्यान्डमा २ मेगाहर्जको ३ करोड ६० लाख रुपैयाँ र २१ सय मेगाहर्ज ब्यान्डमा १० मेगाहर्जको १२ करोड रुपैयाँ आधारभूत मूल्य तोकिएको छ।

# स्प्रेडदर चार प्रतिशत कायम गर्न महासंघको सुझाब

**नयाँ पत्रिका**
**काठमाडौं, २३ फागुन**

नेपाल उद्योग वाणिज्य महासंघले उच्च दरमा रहेको बैंकिङ ब्याजलाई कम गराउन भन्दै नेपाल राष्ट्र बैंकका गभर्नर डा. चिरञ्जीवी नेपाललाई पाँचबुँदे सुझाबपत्र बुझाएको छ। महासंघका उपाध्यक्ष उमेशलाल श्रेष्ठको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले साना तथा मझौला उद्योग व्यवसायले सहज र सुपथ ब्याजदरमा कर्जा पाउनुपर्ने विषयमा समेत गभर्नर नेपालसँग छलफल भएको जनाएको छ। कार्यक्रममा गभर्नर नेपालले महासंघका सुझाबहरू महत्त्वपूर्ण रहेको र हालको समस्याको समाधान गर्न राष्ट्र बैंकले काम गरिरहेको जानकारी दिए।

### महासंघले गभर्नरलाई बुझाएका सुझाब



- बैंक तथा वित्तीय संस्थाले बेस रेटमा अधिकतम चार प्रतिशतसम्म प्रिमियम थप गरी लिन पाउने व्यवस्था गर्नुपर्ने। साथै, कर्जा अवधिभर प्रिमियमको दर परिवर्तन गर्न नपाउने।
- अनिवार्य नगद अनुपातमा बैंकहरूलाई ब्याज दिने व्यवस्था गरिनुपर्ने।
- पुनर्कर्जा कोषमा ६-६ महिनामा नवीकरण गर्नुपर्ने। हालको व्यवस्थाको सट्टा पाँच वर्षको बनाउनुपर्ने। पनर्कर्जा कोषलाई वृद्धि गरी रू. १ खर्ब बनाउनुपर्ने।
- नाफामूलक संस्थागत बचतकर्ताले निक्षेपमा पाउने ब्याजदर न्यूनतम बचतकर्ताको ब्याजदरभन्दा बढी नहुने गरी कायम गरिनुपर्ने।
- रू. १० लाखभन्दा कमको बचतमा केवाइसी फर्मलाई उदार गरिनुपर्ने।

# सवा तीन अर्ब लगानीमा बिलेटसहितको स्टिल उद्योग खोल्दै सौरभ ग्रुप

## वार्षिक तीन लाख टन बिलेट उत्पादनको क्षमता, मुलुकको १० प्रतिशत माग धानिने

**कृष्ण रिजाल/नयाँ पत्रिका**
**काठमाडौं, २३ फागुन**

सिमेन्ट र स्टिल (फलामे छड)मा पायोनियर मानिएको सौरभ ग्रुपले नयाँ स्टिल उद्योग थप्ने भएको छ। सौरभ ग्रुपले सवा ३ अर्ब रुपैयाँ लगानीमा वीरगन्जमा नयाँ स्टिल उद्योग स्थापना गर्ने भएको हो।

अहिले वीरगन्जमा उद्योग स्थापनाको काम धमाधम अघि बढिरहेको सौरभ ग्रुपका अध्यक्ष विष्णु न्यौपानेले बताए। 'वीरगन्जका स्थापित उद्योगी व्यसायीसँगको साझेदारीमा सौरभ ग्रुपले नयाँ स्टिल उद्योग स्थापना सुरु गरेको छ,' उनले भने, 'कुल ३ अर्ब २७ करोड रुपैयाँ लगानी रहेको यस उद्योग अर्को वर्ष सञ्चालनमा आउनेछ।' उद्योगमा ५ सयले रोजगारी पाउनेछन्।


सौरभ ग्रुपका अध्यक्ष न्यौपाने

### सर्वोत्तम ब्रान्डको स्टिल

सौरभ ग्रुपले सर्वोत्तम ब्रान्डमा स्टिल ल्याउन लागेको हो। हाल ग्रुपले सर्वोत्तम ब्रान्डमा सिमेन्ट पनि उत्पादन गरिरहेको छ। अहिले कारखाना निर्माण, मेसिनरी आयात तथा जडानलगायतका काम भइरहेको उनले जानकारी दिए।

### बिलेट उत्पादन गर्ने

सर्वोत्तम स्टिलले बिलेटसमेत उत्पादन गर्नेछ। कम्पनीले विदेशबाट स्तरीय स्पन्ज आइरन र स्क्र्याब मगाएर बिलेट उत्पादन गर्ने योजना बनाएको छ। 'स्टिलमा नेपाल लगभग आत्मनिर्भर छ। तर, कच्चा पदार्थ पूर्ण रुपमा आयात हुन्छ,' उनले भने, 'अब स्टिल उत्पादनमा मूल्य अभिवृद्धि बढाउँदै लैजानुपर्छ।' सर्वोत्तमले आफ्ना उद्योग र अन्य स्वदेशी उद्योगका लागिसमेत बिलेट आपूर्ति गर्ने उनले जानकारी दिए। सर्वोत्तम स्टिलले उत्पादन थालेपछि बिलेटको आयात ४० प्रतिशत घट्ने अनुमान रहेको उनले बताए।

### बिलेट आयात रोक्न योगदान

अहिले नेपालमा वार्षिक १८ लाख टन बिलेट खपत हुन्छ। यसमध्ये करिब ३ लाख टन बिलेट नेपालमै उत्पादन हुन्छ। बिलेटमध्ये १५ लाख टन फलामे छडमा प्रयोग हुन्छ र बाकी तीन लाख टन अत्य उत्पादनमा प्रयोग हुन्छ। सर्वोत्तमको उत्पादन क्षमता वार्षिक ३ लाख टन रहेको छ। हाललाई उद्योगले २ लाख टन मात्रै बिलेट उत्पादन गर्नेछ। सर्वोत्तमले नेपालको कुल मागगको १० प्रतिशत बिलेट उत्पादन गर्ने उनले बताए। यसबाट बिलेटको ३५ प्रतिशत आयात घटाउने उनको दाबी छ। नेपालमा खपत हुनेबराबर १८ लाख टन नै बिलेट उत्पादन गर्ने हो भने त्यसबाट ३६ करोड डलर अर्थात् करिब ४० अर्ब रुपैयाँको आयात प्रतिस्थापन हुने उनी बताउँछन्।



# मानव संसाधनको विकास र व्यवस्थापन



दृष्टिकोण

● मोहन ओझा
अध्यक्ष, मानव संसाधन समाज नेपाल (एचआरएसएन)

मुलुकमा ऊर्जाशील युवाहरूको संख्या उल्लेखनीय मात्रामा भए पनि त्यसको व्यवस्थापनमा सरकार भने असफल रहँदै आएको छ। परिणामस्वरूप काम गर्ने उमेर समूहका युवाहरू पढाइ र रोजगारीको बहानामा बिदेसिने प्रवृत्ति व्यापक बनेको हो। 'समृद्ध नेपाल, सुखी नेपाली'को नारालाई सार्थक बनाउन जनशक्ति विकास र व्यवस्थापनको सवाल अहं रूपमा प्रकट भएको छ। मोहन ओझा विगत करिब ३ दशकदेखि जनशक्ति व्यवस्थापन र परामर्शको क्षेत्रमा सक्रिय नाम हो। एचआर (मानव संसाधन) परामर्शको काम गर्दै आएको कम्पनी ग्रोथ सेलरका प्रबन्ध निर्देशक ओझा व्यवस्थापन संघ नेपालका महासचिव र मानव संसाधन समाज नेपालका अध्यक्षसमेत हुन्। उनले व्यावसायिक प्रतिष्ठान, संघ-संस्था, सरकारी निकायदेखि समग्र मुलुककै जनशक्तिको विकास र व्यवस्थापनको सन्दर्भका सवाल र समाधानका उपायलाई यसरी उजागर गरेका छन्।

### के हो जनशक्ति व्यवस्थापन

मानव संसाधनको विकास र व्यवस्थापन कुनै निश्चित संस्थाको परिधिभित्र सीमित गर्न सकिने विषय होइन। एउटा परिवारदेखि समाज हुँदै देश नै सुखी र समृद्ध बनाउन जनशक्तिको विकास र व्यवस्थापन महत्त्वपूर्ण छ। यसअर्थमा मुलुकको समग्र जनसंख्यालाई कसरी सार्वजनिक सेवा, अनुसन्धान, उत्पादनलगायतका क्षेत्रमा परिचालन गर्ने भन्ने विषय नै जनशक्ति व्यवस्थापन हो।

### विद्यमान अवस्था

हामीसँग मानव संसाधनको विकास र व्यवस्थापनमा योजनाबद्ध नीति र कार्यक्रमकै अभाव छ। मानव संसाधनको क्षेत्रमा अहिले जेजति विकास र प्रगति भएको छ, त्यो सबै प्राकृतिक मात्रै हो। यसलाई योजनाबद्ध विकासका रूपमा कसैले दाबी गर्छ भने त्यो गलत हो। नेपालमा हरेक क्षेत्रमा पेसागत इमानदारिता एकदमै न्यून छ। यसका पछाडि व्यवस्थापन पक्ष नै मुख्य रूपमा जिम्मेवार रहेको देखिन्छ। प्रायः व्यवस्थापन तहमा रहनेहरूले हरेक विषयमा आफू मात्रै जान्ने र मातहतकालाई केही थाहा नभएको भन्ने किसिमको भ्रम राखेको पाइन्छ। कुनै पनि कम्पनी तथा संस्थामा माथिल्लो तहबाट तल्ला तहका कर्मचारीहरूमा ज्ञान, सीप र दक्षता हस्तान्तरण गर्ने परिपाटी नै नभएको जस्तो देखिन्छ। यसका पछाडि मातहत रहेका कर्मचारीहरू आफूभन्दा अब्बल बनिदेलान् कि भन्ने किसिमको भय पनि हुन सक्छ। वास्तवमा जनशक्ति व्यवस्थापनको आवश्यकता र महत्त्वलाई धेरैले बुझेकै देखिँदैन। जसकारण संघ संस्था तथा व्यावसायिक प्रतिष्ठानमा आर्थिक प्रशासन विभाग जति महत्त्व पाइरहेको छ, त्यसको तुलनामा आर्थिक प्रशासन सञ्चालन गर्ने कर्मचारीको समेत व्यवस्थापन गर्ने मानव संसाधनको व्यवस्थापनमा ध्यान दिएको देखिँदैन।

### विश्वासको अभाव

सरकारी होस् वा निजी सबै क्षेत्रका व्यवस्थापन तहका व्यक्तिहरूले देश-विदेश भ्रमण, तालिम र गोष्ठीहरूबाट धेरै नयाँ ज्ञान, सीप र तौरतरिका सिकेका हुन्छन्। तर, त्यस्ता विषयहरू आफ्नो संस्थामा आत्मसात् गर्ने र गराउने प्रचलन रहेको पनि खासै पाइँदैन। ढोकाको चुकुल बिग्रँदादेखि बाथरूममा हार्पिक चाहिँदासम्म माथिल्लो तहकाले नै हेर्नु अनौठो मानिँदैन। व्यवस्थापन पक्षले कर्मचारीलाई र कर्मचारीले व्यवस्थापनलाई पूर्ण रूपमा विश्वास गर्ने परिपाटी नै छैनभन्दा हुन्छ। यस्तो अवस्थामा कर्मचारीले संस्थाप्रति स्वामित्व ग्रहण गर्न सकिरहेका हुँदैनन्। न त व्यवस्थापनले स्वामित्व महसुस गर्ने गरी कुनै प्रयास अगाडि बढाउनुको आवश्यकता नै महसुस गरिरहेको हुन्छ। कुनै पनि संस्था आफ्नो उद्देश्य प्राप्तिमा सफल बन्न सक्नु र असफल साबित हुनुमा आन्तरिक विश्वासको वातावरणले महत्त्वपूर्ण अर्थ राख्छ। विश्वासको वातावरण नबन्दा संस्थाले उचित रूपमा आफ्नो लक्ष्य प्राप्तिमा अगाडि बढ्न सकिरहेको हुँदैन। व्यवस्थापनले कर्मचारीको सकारात्मक एवं सबल पक्षलाई भन्दा पनि कमजोरीलाई देख्ने प्रवृत्ति छ। राम्रो र नतिजामुखी काम गर्दा प्रशंसा नगर्ने व्यवस्थापनले सानो कमजोरी भएको अवस्थामा पनि कसरी निकाल्ने भन्ने दाउ पर्खिरहेको हुन्छ। कर्मचारीबाट नतिजा मात्रै खोज्ने व्यवस्थापन पक्षले कर्मचारीको कमजोरी सुधार गर्न क्षमता र सीप विकासमा भने ध्यान दिएको हुँदैन।

### सीप र दक्षतामा लगानी

आफूले कर्मचारीको जनशक्ति विकासमा लगानी गरेको अवस्थामा अर्को प्रतिस्पर्धीले लैजाने र फल आफूले नपाउने भन्ने किसिमको मानसिकता कम्पनहिरूमा व्याप्त छ। यस किसिमको आशंका समाधान हुने विषय पनि भएन। आफूले सीप र दक्षता विकास गरेका कर्मचारी प्रतिस्पर्धीले लैजाने भय पाल्नुभन्दा प्रतिस्पर्धी कम्पनीका दक्ष जनशक्तिलाई आफूले पनि तान्न सक्ने सम्भावनालाई ख्याल गर्नु उपयुक्त हुन्छ। यसलाई सहज रूपमा लिनुको विकल्प छैन। आफूसँग भएको जनशक्ति अन्य प्रतिस्पर्धीले लैजान सक्ने सम्भावनालाई मात्रै ख्याल गरेर उनीहरूको सीप र दक्षता विकासमा ध्यान नदिँदा मुलुकको समग्र उद्योग क्षेत्रले नै अपेक्षित विकास हासिल गर्न सकिरहेको छैन। आफ्नो ज्ञान, सीप विकास गर्ने कार्यमा सम्बन्धित व्यक्तिले स्वाभाविक रूपमा आफ्नो तहबाट प्रयास त गरिरहेकै हुन्छन्। अब्बल हुन सकेको अवस्थामा नै आफ्नो राम्रो माग हुन सक्ने सन्दर्भलाई कर्मचारीले मनन् गर्ने विषय हो। तलब तथा पारिश्रमिक दिएकै आधारमा जनशक्तिमा व्यवस्थापनले पर्याप्त लगानी गरेको धारणा बनाउनु गलत हो। जनशक्तिले राम्रो उत्पादन र नतिजा दिनका लागि व्यवस्थापनले उनीहरूको क्षमता र सीप विकासका लागि अनिवार्य रूपमा छुट्टै बजेट छुट्ट्याउनैपर्छ। हाम्रो मुलुक विकासमा पछाडि पर्नुको सबैभन्दा ठूलो कारण नै पर्याप्त रूपमा दक्ष एवं सीपयुक्त जनशक्ति नहुनु नै हो। अन्यथा चाहे निजी क्षेत्रमा होस् वा सरकारी, जनशक्तिको दक्षता अभिवृद्धिमा ध्यान नदिने हो भने सोचेअनुरूप अगाडि बढ्न सकिँदैन।



अबको पाँच-दश वर्षमा मुलुकलाई कुन क्षेत्रमा कस्तो किसिमको जनशक्ति कति मात्रामा आवश्यक छ भन्ने प्रक्षेपण राज्यले गर्न सकेकै छैन। उद्योग, पर्यटन, जलविद्युत्, निर्माण, स्वास्थ्य, शिक्षा, कृषि, वनलगायतको योजनाबद्ध विकासका लागि राज्यले क्षेत्रगत जनशक्ति प्रक्षेपण गर्न सक्नुपर्छ।

राम्रो र नतिजामुखी काम गर्दा प्रशंसा नगर्ने व्यवस्थापनले सानो कमजोरी भएको अवस्थामा पनि कसरी निकाल्ने भन्ने दाउ पर्खिरहेको हुन्छ। कर्मचारीबाट नतिजा मात्रै खोज्ने व्यवस्थापन पक्षले कर्मचारीको कमजोरी सुधार गर्न क्षमता र सीप विकासमा भने ध्यान दिएको हुँदैन।

### सरकारी जनशक्ति व्यवस्थापनमै समस्या

समग्र मुलुकका लागि आवश्यक जनशक्ति विकासमा कमजोर साबित मुलुकले सरकारी कर्मचारीको व्यवस्थापनसमेत गर्न सकेको छैन। जसका कारण कुनै निकायमा जनशक्तिको अभाव छ त कुनैमा आवश्यकताभन्दा बढी जनशक्ति रहेको छ। भएको जनशक्तिलाई पनि सही किसिमले परिचालन गर्न सकिएको छैन। यस सन्दर्भमा मानव संसाधन व्यवस्थापन तथा परामर्शको क्षेत्रमा देशभित्रै विशेषज्ञ जनशक्ति उपलब्ध छ। सरकारले उक्त जनशक्तिबाट आफ्ना विभिन्न निकायको मानव संसाधन (एचआर) अडिट गराएर समस्याको पहिचान गरी समाधान गर्न सक्छ।

### मानव संसाधन मन्त्रालयको आवश्यकता

दुई वर्षअघि काशिनाथ दाहालको संयोजकत्वको एक अध्ययन समितिले केन्द्रमा रहने मन्त्रालय र त्यसको संख्याका लागि सरकारलाई सुझाव प्रतिवेदन बुझाएको थियो। तर, प्रतिवेदनलाई उचित रूपमा कार्यान्वयन गर्नुको साटो सत्तासीनहरूले आफूअनुकूल तोडमोड गरे। वास्तवमा मुलुकको समग्र क्षेत्रमा आवश्यक जनशक्तिको प्रक्षेपण, विकास र व्यवस्थापनसँग जोडिएका शिक्षा, श्रम तथा रोजगार र सामान्य प्रशासन मन्त्रालयलाई गाभेर एउटै मन्त्रालय बनाउन आवश्यक छ। जनशक्ति विकास र व्यवस्थापनसँग सम्बन्धित निकायहरू छरपस्ट अवस्थामा रहेकै कारण यो क्षेत्र अस्तव्यस्त भएको हो।

### जनशक्ति प्रक्षेपण र विकास

अहिलेको अवस्थामा सरकार तथा शैक्षिक संस्थाबाट तयार हुने जनशक्ति उद्योग क्षेत्रको आवश्यकताअनुरूप नभएको कुरा जगजाहेर नै छ। त्यसका लागि सरकारले समग्र विद्यमान शिक्षा प्रणालीलाई नै परिमार्जन गर्न जरुरी भइसकेको छ। अबको पाँच-दश वर्षमा मुलुकलाई कुन क्षेत्रमा कस्तो किसिमको जनशक्ति कति मात्रामा आवश्यक छ भन्ने प्रक्षेपण राज्यले गर्न सकेकै छैन। उद्योग, पर्यटन, जलविद्युत्, निर्माण, स्वास्थ्य, शिक्षा, कृषि, वनलगायतको योजनाबद्ध विकासका लागि राज्यले क्षेत्रगत जनशक्ति प्रक्षेपण गर्न सक्नुपर्छ। यसरी जनशक्ति प्रक्षेपण गरेर आवश्यक जनशक्ति विकासको योजना बनाउन आवश्यक छ। तर, राज्यसँग भविष्यको आवश्यकताअनुरूप जनशक्ति प्रक्षेपण र विकास गर्ने अभ्यासको अभाव मात्रै नभएर हाल कुन क्षेत्रमा कति संख्यामा कस्तो जनशक्तिले काम गरिरहेको भन्ने यकिन तथ्यांकसम्म छैन।

---

करिअर टिप्स

## जागिर छोड्ने वेला भएको कसरी थाहा पाउने ?

■ नयाँ जागिर नपाएसम्म आफ्नो काम छोड्नुहुँदैन। रेजुमेमा रोजगार अन्तर देखियो भने तपाईंलाई जागिरबाट निकालिएको हो वा अचानक छोडेको के हो भन्ने विषयमा अन्योल बनाउँछ। रोजगारीप्रतिको इमानदारितालाई अझै पनि मूल्यवान् नै मान्ने गरिन्छ।

■ नयाँ जागिरको अन्तर्वार्तामा तपाईंलाई पक्कै पनि पछिल्लो जागिर किन छोडेको भन्ने प्रश्न गरिन्छ। यसका लागि तपाईंसँग ठोस उत्तर हुन आवश्यक छ। तपाईं आफ्नो जागिर व्यक्तिगत वा कामसँग सम्बन्धित के कारणले छोड्न चाहनुहुन्छ, त्यो विचार गर्नुपर्छ। आफ्नो करिअर एकै ठाउँमा अड्रिरहेका कारण जागिर छोड्न चाहेको हो भने यो राम्रो रोजाइ हो, तर तपाईं आफ्ना हाकिम वा सहकर्मीलाई मनपराउनुहुँदैन। त्यसैकारण जागिर छोडेको हो भन्नेचाहिँ त्यति उपयोगी कारण होइन। त्यसैले जागिर छोड्न लागेको वास्तविक कारण पत्तो लगाउन आवश्यक छ, ताकि नयाँ जागिरमा सोही गल्ती नदोहोरियोस्।

■ जागिर छोड्ने जानकारी दिनु दुई हप्ताअघि आफ्नो आर्थिक अवस्थाको मूल्यांकन गर्नुपर्छ। केही महिनासम्म बेरोजगार बस्दा तपाईंको आर्थिक स्थितिले कत्तिको साथ दिन्छ, त्यो थाहा पाउन एकदमै जरुरी हुन्छ। जागिर छोड्ने निर्णय गर्नुअघि केही महिनालाई धान्ने आर्थिक बचत तपाईंसँग हुन आवश्यक छ।

■ प्रयोग नभएका बिरामी बिदा वा व्यक्तिगत बिदाको पैसा पाइन्छ कि पाइँदैन, त्यो बुझ्नुपर्छ। यी सबै कुराबारे अगाडि नै थाहा पाए राम्रो हुन्छ। कुनै-कुनै कम्पनीले सूचना प्रेसित गरेलगत्तै काम छोड्न लगाउँछन्, उनीहरूलाई केही समयको तयारी पनि गर्न दिँदैनन्, त्यसैले यी कुराबारे पहिल्यै थाहा पाए ती समयको उपयोग गर्न सकिन्छ।

■ तपाईंको सुपरभाइजरलाई तपाईं खुसी नभएको कुरा थाहा नहुन पनि सक्छ। तपाईंले आफूले किन जागिर छोड्न लागेको हो भन्ने कुराको मूल्यांकन गरेर सुपरभाइजरसँग कुरा गर्नुपर्छ। यसो गर्दा तपाईंलाई परेको समस्याको समाधान पनि निस्कन सक्छ। तपाईंले अर्कै विभागमा सार्न, थप जिम्मेवारी दिन र तपाईंका पूरा नभएका मागहरू सम्बोधन हुन सक्ने सम्भावना हुन सक्छ।

■ नयाँ कर्मचारीको अन्तर्वार्ता लिने, भर्ना गर्ने र तिनलाई प्रशिक्षण दिनु कम्पनीलाई महँगो पर्न सक्छ। त्यसैले कम्पनीले तपाईंले जागिर नछोडोस् भन्नका लागि तपाईंको काम गर्ने वातावरणमा केही परिवर्तन गरेर तपाईंसँगै काम गर्न कम्पनी चाहन्छ।

■ आफूले हाल काम गरिरहेको कम्पनी छोड्न चाहेको वास्तविक कारण थाहा पाउन हतार गर्नुहुँदैन। प्रशस्त समय लिएर यसबारे सोच्न सकिन्छ। प्रायःजसो जुन कारणले पुरानो जागिर छोडेको हो, नयाँ कार्यस्थलमा गएपछि पनि सो समाधान नहुन सक्छ। नयाँ जागिरमा जानुअघि समस्याको मुख्य स्रोतको पहिचान गर्न आवश्यक छ। यसबारे राम्ररी सोचेर र आफ्ना सुपरभाइजरसँग सल्लाह गरेर मात्रै अघि बढ्नुपर्छ।


---

पुस्तक अंश

## मुगल इन्डियाको उद्योगमा परेको बेलायती प्रभाव

इन्डियन इन्डस्ट्री मुगल इन्डियामा परेको बेलायती प्रभाव युरोपेली कोलोनी बनेका अन्य कुनै पनि राष्ट्रको तुलनामा सबैभन्दा धेरै छ। उपनिवेशपूर्वको समयमा औद्योगिक निर्यातक बन्दा ऊ अद्वितीय थियो। यस उद्योगको सबैभन्दा ठूलो हिस्सा बेलायती शासनको परिणामका रूपमा विघटित थियो। सन् १७५७ र सन् १८५७ को बीचमा बेलायतीले मुगल कोर्टलाई हटाइदिए र एकतिहाइ माथिल्ला वर्गलाई पनि हटाइदिए। उनीहरूले आधाभन्दा बढी स्थानीय जमिन्दारलाई पनि हटाए र त्यसको ठाउँमा युरोपेली स्वादको कर्मचारीतन्त्र स्थापना गरे। नयाँ शासकहरूले युरोपेली कपडा र जुत्ता लगाउँथे, आयातीत बियर, वाइन र स्प्रिट पिउँथे र युरोपेली हतियारको प्रयोग गर्थे।

यस्तो व्यवहार युरोपेलीको क्लर्क र इन्टरमिडियारिजको काम गर्ने नयाँ भारतीय मध्यमवर्गीयहरूले नक्कल गर्थे। यी सामाजिक र राजनीतिक परिवर्तनको परिणामस्वरूप लक्जरी ह्यान्डिक्राफ्टको आन्तरिक माग तीनतिहाइले कम भयो। मलमल, गहना, लक्जरी कपडा, जुत्ता र सजावटले भरिएको हतियार र तरबार उत्पादकका लागि एक झट्का थियो। मेरो आफ्नो अनुमानमा यी वस्तुको घरेलु बजार मुगलको




राष्ट्रिय आम्दानीको ५ प्रतिशत हुने थियो भने टेक्सटाइलको निर्यात बजार अर्को डेढ प्रतिशत हुने थियो। नेपोलियोनिक युद्धपछि बेलायतबाट सस्तो टेक्सटाइलको आयात बढ्नु अर्को झट्का थियो। घरमा बनाइएका धागोको सट्टा कारखानामा बनेका धागोको प्रयोग बढ्न थालेपछि गाउँमा हातले बुनेका धागोको माग घट्यो।

एंगस म्याडिसनको पुस्तक 'द वर्ल्ड इकोनोमी : अ मिलेनियल पस्पेक्टिभ'बाट साभार

---

# स्वचालनका लागि सामाजिक समाधान

© Project Syndicate 2019
नयाँ पत्रिका र प्रोजेक्ट सिन्डिकेटको सहकार्य



विश्व अर्थ

● निकोलस अगर
प्राविधिक परिवर्तनले मानिसमा ल्याएका परिणामबारे थुप्रै पुस्तक लेखेका निकोलस अगर न्युजिल्यान्डका दार्शनिक हुन्।



आफ्ना बालबच्चा हुर्किएपछि कुन रोजगारी उनीहरूका लागि उपलब्ध होला भन्ने चिन्ताले आज हरेकलाई पिरोलेको छ। त्यसैकारण तत्काल स्वचालित हुन सक्ने मानव रोजगारी भरपाई गर्न अभिभावकले अर्को ठूलो डिजिटल वस्तुको अनुमान लगाउने प्रयास गरेका छन्। एकाउन्टेन्ट र रेडियोग्राफर्सहरूको क्षेत्रमा कुनै आशा बाँकी छैन, तर फेसबुकमा नयाँ फिचर थप्न सक्ने र चालकविहीन कारलाई उत्कृष्टता दिन सक्ने डेभलोपर्सहरूको हकमा भने केही हुन सक्छ, होइन त ?

यस तरिकाले सोच्नुभन्दा, हामीले प्रभावकारी डिजिटल प्रविधिलाई हाम्रो सामाजिक प्रकृतिलाई सन्तुष्ट पार्ने खालका रोजगारी सिर्जना गर्नु अवसरका रूपमा हेर्नुपर्छ। यसले 'कामको अन्त्य'सम्बन्धी समस्याको समाधान गर्ने मात्रै नभई आधुनिकताको सबैभन्दा खराब पक्षमध्येको एक अर्थात् एक्लोपनाको सम्बोधन गर्न पनि सहयोग गर्छ।

समाजसँग एक्लिएका मानिसहरू तर्कपूर्ण मानव सम्बन्धमा जोडिएका व्यक्तिभन्दा बढी नीरस र दुःखी हुन्छन्। समाजमा यिनीहरूको संख्या बढ्दो छ। न्युयोर्क टाइम्सको सन् २०१६ को कमेस्ट्रीअनुसार सन् १९८० यता आफूहरू एक्लो भएको अभिव्यक्ति दिने अमेरिकी वयस्कको संख्या २० प्रतिशतबाट दोब्बर अर्थात् ४० प्रतिशतमा उक्लिएको छ।

स्वचालन र एक्लोपनाले निम्त्याएको समस्यालाई सामाजिक डिजिटल अर्थतन्त्रले एकसाथ सामना गर्छ। मेसिन र एल्गोरिदमले पहिल्यै नै डिजिटल अर्थतन्त्रमाथि शासन गरेको छ। प्रभावकारिता र कम्प्युटिङ शक्तिका आधारमा उनीहरूसँग प्रतिस्पर्धा गर्न सकिँदैन भन्ने कुरा मानिसले बुझ्न जरुरी छ। हामीले भविष्यमा मेसिनले प्यासेन्जर जेट प्लेन उडाउन सक्ने र मुटुको शल्यक्रिया पनि गर्न सक्ने कुरा हुन सक्छ भन्ने कुरालाई स्विकार्न र स्वागत गर्न आवश्यक छ।

पक्कै पनि डिजिटल अर्थतन्त्रमा कुराहरूको व्यवस्थापन गर्न मानव कर्मचारीको आवश्यकता पर्छ। तर, सो आवश्यकताको स्तर विगतको तुलना नजिक भने हुँदैन।

> आज कार्यस्थलमा डिजिटल प्रविधिको प्रमुख उपयोगिता भनेको उत्पादकत्व वृद्धि नै हो। तर, सामाजिक दृष्टिकोणले हेर्ने हो भने हामीले मानव कामदारलाई आफ्ना भावनाहरू स्वतन्त्र रूपमा व्यक्त गर्न दिनुपर्छ।

यसैक्रममा, विगतमा पाइलट, सर्जन वा एकाउन्टेन्ट बनेका सबै व्यक्तिहरू मेसिनले एकदमै खराब ढङ्गले गर्ने कामलाई राम्रोसँग गर्न सक्थे।

केही गतिविधिमा मेसिनको संलग्नताले अनुभवलाई क्षति पुऱ्याउने एमआइटीका सेरी टर्कलले बताएका छन्। सामाजिक सञ्जाललाई लिऔं। फेसबुक र ट्विटर सामाजिक अनुभवको आधारभूत सेवा गर्न डिजाइन गरिएका कारण यिनीहरूले एक्लोपनालाई कम गर्न सक्दैन। डिजिटल चिनीजस्तै यिनीहरूले तुरुन्तै सन्तुष्टिदायक सामाजिक अन्तर्क्रिया त गराउन सक्छन्, तर यिनीहरूले जहिल्यै पनि आफू पछाडि एक किसिमको खालीपना छोड्छन्। नक्कली सामाजिक अनुभव गराएर उनीहरूले वास्तवमा हामीलाई झन् एक्लो बनाउँछन्। विगतमा आफ्नो हेरचाह आफैं गर्न नसक्नेलाई देखभाल गर्नेहरूलाई नै 'सामाजिक कार्यकर्ता' भनिन्थ्यो। तर, सामाजिक डिजिटल अर्थतन्त्रमा यसको अर्थ केही विस्तारित हुन्छ। कसैले तपाईंको दिन कस्तो बितिरहेको छ भन्ने मात्रै सोधेर पनि सामाजिक काम त गर्न सकिहाल्छ नि। कार्यस्थल नियमहरूको अनुपालनबाट प्रेरित भए पनि यो तर यसमा कम्पनी आउनुको कुनै अर्थ छैन। सामाजिक अन्तर्क्रियाका लागि हाम्रो आवश्यकता हाम्रो उदयको उत्पादन हो। मानिसहरू 'बाध्याकारी रूपमा सानदार' रहेको न्युरो वैज्ञानिक जोन क्यासिप्पोले बताएका छन्।

प्रभावकारितासँगै हामीले विभिन्न पेसा (सामाजिकजस्ता नलाग्ने केही पेसासमेत)हरूलाई कसरी साामाजिक रूपमा विस्तार गर्न सक्छौं भन्ने कुरा पनि सोच्न आवश्यक छ। उदाहरणका लागि, एस्ट्रोनटलाई लिऔं। प्रभावकारितामाथि केन्द्रित रहन तुरुन्तै धेरथोर रूपमा मानव स्पेस अन्वेषकलाई चरणबद्ध तरिकाले हटाउन आवश्यक छ। तथ्यांक संकलन र गति सुधार्ने काममा मेसिनले राम्रो गरिरहेको छ। र, उनीहरूलाई मानिसलाई जस्तो अन्तरिक्षमा अतिरिक्त सुविधाको पनि आवश्यकता पर्दैन।

यसलाई अर्को तरिकाले हेरौं, यदि कसैले सामाजिक जनावरलाई यातना दिन चाहन्छ भने सबैभन्दा लागतमैत्री उपाय भनेको उसलाई एक्ल्याउनु नै हो।

औद्योगिक र औद्योगिकपछिका युगमा हाम्रो सामाजिक प्रकृति प्रभावकारितासँगको सांस्कृतिक लतले थिचिएको छ। तर, डिजिटल क्रान्तिले भने हामीले गुमाएका कुरालाई पुनः आविष्कार गर्न सहयोग गर्छ। आज कार्यस्थलमा डिजिटल प्रविधिको प्रमुख उपयोगिता भनेको उत्पादकत्व वृद्धि नै हो। तर, सामाजिक दृष्टिकोणले हेर्ने हो भने हामीले मानव कामदारलाई आफ्ना भावनाहरू स्वतन्त्र रूपमा व्यक्त गर्न दिनुपर्छ।

तर, सामाजिक अर्थतन्त्रमा हामीले अझै पनि प्रभावकारिताका बारेमा चर्चा गर्नुपर्छ, यद्यपि हामीलाई मानव असफलताका लागि पनि सहुलियतको आवश्यकता पर्छ। हामीले हाम्रा मायालुबाट उत्कृष्ट प्रभावकारिताको अपेक्षा नगरेजस्तै मानव शिक्षक, नर्स र ब्यारिस्ताबाट पनि यसको अपेक्षा गर्नुहुँदैन।

तर, स्पेसको अन्वेषणबारे सोच्ने अर्को पनि तरिका छ, जसमा मानिसको उपस्थिति केन्द्रबिन्दुमा हुन्छ। मानिसहरूका लागि कथावाचन जहिल्यै पनि रमाइलो सामाजिक अनुभव हुने गरेको छ। रोबोटले स्पेसका बारेमा राम्रो तथ्यांक दिन सक्ने भए पनि उनीहरूले यसबारे सन्तोषजनक कथा भने बताउन सक्दैनन्। त्यसो भए मानवतामा कुनै योगदान पुग्दैन भने स्पेसको अन्वेषण किन गरिराख्नुपऱ्यो त ? सामाजिक दृष्टिकोणबाट हेर्ने हो भने मानव एस्ट्रोनटलाई मेसिनले विस्थापित गर्नु भनेको मेरिल स्ट्रिपलाई सिजीआई एनिमेसनले विस्थापित गरेजस्तै हो।

उत्सुक अभिभावकले कामको भविष्यबारे अनुमान गर्नका लागि पछिल्लो प्रविधिको अध्ययन गर्ने नभई हाम्रो आफ्नै पुराना प्रविधिको अध्ययन गर्नु नै सबैभन्दा सही तरिका हुन्छ। होमो स्यापियन्स किसान बन्नुभन्दा अगाडि हामी फोराजर समुदायसँग सम्बन्धित थियौं, जसले आज पूरा नभएका अधिकांश सामाजिक आवश्यकता पूरा भएका थिए।

सामाजिक अर्थतन्त्रमा कामको भविष्य ती आवश्यकतालाई एकपटक पुनः ध्यान दिनेबारेमा नै हुनेछ। यसो हुनका लागि हामीले नीति-निर्माता र व्यवसायीको मानसिकतामा परिवर्तन गर्नुपर्छ। तर, कुरा के हो मानिससँग प्रत्यक्ष डिल गर्ने कर्मचारीहरू नै सबैभन्दा पहिला स्वचालित सेवाबाट विस्थापित हुन्छन्। तर, यो आफ्नो छनोट हो, आर्थिक आवश्यकता होइन। कुनै पनि डिजिटल क्रान्तिका लागि मानिस र मानव अन्तर्क्रियालाई रोक्नुपर्ने आवश्यता छैन।

स्वचालनको लाभांश केही थोरै अर्बपतिको खल्तीमा हाल्नुसट्टा, अनिवार्य रूपमा भयावह प्राणीसँगको तर्कपूर्ण सम्बन्धलाई पुनर्स्थापित गर्न यसको प्रयोग गर्न सुरु गर्नुपर्छ। यसमा सफलता हात पऱ्यो भने भन्न लायकको एक मानव कथा बन्नेछ।

# अब कफीखेतीको पनि बिमा

## बिमांक रकमको ५ प्रतिशत बिमा शुल्क, किसानको पनि २ लाखको दुर्घटना बिमा

मुना कुँवर/नयाँ पत्रिका
काठमाडौं, २३ फागुन



अब कृषकहरूले कफीखेतीको बिमा गर्न पाउने भएका छन् । बिमा समितिले गत साता बिमालेख सार्वजनिक गरेको हो । सोअनुसार कफीखेतीको साथमा दुर्घटनाबाट हुने किसानको मृत्यको २ लाखसम्मको बिमा पनि हुनेछ । आगलागी चट्याङ, भूकम्प, अधिक वर्षा, बाढी, डुबान, खडेरीका कारण कफीखेतीमा नोक्सानी भएमा कम्पनीले बिमांक रकमको ९० प्रतिशत रकम भुक्तानी गर्छ । कफी खेती बिमा योजनामा कृषकहरूले कफीको बोट, चेरी वा बोट र चेरीको संयुक्त रूपमा बिमा गर्न सकिने बिमा समितिका उपनिर्देशक कुन्दन सापकोटाले बताए । 'यो बिमालेख नेपालका लागि नयाँ हो । यसमा बोट, चेरी र दुवैको पनि बिमा गर्न सकिनेछ,' उनले भने ।

### कृषकको आफ्नै कारण क्षति भएमा दाबी नलाग्ने

योजनाअनुसार यदि कृषक वा कृषकको परिवारले जानाजान वा रिसइबीपूर्ण व्यवहारका कारणबाट कफीखेतीको क्षति भएमा कम्पनीले दाबी भुक्तानी नगर्न सक्छ । त्यस्तै, कानुनी निकायको आदेशमा बिमा गरिएको कफीखेती नष्ट गर्नुपर्ने भएमा, युद्ध, अतिक्रमण, विदेशी सैन्य कारबाही, गृहयुद्ध, राजद्रोह, क्रान्ति, सैनिक विद्रोहका कारणले खेती हानि-नोक्सानी भएमा पनि कम्पनीले दाबी भुक्तानी गर्दैन ।

### कफी रोपेकै वर्षबाट बिमा गर्न सकिने

कृषकहरूले कफी रोपेकै वर्षबाट बिमा गर्न सक्नेछन् । तर, बिमालेखमा उल्लेख भएबमोजिमको प्राविधिक प्रक्रिया पूरा गरी कफीखेती गरेको हुनुपर्नेछ । योजनाअनुसार कफी रोप्दा रोपण गरिने बिरुवा पोलीब्यागमा रोपेको कम्तीमा १ फिट अग्लो, सिसाकलम जत्रो मोटो, ६ जोडी पात भएको, १४ देखि १८ महिनाको, रोग/किरा नलागेको स्वस्थ बेर्ना हुनुपर्नेछ । त्यस्तै, बिरुवा लगाउनुभन्दा कम्तीमा एक महिना पहिलादेखि रेखांकन गरी ३५ सेमी गहिरो र चौडा खाडल खनेको हुनुपर्नेछ । वर्षा सुरु भएपछि असारदेखि साउनसम्म बिरुवा रोपिसक्नुपर्छ । सिँचाइको सुविधा भएको ठाउँमा फागुन, चैत्रमा पनि रोपण गर्न सकिनेछ ।

### आंशिक बिमा गर्न नपाइने

एउटा कृषकले आंशिक रूपमा कफीखेतीको बिमा गर्न पाउने छैनन् । समितिले जारी गरेको कफीखेती बिमा योजनाअनुसार कृषकले एकपटकमा आफ्नो पूरै खेतीको बिमा गर्नुपर्नेछ । त्यस्तै, कफीखेतीको बिमा गर्न एउटै ब्लक वा क्लस्टरमा थोरैमा ५ सय बोट हुनुपर्नेछ । बिमकले आफ्नो कफीखेती बिक्री गरेमा बिमालेख नामसारी गरी बिमालाई निरन्तरता दिन सकिनेछ ।

### सात दिनभित्र दाबी गर्नुपर्ने

बिमा गरिएको कफी खेतीमा हानि-नोक्सानी भएमा कृषकले ७ दिनभित्रमा बिमा कम्पनीमा खबर गर्नुपर्नेछ । कृषकले सक्कल बिमालेख, पूर्ण रूपले भरिएको दाबी फारम, स्थानीय निकायको कृषि सेवा शाखा वा कृषि ज्ञान केन्द्रबाट अनिवार्य रूपमा प्रमाणित प्रमाण-पत्र, बिमितले राखेको कफीखेतीसम्बन्धी अद्यावधिक अभिलेखको प्रतिसहित बिमा कम्पनीमा दाबी गर्नुपर्नेछ । त्यस्तै, नगरपालिका, गाउँपालिका, वडा कार्यालय वा सबभन्दा नजिकको दुईजना छिमेकीको सर्जमिन मुचुल्का पनि दाबी फारमका साथ संलग्न गराउनुपर्नेछ ।

### ५ प्रतिशतभन्दा बढी क्षति भए मात्र दाबी लाग्नेछ

बिमा अवधिभित्रमा बिमा गरिएको कफीखेती कुल बिमांक रकमको ५ प्रतिशतभन्दा बढी क्षति भएमा मात्र बिमा दाबी लाग्नेछ । त्यस्तै, बिमा गरिएको कफीखेती ८० प्रतिशतभन्दा बढी क्षति भएमा पूर्ण क्षतिअनुसार दाबी भुक्तानी गरिनेछ । बिमा अवधिभित्र बिमा दाबी परेको क्षेत्रफललाई पुन : बिमामा समावेश गर्न पाइनेछैन ।

### बिमाशुल्क बिमांकको ५ प्रतिशत लाग्ने

कृषकहरूले कफीखेतीको बिमांक रकमको ५ प्रतिशत भुक्तानी गरी बिमा गर्न सक्नेछन् । बिमांक कायम गर्दा कफीको बोटको वर्ष, उत्पादन दर, बोटको मूल्य, उत्पादनको मूल्य आधारमा निर्धारण गरिनेछ । व्यक्तिगत, साना किसान वा किसान समूहले यस्तो खालको बिमालेख खरिद गर्न सक्नेछन् । कृषकले बिमांकको शून्य दशमलव ५० प्रतिशत बिमाशुल्क भुक्तानी गरी दुर्घटना बिमा गर्न सक्नेछ । बिमांक रकम कायम गर्दा सम्बन्धित जिल्लाको राष्ट्रिय चिया तथा कफी विकास बोर्डको कार्यालय वा अन्य सरकारी निकायको कृषिसँग सम्बन्धित कार्यालयबाट प्रमाणित गराउनुपर्नेछ ।

# सिएमसीसँग तनहुँ हाइड्रोले ठेक्का तोड्यो

## ठेक्का रद्द गर्न प्रवर्द्धक कम्पनीले दिएको सूचनाको कुनै जवाफ नै दिएन सिएमसीले

नयाँ पत्रिका
काठमाडौं, २३ फागुन

तनहुँ हाइड्रोपावर लिमिटेडले १४० मेगावाटको तनहुँ जलविद्युत् आयोजनाको हेडवर्क्स निर्माणको ठेक्का सम्झौता तोडेको छ । कम्पनीले आयोजनाको पहिलो प्याकेजअन्तर्गत नदी फर्काउने, बाँध निर्माणलगायत कार्यको ठेक्का सम्झौता इटालियन कम्पनी सिएमसी (को-अपरेटिभा मुराटोरी एन्ड सिमेटिस्टी)सँग गरेको थियो ।

### किन रद्द गरियो ठेक्का ?

खरिद सम्झौतामा भएको व्यवस्थाअनुसार सिएमसीले २८ दिनभित्र आयोजनास्थलमा आएर काम सुरु गरेको थिएन । त्यस्तै, अग्रिम भुक्तानीका लागि बैंक ग्यारेन्टी ल्याउन नसकेको, कम्पनी वित्तीय रूपमा समस्यामा परी ऋणदाताहरूलाई भुक्तानी दिन नसकेर इटालीको अदालतमा न्यायिक प्रक्रियामा रहेकोलगायत कारणले पनि सिएमसीसँगको सम्झौता तोड्नुपरेको कम्पनीले जनाएको छ ।

यसअघि कम्पनीले ४ माघ ०७५ मा ठेक्का कार्यान्वयनमा गएको सूचना सिएमसीलाई दिएको थियो । ७ फागुनमा ठेक्का तोड्न सूचना दिइएको सिएमसीबाट कुनै आधिकारिक जवाफ नआएपछि तनहुँ हाइड्रोपावर लिमिटेडले २२ फागुन ०७५ मा ठेक्का सम्झौता रद्द गरिएको जानकारी सिएमएसीलाई गराएको जनाएको छ ।

### कार्यसम्पादन जमानत जफत

तनहुँ हाइड्रोपावरका अनुसार सिएमसीसँग १५ असोज ०७५ (१ अक्टोबर २०१८)मा २० अर्ब ६४ करोड ५२ लाख (प्रोभिजनल सम र मूल्य अभिवृद्धि करसहित) रुपैयाँमा खरिद सम्झौता भएको थियो । तनहुँ हाइड्रोपावर लिमिटेडले ठेक्का सम्झौता रद्द भएको सूचना जारी गरी सिएमसीले कार्यसम्पादन जमानतबापत राखेको ८७ लाख ४९ हजार युरो र ८५ करोड १४ लाख रुपैयाँसमेत जफतका लागि दाबी गरेको छ । साथै सिएमसीका तर्फबाट कार्यसम्पादन जमानत जारी गर्ने नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडले यही हप्ताभित्रमा दाबी रकम भुक्तानी गर्ने लिखित प्रतिबद्धता जनाएको छ ।

### नयाँ ठेक्का प्रक्रिया सुरु

तनहुँ हाइड्रोका अनुसार सिएमसीसँगको ठेक्का सम्झौता रद्द गरी हाल नयाँ ठेक्का प्रक्रियाको लागि तयारी सुरु गरिएको छ । अहिले नयाँ टेन्डर आह्वान गर्ने बोलपत्र कागजात तयारीको काम अन्तिम चरणमा पुगेको छ । कम्पनीले चैतको दोस्रो हप्ता (मार्च २०१९) भित्रमा नयाँ बोलपत्र आह्वान गर्ने लक्ष्यका साथ काम अघि बढाइएको छ ।

आयोजनाको सुरुङ, विद्युत् गृह निर्माण र हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायतका दोस्रो प्याकेजका काम गर्ने चिनियाँ कम्पनी सिनो हाइड्रो कर्पोरेसन लिमिटेडले आयोजनस्थलमा काम सुरु गरिसकेको छ ।

आयोजनाको तेस्रो प्याकेजअन्तर्गत दमौलीबाट चितवनको भरतपुरसम्म २२० केभीको डबल सर्किट प्रसारण लाइन निर्माणका लागि भारतीय कम्पनी केइसीसँग ठेक्का सम्झौता सम्पन्न भइसकेको छ । कम्पनी आयोजनास्थलमा परिचालन भइसकेको छ ।

### यसरी जुटाइएको छ लगानी

आयोजनाको कुल लागत अमेरिकी डलर ५० करोड ५० लाख (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याजसमेत) रहेको छ । यसमध्ये एसियाली विकास बैंक (एडिबी)ले १५० मिलियन, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले १८४ मिलियन, युरोपियन इन्भेष्टमेन्ट बैंक (इआइबी)ले ८५ मिलियन र नेपाल सरकार/नेपाल विद्युत् प्राधिकरणले ८७ मिलियन अमेरिकी डलर व्यहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ । यसका लागि सम्बन्धित दातृ निकायहरू र नेपाल सरकारबीच ऋण सम्झौताहरू तथा नेपाल सरकार र प्राधिकरण एवं प्राधिकरण र यस कम्पनीबीच सहायक ऋण सम्झौताहरू सम्पन्न भइसकेका छन् ।

# महोत्सवको आकर्षण बन्यो जातीय घर



शान्ता कमली/नयाँ पत्रिका
लमजुङ, २३ फागुन

बेँसीसहरमा जारी गण्डकी प्रदेशस्तरिय छैटौं लमजुङ महोत्सवमा विभिन्न जातजातिको परम्परागत घर मुख्य आकर्षण बनेको छ । महोत्सवमार्फत जिल्लाभित्र रहेका विभिन्न जातजातिहरूको कलासंस्कृतिलाई उजागर गर्ने उद्देश्यले घरहरूको निर्माण गरिएको हो ।

जिल्लाभित्र बसोवास गर्ने नेवार, मगर, तामाङ, यल्मो समाज, गुरुङ, चेपाङ, भुजेललगायत विभिन्न जातजातिको कला संस्कृति, खानपानलाई महोत्सवमार्फत उजागर गर्न घर निर्माण गरिएको महोत्सव मूल समारोह समितिका संयोजक एवं आयोजक लमजुङ उद्योग वाणिज्य संघका अध्यक्ष राजेश थापाले बताए ।

महोत्सवमा खरले छाइएका अनि फरक-फरक शैलीका घर हेर्न दर्शकको घुइँचो लाग्ने गरेको छ । गाउँले शैलीमा निर्माण गरिएका आकर्षक घरले महोत्सवमा आउने हजारौँ दर्शकको मन जितेको महोत्सवको विद्यालयस्तरीय प्रतियोगिता तथा साहित्य उपसमितिका संयोजक श्रीकृष्ण लामिछाने बताउँछन् ।

परम्परागत घरको अवलोकन गर्न पुगेका दर्शकले त्यहाँभित्र बनाइएका परिकारसमेत खाने गरेको संघका महासचिव कृष्णजंग गुरुङले बताए । महोत्सव मूल आयोजक समितिले चेपाङ, तामाङ, नेवार, मगरलगायत जातजातिले आफ्नो गाउँमा पनि होमस्टे बनाएर गाउँमा पुगेका पर्यटकलाई सम्मान गर्न सकियोस् भन्ने उद्देश्यले महोत्सव स्थलमै खानाका परिकारको व्यवस्था गरेको हो ।

'स्थानीय उत्पादन, संस्कृति तथा पर्यटन : नागरिक समृद्धिका लागि लगानीमैत्री वातावरण' भन्ने नाराका साथ १९ गतेबाट सुरु भएको महोत्सव फागुन २९ गतेसम्म चल्नेछ । महोत्सवमा २ सय ५० वटा स्टल छन् । १० वटा होटेल तथा रेस्टुरेन्ट, ४० वटा कृषि, घरेलु सामग्रीसम्बन्धी स्टल र अन्य प्रकारका स्टल रहेका छन् । महोत्सवको अफिसियल मिडिया नयाँ पत्रिका राष्ट्रिय दैनिक रहेको छ ।

# राजस्व असुलीमा कमजोर ठाडी भन्सार




मणिलाल विश्वकर्मा/नयाँ पत्रिका
लहान, २३ फागुन

सिरहाको दक्षिणी सीमावर्ती भगवानपुर गाउँपालिका- ४ मा पर्ने ठाडीस्थित ठाडी भन्सार कार्यालयले लक्ष्यको तुलनामा अत्यन्त न्यून मात्र राजस्व असुली गर्दै आएको छ । चालू आर्थिक वर्ष ०७५/७६ को वार्षिक राजस्व असुली लक्ष्य १० करोड रुपैयाँ रहेको छ । तर, राजस्व असुली मासिक तथ्यांकलाई आधार मान्दा ६१.८५ प्रतिशत कम रहेको ठाडी भन्सार कार्यालयका प्रमुख उमेश भट्टराईले जानकारी दिए ।

वार्षिक लक्ष्यअनुसार मासिक ८३ लाख ३३ हजार ३ सय ३३ रुपैयाँ राजस्व असुली गर्नुपर्ने भए पनि मासिक औसत असुली ३२ लाख ६२ हजार पाँच सय रुपैयाँ मात्र रहेको छ, जुन ३९ दशमलव १५ प्रतिशत मात्र हुन्छ । ठाडी भन्सारले गत कात्तिकमा १८ लाख, मंसिरमा ३६ लाख, पुसमा ३८ लाख र माघमा ३८ लाख ५० हजार रुपैयाँ भन्सार असुली गरेको तथ्यांक छ ।

भन्सारप्रमुख भट्टराईका अनुसार ठाडीसँगै जोडिएको भारतको लौकाहास्थित कस्टम चेकपोस्ट अद्यावधिक भइनसकेकाले त्यसको असर नेपालमा पनि परेको हो । 'भारतबाट आउने सामान भारतीय कस्टमले नछाडिदिँदा असर नेपाललाई परेको छ,' उनले भने, 'भारतीय पक्षसँग भएको बैठकमा सामान नरोक्ने बताउँछन्, तर सामान छाड्न चाहँदैनन् ।'

सिरहाको लहान, उदयपुरको गाईघाटसम्म हार्डवेयर, कस्मेटिक्स, तरकारीलगायत दैनिक उपभोग्य सामग्री बोकेर आउने भारतीय सवारीसाधनलाई भारतीय पक्षले समयमा छुट पुर्जी नदिँदा व्यापारीले अन्य नाका प्रयोग गर्ने गरेको बताइएको छ । भन्सारमा अधिकृतसहित १७ जनाको दरबन्दी भए पनि १३ जना मात्र जनशक्ति रहेकाले पनि लक्ष्यअनुरूप काम गर्न नसकिएको प्रमुख भट्टराईको भनाइ छ ।

०२३ मा स्थापना भएको ठाडी छोटी भन्सार कार्यालय सरकारको पछिल्लो वार्षिक बजेटमार्फत गत कात्तिकमा स्तरोन्नति भएसँगै पूर्वाधारका लागि जग्गा किन्ने काम भइरहेको छ । एकीकृत भन्सार केन्द्रको अवधारणाअनुरूप पूर्वाधार विकासका लागि पहिले रहेको अढाई कट्ठा जग्गामा थप साढे २२ कट्ठा जग्गा अधिग्रहणको काम सकिएको प्रमुख भट्टराईले बताए ।

'एकीकृत भन्सार केन्द्रका लागि चाहिने करिब पौने ५ बिघा जग्गामध्ये ५० कट्ठा जग्गा अधिग्रहण गरिने प्रक्रियामा रहेको छ,' उनले भने, 'त्यसपछि भवनलगायतका पूर्वाधार विकासमा अगाडि बढ्ने छौं ।'

# पोखरा इन्टरनेटले ल्यायो 'भ्वाइस कमान्ड' र 'स्मार्ट होम' डिभाइस

कास्की/ 'क्लियर टिभी'ले ग्राहकका लागि 'भ्वाइस कमान्ड डिभाइस' बजारमा ल्याएको छ । पोखरामा टिभीको बजारीकरण गरिरहेको कम्पनीले पोखरामा जारी १० औं संस्करणको गण्डकी प्रदेशस्तरीय 'क्यान इन्फोटेक २०७५' मा यो डिभाइस सार्वजनिक गरेको हो ।

'अमेजन अलेक्सा'ले तयार पारेको यो 'डिभाइस' जोडिसकेपछि सामान्य टेलिभिजनलाई पनि 'स्मार्ट' तरिकाले सञ्चालन गर्न सकिने क्लियर टिभीले जनाएको छ । 'यो एउटा भ्वाइस कमान्ड डिभाइस हो । र, यो जस्तोसुकै टेलिभिजन सेटमा पनि प्रयोग गर्न सकिन्छ । प्रयोगकर्ताले 'अमेजन अलेक्सा डिभाइस'मार्फत अमेजन स्टोरमा रहेका गीत, भिडियो पनि हेर्न सक्नेछन् ।

त्यस्तै पोखरा इन्टरनेटले क्यानकै अवसरमा 'स्मार्ट होम डिभाइस' पनि लन्च गरेको छ । यो डिभाइस घरमा जोडेपछि प्रयोगकर्ताले एकैचोटि धेरै सुविधाको उपभोग गर्न पाउने कम्पनीका जनरल म्यानेजर विजेश पालिखेले जानकारी दिए । डिभाइस जोडिसकेपछि मोबाइल एपबाटै बत्ती बाल्ने, निभाउने, टेलिभिजन अन-अफ गर्ने, एसी सञ्चालन गर्नेजस्ता सुविधा प्रयोगकर्ताले पाउने उनले बताए ।

इन्टरनेट सेवाप्रदायक संस्था पोखरा इन्टरनेटले आफ्ना प्रयोकर्तालाई थप सुविधा दिनेक्रममा यस्ता डिभाइस पोखरा भित्र्याएको हो । पोखरा इन्टरनेटले हाल सुलभ मूल्यमा इन्टरनेट जडान गर्दै आएको र यो अफर केहीदिन मात्रै रहेको जनाएको छ ।

# बेँसीसहर नगरपालिकाको संशोधित बजेट ६१ करोड

लमजुङ/ लमजुङको जिल्ला सदरमुकाम बेँसीसहर नगरपालिकाको चालू आव ०७५/७६ को संशोधित बजेट ६१ करोड पुगेको छ । नगरपालिकाको चौथो नगरसभाबाट संशोधित बजेट पारित गरी नयाँ बजेट निर्धारण गरिएको नगरपालिकाले मंगलबार पत्रकार सम्मेलन गरी जानकारी दिएको हो ।

नगरपालिकाका मेयर गुमानसिंह अर्यालले चालू आव ०७५/७६ को कुल बजेट ६० करोड ७३ लाख ६२ हजार ७ सय कायम गरिएको बताए । नगरपालिकाको हालसम्मको कुल खर्च २५ करोड ७२ लाख ६३ हजार ७ सय १९ रुपैयाँ अर्थात् ४२ प्रतिशत भएको पनि मेयर अर्यालले जानकारी दिए । उनका अनुसार नगरपालिकामा जम्मा ५ सय ३२ वटा योजना रहेकोमा ४ सय ३१ वटा योजनाको सम्झौता भएको छ भने २ सय १ योजना सम्पन्न भएका छन् ।

आउँदो वैशाख महिनाभित्र शतप्रतिशत विकास निर्माणका योजना सम्पन्न गर्ने लक्ष्य रहेको नगरपालिकाका प्रेस सल्लाहकार कृष्ण केसीले बताए । उनका अनुसार नगरपालिकाको आन्तरिक आय १ करोड ५० लाख अनुमान गरिएकोमा हालसम्मको आन्तरिक आय १ करोड ८ लाख ८ हजार ९ सय ६९ अर्थात् लक्ष्यको ७२ प्रतिशत प्रगति भएको छ ।

नगरपालिकाले मोबाइल एप्स तयार गर्नुका साथै अनलाइन घटना दर्ता प्रक्रियालाई सञ्चालनमा ल्याइएको जनाएको छ । यसैगरी, सबै ११ वटै वडा कार्यालयहरूमा नागरिक बडापत्र राखिएको, दुईवटा वडा कार्यालयहरूको भवन निर्माण कार्य सम्पन्न भएको, ९ जना नगरप्रहरीको भर्ना प्रक्रिया पूरा गरी उनीहरूलाई काममा लगाइएको बताइएको छ ।

Standard Chartered
Standard Chartered Bank Nepal Limited

STANDARD CHARTERED BANK NEPAL LIMITED

is pleased to announce that with effect from 8th March 2019 , the following range of interest rates will prevail.

INTEREST RATES*

| DEPOSIT RATES | | MINIMUM BALANCE (IN NPR) *** | LENDING RATES | |
|---|---|---|---|---|
| | % P.A. | | | % P.A. |
| NORMAL SAVING ACCOUNT | 3.00 | "10,000 for Biratnagar, Pokhara, Narayangarh, Birgunj and all Kathmandu Valley Branches. 5,000 for all other outside Kathmandu Valley Branches." | WORKING CAPITAL LOANS | |
| ACCESS PLUS SAVING ACCOUNT | 3.25 | 5,000 | Overdraft | Base Rate + 3.00 to 5.50 |
| KIDDY BANK SAVING ACCOUNT | 3.75 | 5,000 | Short Term Loan | Base Rate + 2.50 to 5.50 |
| DIVA SAVING ACCOUNT | 3.75 | 25,000 | | |
| "PAYROLL PLUS ACCOUNT ** (Under Saving Account)" | 4.00 | | LATR / Import Loan | Base Rate + 2.25 to 5.00 |
| SHAREHOLDER ACCOUNT | 3.75 | 5,000 | Import Invoice Financing | Base Rate + 2.25 to 5.00 |
| AMULYA BACHAT KHATA ** | 4.50 | 100,000 | | |
| SPECIAL SAVING ACCOUNT** | 5.00 | 300,000 | Term Loans | Base Rate + 2.5 to 5.00 |
| FIXED DEPOSIT: | | | | |
| 7-28 Days | | | Loan against Own Fixed Deposit | 2% plus Base Rate or Coupon Rate whichever is higher |
| Individual | 2.0 | | | |
| Non Individual | 1.5 | | Loan against Fixed Deposit of Other Banks | Base Rate + 3.00 or Coupon Rate whichever is higher |
| 59 Days | | | | |
| Individual | 3.5 | | Loan Against SBLC/Bank Guarantee/ Government Bonds | Base Rate + 2.00 to 4.00 |
| Non Individual | 3.0 | | | |
| 91 Days | | | Loan to Watchlist Customers | Base Rate + 4.00 to 7.00 |
| Individual | 7.0 | | | |
| Non Individual | 7.0 | | Loans to Multinational Companies ** | Base Rate + 2.00 to 3.50 |
| 121-182 Days | | | | |
| Individual | 8.0 | | | |
| Non Individual | 8.0 | | | |
| 1 Year | | | AUTO LOAN | Base Rate + 3.50 to 5.00 |
| Individual | 9.0 | | | |
| Non Individual | 8.5 | | HOME LOAN | Base Rate + 3.00 to 5.00 |
| 2 Years | | | | |
| Individual | 6.0 | | PERSONAL LOAN | Base Rate + 6.00 to 7.50 |
| Non Individual | 5.5 | | | |
| 3 Years & above | | | GRAMEEN PRATHAMIK KARZA | Base Rate + 5.50 to 7.00 |
| Individual | 6.5 | | | |
| Non Individual | 6.0 | | DEPRIVED SECTOR LOANS | Base Rate + 1.50 to 4.00 |
| Institutional (For bidding) | | | | |
| 3 months to 1yr | 7.00-8.50 | | US $ DENOMINATED FCY LOANS | Libor + 2.00 to 5.00 |
| CALL DEPOSIT: ** | 1.00 to 3.00 | | | |
| "BUSINESS PLUS ACCOUNT ** (Under Sweep Call Facility for SME Segment only): " | 0.50-3.00 | | | |
| "MONEY MAXIMIZER ** (Under Call Deposit Account): " | 3.00 | | | |
| FCY SAVING ACCOUNT: | | | | |
| USD INDIVIDUAL SAVING ACCOUNT | 0.50 | | | |
| GBP INDIVIDUAL SAVING ACCOUNT | 0.10 | | | |

* Rates are indicative ** Conditions Apply *** Account Balance in excess of the indicated minimum balance shall only be available for withdrawal

Note:
1. Interest rates on consortium lending will be as per the decision of consortium subject to applicable base rate of this bank.

Base Rate as of Poush end 2075 is 7.55%. Net Interest Spread as of Poush end 2075 is 4.84%.

# त्रिवि परीक्षाको सम्पूर्ण कारोबार ग्लोबल आइएमई बैंकबाट

**नयाँ पत्रिका**
**काठमाडौं, २३ फागुन**



त्रिभुवन विश्वविद्यालय (त्रिवि)को परीक्षा नियन्त्रण कार्यालयअन्तर्गतको सम्पूर्ण कारोबार ग्लोबल आइएमई बैंकमार्फत हुने भएको छ। बैंक र परीक्षा नियन्त्रण कार्यालय (पनिका) बल्खुबीच बिहीबार बैंकले प्रदान गर्ने सेवासुविधासम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएसँगै यो सेवा सुरु भएको हो।

ग्लोबल आइएमई बैंकका तर्फबाट कीर्तिपुर शाखा कार्यालयका प्रमुख शोभा न्यौपाने र पनिकाका परीषा नियन्त्रक सहप्राध्यापक पुष्पराज जोशीले सोसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गरेको बैंकले जनाएको छ।

सम्झौताअनुरूप पनिकाले आफ्नो कार्यालयमा प्राप्त हुने आम्दानी, शुल्क तथा धरौटीबापतको रकम दैनिक रूपमा ग्लोबल आइएमई बैंकमा जम्मा गर्नेछ। क्याम्पसका हकमा काठमाडौं उपत्यकालगायत सम्पूर्ण शाखाबाट जम्मा गर्न मिल्ने र विद्यार्थीका हकमा बल्खुस्थित काउन्टरबाट पनिकामा तिर्नुपर्ने शुल्क भुक्तानी गर्न सकिनेछ। साथै, पनिकामा कार्यरत कर्मचारीको बचत खाता खोल्ने, चेक सटही सुविधा प्रदान गर्ने, नगद एवं चेक जम्मा गर्नेलगायतका सम्पूर्ण बैंकिङ सुविधासमेत बैंकले उपलब्ध गराउने बताइएको छ।

विभिन्न सरकारी कार्यालयको आर्थिक कारोबार बैंकमार्फत गर्ने गराउने सरकारी नीतिअनुरूप ग्लोबल आइएमई बैंकले देशभरका विभिन्न १५ वटा सरकारी कार्यालयमा आफ्नो कार्यकक्ष स्थापना गरी कारोबार सञ्चालन गर्दै आएको छ। बैंकले सबै क्षेत्र र वर्गसम्म बैंकिङ सेवाको पहुँच पुर्‍याउने उद्देश्यले हालसम्म १३३ शाखा, १५ राजस्व संकलन काउन्टर, १४२ एटिएम, ९ एक्सटेन्सन काउन्टर तथा १२० शाखारहित बैंकिङ सेवा र नेपालबाहिर ३ प्रतिनिधि/सम्पर्क कार्यालयमार्फत बैंकिङ सेवा प्रदान गर्दै आइरहेको छ।

त्यस्तै बैंकले अत्याधुनिक प्रविधियुक्त भाइबर बैंकिङ, मोबाइल बैंकिङ तथा इन्टरनेट बैंकिङ सेवा प्रदान गर्दै आएको जनाएको छ। विनाधितो १५ लाख रुपैयाँसम्म प्रोफेसनल कर्जा प्रदान गर्दै आइरहेको बैंकले अस्ट्रेलिया, बेलायत र भारतमा प्रतिनिधि/सम्पर्क कार्यालय स्थापना गरेरसमेत सेवा प्रदान गर्दै आइरहेको छ।

# शिवम्को गोसाइँकुण्ड भ्रमणका लागि छानिए थप १२०

**नयाँ पत्रिका**
**पोखरा, २३ फागुन**




शिवम् सिमेन्ट उद्योगले सञ्चालन गरेको उपभोक्ता योजना 'लक्ष्मी हातमा देवदर्शन शिवम्को साथमा'अन्तर्गत हेलिकोप्टरबाट गोसाइँकुण्ड भ्रमण गर्ने चौथो चरणका १२० जना उपभोक्ता छानिएका छन्। योजनाअन्तर्गत हेलिकोप्टरमार्फत काठमाडौं-गोसाइँकुण्ड-काठमाडौं यात्राका लागि कम्पनीले पोखरामा कार्यक्रम गरी चौथो चरणका भाग्यशाली उपभोक्ता छानेको हो। यसअघि कम्पनीले काठमाडौं, हेटौंडा र जनकपुरमा लक्की-ड्र गरी ३६० जना विजेता छनोट गरेको थियो।

६० वटा भाग्यशाली कुपनमार्फत छानिने उपभोक्ताले एकजना साथीसहित १ सय २० जना गोसाइँकुण्ड भ्रमणमा जाने कम्पनीले जनाएको छ।

**१० बोरामा एक कुपन**

कम्पनीले ५ पुसदेखि प्रत्येका १० बोराको खरिदमा स्क्र्याच कुपन प्रदान गर्दै आएको छ। जसमा हात खाली नहुने उपहारअन्तर्गत सयदेखि १ हजार रुपैयाँसम्म नगद तथा २.५ ग्रामदेखि १० ग्रामसम्मको सुन उपहारमा दिँदै आएको छ। स्क्र्याच गरिएको कुपनको अर्धकट्टीमा नाम, नम्बर र ठेगाना लेखी गोसाइँकुण्ड हेलिकोप्टर यात्राको भाग्यशाली लक्की ड्रमा समावेश हुन मिल्ने योजना ल्याएको हो।

कुल ६ सय ८४ जना गोसाइँकुण्डमा कम्पनीले उक्त अभियानमा जम्मा ४८२ जना भाग्यशाली विजेताको छनोट गरिने बताए पनि उपभोक्ताहरूको उत्साहजनक सहभागिताका कारण काठमाडौं-गोसाइँकुण्ड यात्राअन्तर्गत २ सय २ जना थप गरी ६ सय ८४ जना भाग्यशाली विजेता छनोट गरिने कम्पनीले जनाएको छ। परिवर्तित योजनाअन्तर्गत अब थप १ सय २ कुपनमार्फत २ सय ४ जना छनोट गरिने कम्पनीले जनाएको छ।

**कुमारी बैंक लिमिटेड, कोहलपुर, बाँकेको धितोमा रहेको सम्पत्ति पुन : लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना**

यस कुमारी बैंक लिमिटेड कोहलपुर, बाँके स्थित शाखा कार्यालयबाट तपसिलमा उल्लिखित ऋणीले प्राप्त गरेको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उलंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा तथा सो मा लाग्ने ब्याज तथा अन्य दै दस्तुर समेत बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, आदि दै दस्तुरहरु चुक्ता भुक्तान नगरेकोले निज ऋणीले कर्जा लिदाका बखत बैंकलाई धितो बन्धक लेखि दिएको तपसिलमा उल्लिखित सम्पत्तिहरु मिति २०७४/१२/२८ मा लिलाम गर्दा समेत लिलाम हुन नसकेकोले उल्लिखित धितो सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०७५/१२/०१ गते शुक्रबारका दिन अपरान्ह १२ बजे बैंकको कोहलपुर, बाँके स्थित शाखा कार्यालयबाट गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको चल/अचल सम्पत्ति सकार गरी लिन इच्छुक महानुभावहरुले देहायका शर्त बन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण

लक्ष्मण सोनारको नाती, टेक बहादुर सोनारको छोरा, बाँके जिल्ला, साविक टिटिहिरीया गा.वि.स. वडा नं. ६ बस्ने सरोज बहादुर सोनार (ना.प्र.प.नं. ०६६३०४५/४०९ जारी मिति २०६३/१०/२४ जिल्ला प्रशासन कार्यालय बाँके)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

ऋणी सरोज बहादुर सोनारको श्रीमती, बाँके जिल्ला टिटिहिरीया गा.वि.स. वडा नं. ६ बस्ने समिता सोनार (ना.प्र.प.नं. ०६६३०४५/७०६ जारी मिति २०६३/१०/२६ जिल्ला प्रशासन कार्यालय बाँके)।

लिलाम हुने सम्पत्तिको विवरण:

१. ऋणी सरोज बहादुर सोनारको नाममा मालपोत कार्यालय बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला, टिटिहिरीया गा.वि.स., वडा नं. ६ स्थित कि.नं. ४६७ को क्षे.फ. १६९३ व.मि. जग्गा, उक्त जग्गामा रहेका घर भवन तथा सोको सम्पूर्ण निर्माणयापत समेत।
२. धनी कुमारी बैंक लि. र ऋणी सरोज बहादुर सोनार भएको इन्जिन नं. 497TC93NZY860856, च्यासिस नं. MA1386513A8N43580, ना ४ ख ४९१९ नम्बरको TATA LP 709 मोडेलको गाडी।

शर्त बन्देजहरु

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन अर्थात २०७५/११/३० गते बिहिबार भित्र बैंकको कोहलपुर, बाँके स्थित शाखा कार्यालयमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्ने छ।
२. बोलपत्र फारम कुमारी बैंक लि. कोहलपुर, बाँकेबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिने छ उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित खाम बन्दी गरी बाहिर (धितो सम्पत्तिको बोलपत्र) समेत प्रष्ट रुपमा लेखिएको हुनुपर्ने छ।
३. बोलपत्रमा आफूले कुन चाहि धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफूले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी बापत बैंक ड्राफ्ट बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ। बैंक ड्राफ्ट बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिइने छैन।
४. यो सूचना प्रकाशित भएको मितिले ८ (आठौं) दिन अर्थात २०७५ साल चैत्र महिना ०१ गते दिनको १२:०० (बाह्र) बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा कोहलपुर, बाँके स्थित शाखा कार्यालयमा बोलपत्र खोलिने छ। बोलपत्र दाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगतै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगतै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्विकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नु पर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज/नामसारी गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको कोहलपुर, बाँके स्थित शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानून बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैंले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैंले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरीनेछ।

बोलपत्र खोलिने मिति २०७५ साल चैत्र ०१ गते शुक्रबार अपरान्ह १२:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
कोहलपुर, बाँके फोन नं. ०८१-५४१२६४ फ्याक्स: ०८१-५४१०९५

सात प्रश्न

# हामी बजार खोस्न होइन, बनाउन चाहन्छौं

नेपाल राष्ट्र बैंकबाट करिअर सुरु गरेका शिवराम तिमिल्सिनासँग वाणिज्य बैंक तथा बिमा क्षेत्रमा गरी करिब ३५ वर्ष लामो अनुभव छ। उनले व्यवस्थापनमा स्नातकोत्तर तथा एलएलबी उपाधि प्राप्त गरेका छन्। साथै पेसासँग सम्बन्धित विषयमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम तथा गोष्ठीमा भाग लिएका तिमिल्सिना हाल सानिमा लाइफ इन्स्योरेन्समा महाप्रबन्धकका रूपमा कार्यरत छन्। उनीसँग बिमाको बजार तथा कम्पनीको अवस्थाबारे नयाँ पत्रिकाकर्मी **सुदीपकुमार ढुंगाना**ले गरेको कुराकानी :



**शिवराम तिमिल्सिना**
महाप्रबन्धक, सानिमा लाइफ इन्स्योरेन्स

**नयाँ कम्पनी सञ्चालनको एकवर्षे अनुभवमा बजार कस्तो पाउनुभयो ?**

नयाँ पुरानोभन्दा पनि कम्पनीले बजारमा कसरी काम गर्ने भन्ने कुराले अर्थ राख्छ। पुस मसान्तको बिमा समितिको तथ्यांकअनुसार १७ प्रतिशत नागरिकमा मात्र बिमाको पहुँच पुगेको छ। बाँकी जनसंख्यलाई बिमा गराउन सकिएको छैन। त्यसैले नयाँ सोच लिएर जनताको आवश्यकताअनुसारको बिमा योजना लिएर दक्ष कर्मचारी र बिमा अभिकर्तामार्फत बजारमा जाँदा सफल हुने लक्षण देखिसकिएको छ। मुख्यतः जनता, उनीहरूलाई आवश्यक परेजस्तो बिमा योजना र प्रक्रियालाई ध्यान दिनुपर्छ।

कुन वर्गलाई कस्तो बिमा योजना आवश्यक छ भन्ने कुरामा ध्यान दिनुपर्‍यो। जनतालाई आवश्यक परेजस्तो बिमा योजना लिएर जाँदा प्रशस्त सम्भावना छन्। हामी इनोभेटिभ बिमा योजना लिएर जान्छौं। त्यसका लागि हामी फ्रेस कर्मचारी लिएर तालिम दिन्छौं र दक्ष बनाएर पठाउँछौं। हामी चुनौतीलाई अवसरमा परिवर्तन गर्न सक्छौं भन्नेमा पूर्ण विश्वस्त छौं।

**गएको १५ महिनामा कम्पनीको प्रगति कस्तो रह्यो ?**

कम्पनीको प्रगति हाम्रो लक्ष्यभन्दा कम छैन। हामी अत्यन्त उत्साही छौं। किनभने, सानिमा लाइफ इन्स्योरेन्स इन्नेभेटिभ बिमा योजना र नयाँ सोच लिएर दक्ष अभिकर्ता र दक्ष कर्मचारीमार्फत बजारमा गइरहेको छ। यो कम्पनीका संस्थापकमा पनि पनि व्यावसायिक दक्षता भएका र अनुसाशित रूपमा काम गरेका व्यक्ति तथा संस्था हुनुहुन्छ। उहाँहरूकै मार्ग निर्देशनमा हिँड्दा नै हामीले प्रगति गर्न सकेका हौं। अघिल्लो वर्षको तीन महिनाका आधारमा अहिलेको तीन महिनामा हामीले २ सय प्रतिशत व्यावसायिक प्रगति गरेका छौं।

**कम ब्रान्डिङ र नयाँ कम्पनीको नाताले आमसर्वसाधारणको विश्वास जित्न पनि गाह्रो होला होइन ?**

हामी मानिसलाई बिमाको आवश्यकता महसुस गराउँछौं। चेतना भनेको त्यही नै हो।

विगत पाँच वर्षयताको तथ्यांक हेर्दा मानिसको आयस्रोत बढेको छ। अर्को भनेको नेपालीमा खर्च बढी गर्ने र सञ्चय कम गर्ने प्रवृत्ति छ। स्वास्थ्यलाई हानि गर्नेसम्मका अनावश्यक उपभोग्य खर्च बढी छ। त्यसलाई निरुत्साहित गर्न हामीले प्रयास गरेका छौं। यसमा सबै निकाय लागिपरेका पनि छन्। त्यस्तै, बाहिर गएर आएकाले पनि बिमाको महत्त्व बुझेर आएका हुन्छन्। त्यसैले चेतना बढ्दो छ। यो समग्र स्थितिले बिमाप्रति मानिसको चासो बढ्दै गएको छ।

**तपाईंहरूले ल्याउनुभएको योजनाअनुसारका लक्षित वर्गचाहिँ कस्ता छन् ?**

हामीले फरक-फरक अवस्था, स्रोत, उमेरलगायत ग्राहकलाई लक्षित गरेर नै अहिलेसम्म विभिन्न बिमा योजना ल्याइसकेका छौं। उमेरअनुसार हेर्दा बच्चादेखि ७० वर्ष उमेरको व्यक्तिसम्मका लागि हामीसँग योजना छ। त्यस्तै, आर्थिक स्रोतअनुसारका पनि योजना छन्। मानिसले वर्षको २ सय रुपैयाँ मात्र बिमा शुल्क तिरेर गर्न मिल्ने योजनासमेत छ। साना बचतकर्तालाई यो योजना लक्षित छ। त्यस्तै, एउटै बिमालेखले श्रीमान-श्रीमतीको बिमा कभर हुने योजना पनि छ। त्यस्तै, अर्को तीनवटा बिमा योजना पनि हामी सार्वजनिक गर्ने तयारीमा छौं।

**कम्पनीको शाखा सञ्जाल कस्तो छ ?**

हामी बजार खोस्न होइन, बनाउन चाहन्छौं। अहिले सातै प्रदेशमा प्रदेश कार्यालय छन्। त्यहाँ प्रदेशप्रमुखको व्यवस्था गरिएको छ। हामी अन्य कम्पनी नपुगेका दूरदराजमा पनि गएर सेवा दिने योजना स्वीकृत गराएर राखेका छौं। अहिले हामीले औपचारिक रूपमा ३१ वटा शाखा सञ्चालनमा ल्याइसकेका छौं। त्यस्तै, काम गरिरहेका तर औपचारिक घोषणा नभएकासहित ४८ शाखा कार्यालयले काम गरिरहेका छन्। यो आर्थिक वर्षभित्र कुल ६५ वटा शाखा पुर्‍याउने तयारीका साथ हामीले काम गरिरहेका छौं।

**साधारण सेयर कहिले जारी गर्नुहुन्छ ?**

सर्वसाधारणमा पनि सेयर जारी गरेपछि सेयरधनीले पनि कम्पनीलाई माया गर्न थाल्छन्। उनीहरूले पनि बजार निर्माणमा सहयोग गर्छन्। त्यसैले साधारण सेयर जारी हुन्छ। तर, यसका सीमा छन्। सेयर कहिले निष्कासन गर्ने भन्ने कुरा नियामक निकाय बिमा समितिको कार्यक्षेत्रभित्र पर्छ। हामी त्योभित्रै छौं। त्यसको मापदण्डभित्रै रहेर सेयर निष्कासन गर्ने समय आइसकेको छ। हामीले सेयर निष्कासन गर्ने प्रक्रियामा कुनै ढिलाइ गरेका छैनौं। त्यसैले, हामी उचित समयमै सार्वजनिक सेयर जारी गर्ने तयारीमा बसेका छौं।

**कम्पनीका भाबी योजनाचाहिँ के छन् ?**

जहाँ अहिलेसम्म पनि बिमा सेवा पुगेका छैनन्, त्यो ठाउँमा पहुँच बढाउने गरी कार्यक्रम लग्ने हाम्रो पहिलो योजना हो।

त्यस्तै, सबै कम्पनीले धेरैभन्दा धेरै कारोबार गर्न चाहन्छ नै। त्यसका लागि हामी मानिसमा आवश्यक परेको व्यक्तिलाई उसको आवश्यकताअनुसारका बिमा योजना तयार गरिरहेका छौं। हामी सम्भावित बिमितको आवश्यकता र क्षमताअनुसारका नयाँ-नयाँ योजना विकास गर्दै जाने तयारीमा छौं। त्योसँगै नयाँ शिक्षित र सक्षम युवालाई तालिम दिएर योग्य कर्मचारी बनाउने योजनामा छौं। त्योसँगै यो व्यवसायमा अभिकर्ताको महत्त्वपूर्ण भूमिका रहने हुँदा हामी अभिकर्तालाई तालिम दिएर योग्य बनाई बजारमा पठाउँछौं। हाम्रा अभिकर्ताले जबर्जस्ती बिमा योजना बिक्री गर्नुभन्दा पनि मानिसलाई मलाई यो बिमा योजना आवश्यक छ भन्ने महसुस गराउन सक्ने बनाएर मात्र उनीहरूले तिर्न सक्ने बिमा शुल्कभित्रको सीमामा बिमा योजना बिक्री गर्ने योजना बनाएका छौं।

**Sanima Life Insurance**

**तथ्य** सानिमा लाइफ इन्स्योरेन्सले २०७४/०८/२२ मा कारोबार सुरु गरेको हो। देशमा बिमा गर्ने मानिस अहिले पनि निकै कम रहेको तथ्यांक आउने गरेको छ। त्यसैले बजारमा एकैपटक धेरै बिमा कम्पनी थपिए पनि उनीहरूले चुनौती र अवसर सँगसँगै महसुस गरेका छन्। सानिमा लाइफ इन्स्योरेन्समा गैरआवासीय नेपालीको मुख्य लगानी रहेको छ। सानिमा बैंकका मुख्य लगानीकर्ता नै यसका लगानीकर्ता हुन्। अधिकृत पुँजी ३ अर्ब रहेको यस कम्पनीले हाल चुक्ता पुँजी १ अर्ब ४० करोड रुपैयाँ रहेको छ। कम्पनीले छिट्टै ६० करोड रुपैयाँको साधारण सेयर जारी गरेर कुल चुक्ता पुँजी २ अर्ब रुपैयाँ पुर्‍याउने तयारी गरिरहेको छ। यस कम्पनीले पुनर्बिमाका लागि नेपाल पुनर्बिमा कम्पनीसँग सम्झौता गरेको छ।

**कम्पनीका जीवन बिमा योजना**

- सरल बिमा योजना
- दीर्घायु बिमा योजना
- धनपति बिमा योजना
- बाल सौगात बिमा योजना
- म्यादी बिमा योजना
- शुभलक्ष्मी बिमा योजना
- जीवन श्री बिमा योजना

# भार्गव, जेबिल्स र युनाइटेड पनि कनेक्ट आइपिएसमा

**नयाँ पत्रिका**
**काठमाडौं, २३ फागुन**

नेपाल क्लियरिङ हाउसले सञ्चालनमा ल्याएको कनेक्ट आइपिएसमा इ-पेमेन्टप्रणालीमा थप तीन वित्तीय संस्था जोडिएका छन्।

बिहीबारदेखि कारोबार सुरु गर्ने गरी भार्गव विकास बैंक, जेबिल्स फाइनान्स र युनाइटेड फाइनान्सलाई नेपाल क्लियरिङ हाउसले उक्त प्रणालीमा आबद्ध गराएको हो। यी वित्तीय संस्थाका ग्राहकले पनि अब यस प्रणालीको वेबसाइट वा मोबाइल एप्सबाट आफ्नो खातामार्फत अनलाइन कारोबार गर्न सक्नेछन्।

यस प्रणालीमा बैंक तथा फाइनान्स कम्पनीका ग्राहकले आफूलाई एकपटक आबद्ध गरी आफ्नो बैंक खातालाई लिंक गराई यसमा उपलब्ध सेवाहरू प्राप्त गर्न सक्ने व्यवस्था रहेको छ। हाल यस प्रणालीमार्फत नेपाल सरकारको राजस्व भुक्तानी, लोकसेवा आयोगको भुक्तानी, रकम ट्रान्सफर, क्रेडिट कार्ड बिल भुक्तानी, मोबाइल वालेटमा फन्ड लोड र अनलोड, सेयर ब्रोकरको भुक्तानी, डिम्याट र मेरो सेयरको नवीकरण भुक्तानी गर्न सकिने व्यवस्था रहेका छन्।

**हकदावीको सूचना**

सिन्धुली जिल्ला, घ्याँग्लेखी गा.वि.स वडा नं. ०४ मा बस्ने श्री रमेश राज कार्की को मिति २०७५/०५/०६ गतेका दिन मृत्यु भएकोले निजको नाममा रहेको बचत खाता नं ०१९०५०८०००३७६ र चल्ती खाता नं.०१९०१०३००५५७०५ को मौज्दात तथा निजले यस बैंकबाट लिनु भएको सुन कर्जा चुक्ता गरी सो कर्जाको सुरक्षण बापत निजले राख्नु भएको सम्पूर्ण सुनका गहनाहरु उपलब्ध गराई पाउँ भनी निजको छोरा श्री रुक्म राज कार्की ले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा, उक्त निक्षेप तथा सुनका गहना उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सम्बन्धित सबैलाई सूचित गरिन्छ।

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.
Truly a Nepali Bank

शाखा कार्यालय
बलिखुपुली, काठमाण्डौ
फोन नं.:- ४४७७६९०
४४७७३८०
फ्याक्स :- ४४७७२०२

# यामाहाको अफरोड लक्षित 'एक्सटिजी १२५' बाइक नेपालमा

**नयाँ पत्रिका**
**काठमाडौं, २३ फागुन**



नेपालमा सबैभन्दा बढी रुचाइएको १२५ सिसी सेग्मेन्टको दुईपांग्रे नयाँ मोटरसाइकलको बजारमा प्रवेश भएको छ। यामाहाको नेपालस्थित अधिकृत विक्रेता एमएडब्लु इन्टरप्राइजेजले अफरोडलक्षित 'एक्सटिजी १२५' भित्र्याएको हो।

'मे योर ओन रोड' अर्थात् 'आफ्नो बाटो आफैं बनाउनुस्' नारासहित सार्वजनिक गरिएको एक्सटिजी १२५ गत भदौमा सञ्चालित नाडा अटो सोमा प्रथम प्रदर्शन गरिएको थियो। यो मोटरसाइकलको मूल्य ३ लाख ९९ हजार ९ सय रुपैयाँ निर्धारण गरिएको छ।

यामाहा एक्सटिजी १२५ मा १२४ सिसीको एअर कुल्ड, फोर स्ट्रोक, सिंगल सिलिन्डर (एसओएचसी) इन्जिन रहेको छ, जसले ७५०० आरपिएममा अधिकतम १०.२ पिएस पावर र ५५०० आरपिएममा अधिकतम ९.९ एनएम टर्क उत्पन्न गर्छ। यो कार्बुरेटेड मोटरसाइकलमा ५ स्पिडको गियर बक्स र एयर कलिङ सिस्टम र इलेक्ट्रिक तथा किक स्टार्ट उपलब्ध छ। एक्सटिजी १२५ मा १०.६ लिटरको फ्युल ट्यांक छ, जसले गर्दा तपाईं लामो अफरोड यात्रामा निस्कन सहज बनाउँछ। नयाँ एक्सटिजी ब्लु, ब्ल्याक र ह्वाइट गरी तीन आकर्षक कलरमा उपलब्ध हुनेछ।

एक सय १८ केजी वजन भएको एक्सटिजी १२५ को ग्राउन्ड क्लेरेन्स २६० एमएम छ जसले ढुंगा, खोला र अफरोड बाटोको यात्रालाई अझ रोमाञ्चक बनाइदिन्छ। त्यसैगरी, सिट हाइट ८४० एमएम रहेको छ। यसको अगाडि टेलिस्कोपिक सस्पेन्सन छ भने पछाडि मानोक्रस सस्पेन्सन रहेको छ। अगाडिको ह्विल २१ इन्चको छ भने पछाडिको १८ इन्चको रहेको छ। दुवै ह्विलमा स्पोक एरेन्जमेन्ट रहेको छ, जसले अफरोड यात्रालाई आरामदायी बनाइदिन्छ।

## एलजीका नयाँ मोडलका रेफ्रिजेरेटर

काठमाडौं/ एलजीले विभिन्न आकार र मोडलका सिंगल डोर रेफ्रिजेरेटर नेपाली बजारमा ल्याएको छ। कम्पनीले ल्याएको नयाँ मोडलमा विभिन्न आकर्षक विशेषता रहेको कम्पनीले जनाएको छ।

स्मार्ट इन्भर्टर कम्प्रेसर रहेको नयाँ मोडलको रेफ्रिजेरेटरमा १० वर्षको वारेन्टी सुविधा रहेको कम्पनीले जनाएको छ।

## मुक्तिनाथ विकास बैंकका थप दुई शाखा

काठमाडौं/ मुक्तिनाथ विकास बैंकले सेवा विस्तारका क्रममा थप दुई शाखा सञ्चलन गरेको छ। सेवा विस्तारका क्रममा बैंकले भक्तपुरको ठिमी र काभ्रेपलाञ्चोकको बनेपामा शाखा सञ्चालन गरेको जनाएको छ।

बैंकको ठिमी शाखाको उद्घाटन नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक भुवन कँडेल तथा बनेपा शाखाको उद्घाटन बनेपा नगरपालिकाका मेयर लक्ष्मीनरसिंह बादे श्रेष्ठले बिहीबार गरेको बैंकले जानकारी दिएको छ।

बैंकले हाल देशभर ११४ शाखा र २० एटिएममार्फत सुविधा दिँदै आएको छ।

# दुई दशकदेखि सक्रिय
# रोजर फेडेरर



ग्रान्डस्लाम र एकल उपाधिमा कीर्तिमान बनाएका रोजर फेडेरर बुधबार इन्डियन्स वेल्स मास्टर्स सिरिजमा देखिए। इन्डियन्स वेल्सको तयारीमा रहँदा स्विस स्टार फेडेररको चमक गज्जबको थियो। हेर्दा लाग्छ, उनी अझै पनि उपाधि जित्न चाहन्छन्। ३७ वर्षको उमेरमा पनि आफूमा जोस कम नभएको देखाउन उनी सधैँ स्वस्थ, दुरुस्त रहन्छन्। यो उमेरमा लगभग सबै टेनिस खेलाडीले सन्न्यास लिइसक्छन्। धेरैजसोले ३० वर्ष कटेपछि फिटनेसकै कारण सन्न्यास लिनुपर्छ। तर, फेडेररको फिटनेस हेर्दा अझै उनी थप केही वर्ष टेनिस कोर्टमै रमाउन चाहन्छन्।

### सुपरम्यान ट्याग

कतिपय टेनिस समर्थकले फेडेररलाई 'सुपरम्यान प्लेयर' ट्याग दिएका छन्। समर्थकको चाहनाअनुसार सधैँ एकनाश खेल्न नसकिने उनको भनाइ छ। 'धेरैजसो समर्थकले हामीजस्ता खेलाडीलाई सुपरम्यान खेलाडी नै भन्ने गर्छन्, तर हाम्रो पनि समस्या छ, हामी वर्षभरि एकै स्तरमा खेल्न सक्दैनौँ,' स्टारडम ट्याग रक्षा गर्न समस्या रहेको जनाउँदै ३७ वर्षीय फेडेररले भने, 'हामीले कुनै न कुनै विन्दुमा पुगेर आफूलाई रोक्नुपर्छ, त्यो समय कहिले भन्ने यकिन छैन।' फेडेररले इन्डियन्स वेल्समा चुनौती धेरै रहेको बताए। उनले भने, 'पछिल्लो समय युवा खेलाडीको प्रदर्शन अति नै राम्रो छ, उनीहरूले अब शीर्ष खेलाडीलाई सहजै हराउने क्षमता राख्छन्।'

> अक्टोबरयताको उपाधिविहीन यात्राका कारण मानसिक रूपमा आफू थकित बनिसकेको बताएका स्विस स्टार रोजर फेडेररले दुबई ओपन टेनिसको उपाधि सञ्जिवनी बुटीका रूपमा रहेको बताए

### सबै सामान्य व्यक्ति

इन्डियन्स वेल्स तयारीका क्रममा अन्तर्राष्ट्रिय मिडियाकर्मीले फेडेररलाई घेर्दा उनलाई सकस भएको थियो। विशेषतः ती पत्रकारले फेडेररसमक्ष सयौँ एकल उपाधि यात्राबारे जान्न चाहेका थिए। लगातार एकैनाशको प्रदर्शन कसरी सम्भव भयो भन्ने प्रश्नमा फेडेरर भन्छन्, 'यो पृथ्वीमा कोही पनि पर्फेक्ट हुँदैनन्।' एक शब्दमा उनले पत्रकारका प्रश्नको उत्तर दिए, 'मेरो नजरमा हामी सबै सामान्य व्यक्ति नै हुन्, यहाँ पर्फेक्ट व्यक्ति भेटाउन गाह्रो छ।' अहिलेसम्मको करिअरमा नराम्रो सामना गर्नुनपरेको उनको भनाइ छ। 'एकदिन त बिदा हुनुपर्छ नै, तर अहिलेसम्मको यात्रा स्मरणीय नै छ।'

### दुर्लभ सफलता

गत अक्टोबरमा फेडेररले करिअरकै ९९औँ एकल उपाधिका रूपमा ब्रसेल जितेका थिए। पाँच महिनामा खासै सफलता नचुम्दा आफूलाई दिक्क लागेको उनले बताए।

तर, दुबई ओपनको उपाधिसँगै पुनः एकपटक खेलमा सञ्जिवनी प्राप्त भएको उनी बताउँछन्। 'तपाईंहरूले विश्वास गर्नुहुन्न होला, मैले लगभग ६ महिनाको अन्तरमा एकल उपाधि जितेँ,' दुबई ओपन उपाधिको प्रसंग निकाल्दै फेडेररले भने, 'यस उपाधिसँगै अझै मभित्र उपाधि जित्ने जोस र शक्ति भएको प्रमाणित भएको छ।' करिअरको सय एकल उपाधि दुर्लभ भएको उनी मान्छन्। 'इतिहासमा दोस्रो व्यक्तिका रूपमा सय एकल उपाधि जितेको छु, यो सफलता एक हिसाबले दुर्लभ नै हो।'

### सयौँ उपाधिको योजना थिएन

फेडेररले सन् १९९९ मा करिअर सुरु गर्दा आफू एकदिन कीर्तिमानी खेलाडी हुनेबारे कल्पना पनि नगरेको बताएका छन्। गत साता जिमी कोर्नरपछि सर्वाधिक एकल उपाधि जित्ने खेलाडी बन्दा आफूलाई आश्चर्य लागेको उनले बताए। 'मलाई यहाँसम्म पुग्छु जस्तो लागेको थिएन, मेरो प्रयास समर्थकलाई खुसी पार्नु थियो, जुन मैले अहिलेसम्म गर्दै आएको छु,' ठट्टा गर्दै उनी भन्छन्, 'जब मेरो झोलीमा ९६ वा ९७ ट्रफी पर्‍यो, त्यसवेला मैले एकपटक कोर्नरको रेडर्कबारे सोचेको थिएँ।' कोर्नरले सर्वाधिक १ सय ९ एकल उपाधि जितेका छन्। फेडेरर कोर्नरको रेकर्ड भेटाउन नौ उपाधिले टाढा छन्।

### अस्ट्रेलियनको दुःख

वर्षको पहिलो ग्रान्डस्लाम अस्ट्रेलियन ओपनबाट फेडेरर चौथो चरणबाटै बाहिरिए। यस वर्ष अस्ट्रेलियन ओपनको पुरुषतर्फ पहिलो स्तब्ध नतिजा नै त्यही नै थियो। स्वयं फेडेररले पनि अस्ट्रेलियन ओपनको चौथो चरणबाट बाहिरिन्छु भन्ने कल्पना पनि नगरेको बताए। 'मेलबर्न पार्कमा मेरो प्रदर्शन राम्रो छ, मलाई मन पर्ने ग्रान्डस्लाममध्ये त्यो पर्छ, त्यहीँबाट म चौथो चरणबाटै बाहिरिएँ, त्यो नतिजा आउँदा म आफू दुःखी र स्तब्ध भएँ,' डेढ महिनापछि अस्ट्रेलियन ओपनमा भोगेको पीडा उनले सुनाए, 'यसकारण खेलाडीले कहिले कस्तो नतिजाको सामना गर्नुपर्छ भन्न सकिन्न।' उनले अस्ट्रेलियन ओपनमा एक असाध्यै राम्रा खेलाडीबाट पराजित भएको माने। 'म एक राम्रा युवा खेलाडीबाट पराजित भएँ,' उनले भने, 'यसैमा म खुसी छु।' अस्ट्रेलियन ओपनका प्रतिद्वन्द्वी स्टेफानोस सित्सिपासलाई उनले दुबई ओपनको फाइनलमा हराउँदै बदला पूरा गरेका थिए।

### निसिकोरी वा वारिन्का

अहिलेको पुस्तामा स्टान वारिन्का र निसिकोरी अगाडिसम्म जान सक्ने खेलाडी भएको फेडेरर मान्छन्। स्विस खेलाडी वारिन्काले ३ ग्रान्डस्लाम उपाधि जितेका छन्। निसिकोरीले कुनै ग्रान्डस्लाम नजिते पनि ठूला दिग्गज खेलाडीलाई स्तब्ध पारेका छन्। 'यी दुवै खेलाडी लामो रेसका घोडा हुन्,' उनले भने, 'उनीहरूको आत्मविश्वास बलियो छ।'

## लक्ष्य बनाउनुपर्छ



सुरुवाती दिनमा खासै रकेर्डबारे योजना नबनाएको बताएका फेडेररले खेलाडीले एउटा लक्ष्य लिनुपर्ने धारणा राखे। विनालक्ष्य अगाडि बढ्न नसकिने उनको भनाइ छ। 'तपाईंहरूले पनि आफ्नो जीवनमा एउटा लक्ष्य राखेको हुनुपर्छ, यसैगरी खेलाडीले पनि आफ्नो लक्ष्यबारे सोच्नुपर्छ र त्यसलाई पूरा गर्न अग्रसर हुनुपर्छ,' युवा खेलाडीलाई टिप्स दिँदै उनले भने, 'यदि त्यो पथलाई पछ्याउँछन् भने अवश्य पनि म वा कोर्नरको रेकर्ड सहजै भंग हुन्छ।'

## नामी र मल्पी फाइनलमा

काठमाडौं/ नामी र आयोजक मल्पीको बी टोली बिहीबार चौथो मल्पी कप अन्तर ए लेभल थ्री बाई थ्री बास्केटबल प्रतियोगिताको महिलातर्फ फाइनलमा प्रवेश गरेका छन्। पाँच टोली सहभागी महिला राउन्डरोबिन लिगमा नामी विजेता तथा मल्पी 'बी' उपविजेता हुँदै फाइनलमा पुगेका हुन्। सबै खेल जितेको नामीले एसलाई १०-६, मल्पी 'ए'लाई १०-२, चेल्सीलाई १०-६ र मल्पी 'बी'लाई ६-३ ले पराजित गर्‍यो। तीन खेलमा विजयी भएको मल्पी 'बी'ले एसलाई ६-४, मल्पी 'ए'लाई ७-३ र चेल्सीलाई ४-३ ले हरायो।

## सुटिङ खेलाडी छनोट

काठमाडौं/ आठौँ राष्ट्रिय खेलकुदमा प्रदेश २ बाट सहभागी हुने सुटिङ खेलाडी छनोट भएका छन्। पुरुष एयर राइफलमा धनुषाका सन्तोष शर्मा र प्रतीक कुँवरले राष्ट्रिय खेलकुदमा स्थान पक्का गरे। पुरुष एयर पेस्तोलमा धनुषाका सुमन तुलाधर र जग्गीलाल महतोले राष्ट्रिय खेलकुदमा प्रदेश २ को प्रतिनिधित्व गर्नेछन्। महिला एयर राइफलमा धनुषाका निशा लामा तथा भावना घिमिरे ढुंगेल छनोट भए।

## रौतहटमा ग्रेडिङ

रौतहट/ नेपाल सितोरियो कराते संघ रौतहटअर्न्तगतको गुजरा कराते डोमा ग्रेडिङ सम्पन्न भएको छ। ग्रेडिङमा महिलातर्फ लिजा कुस्वार र पुरुष तथा विसाल घलान उत्कृष्ट खेलाडी घोषित भएका थिए। रौतहट जिल्लामा करातेका राष्ट्रिय खेलकुद परिषद्का प्रशिक्षक नभए पनि आधा दर्जन स्वयंसेवक प्रशिक्षकले जिल्लाका विभिन्न स्थानमा नियमित रूपमा प्रशिक्षण दिँदै आएका छन्।

## एलएलाई लोयल्टी कप



काठमाडौं/ साबिक विजेता लिटिल एन्जल्स (एलए) स्कुलले बिहीबार नवौँ लोयल्टी कप उपत्यकाव्यापी अन्तरविद्यालय जुनियर छात्र फुटबल प्रतियोगिताको उपाधि जितेको छ। फाइनलमा एलएले सिद्धार्थ वनस्थलीलाई २-१ ले पराजित गर्दै उपाधि रक्षा गर्‍यो। एलएका प्रज्ज्वलराज भट्ट र विगुल पोखरेलले १-१ गोल गरे। सिद्धार्थ वनस्थलीका कृष थापामगरले १ गोल फर्काए। एलएका ईशान शाही उत्कृष्ट खेलाडी चुनिए। एलएकै रिम्मोन मानन्धर उत्कृष्ट गोलरक्षक ठहरिए। प्रतियोगिताभर ७ गोल गरेका सिद्धार्थ वनस्थलीका कृष थापामगर सर्वाधिक गोलकर्ता बने। नेक्ससले अनुशासित टिमको उपाधि हात पार्‍यो। १७ फागुनदेखि सुरु भएको नकआउट प्रतियोगितामा आयोजक लोयल्टीका दुईसहित १२ टिम सहभागी थिए।

## तेक्वान्दो टोली थाइल्यान्ड जाने

काठमाडौं/ दोस्रो बुराफा युनिभर्सिटी अन्तर्राष्ट्रिय तेक्वान्दो च्याम्पियनसिपमा सहभागी हुन नेपाली टोली थाइल्यान्डको चोन्बुरी जाने भएको छ। ९ मार्चमा हुने प्रतियोगितामा विनोद बस्नेत, प्रवेश दवाडी, दिनेश राई, प्रज्ज्वल दवाडी, दीपक दुलाल, शैलेन्द्र घिमिरे, सन्तोष पौडेल, अनिल आले, राजेशकुमार तामाङ, उज्ज्वल श्रेष्ठ, निशा श्रेष्ठ, मेलिना गुरुङ मगर र फूलमाया कुमालले विभिन्न स्पर्धामा प्रतिस्पर्धा गर्नेछन्। अन्तर्राष्ट्रिय निर्णायक अशोक खड्का र मीन न्यौपानेले निर्णायकको भूमिका निर्वाह गर्नेछन्। टोलीलाई सफलताको शुभकामना दिँदै राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव केशवकुमार विष्टले बिहीबार एक कार्यक्रमबीच बिदाइ गरे।

## साफ महिलाको तयारी पूरा



विराटनगर/ विराटनगरको सहिद रंगशालामा २८ फागुनदेखि आयोजना हुने दक्षिण एसियाली महिला फुटबल प्रतियोगिताको सबै तयारी पूरा भएको छ। साफ प्रतियोगिता हुने सहिद रंगशालासहित अभ्यास मैदानको स्तरोन्नतिसँगै तयारी पूरा भएको आयोजकले जनाएको छ। अखिल नेपाल फुटबल संघ (एन्फा)का सहमहासचिव तथा आयोजनास्थल कार्यालय व्यवस्थापन समिति संयोजक वसन्त अर्यालले उद्घाटन खेल भुटान र नेपालबीच हुने जानकारी दिए। २९ फागुनमा भारत र माल्दिभ्सबीच प्रतिस्पर्धा हुनेछ। यसैगरी ३० फागुनमा भुटानले बंगलादेशको सामना गर्नेछ। १ चैतमा माल्दिभ्स र श्रीलंकाबीच खेल हुनेछ। फाइनल खेल ८ चैतमा हुनेछ। साफ महिला फुटबल प्रतियोगिताको समूह 'ए'मा बंगलादेश, नेपाल र भुटान छन्। त्यसैगरी समूह 'बी'मा भारत, श्रीलंका र माल्दिभ्स छन्। पाकिस्तानले प्रतियोगितामा सहभागिता जनाएको छैन।

## पोर्न नायिका रोबेकाले खोलिन् साइकल क्लब



> पोर्न नायिकाहरूले आफूलाई स्वस्थ पार्न 'पोर्न पेडालेर्स साइकल क्लब' नाम राखेर क्लब सञ्चालनमा ल्याएका छन्

पोर्न चलचित्र उद्योगको आफ्नै स्थान छ। यस उद्योगमा संलग्न व्यक्तिहरू खेलकुदसँग कुनै न कुनै रूपमा गाँसिने अवसरको खोजीमा हुन्छन्। पोर्न भिडियोमा खेल्ने नायिकाहरू फुटबलदेखि गल्फ खेल्ने खेलाडीसँगको डेटिङका कारण पटक-पटक चर्चामा आउने गर्छन्। विशेषगरी पश्चिमा मिडियाले उनीहरूका गतिविधिमा अलि बढी नै चासो राख्ने गर्छन्। पश्चिमेली मिडियाले यसलाई रोमाञ्चक र विवादास्पद गसिप बनाउने गरेका छन्। अहिले पश्चिमेली मिडियाले पोर्नसम्बन्धी रमाइलो समाचार पोस्ट गरेका छन्। पोर्न नायिकाहरूले आफूलाई स्वस्थ पार्न एउटा साइकल क्लब स्थापना गरेका छन्। उनीहरूले 'पोर्न पेडालेर्स साइकल क्लब (पिपिसिसी)' नाम राखेर क्लब सञ्चालनमा ल्याएका हुन्।

बेलायतकी पोर्न स्टार रोबेका मोरेले हालै मात्र क्लबलाई साइक्लिङ संघबाट आधिकारिकता दिलाएकी छिन्। यसैको खुसियालीमा उनले अन्य साथीसँग मिलेर साइकल र्‍याली निकालेकी छिन्, जसलाई बेलायती मिडियाले प्राथमिकताका साथ समाचार बनाएका छन्। 'हामी पनि स्वस्थ हुन चाहन्छौँ' नारासहित पोर्न साइकल क्लबले र्‍याली निकालेको हो। 'साइकल सबैलाई आवश्यक पर्ने साधन हो, हामीजस्तै अन्यले पनि यसलाई पछ्याउने विश्वास छ,' रोबेकाले भनिन्। उनले प्रत्येक वर्ष साइकल रेस आयोजना गरी त्यसबाट उठेको रकम कोषमा राख्ने बताएकी छिन्। कोषले कुनै समाजिक संस्थालाई अनुदान दिने उनले बताइन्।

## श्रीमतीसँग डेटिङमा सिलिक

अस्ट्रेलियन र दुबई ओपनपछि टेनिस खेलाडी फुर्सदमा छन्। ब्रेक चलिरहँदा अक्सर खेलाडीको दैनिकी बिदा मनाउनमै बित्ने गर्छ। यसै ब्रेकको फाइदा क्रोएसियाका नम्बर एक खेलाडी मारिन सिलिकले लिएका छन्। अस्ट्रेलियन ग्रान्डस्लाम र दुबई ओपनको असफलतापछि सिलिक श्रीमती क्रिस्टिना मिल्कोभिकसँगै मियामीमा डेटिङ मनाइरहेका छन्। यसपटक सिलिकले डेटिङलाई मनोचिकित्सक प्रशिक्षणका रूपमा लिएका छन्।



श्रीमती क्रिस्टिना एक साइकोलोजिस्ट हुन्। दुई वर्षअघि मात्र उनले इटालीमा मनोविज्ञानमा मास्टर्स डिग्री लिएकी थिइन्। श्रीमती क्रिस्टिनाले श्रीमान् सिलिकलाई कोर्टमा आत्मबलका साथ प्रस्तुत हुन र हारलाई जितका रूपमा विश्वास दिलाउनेकिसिमको ट्रिटमेन्ट दिइरहेको एजेन्सीहरूले जनाएका छन्। यता सिलिक पनि जीवनमा नयाँ कुरा सिक्न पाउँदा आनन्दित महसुस गरिरहेका छन्।

### फर्केर हेर्दा

## त्यो पहिलो ह्याट्रिक



फुटबलको कुरो गर्दा ह्याट्रिक नै रोमाञ्चक क्षण मानिन्छ। वर्तमान परिवेशमा अर्जेन्टिनी कप्तान लियोनल मेसी र पोर्चुगलका कप्तान क्रिस्टियानो रोनाल्डो धेरै ह्याट्रिक लगाउने खेलाडीका रूपमा छन्। तर, विश्वमा पहिलो ह्याट्रिक प्रहार गर्ने को थिए र त्यो कुन प्रतियोगिता थियो होला ?

सन् १९३० को विश्वकपमा अमेरिकाका वर्ट पेन्टनाउडले फुटबल इतिहासमै लगातार ३ गोल गरी पहिलो ह्याट्रिक गर्ने खेलाडीमा आफ्नो नाम लेखाए। उनले यो सफलता समूह चरणमा पाराग्वेविरुद्ध प्राप्त गरेका थिए।

### तपाईंलाई थाहा छ ?

## विश्वकपमा साढे सात लाख लिटर बियर



सन् २०१० मा दक्षिण अफ्रिकाले पहिलोपटक विश्वकप फुटबल आयोजना गरेको थियो। आयोजक राष्ट्रका रूपमा दक्षिण अफ्रिकाको प्रदर्शन खराब रह्यो। अहिलेसम्म आयोजक राष्ट्र दोस्रो चरणमा पुगेको इतिहास दक्षिण अफ्रिकाले भने कायम गर्न सकेन। दक्षिण अफ्रिका समूह चरणका तीनै खेलमा पराजित भयो। तर, दक्षिण अफ्रिका विश्वकपमा एउटा रेकर्ड भने बन्यो, जुन मैदानबाहिरको थियो। विश्वकप फुटबल प्रतियोगिताका दौरान ७ लाख ५० हजार लिटर बियर बिक्री भएको थियो। त्यसअन्तर्गत ३१ लाख ७० हजार ६४ बोतल बिक्री भए भने २ करोड ५३ लाख ५ सय १७ क्यान बोतल मात्र बिक्री भएको फिफाले जनाएको छ। यसैगरी, विश्वकप अवधिभर ३ लाख ९० हजार ६ सय हटडग बर्गर बिक्री भयो। अहिलेसम्म विश्वकपमा धेरै बोतल बियर बिक्री भएको रेकर्ड दक्षिण अफ्रिका विश्वकपको छ।

# पुरुषजस्तै महिला खेलाडीसँग अपेक्षा



### टिप्पणी

● मिलेना बेर्टोलिनी

फुटबल विश्वकपमा इटाली, चीन र स्टकल्यान्डले एउटा अवसर गुमाए। अब सोही अवसर महिलाले जुराएका छन्। फ्रान्समा हुने महिला विश्वकप फुटबल प्रतियोगितामा यी तीनै राष्ट्रले सहभागिता जनाउदै छन्। जुन महिनामा हुने विश्वकपमा इटाली, चीन र स्कटल्यान्डका महिला खेलाडीले पुरुष विश्वकपको असफलता बिर्सउने प्रयास गर्नेछन्। यो पक्षलाई फुटबल समर्थकले उत्साहजनक रूपमा लिएका छन्। सन् १९५८ पछि इटाली विश्वकपमा नपुग्दा सबैलाई खल्लो लागेको थियो। तर, त्यसको भरपाई अब महिला टोलीले गर्ने विश्वास मैले लिएको छु। सन् १९९९ पछि इटालीको महिला टोली पहिलोपटक विश्वकपमा पुगेको हो। इटालीलाई अबको चुनौती विश्वकपमा कस्तो प्रदर्शन गर्छ भन्ने हो।

### रणनीतिबारे कुरा नगरौँ

वाह ! महिला खेलाडीको विश्वकप कस्तो हुनेछ, यो सोच्दा म आफैँ भावुक र रोमाञ्चित हुन्छु। किनभने, पुरुषको तुलनामा महिला खेलाडीले विश्वमा कमै स्थान पाएका छन्। यस्तो पृष्ठभूमिमा महिला विश्वकपको कुरा चल्दा मनै आनन्दित हुन्छ। तर, उनीहरूको रणनीतिबारे अहिले कुरा उठाउनु उचित ठान्दिनँ। किनभने, अहिले नै यस विषयमा विश्लेषण गर्दा त्यसको प्रभाव पर्न सक्छ। हामीले महिला खेलाडी पुरुषभन्दा कम नभएको फ्रान्समा देख्न पाउनेछौँ। यसको उदाहरण इटाली, चीन र स्कटल्यान्डका खेलाडीले छनोटमै देखाइसकेका छन्। अब महिला विश्वकपमा उनीहरूले आफ्नो प्रभाव देखाउनेछन्।

### आत्मविश्वास बढाउन जरुरी

फ्रान्स विश्वकपमा चीन र स्कटल्यान्डभन्दा इटालीका फुटबल फ्यान थप खुसी हुनेछन्। इटालीमा २३ हजार महिला खेलाडी छन्। यो संख्या जर्मनी र इंग्ल्यान्डको तुलनामा निकै कम हो। किनभने, जर्मनीमा २ लाख तथा इंग्ल्यान्डमा एक लाख महिला खेलाडी नियमित प्रशिक्षणमा छन्। थोरै संख्यामा महिला खेलाडी भएको इटाली विश्वकपमा प्रतिस्पर्धा गरिरहँदा आत्मविश्वास बढाउनुपर्ने आवश्यकता देखिन्छ। विशेषतः छनोट चरणमा उनीहरूले उत्कृष्ट प्रदर्शन गरेका थिए। मलाई आशा छ, मेगा इभेन्टमा इटालियन महिलाले चामत्कारिक प्रदर्शन गर्नेछन्। यसमा ठूलो सहयोग मिडियाले गर्नुपर्छ।

### माफ गर्नुस् पुरुष टोली

यतिवेला मलाई इटालियन पुरुष टोलीसँग माफी माग्न मन लागेको छ। महिला खेलाडीको चर्चा गरिरहँदा पुरुषलाई रिस उठ्न सक्छ। यसैकारण थप केही कुरा राख्नुअघि पुरुष खेलाडीसँग माफी माग्न चाहेकी हुँ। विश्व फुटबलमा इटालीले राज नै गरेको मान्नुपर्छ। ६ दशकपछि विश्वकपमा नपुग्दा इटालीको खुबै आलोचना भयो। रसिया विश्वकपमा इटालियन फुटबलको मज्जा समर्थकले उठाउन पाएनन्। यो भनेको सम्पूर्ण इटालीकै हारजस्तै थियो। तर, अब त्यो सबै पूरा गर्नेछन्, महिला खेलाडीले, त्यो पनि फ्रान्समा। फ्रान्समा इटालियन महिला खेलाडीको आत्मबल दरिलो बनाउन सके, त्यहाँ चामत्कारिक नतिजा आउनेछ।



> पुरुषको तुलनामा महिला खेलाडीको चर्चा विश्वमा निकै कम हुने गरेको छ। हामीले महिला खेलाडी पुरुषभन्दा कम छैनन् भन्ने कुरा फ्रान्समा देख्न पाउनेछौँ।

### अब कुरा गरौँ स्कटल्यान्डको

स्कटल्यान्डले पनि विश्वकप छनोटमा अचम्मको प्रदर्शन गरेको थियो। इतिहासमै पहिलोपटक स्कटल्यान्डले महिला विश्वकप खेल्नेछ। दुई वर्षअघि युरोपियन च्याम्पियनसिपमा स्कटल्यान्डले डेब्यु गरेको थियो। दुई वर्षभित्र स्कटल्यान्ड युरोपकै एक शक्तिशाली महिला फुटबल टोलीका रूपमा उदाएको छ। सन् १९९८ मा पुरुष टोलीले अन्तिमपटक फ्रान्सकै भूमिमा विश्वकप खेलेको थियो। त्यसको २१ वर्षपछि अब महिलाको पालो आएको छ। अब एउटा प्रश्न उठ्छ, स्कटल्यान्डले छनोट खेलमा जस्तै उत्कृष्ट नतिजा निकाल्न सक्छ वा सक्दैन ? त्यो भविष्यले नै बताउनेछ। एउटा कुरा पक्का छ, हामीले यसपटक स्कटिस फुटबल शैली हेर्न पाउनेछौँ। बोरुसिया डर्टमुन्डका पूर्वखेलाडी स्कट बोथले स्टकल्यान्डको महिला टोली हेरिरहेका छन्।

स्कटल्यान्डमा सेल्टिकबाहेक अन्य क्लबको खासै चर्चा छैन। अझ यसमा महिलाको कुरै नगरौँ। थोरै लगानी भएको महिला फुटबल आत्मविश्वासले भरिएको छ। पहिलोपटक विश्वकपमा पुग्नुको कारण पनि त्यही आत्मविश्वास नै हो। लगानी हेर्दा उनीहरू कहिले पनि विश्वकपसम्म नपुग्ने टोलीजस्तै छ। तर, महिला खेलाडीले विश्वकप खेल्ने प्रमुख लक्ष्य बनाए र आज पेरिसमा उनीहरू नयाँ इतिहास रच्न तयार छन्। अहिले स्कटिस महिला खेलाडी युभेन्टस, एसी मिलान, रोमाजस्ता ठूला क्लबमा आबद्ध छन्।

### अवसरको खोजीमा चीन

चीनको फुटबल इतिहासको विश्लेषण गर्ने हो भने पुरुषभन्दा महिला नै सर्वाधिक सफल मानिन्छन्। सन् १९९९ को महिला विश्वकपमा चीन उपविजेता बनेको थियो। चीनको फुटबल इतिहासमा यो सबैभन्दा ठूलो उपलब्धि हो। तर पनि चीनमा पुरुष खेलाडीमाथि नै बढी लगानी छ। चीनलाई फुटबलमा एउटा ब्रेकको आवश्यकता छ। त्यो ब्रेक पाउँदा उनीहरू निकै अगाडि बढ्न सक्छन्। चिनियाँ महिला खेलाडी पुरुष खेलाडीले विश्वकपमा प्राप्त गर्न नसकेको सफलता हासिल गर्न अग्रसर छन्। पेरिसमा उनीहरू यही उद्देश्यका साथ पुनः एकपटक मैदानमा उत्रनेछन्।

*(इटाली महिला फुटबलकी प्रमुख प्रशिक्षक बेर्टोलिनीले याहु स्पोर्टस्लाई दिएको अन्तर्वार्ता)*

# ज्ञानेन्द्र चार खेलमा प्रतिबन्धित

नयाँ पत्रिका
काठमाडौं, २३ फागुन

नेपाली राष्ट्रिय क्रिकेट टोलीका उपकप्तान ज्ञानेन्द्र मल्ल चार खेलका लागि प्रतिबन्धित भएका छन् । गत महिना धनगढीमा सम्पन्न धनगढी क्रिकेट प्रिमियर लिग (टी-२०) प्रतियोगितामा ज्ञानेन्द्रको कप्तानीमा रहेको काठमाडौं गोल्डेन्सले महेन्द्रनगरसँगको खेल बहिष्कार गरेको थियो । प्रतियोगिताको प्राविधिक समितिले खेल भावनाविपरीत कार्य गरेका कारण काठमाडौंका कप्तान ज्ञानेन्द्रलाई ४ खेलमा प्रतिबन्ध लगाएको जनाएको छ ।

सो कमिटीका प्रमुख आइसिसीका अन्तर्राष्ट्रिय अम्पायर बुद्धिबहादुर प्रधान हुन् । डिपिएलमा खटिएका अम्पायरहरूले काठमाडौंका भारतीय खेलाडी अंकित दवासको बलिङ एक्सनमाथि प्रतिबन्ध लगाएका थिए । त्यसविरुद्ध काठमाडौंले खेल बहिष्कार गरेको थियो ।

## छनोट खेल गुमाए

प्रतिबन्धसँगै ज्ञानेन्द्रले आठौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत प्रदेशस्तरीय क्रिकेट छानेटका चार खेल गुमाएका छन् । ज्ञानेन्द्रले प्रदेश ३ बाट काठमाडौंको प्रतिनिधित्व गरेका छन् । काठमाडौंले लगातार खेल जित्दा कप्तान ज्ञानेन्द्र फाइनलमा मात्र उपलब्ध हुनेछन् । संयोगले शुक्रबारदेखि नै क्रिकेट छनोट सुरु हुँदै छ । छनोट खेल सुरु हुनु एक दिनअघि ज्ञानेन्द्र कारबाहीमा परेका हुन् । शुक्रबार पहिलो खेलमा काठमाडौंले नुवाकोटको सामना गर्नेछ । त्यसपछि काठमाडौंले चितवन र भक्तपुरविरुद्ध खेल्नेछ । काठमाडौंले सेमिफाइनल पार गरेको अवस्थामा ज्ञानेन्द्र फाइनलमा मात्र उपलब्ध हुनेछन् । तर, काठमाडौं सेमिफाइनलमै सीमित भए उनले तेस्रो स्थानका लागि हुने खेलमा प्रतिस्पर्धा गर्न पाउनेछन् ।

## नियमानुसार कारबाही

प्राविधिक समितिले आइसिसीको नियमानुसारै काठमाडौंका कप्तान ज्ञानेन्द्रलाई कारबाही गरेको जनाएको छ । टोलीका प्रमुख व्यक्तिले नै नियम उल्लंघन गरेका कारण आइसिसीको नियमअनुरूप नै कारबाही गरिएको समितिको भनाइ छ । 'हामीले काठमाडौंको कप्तानको हैसियतले ज्ञानेन्द्रलाई चार खेलमा प्रतिबन्ध लगाएका हौं,' समितिका एक सदस्यले भने, 'आइसिसीको नियमभन्दा बाहिर हामी गएका छैनौं ।'

## व्यवस्थापकको हकमा पछि निर्णय

प्राविधिक समितिले डिपिएलमा सहभागी काठमाडौंका कप्तानलाई कारबाही गरे पनि व्यवस्थापकको हकमा केही निर्णय गरेको छैन । समितिले काठमाडौंका प्रशिक्षक र व्यवस्थापकका हकमा पछि निर्णय हुने जनाएको छ । 'प्रशिक्षक र टिम म्यानेजरलाई भविष्यमा कारबाही गर्छौं,' समितिले भन्यो । डिपिएलअन्तर्गत दोस्रो क्वालिफायरमा काठमाडौंले आफ्ना भारतीय खेलाडीमाथि प्रतिबन्ध लगाएपछि आयोजकसँग प्रमाण मागेको थियो । प्रमाण उपलब्ध नहुँदासम्म मैदानमा नछिर्ने निर्णय काठमाडौंले गरेको थियो । तर, आयोजकले प्रमाण उपलब्ध नगराएको र कुनै जानकारी नदिँदा काठमाडौंले सीधै महेन्द्रनगरविरुद्धको दोस्रो प्लेअफ बहिष्कार गर्‍यो । आइसिसीको नियमानुसार महेन्द्रनगर खेल्दैनखेली फाइनलमा पुग्यो ।

डिपिएलको दोस्रो प्लेअफमा महेन्द्रनगरविरुद्धको खेल बहिष्कार गरेका काठमाडौं गोल्डेन्सका कप्तान ज्ञानेन्द्र मल्ल चार खेलमा प्रतिबन्धित



फाइल तस्बिर

### नियम मान्नुपर्छ
ज्ञानेन्द्र मल्ल, कप्तान, काठमाडौं

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलको नियम हामी सबै क्रिकेटरले मान्नुपर्छ । नियमभन्दा कोही बाहिर जान सक्दैनन् । म पनि यही नियमभित्र पर्छु । कप्तानका रूपमा मैले सबै जिम्मेवारी लिनुपर्छ । खेल भावनाअनुरूप नै हामी खेलाडीले देश तथा विदेशमा प्रतिस्पर्धा गर्नुपर्छ । त्यसैलाई फलो हामी गर्छौं । जहाँसम्म डिपिएलको कुरा छ, मलाई कप्तानका रूपमा प्राविधिक समितिले कारबाही गरेको हो । यसमा मेरो कुनै कमेन्ट छैन र गर्न पनि चाहँदिनँ । तर, बाहिरजस्तो किसिमको हल्ला आएको छ, त्यो बिलकुलै भुटो हो । यहाँ मलाई मात्र कारबाही गरेको देखियो । घटनाको प्रमुख नै म नै देखिएँ । कप्तानका रूपमा मैले यति ठूलो निर्णय लिन सक्दिनँ र अधिकार पनि छैन । यो सबै निर्णय टिम म्यानेजमेन्टको हो ।

टिम म्यानेजमेन्टले जस्तो निर्णय गर्छ, त्यही हामीले गर्नुपर्छ । डिपिएलमा महेन्द्रनगरविरुद्ध नखेल्ने मेरो मात्र एकल निर्णय होइन । मैदानमा जानुअघि हाम्रा खेलाडीमाथि गरिएको कारबाहीसम्बन्धी प्रमाण आयोजकसमक्ष राखेका थियौं । अन्तिम समयसम्म पनि हामीले आयोजकबाट केही आउँछ कि भनेर प्रतीक्षा गरेका थियौं । तर, आयोजक डिपिएलले अंकितको कारबाहीसम्बन्धमा केही जवाफ दिएन । यता व्यवस्थापकले आयोजकबाट केही प्रतिक्रिया नआउँदा खेल बहिष्कार गर्ने निर्णय अगाडि नै गरिसकेको थियो ।

## स्याङ्जालाई स्वर्ण

कास्की/ आठौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत गण्डकी प्रदेश छनोटको महिला फुटबलमा स्याङ्जाले स्वर्णपदक जितेको छ । बिहीबार भएको फाइनलमा स्याङ्जाले कास्कीलाई ४-० ले पराजित गर्‍यो । स्याङ्जालाई स्वर्णपदक दिलाउन शोभा पंगेनीले ह्याट्रिक गरिन् । लमजुङले म्याग्दीलाई ६-० ले पराजित गर्दै तेस्रो स्थान रक्षा गर्‍यो सो खेलमा सपना गुरुङले ह्याट्रिक गरिन् । यसगरी पोखरामै भइरहेको भलिबलमा पुरुष र महिलातर्फ क्वार्टरफाइनल समीकरण पूरा भएका छन् । पुरुषबाट बाग्लुङ, नवलपुर, पर्वत र म्याग्दी सेमिफाइनलमा प्रवेश गरेका छन् । महिलामा कास्की, पर्वत, म्याग्दी र बाग्लुङले अन्तिम चार स्थान पक्का गरे ।

## पाल्पा सेमिफाइनलमा

काठमाडौं/ प्रदेशस्तरीय टी-२० क्रिकेट छनोट प्रतियोगितामा बिहीबार पाल्पाले दाङलाई १४ रनले पराजित गरेको छ । जितसँगै पाल्पा सेमिफाइनलमा पुगेको छ । भैरहवास्थित सिद्धार्थ रंगशालामा भएको खेलमा पाल्पाले २० ओभरमा ७ विकेटको क्षतिमा १ सय १९ रनको योगफल बनायो । प्रत्युत्तरमा दाङले २० ओभरमा ९ विकेट गुमाएर १ सय ५ रन मात्र बनायो । पाल्पाका लागि दिनेशजंग बुद्धमगरले नटआउट २७ रनको योगदान दिए । सञ्जीव चित्रकारले २७, रूपेश बस्यालले २३ रन बनाए । दाङको ब्याटिङमा विराट भण्डारीले सर्वाधिक २३ रन बनाए । विष्णुसिंह ठकुरीले २१ र सुशान्तसिंह थापाले १८ रन जोडे । बलिङमा पाल्पाका रूपेश बस्यालले ३ विकेट लिए । यसैगरी सुरेश गोदार र मोहन भुसालले समान २ विकेट लिएका छन् ।

पाल्पाका रूपेश बस्याल म्यान अफ द म्याच घोषित भए । शुक्रबार सेमिफाइनलको पहिलो खेल रुपन्देही र नवलपरासीबीच हुनेछ । दोस्रो खेलमा बाँकेले पाल्पाको सामना गर्नेछ ।

## सम्झना र इर्फानलाई उपाधि



भैरहवा/ प्रदेश ५ स्तरीय ब्याडमिन्टन प्रतियोगिताको महिला तथा पुरुष एकलका दुवै उपाधि बाँकेका खेलाडीले जितेका छन् । बिहीबार भैरहवा ब्याडमिन्टन क्लबको कभर्डहलमा सम्पन्न फाइनलमा महिला एकलमा बाँकेकी सम्झना शर्माले समीक्षा न्यौपानेलाई २-० ले पराजित गर्दै उपाधि हात पारिन् । पुरुष एकल फाइनलमा बाँकेका इर्फान अन्सारी रुपन्देहीका गणेश रायमाझीलाई २-० सेटमा पराजित गर्दै विजेता बनेका छन् । सेमिफाइनलमा इर्फानले रुपन्देहीका विश्वास नेपाललाई २-० को सेटमा पाखा लगाएका थिए । अर्को खेलमा गणेशले बाँकेका विलाल वारिसलाई २-० ले नै निराश पारे । पुरुष एकलको सेमिफाइनलमा पराजित विश्वास र विलाल संयुक्त रूपमा तेस्रो भए । आठौं राष्ट्रिय खेलकुद प्रतियोगितामा प्रदेश ५ बाट महिलातर्फ ५ र पुरुषतर्फ ७ खेलाडी छनोट भइसकेको रेफ्री उदय अर्यालले बताए ।

## पोर्टो अन्तिम आठमा

रोम/ पोर्चुगलको एफसी पोर्टो युरोपियन च्याम्पियन्स लिग फुटबल प्रतियोगिताको क्वार्टरफाइनलमा प्रवेश गरेको छ । प्रतियोगिताअन्तर्गत बुधबार राति दोस्रो प्रिक्वार्टरफाइन लेगमा पोर्टोले सिरिए क्लब रोमालाई ३-१ ले हरायो । समग्रमा पोर्टो ४-३ ले विजयी हुँदै अन्तिम आठमा पुगेको हो । घरेलु मैदानमा पोर्टोका लागि टिक्वन्हो, मौसा र ऐक्सलले समान १ गोल गरेका थिए । रोमाका लागि ड्यानिल रोसीले १ गोल फर्काए । अतिरिक्त समयमा पोर्टोका एलेक्सले पेनाल्टी गोल गर्दा रोमा स्तब्ध भयो ।

# राष्ट्रिय महिला फुटबल टोली घोषणा

नयाँ पत्रिका
काठमाडौं, २३ फागुन

नेपाली राष्ट्रिय महिला फुटबल टोलीले विराटनगरमा ८ फागुनदेखि साफ च्याम्पियनसिपमा सहभागिता जनाउँदै छ । अखिल नेपाल फुटबल संघ (एन्फा)ले प्रतियोगिताका लागि बिहीबार २० खेलाडी सम्मिलित टिमको घोषणा गरेको छ । प्रशिक्षक हरि खड्काले निरु थापाको कप्तानीमा २० सदस्यीय राष्ट्रिय टोलीको घोषणा गरेका छन् ।

## मिहिनेतका आधारमा छनोट

प्रशिक्षक खड्काले राष्ट्रिय टोलीको छनोट गर्दा खेलाडीले अभ्यासमा गरेको मिहिनेतलाई पहिलो प्राथमिकतामा राखेको बताए । खेलाडी छनोट गर्न सहज नभएको जनाउँदै उनले कुनै पनि पूर्वाग्रहविना प्रदर्शनलाई आधार मानेर छनोट गरेको बताए । 'मैले खेलाडीलाई आफू छनोट नभएको किन र उनी कसरी छनोट भइन् ? भनेर प्रश्न गर्ने अधिकार दिएको छु । म हरेक खेलाडीको छनोट केका आधारमा गरेको हुँ भनेर जवाफ दिन सक्षम छु,' नयाँ पत्रिकासँग खड्काले भने, 'अहिले हाम्रा लागि साफ च्याम्पियनसिप प्रतिष्ठाका रूपमा समेत रहेको छ । त्यसैले खेलाडीको लगाव र मिहिनेत, टिममा गरेको प्रदर्शन नै छनोटको मुख्य आधार हो ।' खड्काले अनुलाई टिममा समावेश गर्न नपाउँदा आफूलाई पनि दुःख लागेको बताए ।

उनले भने, 'म पनि एउटा खेलाडी हुँ, खेलाडीको बिदाइ सुखद होस् भन्ने चाहन्छु । उनको दुःख खेलाडीको नाताले सबैभन्दा बढी मैले नै बुझेको छु । अनुले पनि पुनरागमनको प्रयासका लागि कठिन मिहिनेत गरिन् । तर, मैले राम्रा खेलाडीलाई पाखा लगाउने अवस्था थिएन । मलाई लाग्छ, अनुले बुझेकी छिन् ।' खड्काले आफ्नो तर्फबाट अनुको सुखद बिदाइका लागि मैदानबाहिरबाट गर्न सक्ने अन्तिम प्रयास गर्ने बताए । उनले भने, 'उनको योगदान नेपाली महिला फुटबलले सायदै बिर्सन सक्ला । त्यसैले अब उनको योगदानको कदर एन्फा र सरकारले गर्छ र गर्नुपर्छ ।'

## सफल खेलाडी अनु बाहिर



नेपाली महिला फुटबलमा सर्वाधिक अनुभवी खेलाडी अनु लामा विराटनगरमा हुने साफ च्याम्पियनसिपका लागि राष्ट्रिय टोलीमा स्थान बनाउन असफल भइन् । अनु नेपाली फुटबलमा सर्वाधिक लामो समय योगदान गर्ने महिला खेलाडीमध्ये पर्छिन् । उनले नेपालबाट प्रतिनिधित्व गर्दै धेरै गोल गर्ने रेकर्ड राखेकी छिन् । राष्ट्रिय टोलीबाट २४ क्याप जितेकी अनुले ३५ गोल गर्दै सर्वाधिक गोलको कीर्तिमान कायम गरेकी हुन् । उनले उत्तर कोरियाविरुद्ध सन् २००४ मा डेब्यु गरेकी थिइन् । पछिल्लो समय घुँडाको चोटले पिरोलिएकी अनु शल्यक्रियापछि केही समयअघि पुनः राष्ट्रिय टिममा पुनरागमन गर्न सफल भएकी थिइन् । उनले करिअरको सुखद अन्त गर्न साफ च्याम्पियनसिपमा रहने बताए पनि उनको सो इच्छा भने पूरा भएन ।

# फेमिली क्लब सेमिफाइनलमा

**झापा/ क्यामरुनको दाउफिन्स फेमिली क्लब बिहीबार झापा गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ । बिर्तामोडस्थित डोमालाल राजवंशी रंगशालामा फेमिलीले रुपन्देही-११ क्लबलाई २-० ले हराउँदै अन्तिम चार स्थान पक्का गरेको हो । अब फाइनल प्रवेशका लागि फेमिलीले त्रिभुवन आर्मीको सामना गर्नेछ । अर्को सेमिफाइनल खेल श्री स्टार र झापाबीच हुनेछ ।**



## पेनाल्टीमा अग्रता

मनाङ मर्स्याङ्दी क्लबले एएफसी च्याम्पियनसिपमा सहभागी जनाउनुपरेका कारण नखेलेकाले फेमिलीले क्वार्टरफाइनलमा खेल्ने अवसर पाएको थियो । पछिल्लो समय मोफसलमा उत्कृष्ट नतिजा निकालेको फेमिलीले रुपन्देहीमाथि दुवै हाफमा दबाब राखेको थियो । तर, फेमिलीले खेलको ४०औं मिनेटमा पेनाल्टीबाट अग्रता लियो । रुपन्देहीका पेपे अदामाले फेमिलीका मेसोलाई डिबक्सभित्र फल गरेपछि रेफ्री श्याम दनुवारले पेनाल्टीको निर्णय दिए । फेमिलीका पेटन्गाले सहज गोल गर्दै १-० को अग्रता दिलाएका हुन् ।

## मेसोको उत्कृष्ट गोल

रुपन्देहीले दुवै हाफमा स्तरीय प्रदर्शन नगरेको होइन । तर, फेमिलीको बलियो डिफेन्स तोड्न नसक्दा र कमजोर फिनिसिङका कारण रुपन्देहीले गोल गर्न सकेन । रुपन्देहीले फेमिलीको डिबक्समा धेरै पोस्ट चार्ज गरे पनि सफल पार्न सकेन । यता ८६औं मिनेटमा फेमिलीले थप गोल गर्दै २-० को अग्रता लियो । मेसोले डिबक्सबाहिरबाट प्रहार गरेको बल सीधै पहिलो बारमा गोल भएको थियो । उनको प्रहारलाई रुपन्देहीका गोलरक्षकले जज गर्न सकेनन् ।

## प्राप्त अवसरमा गोल भएन

रुपन्देहीका प्रशिक्षक दयाराम सापकोटाले प्राप्त अवसरमा गोल नहुँदा पराजित भएको बताए । 'हामीले सिर्जना गरेका मुभको सदुपयोग हुन नसक्दा नै हारको सामना गर्न बाध्य भयौं,' सापकोटाले भने, 'खेलाडी शारीरिक रूपमा थकित देखिए ।' प्रशिक्षक सापकोटाले क्यामरुनका खेलाडीबाट नेपाली खेलाडीले सिक्नुपर्ने बताए । 'उनीहरूबाट हामीले धेरै सिक्न बाँकी छ र हाम्रा खेलाडीको प्रदर्शनबाट म खुसी छु,' उनले भने ।

## जितको अन्तर कम

फेमिलीका टिम म्यानेजर आसिक थापामगरले गोलअन्तर बढ्नुपर्ने बताएका छन् । 'मैले ३ वा ४ गोल लगाउने अपेक्षा गरेको थिएँ,' थापामगरले भने, 'खेलाडीले २ गोल मात्र गरे, तर म सन्तुष्ट छु ।' प्रतियोगिताअन्तर्गत शुक्रबार पहिलो सेमिफाइनलमा झापाले श्री स्टारको सामना गर्नेछ ।

## भिएआरले जोगायो युनाइटेडलाई

पेरिस/ इन्जुरी समयको चौथो मिनेटमा पेरिस सेन्ट जर्मेन (पिएसजी)का डिफेन्डर प्रेसनेल किम्पाम्बेको कुइनोले छोएको बललाई भिएआरले पेनाल्टी मान्यता दिँदा म्यानचेस्टर युनाइटेड युरोपियन च्याम्पियन्स लिग फुटबलको क्वार्टरफाइनलमा पुगेको छ । युनाइटेडले दोस्रो लेगमा प्रिक्वार्टरफाइनल लेगमा पिएसजीलाई ३-१ ले हराएको थियो ।

पहिलो लेगमा पिएसजी २-१ ले विजयी भएको थियो । समग्रमा दुवै क्लबले दुई लेगमा ३-३ को नतिजा निकाए । तर, दोस्रो लेगमा गोलअन्तर बढी भएपछि युनाइटेडले अन्तिम आठ स्थान पक्का गर्‍यो ।

बुधबार भएको खेलमा अतिरिक्त समयको अन्तिम समयमा मार्कुस रासफोर्डले गरेको पेनाल्टी गोलसँगै युनाइटेडको भाग्य चम्कियो । युनाइटेडले अवे गोलका आधारमा च्याम्पियन्स लिग क्वार्टरफाइनलमा स्थान बनायो । दोस्रो लेगमा युनाइटेडले सानदार पुनरामगन गरेको थियो । अन्तिम १६ को दोस्रो लेगमा पिएसजीको घरेलु मैदानमा रोमेलु लुकाकु नायक साबित भए । दोस्रो लेगमा दोस्रो मिनेटमै लुकाकुले गोल गर्दै युनाइटेडलाई १-० को अग्रता दिलाए । चोटका कारण पिएसजीबाट नेमारले युनाइटेडविरुद्ध प्रतिस्पर्धा गर्न सकेनन् । नेमारविहीन पिएसजीले १२औं मिनेटमा १-१ का लागि गोल फर्काएको थियो । ३०औं मिनेटमा लुकाकुले व्यक्तिगत दोस्रो गोल गर्दै युनाइटेडको पुनरागमन आशा जीवितै राखे ।




नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, **मुद्रक** : नयाँ प्रेस प्रा.लि., विष्णुबूढानीलकण्ठ, काठमाडौं । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **सम्पादक** : उमेश चौहान । **कार्यकारी निर्देशक** : सुशील थापा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrika.com

# फरार अभियुक्त पक्राउ

सन्तोष रुचाल/नयाँ पत्रिका
धनकुटा, २३ फागुन

धनकुटाको चौबिसे गाउँपालिका-३ कुरुलेतेनुपाका ६९ वर्षीय सनबहादुर याखाको हत्या आरोपमा एक युवकलाई पक्राउ गरी प्रहरीले सार्वजनिक गरेको छ । मृतक याखाको हत्या गरी फरार भएको अभियोगमा पाँचथर जिल्ला तुम्बेवा गाउँपालिका-२ का २३ वर्षीय माकुन्दे भन्ने रमेश लावती पक्राउ परेका हुन् ।

प्रहरीका अनुसार चौबिसे गाउँपालिका-३ सार्केस्थित नयाँखोला गोठमा बस्दै आएका याखालाई पैसा सापटी माग्ने क्रममा विवाद भएपछि लावतीले ०७५ माघ ३ गते हत्या गरेका थिए । याखाको हत्यापश्चात् लामो समयसम्मको अनुसन्धानको क्रममा लावतीले हत्या गरेको खुल्न आएपछि लावतीलाई खोजतलास गर्दै जाँदा धनकुटाको चौबिसे गाउँपालिका-२ मुढेवासबाट २२ फागुनमा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनकुटाका एसपी सुरेन्द्रबहादुर गुरुङले बताए ।

हत्याका आरोपित लावतीले याखाको गोठबाट पहिले पनि ज्याकेटलगायत विभिन्न सामान चोरेको खुल्न आएकाले अनुसन्धान गर्दै जाँदा याखाको हत्या पनि उनले गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । धनकुटाको मूलघाटस्थित लेउती खोलामा मजदुरी गर्दै आएका लावती माघ संक्रान्ति मनाउनका लागि घर गएका थिए । लावती घरबाट ३ माघमा काममा फर्कने क्रममा याखाको हत्या भएको एसपी गुरुङले बताए ।

## दुर्घटनामा पाँच घाइते

इलाम/ बिर्तामोडबाट ताप्लेजुङतर्फ जाँदै गरेको सडक डिभिजन कार्यालय ताप्लेजुङको बा.१भ ९८९८ नम्बरको गाडी इलाम नगरपालिका-४ स्थित सिम्लेमा दुर्घटना हुँदा पाँचजना घाइते भएका छन् ।

दुर्घटनामा परेर ताप्लेजुङस्थित फुङलिङ नगरपालिका-५ का ७४ वर्षीया धनमाया लिङ्देन र सोही स्थानकी ५० वर्षीय जानुका लिम्बू, फक्ताङलुङ गाउँपालिका-५का पेम्बा शेर्पा, नुवाकोट ककनी गाउँपालिका-५का १८ वर्षीय जंग तामाङ, सवारीचालक नुवाकोट ककनी गाउँपालिका-४का २६ वर्षीय रितिक लामा घाइते भएका छन् । गम्भीर घाइते धनमाया लिङ्देन र जानुका लिम्बूलाई थप उपचारका लागि झापातर्फ लगिएको छ । अन्यको इलाम अस्पतालमा उपचार भइरहेको छ । मेची राजमार्गको पुवाखोलानजिकै सिम्ले भन्ने स्थानमा ब्रेक फेल भएर गाडी दुर्घटना भएको घाइतेहरूले बताए ।

# जिमीगाउँ र आम्राङ जोड्ने पुल सञ्चालन

नवीन गुरुङ/नयाँ पत्रिका
संखुवासभा, २३ फागुन

मकालु गाउँपालिका-१ जिमीगाउँ र वडा नं. ५ को आम्राङ जोड्ने अरुण नदीमा बनेको पुल सञ्चालनमा आएको छ । प्रदेश १ का प्रदेशप्रमुख गोविन्द तुम्बाहाम्फेले बिहीबार नवनिर्मित बेलिब्रिजको उद्घाटन गरे ।

पुलको उद्घाटन गर्दै प्रदेशप्रमुख तुम्बाहाम्फेले पुलले स्थानीय जनताको दैनिकीलाई सहज हुने बताए । 'अहिले आममानिसको सबैभन्दा ठूलो र महत्वपूर्ण आवश्यकता पूर्वाधारको विकास हो । त्यसैले हामी सबैले सडक, विद्युत्, शिक्षा र स्वस्थ्यको गाउँ-गाउँमा सेवा विस्तार गर्ने काममा जोड दिनुपर्छ,' प्रदेशप्रमुख तुम्बाहाम्फेले भने ।

अरुण नदीमा पुल नहुँदा स्थानीयलाई खोलापारि पुग्न तीन-चार घन्टाको बाटो घुम्नुपर्ने बाध्यता थियो । पुल बनेपछि दुईवटा वडाका करिब पाँच सयभन्दा बढी स्थानीय खुसी भएका छन् ।

जलविद्युत् आयोजना निर्माण हुँदै

मकालु गाउपालिका-१ र ५ को बीचमा रहेको अरुण नदीमा ९७.२ किलोवाट जलविद्युत् आयोजना निर्माणको चरणमा छ । जलविद्युत् केएचआरएल कम्पनीले निर्माण गरिरहेको छ । विद्युत् खरिद सम्झौता (पिपिए) समेत भइसकेको छ । आयोजना र स्थानीयलाई समेत सहज हुने उद्देश्यले कम्पनीले फलाम-फलामै जोडेर स्टिलको बेलिब्रिज पुल निर्माण गरेको कम्पनीका डिजाइनर अर्जुनबाबु ढकालले जानकारी दिए ।

उनका अनुसार, ढुवानीका सामान ओसारपसार गर्न मोटरेबल पक्की पुल निर्माण गरिएको हो । यसको लम्बाइ ५४ मिटर छ । पुल निर्माण गर्न करिब पाँच महिना लागेको बताए । 'अन्य जलविद्युत् आयोजनाभन्दा छुट्टै प्रकारको पिआरआर मोडेलको जलविद्युत् आयोजना हो । पिआरआर भनेको पानीको बहाबअनुरसार फरक-फरक उत्पादन आउने र सबै उत्पादन संचित गरेर पिकआवर बिहान/बेलुकी बढी पावर दिएर र अन्य समयमा कम पावर दिने सिस्टम हो ।,' उनले भने ।

करिब १२ अर्ब रुपैयाँको लगानीमा उक्त जलविद्युत् आयोजना निर्माणको चरणमा रहेको डिजाइनर ढकालले जानकारी दिए ।

## दुर्घटनाले आशंका जन्मायो : भट्टराई

ताप्लेजुङ/ नेपाल कम्युनिस्ट पार्टीका नेता योगेश भट्टराईले पाथिभरामा भएको हेलिकोप्टर दुर्घटनाले आशंका जन्माएको बताएका छन् । नेकपाले पर्यटनमन्त्री रवीन्द्र अधिकारी र पूर्वअर्थमन्त्री भरतमोहन अधिकारीको सम्झनामा आयोजना गरेको श्रद्धाञ्जली सभामा बोल्दै भट्टराईले सरकारद्वारा गठित छानबिन समितिले घटनाको सत्य-तथ्य बाहिर ल्याउने बताए ।

१५फागुनमा पाथिभराबाट फर्कने क्रममा नागरिक उड्डयन तथा पर्यटनमन्त्री रवीन्द्र अधिकारीसहित ७ जना चढेको हेलिकोप्टर दुर्घटना भएको थियो । दुर्घटनामा सबै यात्रुको निधन भएको थियो । पाथिभरामा यसअघि ४ जना यात्रु बोकेर हेलिकोप्टरले उडान भर्ने गरे पनि उक्त दिन किन ७ जना यात्रु चढाइयो भन्ने विषय शंकाको घेरामा रहेको भट्टराईले बताए । उनले मन्त्री अधिकारीलाई सम्भावना बोकेका नेताका रूपमा स्मरण गरे । 'रवीन्द्र अधिकारी सम्भावना बोकेका नेता तथा सरकारका गतिशील मन्त्री थिए,' भट्टराईले भने ।

कार्यक्रममा बोल्ने अन्य नेकपाका नेताहरूले मन्त्री अधिकारीको व्यक्तित्व, क्षमता र योगदानको स्मरण गरे । पाथीभरा सुरक्षित छ भन्ने सन्देश प्रवाह गर्न अन्तर्राष्ट्रिय उच्च पदस्थ व्यक्तिलाई भ्रमण गराउने प्रयास भइरहेको भट्टराईले बताए ।

---

### पौवादुङमा गाउँपालिका
गाउँपालिकाको कार्यालय
च्याङ्थ्रे, भोजपुर
१ नं. प्रदेश नेपाल

## रसायनिक मलखाद र विघुतीय पोल तथा ट्रान्सफर्मर सामान खरिदसम्बन्धी सूचना

**प्रकाशित मिति २०७५।११।२४**

आ.व. २०७५/७६ को स्विकृत कार्यक्रम अनुसार गाउँपालिकालाई तपसिल बमोजिमका रसायनिक मलखाद र विधुतिय पोल तथा ट्रान्सफर्मर सामाग्री खरिद कार्य गर्नुपर्ने भएकाले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म/कम्पनीहरूबाट उल्लेखित कागजात संलग्न राखी देहाय बमोजिम फाराम खरिद गर्न सकिनेछ । विस्तृत जानकारी लिन परेमा कार्यालय समयभित्र मोबाइल नं. ९८५२०७५८०० वा ९८४२४७२४२७ मा सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।

**तपसिल**

| ठेक्का नं. | खरिद सम्बन्धी विवरण | खरिद विधि | फारम दस्तुर रु. | बोलपत्र जमानत रकम रु | फारम खरिद गर्न सकिने अन्तिम मिति | पेश गर्ने अन्तिम मिति | खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| ७, २०७५/७६ | विधुतिय पोल र ट्रान्सफर्मर सामाग्री | बोलपत्र | ३०००/- | २,००,०००।०० | २०७५।१२।२३ | २०७५।१२।२४ गते १२ बजे भित्र | २०७५।१२।२४ गते १४ बजे |
| ८, २०७५।७६ | रसायनिक मलखाद | शिलबन्दी दरभाउपत्र | १०००/- | ३०,०००।०० | २०७५।१२।८ | २०७५।१२।९ गते १२ बजे भित्र | २०७५।१२।९ गते १४ बजे |

**शर्तहरू:**

१. बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ठेक्का नंबर ७ का ३० (तीस) दिन र ठेक्का नंबर ८ का १५ (पन्द्र) दिन सम्ममा कार्यालय समयभित्र गाउँपालिकाको कार्यालय, च्याङ्थ्रेबाट तोकिएको फारम दस्तुर (पछि फिर्ता नहुने) बुझाई खरिद गर्न सकिनेछ ।

**फारम खरिद गर्न निवेदनसाथ आवश्यक कागजातहरू (नोटरी पब्लिकबाट प्रमाणित)**
- फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि
- मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्रको प्रतिलिपि
- आर्थिक वर्ष ०७४/७५ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

२. बोलपत्र फाराम दाखिला गर्न रु १० को टिकट टाँस गरी पौवादुङमा गाउँपालिकाको कार्यालय च्याङ्थ्रे भोजपुरमा दर्ता गर्नुपर्नेछ । रीतपूर्वक दर्ता भएको बोलपत्रहरू दर्ता भएकै दिन अपरान्ह १४:०० बजे सम्बन्धित बोलपत्रदाताको प्रतिनिधिका रोहबरमा (उपस्थित नभएपनि) खोलिनेछ ।

**फारम दाखिला गर्न आवश्यक कागजातहरू (नोटरी पब्लिकबाट प्रमाणित)**
- फर्मको दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
- स्थायी लेखा नम्बर (PAN) लिई मूल्य अभिवृद्धि कर (VAT) को कारोबार गर्न दर्ता भएको दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
- आ.ब. ०७४।७५ को कर चुक्ता प्रमाणपत्रहरूको प्रतिलिपी ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० को उपनियम २ (ङ) सँग सम्बन्धीत घोषणापत्र ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम २५ का २ क अनुसार विगत ३ वर्षको अवधिमा सरकारी निकाय वा निजी संस्थालाई आपुर्ति गरेको मालसमानको प्रकृति, परिमाण, सम्झौता रकम, मिति र त्यस्तो सरकारी निकाय वा निजी संस्थाको नाम र ठेगाना खुलेको पत्र ।

३. बोलपत्र फाराम खरिदगर्ने र दर्तागर्ने अन्तिमदिन बिदा परेमा बिदा पछि लगत्तै कार्यालय खुलेको दिन तोकिएकै समय र कार्यतालिका हुनेछ ।

४. सुचना अनुसार प्राप्त गरिने रसायनिक मलखाद र विधुतीय सामाग्रीहरू पुराउनु पर्ने अन्तिम स्थान, परिमाण, गुणस्तर, समय र अन्य आवश्यक कुराहरू यस कार्यालयबाट तयार गरिएको बोलपत्र कागजात मा उल्लेख गरिएकोछ ।

५. बोलपत्र जमानत यस गाउँपालिकाको नाममा राष्ट्रिय वाणिज्य बैंकमा रहेको धरौटी कोष खाता नं. २०४०३०२००७०६ मा जम्मा गरेको बैंक भौचर वा सो रकम बराबरको नेपालस्थित कुनै वाणिज्य बैंकहरूबाट यस गाउँपालिका कार्यालयलको नाममा बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा ९० दिनको मान्य अवधि भएको बैंक ग्यारेन्टीसमावेश हुनुपर्नेछ ।

६. बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा सुरक्षित रहेको छ ।

७. यस सम्बन्धी अन्य कुरा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य सम्बन्धित कानून बमोजिम हुनेछ ।

---

## Invitation for Bids

**Province Government**
**Ministry of Land Management, Agriculture & Cooperative**
*Province No-2, Janakpurdham, Dhanusha*

### *Invitation for Bids for the Construction of office building of Directorate of Livestock and Fisheries Development, Dhanusha, Janakpurdham*

Contract Identification No: **NCB/MOLMACP2/eBQ09/075-76/Works**

Date of publication: **2075/11/24 (March 8, 2019)**

1. The Provience Government, Provience No 2 has allocated funds or received a loan/credit/grant towards the cost of **Construction of** ***Agriculture & Livestock Directorate Office, Dhanusha*** and intends to apply part of the funds to cover eligible payments under the Contract for **Construction of Directorate of** ***Livestock and Fisheries Development office, Dhanusha.*** Bidding is open to all eligible Nepalese Bidders.
2. **Ministry of Land Management, Agriculture & Cooperative**, *Dhanusha,Janakpurdham*, invites electronic bids from eligible bidders for the construction of office building of **Directorate of** *Livestock and Fisheries Development, Dhanusha* under National Competitive Bidding, Two Envelope Bidding procedures.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Ministry of Land Management, Agriculture & Cooperative,** *Dhanusha, Janakpurdham* or may visit PPMO website www.bolpatra.gov.np.
4. Bidder submit their bid electronically through PPMO's Web Site **www.bolpatra.gov.np**. Bidders, submitting their bid electronically, should deposit the cost of a non-refundable fee of ***NRs 5,000.00*** in Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Name of the Bank: **Rastriya Banijya Bank LTD , Janakpur Branch.**
   Name of the Office: **Ministry of Land Management, agriculture and Cooperative, Province No. 2, Janakpurdham, Dhanusha**
   Office Code No. : **70 -235 -17- 01** Bank Account No. : 0004010000001
   Revenue Head No. : **14229**
5. Pre-bid meeting shall be held at **Ministry of Land Management,Agriculture & Cooperative,** ***Dhanusha,Janakpurdham at 13.00 hrs on 29th March 2019 (2075/12/15).***
6. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np. on or before ***1:00 PM*** on 7th ***April 2019 (2075/12/24).*** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at *2:00 PM on 7th April 2019 (2075/12/24)* at the office of **Ministry of Land Management,Agriculture & Cooperative,** *Dhanusha, Janakpurdham*. Bids must be valid for a period of *120 days* after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format, amounting to a minimum of **NRs 11,21,000.00**, which shall be valid for 60 days beyond the validity period of the bid. The bid security guarantee issued only by "A" Class commercial banks approved by Nepal Rastra Bank shall be accepted.
8. If the last date of pre-bid meeting, submission and opening falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Bidders are required to specify the total price of the Bid in the Letter of Bid or the Bid Price in the Bill of Quantities. Failure to specify the total price of the Bid in the Letter of Bid or the Bill of Quantities shall be ground for declaring the bid non responsive.
10. Bidder's qualification criteria are mentioned in the bid documents.
11. The bidders are requested to submit all the original hard copy of bid documents within 7th day after bid submission date at **Ministry of Land Management, Agriculture & Cooperative,** ***Dhanusha, Janakpurdham***. Failure to submit the original hard copy shall be ground for declaring the bid non responsive.
12. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

---

## Veterinary Hospital & Livestock Service Expert Center, Panchthar

### Invitation for Bids for the Construction of Retaining Wall. VHLEC/NCB-01/2019

**Date of publication: 8 March 2019**

1. Veterinary Hospital & Livestock Service Expert Center, Panchthar invites sealed bids from Nepalese eligible bidders for the Construction of Retaining Wall under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. 4602622 including VAT.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Veterinary Hospital & Livestock Service Expert Center, Panchthar, Phone: 024-520127, 9852660127 or website www. vhlecpanchthar.p1.gov.np
3. A complete set of Bidding Documents may be Purchased from the office Veterinary Hospital & Livestock Service Expert Center, Panchthar, Agriculture Knowledge Center, Phidim, Panchthar, Phone: 024-520127, 9852660127, Fax: 024-520127 by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs 3000 till [Insert date][1]during office hours.

   Or

   Bidders can deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below :

   Name of the Bank: Nepal Bank Ltd, Panchthar, Phidim

   Name of Office:Veterinary Aspatal Tatha Pashu Sewa Bigya Kendra, Panchthar

   Office Code no. :701350202 Office Account no.:11101067

   Rajaswa (revenue) Shirshakno. : 14229
4. Sealed bids must be submitted to the office Veterinary Hospital & Livestock Service Expert Center, Panchthar by hand/courier before 12:00 Noon on 9 April 2019. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 Hours of 9 April 2019 at the office of Veterinary Hospital & Livestock Service Expert Center, Panchthar. Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 137500, which shall be valid for 30 days beyond the validity period of the bid .
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission

---

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
**Alternative Energy Promotion Centre (AEPC)**
Khumaltar Height, Lalitpur, Nepal
Tel: +977-1-5539390/5539391, Fax: +977-1-5542397, 5539392
Email: info@aepc.gov.np Website: www.aepc.gov.np

## Invitation for Electronic Bids

**For "Supply, Delivery Installation, Testing & Commissioning of Electro Mechanical Equipment of Hikchu Khola Micro Hydropower Project", Bhotekhola, Sankhuwasabha"**

Contract Identification Number: AEPC/NRREP/HKMHPUC/G/NCB/2075/76-09

**Date of Notice Publication : 08 March 2019**

1. On behalf of **Hikchu Khola Micro Hydropower Project User's Committee** (HKMHPUC), AEPC/NRREP invites **electronic bids** from the registered eligible and qualified Suppliers/Bidders for the procurement of Goods **"Supply, Delivery Installation, Testing & Commissioning of Electro Mechanical Equipment of Hikchu Khola Micro Hydropower Project** (63 kW, 315 HH)" under National Competitive Bidding (NCB) procedures as specified in Public Procurement Act and Public Procurement Regulations.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of AEPC, as mentioned above or may visit e-GP system: www.bolpatra.gov.np/egp.
3. Bidding document in English is available online and can be downloaded from e-GP system of PPMO: **www.bolpatra.gov.np/egp.** Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document **NRs. 5,000.00** to the following bank:
   Name of the Bank: Nepal Bank Ltd., Gabahal Branch, Lalitpur
   Name of the Office: Alternative Energy Promotion Centre, Office Code No. : 308003401
   Bank Account No. : 00101000000001001001, Revenue Account No. 14229
4. Pre-bid meeting shall be held at AEPC, Khumaltar Height, Lalitpur, Nepal at **11.00 A.M. on 22 March 2019**.
5. Interested Bidders shall submit the electronic Bids through **www.bolpatra.gov.np/egp** to the above office of AEPC on or before **12:00 Noon on 08 April 2019.**
6. Submitted Electronic Bids shall be opened in presence of Bidders' representatives who choose to attend on **12:30 P.M. on 08 April 2019** at the office of AEPC, Khumaltar Height Lalitpur. But nothing shall bar the opening of Tender by the reason only that any bidder or its agent is not present. Bidder's representative should bear the authorization letter duly signed by the authority of firm at the time of bid opening.
7. Bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security, amounting to a minimum of **NRs. 700,000.00** which shall be valid for minimum 30 days beyond the bid validity period (i.e. Valid up to minimum 0**4 August 2019**).
8. If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in AEPC's Office Code 2830805 and Account Name DTCO, Lalitpur, Bank Account No. 16856 KHA 3 at Nepal Bank Ltd., Gabahal, Lalitpur Branch and submit the original receipt of the deposited amount of cash along with the Bid.
9. If the last date of submission and opening falls on a government/public holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
10. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid. AEPC and respective User's committees shall not be responsible for any costs or expenses incurred by bidders in connection with preparation or submission of Bids.
11. AEPC and respective User's committees reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

# राजपा आन्दोलनको तयारीमा, सबै शीर्ष नेता मधेस झरे

## आन्दोलनका कार्यक्रम आज तय गरिने, एजेन्डा मिल्नेसँग कार्यगत एकता

**नयाँ पत्रिका**
**काठमाडौं, २३ फागुन**



कैलाली १ बाट निर्वाचित सांसद रेशम चौधरीलाई नियोजित ढंगबाट फसाइएको भन्दै राष्ट्रिय जनता पार्टी नेपाल (राजपा)ले राष्ट्रिय स्वरूपको आन्दोलन गर्ने भएको छ। आन्दोलनका कार्यक्रम शुक्रबार तय गरिने राजपाले जनाएको छ।

सांसद चौधरीलाई कैलाली जिल्ला अदालतले बुधबार ७ भदौ ०७२ मा टीकापुरमा एसएसपी लक्ष्मण न्यौपानेसहित आठजनाको ज्यान जाने गरी भएको घटनामा दोषी ठहर गर्दै जन्मकैद सुनाएको थियो। त्यसपछि बसेको राजपाको अध्यक्षमण्डलको बैठकले एक वर्षको समयसीमाभित्र आफूहरूसँग गरेको प्रतिबद्धता पूरा नगरेकाले सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेको थियो। ओलीले २६ फागुन ०७४ मा संसद्मा विश्वासको मत लिनुअगाडि राजपासँग उनीहरूका माग सम्बोधन गर्ने प्रतिबद्धता जनाएका थिए।

राजपा महासचिव केशव झाले शोषण, उत्पीडन र विभेदविरुद्ध पहिचान, अधिकार र सम्मानका लागि संघर्षरत विचार मिल्ने अधिकारवादी एवं पहिचानवादी पार्टी, संगठन र मोर्चासँग संयुक्त आनदोलनका लागि छलफल भइरहेको जानकारी दिए। 'हामीले राष्ट्व्यापी आन्दोलन गर्नका लागि विचार मिल्ने पार्टी, संगठन र मोर्चासँग छलफल गरिरहेका छौं,' झाले नयाँ पत्रिकासँग भने, 'यही सातामा नै आन्दोलनको संयुक्त कार्यक्रम घोषणा हुन्छ।' सत्तामा रहेको संघीय समाजवादी फोरमसँग पनि आन्दोलनबारे छलफल गर्ने तयारी राजपाको छ।

### आन्दोलन गर्न गाउँ आएको भनाइ

सांसद चौधरीलाई जन्मकैदको फैसला भएको भोलिपल्टै राजपाका शीर्ष नेताहरू मधेस झरेका छन्। बिहीबार राजपाका अध्यक्षमण्डलका नेताहरू मलेठ घटनाको तेस्रो वार्षिकीमा आयोजित श्रद्धाञ्जली सभामा उपस्थित भए। सबै नेताले मधेसको अधिकार प्राप्तिका लागि आफूहरूले सरकारलाई दिएको समर्थन फिर्ता लिएर सडक आन्दोलनका लागि गाउँ आएको बताए। अध्यक्षमण्डलका सदस्य राजेन्द्र महतोले विराटनगर पुगेर जननिर्वाचित सांसदलाई अदालतले जन्मकैदको अशोभनीय फैसला गरेको भन्दै त्यसविरुद्ध जनतामा नै जाने बताए। 'जननिर्वाचित सांसदलाई अदालतले जन्मकैदको फैसला सुनाएको छ, त्यो आफैँमा अशोभनीय छ,' महतोले भने, 'अधिकार प्राप्तिका लागि भएको सबै आन्दोलनमा सहभागी नेतालाई सजाय हुने भए विगतका सबै आन्दोलनका सहभागीलाई सजाय हुनुपर्छ। वर्तमान संविधानप्रति अहिले पनि आदिवासी, थारू र मधेसी समुदायका असन्तुष्टि छ।

### समर्थन फिर्ताको पत्र नबुझाउने

राजपाले सरकारलाई दिएको समर्थन फिर्ता लिएको पत्र सरकारलाई बुझाउन आवश्यक नरहेको बताएको छ। संसद्मा पनि आफूहरू पहिलादेखि नै प्रतिपक्षमा बसेकाले सभामुखलाई पनि प्रतिपक्षको बेन्चमा बस्ने व्यवस्था मिलाउन पत्र बुझाउन आवश्यक नरहेको अध्यक्षमण्डलका सदस्य शरत्सिंह भण्डारीले दाबी गरे। 'हामी पहिलादेखि नै संसद्मा प्रतिपक्षी बेन्चमा बस्दै आएका छौं,' भण्डारीले भने, 'त्यसैले प्रतिपक्षको बेन्च उपलब्ध गराउन आवश्यक नरहेकाले पत्र बुझाउन पनि आवश्यक छैन।'

### रेशम चौधरी पुनरावेदनमा जाने



जिल्ला अदालतबाट जन्मकैदको फैसला सुनाइएका सांसद चौधरी पुनरावेदनमा जाने भएका छन्। राजपा महासचिव झाले प्रतिवादी आफैं अदालतमा पुगेर पुनरावेदन दिनुपर्ने भएकाले चौधरी स्वयंले पुनरावेदनको निवेदन दिने बताए। त्यसपछिको प्रक्रियाका लागि पार्टीले आवश्यक पहल लिने उनले जानकारी दिए।

# आन्दोलनकारीमाथि अन्याय भयो : राजपा शीर्ष नेता

**दिनेश पराजुली/नयाँ पत्रिका**
**राजविराज, २३ फागुन**

राजपा नेपालको अध्यक्षमण्डलका अधिकांश सदस्यले रेशम चौधरीसहित ११ जना आन्दोलनकारीलाई जन्मकैदको सजाय सुनाएर राज्यले अन्याय गरेको बताएका छन्। बिहीबार राजविराजका सञ्चारकर्मीसँग उनीहरूले राज्य हरेक हिसाबले विभेदकारी भएको आरोप लगाए।

अध्यक्षमण्डलका संयोजक महेन्द्र राय यादवले राज्यले आन्दोलनकारीमाथि अन्याय गरेको प्रतिक्रिया दिए। अध्यक्षमण्डलका सदस्य राजेन्द्र महतोले अधिकार प्राप्तिका लागि लडेका आन्दोलनकारीमाथि अन्याय भएको बताए। 'टीकापुर घट्ना दुखद हो, अबोध बालकसहित धेरै सुरक्षाकर्मी मारिए। तर, के यो नै पहिलो दुःखद घटना हो?' महतोले प्रश्न गरे, 'माओवादीको लडाइँमा दसौँहजार सुरक्षाकर्मी मारिएका छन्, त्यसका नाइके प्रचण्डले काराबास भोग्न नपर्ने, टीकापुर घटनाका नाइकेलाई आजीवन काराबास दिने?' जातिविशेषका आधारमा राज्यले विभेद गर्ने गरेको भन्दै उनले थारू र मधेसीका छोराछोरीमाथि सुनियोजित आक्रमण गरिएको आरोप लगाए।

तत्कालीन नेकपा एमालेको मेची-महाकाली राष्ट्रिय अभियानका क्रममा मलेठनजिकै रहेको गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्रमा आयोजित सभास्थलमा प्रहरीले चलाएको गोली लागेर पाँचजनाको मृत्यु भएको थियो। सोही घटनामा मारिएका पीताम्बर मण्डल, सञ्जन मेहता, वीरेन्द्र महतो, प्रसवनीका आनन्द साह र जमुनी मधेपुराका इनर यादवको सम्झनामा श्रद्धाञ्जली सभा आयोजना गरिएको हो। अध्यक्षमण्डलका सदस्य राजकिशोर यादव, शरत्सिंह भण्डारी, अनिल यादवले पनि राज्यका हरेक निकाय विभेदकारी भइरहेका वेला न्यायालय पनि मधेसी र थारूप्रति विभेदकारी भएको आरोप लगाए।

### मलेठमा सहिद विद्यालय : मुख्यमन्त्री

प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले मलेठमा सहिद विद्यालय स्थापना गर्ने घोषणा गरे। सप्तरीको भारदह र पर्साको वीरगन्जमा सहिद स्मृति प्रतिष्ठान स्थापना गर्न सरकारले ७५-७५ लाख छुट्याएको जानकारी दिँदै उनले आगामी कार्यक्रममा सहिद विद्यालय स्थापनाको काम गरिने बताए।

## भ्रष्टाचारविरुद्ध निगरानी संस्था गठन

लहान/ अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जिल्लाको सार्वजनिक निकायमा हुने अनियमिततालाई निगरानी गर्न सिरहामा भ्रष्टाचारविरुद्धको निगरानी संस्था गठन गरेको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिबास कार्यालयका प्रमुख सहसचिव शिवराम न्यौपानेको उपस्थितिमा सदरमुकाम सिरहामा सम्पन्न सर्वपक्षीय भेलाले सिरहाबाट प्रकाशित हुँदै आएको अपन दैनिकका प्रधानसम्पादक अनिरुद्ध ठाकुरको अध्यक्षतामा भ्रष्टाचारविरुद्धको निगरानी संस्था गठन भएको हो। उपाध्यक्षमा मानवअधिकारकर्मी श्यामकुमारी साह, सचिवमा उपभोक्ता मञ्चका रामानन्द गुप्ता, सहसचिवमा पत्रकार सुरेन्द्रकुमार कामती र कोषाध्यक्षमा प्रमोदकुमार पौड्याललाई चयन भएका छन्।

सदस्यहरूमा रामभरोसी महतो, किरण राय, दीपेन्द्र अधिकारी, देवकुमारी महरा, तारणीप्रसाद यादव र नवराज लामालाई चयन गरिएको छ। सुशासन कायम गर्न, भ्रष्टाचारविरुद्ध नागरिकलाई सचेत बनाउन, सदाचार अपनाउन र विभिन्न समुदायसँग सहकार्य गरी अघि बढ्न सके मात्र भ्रष्टाचार रोक्न सक्ने भएकाले जिल्ला जिल्लामा भ्रष्टाचारविरुद्धको निगरानी संस्था गठन गर्न लागिएको आयोग बर्दिबास कार्यालयका प्रमुख सहसचिव न्यौपानेले बताए। भेलामा प्रजिअ रुद्रप्रसाद पण्डितलगायत जिल्लास्थित नागरिक समाज, प्राध्यापक सहभागी थिए।

## भोज खाँदा सयभन्दा बढी बिरामी

राजविराज/ सप्तरीको कञ्चनरूप नगरपालिका-८ स्थित दलितबस्तीमा बिहेभोज खाएका सयभन्दा बढी व्यक्ति बिरामी परेका छन्। एकजनाको अवस्था गम्भीर छ। बुधबार साँझ करिब पाँच सयजनाले बिहेभोज खाएका थिए।

बिरामीको कञ्चनपुरस्थित प्राथमिक स्वास्थ्य केन्द्र र कञ्चनपुर वेरियरस्थित विभिन्न क्लिनिकमा उपचार भइरहेको छ। उनीहरूमा पेट दुख्ने, बान्ता आउने र पखाला लाग्ने समस्या देखिएको स्वास्थ्यकर्मीले जानकारी दिए। ६० वर्षीय खिखर पासवानको अवस्था जटिल देखिएकाले विराटनगर रेफर गरिएको र अन्यको अवस्था सामान्य रहेको प्राथमिक स्वास्थ्य केन्द्र कञ्चनपुरका डा. सञ्जीव झाले बताए। स्थानीय करन मण्डलका छोरा नन्दनको गत आइतबार भएको विवाहको उत्सवमा बुधबार प्रीतिभोज आयोजना गरिएको थियो। खाने कुरामा अखाद्य वस्तु मिसिएकाले धेरैजना बिरामी भएको अनुमान गरिएको छ।

## अर्ना मृत फेला

राजविराज/ कोसी टप्पु वन्यजन्तु आरक्षको एउटा अर्ना सप्तरीको कञ्चनपुरमा मृत अवस्थामा फेला परेको छ। कञ्चनरूप नगरपालिका-६ जमुवास्थित गहुँबारीमा मरेको अर्ना स्थानीयले फेला पारेका हुन्।

एक महिनादेखि बिरामी रहेको अर्ना बुधबार साँझ मृत अवस्थामा भेटिएको स्थानीय मसुफलाल चौधरीले बताए।

## संक्षेपमा प्रदेश

### सिके राउतलाई रिहा गर्न सर्वोच्चको आदेश

काठमाडौं/ स्वतन्त्र मधेसको अभियान चलाइरहेका सिके राउतलाई सर्वोच्च अदालतले थुनामुक्त गर्न आदेश दिएको छ। स्वतन्त्र मधेस गठबन्धनका संयोजकसमेत रहेका राउतलाई बिहीबार अदालतले तारेखमा रिहा गर्न आदेश दिएको हो।



स्वतन्त्र मधेसका अभियन्ता राउतलाई गैरकानुनी रूपमा थुनामा राखेको भन्दै परेको रिटमा प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणा र न्यायाधीश पुरुषोत्तम भण्डारीको संयुक्त इजलासले थुना मुक्त गर्न भनेको हो। राउतलाई छाड्न गरिएको आदेशमा किटानी जाहेरी परे पनि प्रतिवादीले इन्कारी गरेको र निजबाट अपराधसँग सम्बन्धित प्रमाण फेला नपरेको आधार सर्वोच्चले लिएको छ। जिल्ला र उच्च अदालतले थुनामा राख्न दिएको आदेश मिलेको नदेखिँदा बदर गरिएको सर्वोच्चले उल्लेख गरेको छ। राज्य विप्लवको अभियोगमा प्रहरीले राउतलाई गत २१ असोजमा पक्राउ गरिएको थियो।

# साइकलमा काँचा लाथ्राको तस्करी

**अशोक पहाडी/नयाँ पत्रिका**
**रौतहट, २३ फागुन**



डिभिजन वन कार्यालयको बेवास्ताले रौतहटमा काँचा सालका लाथ्राको तस्करी बढेको छ। नियमित अनुगमन गर्नुपर्ने डिभिजन वन कार्यालयले बेवास्ता गर्दा दाउरा भन्दै साइकलमा राखेर काँचा सालका लाथ्राको तस्करी हुने गरेको छ।

वन कार्यालयको बेवास्तालाई स्थानीयले आर्थिक चलखेलका रूपमा आशंका गर्न थालेका छन्। साइकलमा तस्करी गर्नेसँग पैसा असुलेर वन कर्मचारीले नै तस्करीलाई बढावा दिएको स्थानीयको आरोप छ। वन कार्यालय चन्द्रनिगाहपुरको चोचा जंगलभित्र दिनहुँ साइकलको ताँती लाग्ने गरेको भए पनि वन कर्मचारीले नदेखेझैँ गर्दै आएका छन्। 'चोचा सेक्टर वन कार्यालयमा कार्यरत कर्मचारीको मिलेमतोमा ढलेका र साना सालका लाथ्रा काटेर उनीहरू दाउरा बनाएर लैजाने गरिएको छ,' एक स्थानीयले नयाँ पत्रिकासँग भने, 'दाउराको नाममा काँचा सालका लाथ्रा काटेर लैजाने र दाउरा चिम्नी भट्टीमा बिक्री गर्ने गरिएको छ।'

### वनका कर्मचारीको मिलेमतोको आरोप

स्थानीय टीका चौधरीले धेरै पहिलेदेखि नै साइकलमा राखेर साना लाथ्रा र सुकेका काठदाउरा बनाएर तस्करी हुँदै आएको बताए। सञ्चारमाध्यममा समाचार आएपछि केही दिन कडाइ गर्ने र फेरि उस्तै छाडिने गरेको स्थानीयको भनाइ छ। वनका केही कर्मचारीले त खुलमखुला पैसा लिएर साइकल छाड्ने गरेको आरोप पनि लाग्दै आएको छ। तर, डिभिजन वनप्रमुख विनोद सिंहले भने चोचाको वनमा गस्तीमा कडाइ गर्दै आएको बताए। साइकलमा राखेर काठदाउरा तस्कर गर्ने क्रम बढेपछि वनले गस्ती चुस्त पारेको उनले दाबी गरे।

स्थानीय भने वन गस्तीमा जानुपर्ने कर्मचारी दिनभरि डिभिजन कार्यालय चन्द्रनिगाहपुरमा बस्ने गरेको बताउँछन्। केही दिनअघि मैराको नहरनजिकै वनबाट गोलिया साइकलमा राखेर बाहिर निकाल्दै गर्दा गस्ती टोलीलाई देखेपछि तस्कर भागेका थिए। ८ वटा साइकलमा सालको काँचो ८ थान गोलिया बरामद भएको थियो। 'अहिले दैनिक ३० भन्दा बढी साइकल जंगलमा दाउरा चोरीमा प्रयोग हुन्छन्। उनीहरू वन कर्मचारीलाई देख्नासाथ भाग्छन्,' एक वन कर्मचारीले भने।

**Invitation for Bids**

**Province Government**
**Ministry of Land Management, Agriculture & Cooperative**
***Province No-2, Janakpurdham, Dhanusha***

***Invitation for Bids for the Construction of office building of Directorate of Livestock and Fisheries Development, Dhanusha, Janakpurdham***

Contract Identification No: **NCB/MOLMACP2/eBQ09/075-76/Works**

Date of publication: **2075/11/24 (March 8, 2019)**

1. The Provience Government, Provience No 2 has allocated funds or received a loan/credit/grant towards the cost of ***Construction of Agriculture & Livestock Directorate Office, Dhanusha*** and intends to apply part of the funds to cover eligible payments under the Contract for ***Construction of Directorate of Livestock and Fisheries Development office, Dhanusha.*** Bidding is open to all eligible Nepalese Bidders.
2. **Ministry of Land Management, Agriculture & Cooperative**, *Dhanusha,Janakpurdham*, invites electronic bids from eligible bidders for the construction of office building of ***Directorate of Livestock and Fisheries Development, Dhanusha*** under National Competitive Bidding, Two Envelope Bidding procedures.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Ministry of Land Management, Agriculture & Cooperative**, *Dhanusha, Janakpurdham* or may visit PPMO website www.bolpatra.gov.np.
4. Bidder submit their bid electronically through PPMO's Web Site **www.bolpatra.gov.np**. Bidders, submitting their bid electronically, should deposit the cost of a non-refundable fee of ***NRs 5,000.00*** in Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Name of the Bank: **Rastriya Banijya Bank LTD , Janakpur Branch.**
   Name of the Office: **Ministry of Land Management, agriculture and Cooperative, Province No. 2, Janakpurdham, Dhanusha**
   Office Code No. : **70 -235 -17- 01** Bank Account No. : 0004010000001
   Revenue Head No. : **14229**
5. Pre-bid meeting shall be held at **Ministry of Land Management,Agriculture & Cooperative,** ***Dhanusha,Janakpurdham at 13.00 hrs on 29th March 2019 (2075/12/15).***
6. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np. on or before ***1:00 PM*** on 7th ***April 2019 (2075/12/24).*** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2:00 PM on 7th April 2019 (2075/12/24)*** at the office of **Ministry of Land Management,Agriculture & Cooperative**, *Dhanusha, Janakpurdham*. Bids must be valid for a period of *120 days* after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format, amounting to a minimum of **NRs 11,21,000.00**, which shall be valid for 60 days beyond the validity period of the bid. The bid security guarantee issued only by "A" Class commercial banks approved by Nepal Rastra Bank shall be accepted.
8. If the last date of pre-bid meeting, submission and opening falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Bidders are required to specify the total price of the Bid in the Letter of Bid or the Bid Price in the Bill of Quantities. Failure to specify the total price of the Bid in the Letter of Bid or the Bill of Quantities shall be ground for declaring the bid non responsive.
10. Bidder's qualification criteria are mentioned in the bid documents.
11. The bidders are requested to submit all the original hard copy of bid documents within 7th day after bid submission date at **Ministry of Land Management, Agriculture & Cooperative**, ***Dhanusha, Janakpurdham***. Failure to submit the original hard copy shall be ground for declaring the bid non responsive.
12. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
**Alternative Energy Promotion Centre (AEPC)**
Khumaltar Height, Lalitpur, Nepal
Tel: +977-1-5539390/5539391, Fax: +977-1-5542397, 5539392
Email: info@aepc.gov.np Website: www.aepc.gov.np

**Invitation for Electronic Bids**

**For "Supply, Delivery Installation, Testing & Commissioning of Electro Mechanical Equipment of Hikchu Khola Micro Hydropower Project", Bhotekhola, Sankhuwasabha"**
Contract Identification Number: AEPC/NRREP/HKMHPUC/G/NCB/2075/76-09
**Date of Notice Publication : 08 March 2019**

1. On behalf of **Hikchu Khola Micro Hydropower Project User's Committee (**HKMHPUC), AEPC/NRREP invites **electronic bids** from the registered eligible and qualified Suppliers/Bidders for the procurement of Goods **"Supply, Delivery Installation, Testing & Commissioning of Electro Mechanical Equipment of Hikchu Khola Micro Hydropower Project** (63 kW, 315 HH)**"** under National Competitive Bidding (NCB) procedures as specified in Public Procurement Act and Public Procurement Regulations.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of AEPC, as mentioned above or may visit e-GP system: www.bolpatra.gov.np/egp.
3. Bidding document in English is available online and can be downloaded from e-GP system of PPMO: **www.bolpatra.gov.np/egp.** Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document **NRs. 5,000.00** to the following bank:
   Name of the Bank: Nepal Bank Ltd., Gabahal Branch, Lalitpur
   Name of the Office: Alternative Energy Promotion Centre, Office Code No. : 308003401
   Bank Account No. : 00101000000001001001, Revenue Account No. 14229
4. Pre-bid meeting shall be held at AEPC, Khumaltar Height, Lalitpur, Nepal at **11.00 A.M. on 22 March 2019**.
5. Interested Bidders shall submit the electronic Bids through **www.bolpatra.gov.np/egp** to the above office of AEPC on or before **12:00 Noon on 08 April 2019.**
6. Submitted Electronic Bids shall be opened in presence of Bidders' representatives who choose to attend on **12:30 P.M. on 08 April 2019** at the office of AEPC, Khumaltar Height Lalitpur. But nothing shall bar the opening of Tender by the reason only that any bidder or its agent is not present. Bidder's representative should bear the authorization letter duly signed by the authority of firm at the time of bid opening.
7. Bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security, amounting to a minimum of **NRs. 700,000.00** which shall be valid for minimum 30 days beyond the bid validity period (i.e. Valid up to minimum 0**4 August 2019**).
8. If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in AEPC's Office Code 2830805 and Account Name DTCO, Lalitpur, Bank Account No. 16856 KHA3 at Nepal Bank Ltd., Gabahal, Lalitpur Branch and submit the original receipt of the deposited amount of cash along with the Bid.
9. If the last date of submission and opening falls on a government/public holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
10. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid. AEPC and respective User's committees shall not be responsible for any costs or expenses incurred by bidders in connection with preparation or submission of Bids.
11. AEPC and respective User's committees reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

# मुडे–बाघखोर–कालापानी सडक कालोपत्रे गरिने

श्याम खतिवडा/नयाँ पत्रिका
दोलखा, २३ फागुन

दोलखाको पर्यटकीय क्षेत्र शैलुङ प्रवेश गर्ने मुख्य मार्ग मुडे-बाघखोर-कालापानी कालोपत्रे हुने भएको छ। सिन्धुपाल्चोकको मुडे बजारदेखि दोलखाको शैलुङ गाउँपालिका-३ स्थित कालापानीसम्म सडक कालोपत्रे हुने भएको हो।

सिन्धुपाल्चोकस्थित पूर्वाधार विकास कार्यालयका इन्जिनियर रबिन खातीका अनुसार मुडेदेखि कालापानीसम्म झन्डै २० किलोमिटर सडकको डिपिआर सम्पन्न भएको छ। 'उक्त आयोजनाको डिपिआर सम्पन्न गरी यातायात पूर्वाधार निर्देशनालय पठाइएको छ। केही दिनभित्र सबै प्रक्रिया पूरा गरी टेन्डर आह्वान गर्ने तयारी भएको छ,' उनले भने।

मुडे-मेलुङ सडकखण्डअन्तर्गत मुडेदेखि देउरालीसम्म १० किलोमिटर र देउरालीबाट शैलुङको कालापानी सम्म ९ दसमलव ५ किलोमिटर गरी झन्डै २० किलोमिटर बाटो कालोपत्रे हुने भएपछि स्थानीय उत्साहित भएको शैलुङ गाउँपालिका-८ का वडाध्यक्ष रामेश्वर उप्रेतीले बताए। 'यसअघि शैलुङ क्षेत्र उपेक्षित थियो। प्रदेश-३ सरकारले महत्त्वपूर्ण पर्यटकीय सडक योजना तयार गरेका कारण अब यस क्षेत्रको विकासमा थप टेवा पुग्ने विश्वास छ,' उनले भने।



मुडे-बाघखोर सडकखण्डअन्तर्गत शैलुङको ढुंगे क्षेत्र।

### बहुवर्षीय आयोजनाका रूपमा विकास गरिने

मुडे-बाघखोर-कालापानी सडकलाई बहुवर्षीय सडक आयोजनाका रूपमा विकास गर्ने तयारी भएको पूर्वाधार विकास कार्यालय सिन्धुपाल्चोकले जनाएको छ। कार्यालयका सिनियर डिभिजन इन्जिनियर श्याममणि काफ्लेले आयोजना स्विकृतिको अन्तिम चरणमा पुगेको जानकारी दिए। 'प्रदेश सरकारअन्तर्गत यातायात पूर्वाधार निर्देशनालयबाट बहुवर्षीय सडक आयोजनाका रूपमा विकास गर्न सहमति भइसकेको छ। तर, स्विकृति हुन भने बाँकी नै छ,' उनले भने। सिन्धुपाल्चोक र दोलखा कार्यक्षेत्र भएका पूर्वाधार विकास कार्यालयले दुवै जिल्लाका लागि उक्त आयोजना निकै महत्त्वपूर्ण हुने जनाएको छ।

कार्यालयप्रमुख काफ्लेले डिपिआर गरिएको झन्डै २० किलोमिटर सडकमध्ये शैलुङको ढुंगे क्षेत्रको ३ किलोमिटर सडकमा भौगोलिक समस्या देखिएकाले तत्काललाई उक्त खण्डबाहेक अन्यत्र मात्र काम हुन सक्ने जनाए।

### ■ अस्फाल्ट कंक्रिट कालोपत्रे हुने

पूर्वाधार विकास कार्यालयका अनुसार उक्त सडकमा अस्फाल्ट कंक्रिट प्रविधिको कालोपत्रे हुनेछ। उक्त प्रविधि निकै खर्चिलो र दीर्घकालीन हुने सडक विभागका अधिकारीले बताए।

कार्यालयप्रमुख काफ्लेका अनुसार उच्च हिमाली क्षेत्र भएकाले पनि उक्त प्रविधि जरुरी छ। उक्त प्रविधि राजधानी काठ्माडौंका सडकमा धेरै प्रयोग भए पनि बाहिरी जिल्लामा भने कमै मात्र प्रयोग हुने गरेको सडक विभागका अधिकारीको भनाइ छ। इन्जिनियर रबिन खातीका अनुसार उक्त प्रविधिअन्तर्गत सडकमा गरिने कालोपत्रेको उचाइ ५ सेन्टिमिटर हुनेछ।

# तलब र सुविधामा विभेद भएको महिला मजदुरको गुनासो

दीपेन्द्र अधिकारी/नयाँ पत्रिका
चितवन, २३ फागुन

मदिरा उद्योगमा कार्यरत महिला मजदुरले तलब-सुविधामा विभेद हुने गरेको गुनासो गरेका छन्। १ सय १०औँ अन्तर्राष्ट्रिय नारी दिवसका अवसरमा चितवनको नारायणगढस्थित यती डिस्टिलरी मदिरा उद्योगमा आयोजित अन्तर्क्रिया कार्यक्रममा एक सय महिला सहभागी थिए।

उद्योगमा घन्टौँ समय लाइनमा उभिएर काम गर्नुपर्ने, गह्रुँगो भारी बोक्नुपर्ने, सानो गल्तीमा पनि सुपरभाइजरले अनावश्यक गालीगलौज गर्ने गरेको, घाइते हुँदा उपचार खर्च नपाएको, सानो गल्तीमा पनि एक दिनकै हाजिर काटिदिने गरेको, थर्काउने, जागिर खाइदिन्छु भन्नेजस्ता हप्कीदप्की उद्योगका माथिल्ला तहका कर्मचारीले लगाउने गरेको महिला मजदुरको गुनासो छ। मदिरा उद्योगका प्रतिनिधि निर्मल श्रेष्ठले २ सय बढी महिला कामदारहरू उद्योगमा कार्यरत रहेको बताए। उनले व्यवस्थापन पक्षबाट कुनै भेदभावको व्यवहार नभएको बताए।

यौनजन्य हिंसाविरुद्धको साझा अभियान चितवनकी संयोजक मीना खरेलले जुनसुकै उद्योगमा काम गरे तापनि महिलाको अवस्था कमजोर रहेको बताइन्। आफ्ना कुरा व्यवस्थापन पक्षसँग राख्न नसक्ने, अन्तरमुखी स्वभाव,



कमजोर शारीरिक अवस्था आदिले महिला पछि परेको उनले बताइन्।

एउटै उद्योगमा समान प्रकृतिको काम गर्ने महिला र पुरुषबीच असमान खालको ज्यालाको व्यवस्था रहेको उनको भनाइ थियो। 'न्युयोर्कको सय वर्षअघिको पीडा र नेपाली महिलाको अहिलको पीडा उस्तै छ,' संयोजक खरेलले भनिन्, 'कसैको भाषण गरेर औपचारिक दिनुभन्दा उद्योगमा कार्यरत महिलाको वास्तविकता थाहा पाउन नयाँ शैलीको कार्यक्रम गरिएको हो।'

उकार्यक्रममा बोल्दै चितवन प्रहरीप्रमुख एसपी सुशीलसिंह राठौरले महिला आर्थिक हिसाबले सक्षम नभएसम्म उनीहरूमाथि दमन, पीडा, शोषण भइरहने बताए। कार्यालयमा आउने उजुरीहरू केलाउँदा अधिकांशमा महिलाको आर्थिक पक्षसँगको सम्बन्ध प्रमुख कारण रहेको उनले बताए।

भरतपुर-३ का अध्यक्ष चन्द्रमित्र पण्डितले महिलाले रोजगारीको अवसर पाए पनि उनीहरूलाई अझै सन्तुष्टि प्राप्त नभइसकेको बताए। कम ज्यालमा बढी समय खर्चेर काममा लाग्नु महिलाको बाध्यता रहेको उल्लेख गर्दै उनले महिला जस्तोसुकै काम गर्न पनि सक्षम रहेको बताए।

यौनजन्य हिंसाविरुद्ध साझा अभियान चितवनकी सहसंयोजक संगीता भट्टराईले महिलामा चेतनाको अभाव हुँदा समस्या भएको बताइन्। समाज परिस्कृत हुँदै गर्दा कतिपय मुद्दाहरू आफैं व्यवस्थापन हुँदै गए पनि सहरबजार र दूरदराजका महिला अधिकांश पीडित नै रहेको सहसंयोजक भट्टराईले बताइन्। मदिरा उद्योगमा सन् १९०८ मार्च ८ का दिन अमेरिका स्थित न्युर्योकको एक कपडा उद्योगमा कार्यरत महिलाले श्रमका विषयमा थालेको आन्दोलनले १ सय १० वर्ष पूरा गरेको छ। त्यसैको सम्झनामा हरेका मार्च ८ लाई अन्तर्राष्ट्रिय नारी दिवसका रूपमा लिइन्छ।

# ३० वर्षपछि थपियो नयाँ दमकल

सुदीप शिवाकोटी/नयाँ पत्रिका
हेटौँडा, २३ फागुन

हेटौँडा उपमहानगरपालिकाले ३० वर्षपछि नयाँ दमकल थपेको छ। यसअघि उपमहानगरपालिकासँग ४ हजार लिटर क्षमताको एउटा दमकल थियो।

बढ्दो जनसंख्या तथा बजारीकरणका कारण नगर, जिल्ला र आसपासका क्षेत्रमा आगलागी नियन्त्रण गर्न समस्या भएकाले नयाँ दमकल ल्याइएको मेयर हरिबहादुर महतले बताए।



'पुरानो दमकलले मात्रै आगलागी नियन्त्रण गर्न नसकिने भएकाले नयाँ प्रविधिसहितको दमकल खरिद गरेका हौँ,' उनले भने। उपमहानगरपालिकाले टेन्डरमार्फत ५२ लाख रुपैयाँ लागतमा दमकल खरिद गरेर बुधबारबाट नयाँ दमकल सञ्चालनमा ल्याएको महतले बताए। म्याप कम्पनीको ४ हजार ५ सय लिटर पानी क्षमताको दमकलले आगलागी नियन्त्रणमा सहजता ल्याउने उनले बताए।

एक वर्षअघि हेटौँडाको ओम्यास हलमा लागेको आगो निभाउन पथलैयाबाट दमकल ल्याउनुपरेको थियो। '३० वर्ष पुरानो एउटै मात्र दमकल हुँदा समस्या थियो। त्यसैले नयाँ दमकल खरिद गरेका हौँ। अब जिल्लामा मात्र नभई छिमेकी जिल्लामा विपद्का वेला सहयोग गर्न सकिन्छ,' मेयर महतले भने।

दमकल थपिएसँगै उपमहानगरपालिकालाई खर्चको भार थपिएको छ। एक दमकलका लागि ५ जना कर्मचारी, इन्धन, मर्मत सम्भारलगायत खर्च बढे पनि नगरवासीका लागि आगलागी हुँदा क्षति न्यूनीकरणमा टेवा पुग्ने उपमहानगरपालिकाले विश्वास लिएको छ।

## नयाँ भवनबाट सेवा आरम्भ

रामेछाप/ रामेछाप नगरपालिकाले आफ्नो नवनिर्मित भवनबाट सेवा आरम्भ गरेको छ। रामेछाप बजारको तल्लो बजारमा १ करोड ९ लाख ९९ हजार ९ सय ४१ रुपैयाँमा निमार्ण गरिएको भवनको उद्घाटन रामेछाप नगरपालिकाका प्रमुख नरबहादुर थापामगरले गरे। भवन उद्घाटन कार्यक्रममा नगरपालिकाका उपप्रमुख सिर्जना खड्का तथा सबै वडा अध्यक्षको उपस्थिति थियो।

यसअघि नगरपालिकाले घर भाडा लिएर कार्यालय सञ्चालन गर्दै आएको थियो। 'नगरपालिकाको आफ्नै भवन नहुँदा नागरिकलाई सबैखाले सेवा-सुविधा प्रदान गर्न समस्या थियो। अबका दिनमा सहज ढंगले सेवाग्राहीलाई सेवा प्रवाह गर्न र कार्यालय सञ्चालन गर्न सहजता भएको छ,' रामेछाप नगरपालिकाका प्रमुख नरबहादुर थापा मगरले भने।

# अलैँचीले बजार नपाएपछि किसान मारमा

दीपक भट्ट/नयाँ पत्रिका
रामेछाप, २३ फागुन

रामेछापको उच्च लेकाली भूभागका किसानले लगाएको अलैँचीले यस वर्ष भाउ नपाउँदा किसानले गुन्द्रुकको भाउँमा अलैँची बिक्री वितरण गर्नुपरेको गुनासो गरे।

विगत वर्षमा प्रतिकेजी २ हजार ६ सय रुपैयाँसम्म गाउँमै बिक्री गरेका किसानले यस वर्ष प्रतिकेजी ६ सय रुपैयाँमा पनि बिक्री नभएपछि अलैँची खेतीप्रति आकर्षित भएका किसान मारमा परेका हुन्। विशेष गरी अलैँची खेती रामेछापको उच्च भूभागअन्तर्गत उमाकुण्ड गाउँपालिकाको गुम्देल, बाम्ती, कुभुकास्थली, प्रीति, भुजी, गुप्तेश्वरलगायत स्थानमा बढी लगाइन्छ।

गत वर्षको अनुपातमा यस वर्ष अलैँची उत्पादन पनि कम भएको छ। गत वर्ष केही समय खडेरी परेर बिरुवा सप्रन पाएपछि उत्पादन बढेको थियो भने यस वर्ष बढी झरी परेका कारण अलैँची उत्पादनमा कमी आएको उमाकुण्ड गाउँपालिका-३ कुभुकास्थलीका किसान बालकुमार कार्कीले बताए।

उनले भने, 'विगत वर्षभन्दा यस वर्ष उत्पादनमा धेरै कमी आयो।' उत्पान घटे पनि अहिले अलैँची कौडीको भाउँमा बिक्री गर्नुपर्ने अवस्था आएको छ। अलैँची अहिले प्रतिकेजी ६ सय रुपैयाँमा पनि बिक्री हुन छाडेपछि गाउँका धेरै किसान मारमा परेका छन्। घरमा अहिले १० टनभन्दा बढी अलैँची बिक्री नभई त्यतिकै बाँकी रहेको दुःखेसो किसान कार्कीले जानकारी दिए।

रामेछापको उत्तरी क्षेत्रमा विशेष गरी ग्लोसाई, रामशाही र चिवेशाही गरी तीन प्रजातिका अलैँचीका बिरुवा लगाइन्छ। लेकाली भूभागमा वर्षामा बढी पानी पर्ने र हिउँदमा बढी हिमपातसहित तुषारो पर्ने गरेकाले पनि अलैँची खेती लगाउने किसानको आम्दानी मौसमअनुसार घटबढ हुने गरेको कुबुस्काथलीका अर्का किसान भरतकुमार बस्नेतले जानकारी दिए।

सुरुमा अलैँची उत्पादन गर्ने किसानको घरघरमै खरिद गर्न आउने व्यवसायी अहिले अलैँचीको मूल्य घटेसँगै खरिद गर्न आउन छाडेका छन्। पहिला त गाउँघरमै प्रतिकेजी २ हजार ६ सय रुपैयाँसम्म पनि बिक्री हुन्थ्यो। अलैँची छ भन्ने थाहा पाएपछि धेरै व्यवसायी आउँथे। तर, यस वर्ष अलैँची उत्पादन कमी हुँदा पनि गाउँमा बिक्री ठप्प हुँदा अलैँची किसान थप मारमा परेको उमाकुण्ड गाउँपालिका-२ बाम्तीका रोकट बस्नेतले जानकारी दिए।

उनले भने, 'पहिला अलैँची खरिद गर्न झापा, विराटनगर, वीरगन्ज र काठमौँका विभिन्न व्यवसायी गाउँमै आउँथे। तर अहिले त्यस्तो छैन। गाउँकै केही व्यक्तिले गाउँका किसानको घरघरमा पुगेर संकलन गर्ने गरेका छन् तर त्यो पनि बिक्री हुन सकेको छैन।'

**Invitation for Bids**

**Province Government**
**Ministry of Land Management, Agriculture & Cooperative**
***Province No-2, Janakpurdham, Dhanusha***

***Invitation for Bids for the Construction of office building of Directorate of Livestock and Fisheries Development, Dhanusha, Janakpurdham***

Contract Identification No: **NCB/MOLMACP2/eBQ09/075-76/Works**

Date of publication: **2075/11/24 (March 8, 2019)**

1. The Provience Government, Provience No 2 has allocated funds or received a loan/credit/grant towards the cost of **Construction of** ***Agriculture & Livestock Directorate Office, Dhanusha*** and intends to apply part of the funds to cover eligible payments under the Contract for **Construction of Directorate of** ***Livestock and Fisheries Development office, Dhanusha.*** Bidding is open to all eligible Nepalese Bidders.
2. **Ministry of Land Management, Agriculture & Cooperative,** *Dhanusha,Janakpurdham,* invites electronic bids from eligible bidders for the construction of office building of **Directorate of** ***Livestock and Fisheries Development, Dhanusha*** under National Competitive Bidding, Two Envelope Bidding procedures.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Ministry of Land Management, Agriculture & Cooperative,** *Dhanusha, Janakpurdham* or may visit PPMO website www.bolpatra.gov.np.
4. Bidder submit their bid electronically through PPMO's Web Site **www.bolpatra.gov.np**. Bidders, submitting their bid electronically, should deposit the cost of a non-refundable fee of ***NRs 5,000.00*** in Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Name of the Bank: **Rastriya Banijya Bank LTD , Janakpur Branch.**
   Name of the Office: **Ministry of Land Management, agriculture and Cooperative, Province No. 2, Janakpurdham, Dhanusha**
   Office Code No. : **70 -235 -17- 01** Bank Account No. : 0004010000001
   Revenue Head No. : **14229**
5. Pre-bid meeting shall be held at **Ministry of Land Management,Agriculture & Cooperative,** ***Dhanusha,Janakpurdham at 13.00 hrs on 29th March 2019 (2075/12/15).***
6. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np. on or before ***1:00 PM*** on 7th ***April 2019 (2075/12/24).*** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2:00 PM on 7th April 2019 (2075/12/24)*** at the office of **Ministry of Land Management,Agriculture & Cooperative,** *Dhanusha, Janakpurdham*. Bids must be valid for a period of ***120 days*** after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format, amounting to a minimum of **NRs 11,21,000.00**, which shall be valid for 60 days beyond the validity period of the bid. The bid security guarantee issued only by "A" Class commercial banks approved by Nepal Rastra Bank shall be accepted.
8. If the last date of pre-bid meeting, submission and opening falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Bidders are required to specify the total price of the Bid in the Letter of Bid or the Bid Price in the Bill of Quantities. Failure to specify the total price of the Bid in the Letter of Bid or the Bill of Quantities shall be ground for declaring the bid non responsive.
10. Bidder's qualification criteria are mentioned in the bid documents.
11. The bidders are requested to submit all the original hard copy of bid documents within 7th day after bid submission date at **Ministry of Land Management, Agriculture & Cooperative,** ***Dhanusha, Janakpurdham***. Failure to submit the original hard copy shall be ground for declaring the bid non responsive.
12. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
**Alternative Energy Promotion Centre (AEPC)**
Khumaltar Height, Lalitpur, Nepal
Tel: +977-1-5539390/5539391, Fax: +977-1-5542397, 5539392
Email: info@aepc.gov.np Website: www.aepc.gov.np

**Invitation for Electronic Bids**

**For "Supply, Delivery Installation, Testing & Commissioning of Electro Mechanical Equipment of Hikchu Khola Micro Hydropower Project", Bhotekhola, Sankhuwasabha"**
Contract Identification Number: AEPC/NRREP/HKMHPUC/G/NCB/2075/76-09
**Date of Notice Publication : 08 March 2019**

1. On behalf of **Hikchu Khola Micro Hydropower Project User's Committee** (HKMHPUC), AEPC/NRREP invites **electronic bids** from the registered eligible and qualified Suppliers/Bidders for the procurement of Goods **"Supply, Delivery Installation, Testing & Commissioning of Electro Mechanical Equipment of Hikchu Khola Micro Hydropower Project** (63 kW, 315 HH)**"** under National Competitive Bidding (NCB) procedures as specified in Public Procurement Act and Public Procurement Regulations.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of AEPC, as mentioned above or may visit e-GP system: www.bolpatra.gov.np/egp.
3. Bidding document in English is available online and can be downloaded from e-GP system of PPMO: **www.bolpatra.gov.np/egp.** Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document **NRs. 5,000.00** to the following bank:
   Name of the Bank: Nepal Bank Ltd., Gabahal Branch, Lalitpur
   Name of the Office: Alternative Energy Promotion Centre, Office Code No. : 308003401
   Bank Account No. : 00101000000001001001, Revenue Account No. 14229
4. Pre-bid meeting shall be held at AEPC, Khumaltar Height, Lalitpur, Nepal at **11.00 A.M. on 22 March 2019**.
5. Interested Bidders shall submit the electronic Bids through **www.bolpatra.gov.np/egp** to the above office of AEPC on or before **12:00 Noon on 08 April 2019.**
6. Submitted Electronic Bids shall be opened in presence of Bidders' representatives who choose to attend on **12:30 P.M. on 08 April 2019** at the office of AEPC, Khumaltar Height Lalitpur. But nothing shall bar the opening of Tender by the reason only that any bidder or its agent is not present. Bidder's representative should bear the authorization letter duly signed by the authority of firm at the time of bid opening.
7. Bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security, amounting to a minimum of **NRs. 700,000.00** which shall be valid for minimum 30 days beyond the bid validity period (i.e. Valid up to minimum 0**4 August 2019**).
8. If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in AEPC's Office Code 2830805 and Account Name DTCO, Lalitpur, Bank Account No. 16856 KHA 3 at Nepal Bank Ltd., Gabahal, Lalitpur Branch and submit the original receipt of the deposited amount of cash along with the Bid.
9. If the last date of submission and opening falls on a government/public holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
10. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid. AEPC and respective User's committees shall not be responsible for any costs or expenses incurred by bidders in connection with preparation or submission of Bids.
11. AEPC and respective User's committees reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

गण्डकी मेडिकल कलेजमा शुल्क विवाद

# सिइओ र परीक्षा नियन्त्रक पक्राउ

**रोहितराज पराजुली/नयाँ पत्रिका**
**कास्की, २३ फागुन**

सरकारले तोकेभन्दा बढी शुल्क लिएको आरोप लगाउँदै गण्डकी मेडिकल कलेजका विद्यार्थीको जाहेरीका आधारमा कलेजका प्रमुख कार्यकारी अधिकृत (सिइओ) सन्तोष खनाल र परीक्षा नियन्त्रक लक्ष्मणप्रसाद शर्मालाई प्रहरीले पक्राउ गरेको छ। कलेजमा अध्ययनरत विद्यार्थीले मंगलबार र बुधबार कलेजका सञ्चालक तथा कर्मचारीविरुद्ध जिल्ला प्रहरी कार्यालय कास्कीमा किटानी उजुरी दिएका थिए। सोही आधारमा प्रहरीले बुधबार राति उनीहरूलाई पोखराबाट पक्रेको हो।

जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता गणेश सुवेदीका अनुसार बुधबार राति ११ बजेतिर खनाललाई पोखराको बिरौटा र परीक्षा नियन्त्रक शर्मालाई राष्ट्र बैंक चोकबाट पक्रेको हो। उजुरी दिएका १० मध्ये अन्य ८ जनासम्पर्कमा नरहेको र खोजी भइरहेको सुवेदीले जानकारी दिए।

बढी शुल्क लिएको विरोधमा कलेजमा अध्ययनरत १५ देखि १८औँ ब्याचसम्मका विद्यार्थीले १७ माघदेखि आन्दोलन र धर्ना सुरु गरेका थिए भने २७ माघदेखि रिले अनशन गर्दै आएका छन्। ४ बुँदे मागसहित विद्यार्थीले सुरु गरेको आन्दोलन ३६औँ दिनमा पुगेको छ। उनीहरूले अतिरिक्त रकम तुरुन्त फिर्ता गर्नुपर्ने, सरकारले तोकेको नीति, नियम अक्षरश पालन गर्नुपर्ने, विद्यार्थीले तिरेको सम्पूर्ण रकमको बिल, भौचर र रसिद उपलब्ध गराउनुपर्ने, मेडिकल क्लेजभित्रका विभिन्न विकृति विसंगतिको अन्त्य गर्नुपर्ने माग राख्दै आएका छन्।



● सन्तोष खनाल, सिइओ



● लक्ष्मण प्रसाद शर्मा परीक्षा नियन्त्रक

### ■ ५३ करोडभन्दा बढी ठगेको आरोप

कलेजले ५३ करोडभन्दा बढी ठगेको विद्यार्थीको आरोप छ। उनीहरूले शैक्षिक शुल्क र विभिन्न शीर्षकमा विद्यार्थीसँग १३ देखि १७ लाख बढी उठाएको बताएका छन्। तोकेभन्दा बढी रकम लिँदा बुझाउँदा रसिद नदिएको, मागेको रकम नदिए परीक्षामा सामेल नगर्ने, कलेजबाट निकाली दिनेजस्ता धम्की कलेज प्रशासनले दिने गरेको उजुरीमा उल्लेख छ।

माग पूरा नभएको भन्दै आन्दोलनरतमध्ये एमबिबिएस अध्ययनरत तेस्रो वर्षका ८३ विद्यार्थीले बोर्ड परीक्षा नै दिएका छैनन्। सन् ०१५ ब्याचका विद्यार्थीले नियमविपरीत लिएको शुल्क फिर्ता नभएसम्म परीक्षा नदिने अडान लिएका छन्।

### सञ्चालक सम्पर्कविहीन

उजुरीका आधारमा प्रहरीले पक्राउ पुर्जी जारी गरेपछि अधिकांशको मोबाइल स्विच अफ रहेको निरीक्षक गणेश सुवेदीले बताए। सम्पर्कमा नहुनेहरूमा कलेजका सञ्चालक खुमा अर्याल, प्रशासकीय अधिकृत कृष्ण घिमिरे, प्रधानाध्यापक रवीन्द्रप्रसाद श्रेष्ठ, फाइनान्स कन्ट्रोलर युवराज शर्मा, लेखा शाखाप्रमुख हरिमाया पौडेल, प्रशासनतर्फका दिनेश पौडेल, कर्मचारीहरू तिलक पौडेल र कृष्ण घिमिरे छन्।

# एक करोड खर्चेर विन्ध्यवासिनीमा लिफ्ट निर्माण

## राष्ट्रपतिद्वारा उद्घाटन, नेपालको लिफ्टयुक्त पहिलो मन्दिर

**नयाँ पत्रिका**
**कास्की, २३ फागुन**

प्रसिद्ध धार्मिक तीर्थस्थल विन्ध्यवासिनी मन्दिरमा एक करोड लगानीमा निर्माण भएको लिफ्ट सञ्चालनमा आएको छ। राष्ट्रपति विद्यादेवी भण्डारीले लिफ्टको बिहीबार उद्घाटन गरेसँगै सर्वसाधारणका लागि खुला गरिएको हो।

हुन्डाई मोटर कम्पनी दक्षिण कोरिया र पोखराको औद्योगिक घराना लक्ष्मी ग्रुप नेपालको सहकार्यमा लिफ्ट निर्माण भएको हो। लिफ्ट निर्माणसँगै मन्दिर जान नसक्ने ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरू र शारीरिक रूपमा अशक्त व्यक्तिहरूलाई सहज भएको छ। लक्ष्मी ग्रुप्रले नेपालमा हुन्डाई कम्पनीका गाडी बिक्री वितरण गर्दै आएको छ भने चोखो फनसँगै विभिन्न प्रकारका मिठाई र सफल नामको दूधसमेत उत्पादन गर्दै आएको छ।

ग्रुपले स्थापनाको ४४औँ वार्षिक उत्सवका असवरमा गत वर्ष लिफ्ट निर्माणको घोषणा गरेको थियो। सोहीअनुसार गत जेठमा लिफ्ट निमार्ण सुरु गरेको ग्रुपका निर्देशक सुनील श्रेष्ठले बताए। लिफ्टको भारवहन क्षमता ६ सय ८० किलो छ भने ह्विलचियरसहित चारजनाले एकैपटक यात्रा गर्न सक्नेछन्। करिब ४० फिट अग्लो लिफ्टको सबैभन्दा माथि दृश्यावलोकनका लागि टावर निमार्ण गरिएको छ। जहाँबाट हिमशृंखला र पोखरा आसपासका दृश्य अवलोकन गर्न सकिनेछ।



### सम्पदा संरक्षण र संवर्द्धनमा राष्ट्रपतिको जोड

लिफ्ट उद्घाटनका क्रममा राष्ट्रपति विद्यादेवी भण्डारीले प्राकृतिक, सांस्कृतिक सम्पदाको संरक्षण र संवर्द्धन गर्न आवश्यक रहेको बताइन्। देशमा रहेका प्राकृतिकसँगै सांस्कृतिक सम्पदाको संरक्षण र संवर्द्धन गर्दै मानव हितका लागि प्रयोग गर्न उनले जोड दिइन्। यसबाट देशको दिगो विकाससँगै भावी पुस्ताको भविष्य निमार्ण र पुण्य आर्जन हुने उनको भनाइ थियो। लिफ्ट उद्घाटनपछि राष्ट्रपति भण्डारीले मन्दिरमा पूजा अर्चनासमेत गरेकी थिइन्।

विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिका अध्यक्ष गणेशबहादुर श्रेष्ठले मन्दिरमा पूजाआजा गर्न थालिएको दुई सय ४० वर्ष पुगेको जानकारी दिए। सिद्धिनरसिंह मल्लका पालादेखि नै मन्दिरमा पूजाआजा गर्न सुरु भएको उनको भनाइ छ। पोखरा आउने अधिकांश पर्यटक मन्दिर पुग्ने गर्छन्। यहाँ दैनिक जसो भारतीय पर्यटकहरूको भिड लाग्ने श्रेष्ठले जानकारी दिए। उनका अनुसार मन्दिरमा दैनिक तीन हजार दर्शनार्थ पुग्छन्। मन्दिरको दर्शन गरे मनोकांक्षा पूरा हुने जनविश्वास छ।

कार्यक्रममा गण्डकी प्रदेशका प्रदेशप्रमुख बाबुराम कुँवर, मुख्यमन्त्री पुथ्वीसुब्बा गुरुङ, पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीलगायतले लिफ्ट जडानसँगै पोखरामा धार्मिक पर्यटन प्रवर्द्धन गर्न सहयोग मिल्ने बताए।

## एउटै विद्यालयका ५० विद्यार्थी बिरामी

तनहुँ/ घिरिङ गाउँपालिका-३ स्थित चन्द्रज्योति माध्यमिक विद्यालयका ५० भन्दा बढी विद्यार्थी एकैपटक बिरामी भएका छन्। मौसम परिवर्तनसँगै उनीहरूमा एक्कासि ज्वरो, रुघाखोकी र झाडापखाला देखिएको हो। धेरैजसो विद्यार्थीमा रुघाखोकी, घाँटी, झाडापखलालगायत समस्या भएको विद्यालयका प्रधानाध्यापक प्रेम थापाले बताए। साथीहरू बिरामी परेपछि अन्य विद्यार्थीको संख्या पनि घटेको उनले बताए। सोमबारदेखि विद्यालयमा भाइरल ज्वरो फैलिएको हो। विषेशगरी, कक्षा ७, ८, ९ र १० कक्षाका विद्यार्थी ज्वरो आउने, टाउको दुख्ने, घाँटी दुख्नेलगायत समस्याबाट ग्रसित छन्। बिहीबार पनि कक्षा चार र पाँचका बालबालिकामा संक्रमण देखिएको विद्यालयले जनाएको छ। बालबालिका एक्कासि बिरामी पर्न थालेपछि स्वास्थ्य चेकजाँच गरेको घिरिङ स्वास्थ्य चौकीकी स्टाफ नर्स प्रतिमा अधिकारीले बताइन्।

## लागुऔषधसहित युवक पक्राउ

तनहुँ/ बाग्लुङ जैमिनी नगरपालिका-८ का १८ वर्षीय रमेश पुनलाई प्रहरीले लागुऔषधसहित पक्राउ गरेको छ। आँबुखैरेनी गाउँपालिका-३ आँबु चोकबाट बुधबार प्रहरीले लागुऔषधसहित पुनलाई पक्रेको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक श्यामु अर्यालले जानकारी दिए। 'शंका लागेर पुनको झोला चेकजाँच गर्दा लागुऔषध फेला परेको हो,' उनले भने। खानतलासी गर्दा उनको साथबाट फेनेरागन ५४ थान, नुफिन ५४ र डाइजेपाम ५४ गरी एक सय ६२ थान लागुऔषध बरामत भएको छ।

## शिखवासीको घरदैलोमै सरकारी सेवा

**कमल खत्री/नयाँ पत्रिका**
**म्याग्दी, २३ फागुन**

अन्नपूर्ण गाउँपालिका-५ शिखमा बिहीबारदेखि एकीकृत घुम्ती शिविर सञ्चालन भएको छ। जिल्ला प्रशासन कार्यालय म्याग्दीले अन्नपूर्ण गाउँपालिकासँगको समन्वयमा सदरमुकाम बेनी र गाउँपालिका केन्द्र पोखरेबगरबाट प्रवाह हुने सरकारी सेवा शिखबाटै दिएको हो।

प्रमुख जिल्ला अधिकारी लीलाधर अधिकारी, जिल्ला समन्वय समितिका प्रमुख देवेन्द्रबहादुर केसी, अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष क्याप्टेन डमबहादुर गर्बुजा पुनले संयुक्त रूपमा ६१ वर्षीया सुकमाया तिलिजा पुनलाई नागरिकताको प्रमाणपत्र प्रदान गरेर शिविरको उद्घाटन गरेका थिए।

शिविरमार्फत गाउँपालिकाले अपांगता र ज्येष्ठ नागरिक परिचयपत्र वितरण, व्यवसाय दर्ता सविधासमेत उपलब्ध गराएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्तोष पौडेलले जानकारी दिए। शिविरमार्फत बेनी अस्पताल र गाउँपालिकाको स्वास्थ्य शाखाको संयोजनमा स्वास्थ्य जाँच, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रमार्फत आयुर्वेद स्वास्थ्य सेवा, कृषि ज्ञान केन्द्रमार्फत बिउविजन वितरण तथा परामर्श, भेटेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रमार्फत पशुस्वास्थ्य तथा बाँझोपन निवारणसम्बन्धी परामर्श तथा औषधि वितरणलगायत सेवा प्रवाह गरिएको छ। जिल्ला निर्वाचन कार्यालयले तस्बिरसहितको मतदाता नामावली संकलन पनि गरिरहेको छ।

प्रमुख जिल्ला अधिकारी अधिकारीले सरकारी सेवा जनताको घरदैलोमा पुर्‍याउने सरकारको योजनालाई प्रभावकारी बनाउन स्थानीय तहसँग समन्वय गरी एकीकृत घुम्ती शिविर सञ्चालन गरेको बताए। दुर्गम र ग्रामीण भेगका नागरिकलाई सबै प्रकारका सरकारी सेवा सुविधा एकैपटक एकै ठाउँबाट लिन सक्ने वातावरण तयार गर्न शिविरलाई अभियानकै रूपमा अघि बढाइएको बताए।

म्याग्दीमा यसअघि धवलागिरि गाउँपालिकाको गुर्जा, लमसुङ, मराङ, रघुगंगाको रायखोर, मंगलाको कुहुँ र मालिकाको देवीस्थानमा एकीकृत घुम्ती शिविर सञ्चालन भइसकेको छ।

## बेलघारी–अर्चलबोट सडक कालोपत्रे

**शान्ता कमली/नयाँ पत्रिका**
**लमजुङ, २३ फागुन**

बेलघारी-अर्चलबोट-पाचोक सडकको दोर्दी गाउँपालिकामा पर्ने अर्चलबोट खण्ड कालोपत्रे भएको छ। दोर्दी-२ प्यार्दीखोला बेलघारीदेखि ५ नम्बर वडाको पाचोकबैंसी जोड्ने ग्रामीण सडकको अर्चलबोट खण्ड बिहीबार कालोपत्रे भएको हो।



अर्चलबोटको साढे २ किलोमिटरमा कालोपत्रे गरेको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार जिल्ला आयोजना कार्यान्वयन एकाइ लमजुङले जनाएको छ। १२ किमि ५ सय ९० मिटर सडकमध्ये प्यार्दीखोला पुलको शून्य बिन्दुदेखि हाँडेखोलासम्म साढे २ किमि र ४ नम्बर वडाको नौथर शेराबजारमा २ सय मिटर कालोपत्रे गर्ने योजनाअनुसार सडक कालोपत्रे भएको हो। बेलघारी-अर्चलबोट-पाचोक सडकको बाँकी खण्ड यसै वर्ष ग्राभेल हुने आयोजनाका इन्जिनियर अमरनाथ बर्माले बताए। बर्माका अनुसार बेलघारीमा ४ सय मिटर र नौथर शेरामा एक सय मिटर सडक ढलान गरिनेछ। बर्माका अनुसार १० फागुनबाट सडकको कालोपत्रे थालिएको हो।

सो सडक निर्माणको जिम्मा भारतीय कम्पनी नीरज सिमेन्ट स्ट्रक्चलर्स लिमिटेडले पाएको थियो। १८ चैतसम्ममा सम्झौताअनुसार सडक निर्माण सक्ने निर्माण कम्पनीको दाबी छ। सडक निर्माणको ८० प्रतिशत काम सकेको निर्माण कम्पनीले जनाएको छ। निर्माण कम्पनीले हालसम्म साढे आठ किलोमिटर ग्राभेल सकेको छ भने ११ किलोमिटरमा नाला निर्माण, ९० प्रतिशत पर्खाल निर्माण र हुमपाइप राख्ने कार्य सक्न लागेको वाइबा कन्स्ट्रक्सनका प्रतिनिधि टासी लामाले बताए। सो सडक २६ फागुन ०७३ मा सक्ने गरी निर्माण कम्पनीले ठेक्का सम्झौता गरेको थियो।

## शल्यक्रिया शिविर

नवलपुर/ नवलपुरको पहाडी र विकट गाउँपालिकाका बासिन्दालाई लक्षित गरेर बौदीकाली गाउँपालिकाको डेढगाउँमा मोतियाबिन्दुको निःशुल्क शल्यक्रिया शिविर सञ्चालन गरिएको छ। सो शिविरमा ४२ जना मोतियाबिन्दुका बिरामीको शल्यक्रिया गरिएको थियो। शिविरमा बौदीकाली गाउँपालिका बुलिंगटार, तनहुँको घिरिङ र रिसिङ गाउँपालिकाका नागरिक सहभागी भए। शल्यक्रियाका लागि भरतपुर र पोखरा जानुपर्ने बाध्यतामा रहेका यहाँका बासिन्दाले गाउँमै शल्यक्रियाको सुविधा पाएपछि खुसी व्यक्त गरे।

बौदीकाली गाउँपालिकामा रहेको बालीघाट क्षेत्र संरक्षण समितिको आयोजना, बौदीकाली गाउँपालिकाको आर्थिक सहयोग तथा वडा कार्यालय बौदीकाली-२ डेढगाउँको व्यवस्थापनमा आँखा शिविर सञ्चालन गरिएको थियो।

**Invitation for Bids**

**Province Government**
**Ministry of Land Management, Agriculture & Cooperative**
***Province No-2, Janakpurdham, Dhanusha***

***Invitation for Bids for the Construction of office building of Directorate of Livestock and Fisheries Development, Dhanusha, Janakpurdham***

Contract Identification No: **NCB/MOLMACP2/eBQ09/075-76/Works**

Date of publication: **2075/11/24 (March 8, 2019)**

1. The Provience Government, Provience No 2 has allocated funds or received a loan/credit/grant towards the cost of ***Construction of Agriculture & Livestock Directorate Office, Dhanusha*** and intends to apply part of the funds to cover eligible payments under the Contract for ***Construction of Directorate of Livestock and Fisheries Development office, Dhanusha.*** Bidding is open to all eligible Nepalese Bidders.
2. **Ministry of Land Management, Agriculture & Cooperative,** *Dhanusha,Janakpurdham*, invites electronic bids from eligible bidders for the construction of office building of ***Directorate of Livestock and Fisheries Development, Dhanusha*** under National Competitive Bidding, Two Envelope Bidding procedures.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Ministry of Land Management, Agriculture & Cooperative,** *Dhanusha, Janakpurdham* or may visit PPMO website www.bolpatra.gov.np.
4. Bidder submit their bid electronically through PPMO's Web Site **www.bolpatra.gov.np**. Bidders, submitting their bid electronically, should deposit the cost of a non-refundable fee of ***NRs 5,000.00*** in Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Name of the Bank: **Rastriya Banijya Bank LTD , Janakpur Branch.**
   Name of the Office: **Ministry of Land Management, agriculture and Cooperative, Province No. 2, Janakpurdham, Dhanusha**
   Office Code No. : **70 -235 -17- 01** Bank Account No. : 0004010000001
   Revenue Head No. : **14229**
5. Pre-bid meeting shall be held at **Ministry of Land Management,Agriculture & Cooperative,** ***Dhanusha,Janakpurdham at 13.00 hrs on 29th March 2019 (2075/12/15).***
6. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np, on or before ***1:00 PM*** on 7th ***April 2019 (2075/12/24).*** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2:00 PM on 7th April 2019 (2075/12/24)*** at the office of **Ministry of Land Management,Agriculture & Cooperative,** *Dhanusha, Janakpurdham*. Bids must be valid for a period of ***120 days*** after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format, amounting to a minimum of **NRs 11,21,000.00**, which shall be valid for 60 days beyond the validity period of the bid. The bid security guarantee issued only by "A" Class commercial banks approved by Nepal Rastra Bank shall be accepted.
8. If the last date of pre-bid meeting, submission and opening falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Bidders are required to specify the total price of the Bid in the Letter of Bid or the Bid Price in the Bill of Quantities. Failure to specify the total price of the Bid in the Letter of Bid or the Bill of Quantities shall be ground for declaring the bid non responsive.
10. Bidder's qualification criteria are mentioned in the bid documents.
11. The bidders are requested to submit all the original hard copy of bid documents within 7th day after bid submission date at **Ministry of Land Management, Agriculture & Cooperative,** ***Dhanusha, Janakpurdham***. Failure to submit the original hard copy shall be ground for declaring the bid non responsive.
12. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
**Alternative Energy Promotion Centre (AEPC)**
Khumaltar Height, Lalitpur, Nepal
Tel: +977-1-5539390/5539391, Fax: +977-1-5542397, 5539392
Email: info@aepc.gov.np Website: www.aepc.gov.np

**Invitation for Electronic Bids**

**For "Supply, Delivery Installation, Testing & Commissioning of Electro Mechanical Equipment of Hikchu Khola Micro Hydropower Project", Bhotekhola, Sankhuwasabha"**
Contract Identification Number: AEPC/NRREP/HKMHPUC/G/NCB/2075/76-09
**Date of Notice Publication : 08 March 2019**

1. On behalf of **Hikchu Khola Micro Hydropower Project User's Committee** (HKMHPUC), AEPC/NRREP invites **electronic bids** from the registered eligible and qualified Suppliers/Bidders for the procurement of Goods **"Supply, Delivery Installation, Testing & Commissioning of Electro Mechanical Equipment of Hikchu Khola Micro Hydropower Project** (63 kW, 315 HH)" under National Competitive Bidding (NCB) procedures as specified in Public Procurement Act and Public Procurement Regulations.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of AEPC, as mentioned above or may visit e-GP system: www.bolpatra.gov.np/egp.
3. Bidding document in English is available online and can be downloaded from e-GP system of PPMO: **www.bolpatra.gov.np/egp.** Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document **NRs. 5,000.00** to the following bank:
   Name of the Bank: Nepal Bank Ltd., Gabahal Branch, Lalitpur
   Name of the Office: Alternative Energy Promotion Centre, Office Code No. : 308003401
   Bank Account No. : 00101000000001001001, Revenue Account No. 14229
4. Pre-bid meeting shall be held at AEPC, Khumaltar Height, Lalitpur, Nepal at **11.00 A.M. on 22 March 2019**.
5. Interested Bidders shall submit the electronic Bids through **www.bolpatra.gov.np/egp** to the above office of AEPC on or before **12:00 Noon on 08 April 2019.**
6. Submitted Electronic Bids shall be opened in presence of Bidders' representatives who choose to attend on **12:30 P.M. on 08 April 2019** at the office of AEPC, Khumaltar Height Lalitpur. But nothing shall bar the opening of Tender by the reason only that any bidder or its agent is not present. Bidder's representative should bear the authorization letter duly signed by the authority of firm at the time of bid opening.
7. Bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security, amounting to a minimum of **NRs. 700,000.00** which shall be valid for minimum 30 days beyond the bid validity period (i.e. Valid up to minimum 0**4 August 2019**).
8. If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in AEPC's Office Code 2830805 and Account Name DTCO, Lalitpur, Bank Account No. 16856 KHA3 at Nepal Bank Ltd., Gabahal, Lalitpur Branch and submit the original receipt of the deposited amount of cash along with the Bid.
9. If the last date of submission and opening falls on a government/public holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
10. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid. AEPC and respective User's committees shall not be responsible for any costs or expenses incurred by bidders in connection with preparation or submission of Bids.
11. AEPC and respective User's committees reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

# बुद्‌यौलीका सुख-दुःख साट्न दिवासेवा केन्द्र

भूपेन्द्र वली/नयाँ पत्रिका
दाङ, २३ फागुन

घोराही उपमहानगरपालिकाले ज्येष्ठ नागरिकका लागि दिवासेवा केन्द्र स्थापना गरेको छ। ज्येष्ठ नागरिकका अनुभव एक-अर्कामा साट्न र उनीहरूलाई दिन बिताउन सहज होस् भनेर उपमहानगरपालिकाले दिवासेवा केन्द्र सञ्चालनमा ल्याएको हो।

उपमहानगरपालिकाले वडा नम्बर १५ उत्साहटोलमा माघ महिनादेखि दिवा केन्द्र सञ्चालनमा ल्याएको हो। सो केन्द्रमा पुगेर ज्येष्ठ नागरिकले आफ्ना बुद्‌यौलीका सुखदुःख साट्न पाएका छन्। नगरप्रमुख नरुलाल चौधरीले ज्येष्ठ नागरिक जिउँदो इतिहास भएकाले उनीहरूको सम्मानार्थ दिवासेवा केन्द्र सञ्चालनमा ल्याएको बताए।

रोजगारी वा अन्य कामको सिलसिलामा घरबाहिर रहनुपर्ने युवाको बाध्यताका कारण ज्येष्ठ नागरिकका कुरा सुनिदिने घरमा कोही नहुँदा एक्लो महसुस गर्न नपरोस् भनेर यस्तो केन्द्र स्थापना गरिएको हो। सो केन्द्र अहिले एक-अर्कासँग भलाकुसारी गर्ने र सहज रूपमा दिन बिताउने थलो बनेको छ।

### पाँच लाखमा भवन

घोराही उपमहानगरले पाँच लाख रुपैयाँको लागतमा घोराही १५ स्थित उत्साहटोलमा भवन निर्माण गरेको हो। सो टोलले संरक्षण गरिराखेको करिब दुई कठ्ठा जमिनमा सानो भवन र शौचालय निर्माण गरेको हो।

यस्तै, उपमहानगरको महिला बालबालिका तथा सामाजिक विकास शाखाले चालू आर्थिक वर्षका लागि थप ३ लाख रुपैयाँ बजेट व्यवस्था गरेको ज्येष्ठ नागरिक दिवासेवा केन्द्र सञ्चालन समितिका अध्यक्ष पुरुषोत्तम खनालले बताए।



### ■ ज्येष्ठ नागरिक खुसी

दिवासेवा केन्द्र सञ्चालनमा आएपछि त्यहाँ पुग्ने ज्येष्ठ नागरिकले पनि खुसी महसुस गरेका छन्। परिवारमा एक्लै हुने र उनीहरूका अनुभव र कुराकानी सुनिदिने कोही नभेटिँदा एकलकाटे हुने समस्या बढेको अवस्थामा केन्द्र सञ्चालनमा आएपछि खुसी महसुस भएको केन्द्रका अध्यक्ष खनालले बताए। उनका अनुसार दैनिक १५-२० जना ज्येष्ठ नागरिकले केन्द्रमा पुगेर सेवा लिँदै आएका छन्।

'बुद्‌यौलीमा धेरै कुरा उब्जिने, तर सुनाउने ठाउँ कतै नहुने, मान्छे यसै मानसिक बिरामीजस्तो हुने समस्या हुन्छ,' केन्द्रमा नियमित पुग्ने गरेका टोपाराम अधिकारीले भने। उनले दिवासेवा केन्द्र सञ्चालनमा आएपछि धेरै खुसी महसुस भएको बताए। केन्द्रमा अहिले ज्येष्ठ नागरिकका लागि भजनकीर्तन गर्ने सामग्री, चिया-खाजाको व्यवस्था, साप्ताहिक स्वास्थ्यजाँच सेवासमेत सञ्चालनमा ल्याइएको अधिकारीले बताए। दिवासेवा केन्द्र भएको क्षेत्र साँघुरो भएको, बाहिर बस्नका लागि स्थायीखालका कुर्सीको निर्माण, केन्द्रको संरक्षणका लागि बाहिर तारजाली गनुपर्ने ज्येष्ठ नागरिक इन्द्रा बुढाथोकीले बताइन्।

केन्द्रलाई समितिका कोषाध्यक्ष ललिता केसीले ८० हजार मूल्यबराबरको कम्प्युटर र फर्निचर सहयोग गरेकी छिन्। सदस्य दधिराम खनालले हीरा-जमुना अक्षयकोषको स्थापना गरेका छन्।

## ■ सुरक्षा व्यवस्था कडा

रोल्पा/ रोल्पामा सुरक्षा व्यवस्था कडा बनाइएको छ। विभिन्न स्थानमा विस्फोटक पदार्थ भेटिएपछि सुरक्षा व्यवस्था कडा पारिएको हो।

रोल्पाको लिवाङ र त्रिवेणी गाउँपालिका नजिकै बिहीबार सकेट बम फेला परेको छ। लिवाङस्थित नेपाली कांग्रेसको जिल्ला पार्टी कार्यालय नजिक रहेको बमलाई नेपाली सेनाले निस्क्रिए पारेको छ। स्थानीय एवं नेपाली कांग्रेसका नेता चन्द्रप्रकाश आचार्यलाई नचिनेको नम्बरबाट फोन गरी बम तरकारी बारीमा फालिएको सूचना गरिएपछि प्रहरीलाई खबर गरिएको थियो।

त्रिवेणी गाउँपालिका कार्यालय नजिक दुईवटा सुतली बम भेटिएका छन्। केटाकेटीले बाटोमा भेटिएको पुरानो झोला खेलाउँदा बम देखेको र प्रहरीलाई खबर गरेको रोल्पा प्रहरी प्रमुख डिएसपी दीपक खड्काले बताए। टावरमा विष्फोट, जनप्रतिनिधिको सवारीसाधनमा आगजनी तथा जथाभावी बम भेटिन थालेपछि रोल्पामा सुरक्षा व्यवस्था कडा पारिएको प्रमुख जिल्ला अधिकारी गञ्जबहादुर एमसीले बताए।

# अपांगता भएकालाई परिचयपत्र

गुल्मी/ रेसुंगा नगरपालिकाले अपांग परिचयपत्र वितरण अभियान सुरु गरेको छ। नगरपालिका उपप्रमुख सीता भण्डारीले स्थानीय भीमबहादुर रजालीलाई पहिलोपटक 'ख' वर्गको परिचयपत्र वितरण गरेर अभियान सुरु गरिएको हो।

प्रमुख प्रशासकीय अधिकृत भक्तिराम मरासिनीका अनुसार नगरपालिकामा 'क' देखि 'घ' वर्गको अपांग परिचयपत्र' प्रदान गरिएको छ। नगरपालिकाले नगरसभाबाट 'अपांगता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि- ०७५' पास गरेर अपांग परिचयपत्र वितरण सुरु गरेको हो। अपांगहरूको वर्ग छुट्याउनका लागि अपांगता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन- २०७४ को पहिलो संशोधन २०७५ को दफा ४२ बमोजिम स्थानीय समन्वय समिति बनाएर परिचयपत्र वितरण गरिएको मरासिनीले जानकारी दिए।

### चार प्रकारका परिचयपत्र

नगरपालिकाले चार प्रकारका अपांग परिचयपत्र वितरण गरेको छ। पूर्ण अशक्त अपांगता भएकाहरूलाई 'क' वर्गको परिचयपत्र रातो रङको पृष्ठभूमिमा प्रदान गरेको छ। व्यक्तिको शारीरिक वा मानसिक प्रणालीहरूमा भएको क्षतिले दैनिक जीवन सम्पादन गर्न असाध्यै कठिन हुने, अति सामान्य काम पनि गर्न नसक्ने, बौद्धिक रूपमा अपांगता भएका, तीव्र रूपमा अटिज्म प्रभावित तथा पूर्ण रूपमा श्रवण-दृष्टिविहीन व्यक्तिहरूले 'क' वर्गको रूपमा अपांग परिचयपत्र पाएका छन्। यस्तो परिचयपत्र पाउनेहरूले मासिक दुई हजार भत्ता पाउने नगरपालिकाका महिला शाखा प्रमुख पवित्रा पाण्डेले जानकारी दिइन्। अति अशक्त अपांगता भएकालाई निलो पृष्ठभूमिमा 'ख' वर्गको परिचयपत्र वितरण गरिएको छ। शारीरिक वा मानसिक अवस्था अनुसार वर्गीकरण गरी परिचयपत्र दिएको छ।

# मालपोतमा भ्रष्टाचार बढेको सेवाग्राहीको गुनासो

डिलाराम भुसाल/नयाँ पत्रिका
कपिलवस्तु, २३ फागुन

मालपोत कार्यालयहरू अनलाइन सिस्टममा गएसँगै भ्रष्टाचार मौलाएको सेवाग्राहीले गुनासो गरेका छन्। विगतमा २/४ सय रुपैयाँ घुस खाने कर्मचारीहरूले अहिले पाँच हजारदेखि १५ हजार रुपैयाँसम्म अनियमित रूपमा रकम माग्ने गरेको सेवाग्राहीको गुनासो छ।

कम्प्युटर फाँटमा खटिएका कर्मचारीले सेवाग्राहीका एजेन्ट बनेर आएका केही लेखापढी व्यवसायी तथा कार्यालय सहयोगीमार्फत रकम लिने गरेको गुनासो छ।




### कारोबार गर्न प्लाइबोर्डको बार

घुस लेनदेन गरेको लुकाउनका लागि मालपोत कर्मचारीले कम्प्युटर फाँटअघि प्लाइबोर्डको बारसमेत लगाएका छन्। अनलाइन सिस्टममा अभिलेख राख्ने, लालपुर्जा निकाल्नेदेखि जग्गा रोक्का, अंशबन्डा, बकस तथा अन्य जग्गा सिफारिस र हकदाबीसम्बन्धी काममा अहिले सेवाग्राहीले चर्को घुस तिर्न बाध्य भएको गुनासो रहेको छ। सीमित कर्मचारी र कम्प्युटर सफ्टवेयरमा झन्झटिलो विवरण दाखिला गर्नुपर्ने भएपछि अहिले एउटा जग्गा पासका लागि एक हप्तादेखि १५ दिनसम्म लाग्ने गरेको छ। छिटो छरितो काम गराउन रकम तिर्नुपर्ने बाध्यता भएको सेवाग्राहीको भनाइ छ।

जग्गासम्बन्धी लेखापढी गर्ने केही व्यवसायीमार्फत सेटिङ मिलाएर कर्मचारीहरूले दुई हप्तासम्म लाग्ने काम केही घन्टाभित्रै गर्ने गरेका छन्। नियमानुसार एक दिनभित्रै गर्न सकिने काम कर्मचारीहरूले आलटाल गरी एक हप्तादेखि दुई हप्ता लगाउने गरेको बाणगंगाका सेवाग्राही खडानन्द भुसालले बताए। उनले कम्प्युटर प्रणालीले सेवाग्राहीलाई सहजताभन्दा पनि सास्ती र भ्रष्टाचारलाई बढावा दिइरहेको गुनासो गरे।

वाणगंगा-७ वनगाईबाट फुकुवा जग्गा रोक्का गराउन आएका एक सेवाग्राहीले कम्प्युटर प्रणालीले सेवाग्राहीलाई सास्ती र कर्मचारीलाई मस्ती भएको दुखेसो पोखे। 'छिटो काम गराउन ५ हजार घुस दिनुपऱ्यो, नत्र एक हप्तापछि आउन भन्छन्, आफूलाई हतार छ, भ्रष्टाचारलाई प्रश्रय दिन बाध्य भइयो,' उनले भने।

### ढिला भएको साँचो हो, तर घुस लिएको होइन : कार्यालय प्रमुख भण्डारी

मालपोत कार्यालय प्रमुख भोजबहादुर भण्डारीले राजस्वबाहेक कसैले पनि घुस नलिएको दाबी गरे। तर, कार्यालयमा काम गर्ने खरिदार र सुब्बाभन्दा सहयोगीको संख्या बढी छ। कार्यालय सहयोगीहरूले नै सबैभन्दा बढी घुस एजेन्टको भूमिका निर्वाह गरेको स्रोतको दाबी छ। केही लेखापढी व्यवसायीले पनि एजेन्ट भएर काम गरेका छन्।

कार्यालय स्रोतका अनुसार अहिले सो कार्यालयमा चार कम्प्युटरमा काम भइरहेको छ। एउटा कम्प्युटरले ८ घन्टामा ४० भन्दा बढी राजीनामा दर्ता गर्न सक्छ। सो कार्यालयमा औसतमा दैनिक एक सय सेवाग्राही आउने गरेका छन्। कार्यालयको पूर्वाधार र सेवाग्राहीको संख्याअनुसार एकै दिनमा काम सम्पन्न हुनुपर्छ। तर, कम्प्युटर फाँटबाट रकम नदिने सेवाग्राहीलाई दुई हप्तापछि बोलाउने गरिएको छ।

कार्यालय प्रमुख भण्डारीले प्राविधिक रूपमा दक्ष कर्मचारी अभाव हुँदा कम्प्युटर फाँटले गतिअनुसारको सेवा दिन नसकेको बताए। उनले भने, 'सबै विवरण भर्नुपर्छ, बिग्रियो भने जागिर धरापमा पर्छ, ढिलो भएको साँचो हो, तर घुस खाएर छिटो काम भइरहेको भन्ने आरोप निराधार हो।' २९ जनाको दरबन्दी भए पनि १७ कर्मचारी मात्र कार्यरत भएको भण्डारीको भनाइ छ। प्रमुख भण्डारीले सेवाग्राहीको गुनासोबारे छानबिन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

### रकम नदिनेलाई १५ दिनपछि बोलाइन्छ

बाणगंगा नगरपालिका-८ का सरिता सापकोटाले समयमा काम नभएपछि रित्तै फर्किएको बताइन्। सबै काम एक घन्टामै सकिए पनि कम्प्युटर फाँटमा जाँदा १५ दिनपछि बोलाएको बताइन्। तर, उनीसँगै आएका केही व्यक्तिको तीन घन्टामै काम सकिएको गुनासो गरिन्।

# माावि बनाउन सहयोग संकलन

सागर रिजाल/नयाँ पत्रिका
प्युठान, २३ फागुन

माण्डवी गाउँपालिका- ५ स्थित वागीश्वरी आधारभूत विद्यालयको स्तरोन्नतिका लागि सहयोग संकलन सुरु भएको छ।

स्थापना भएको ६१ वर्ष पुग्यो, तर विद्यालय स्तरोन्नति नहुँदा गाउँका विद्यार्थीलाई माथिल्लो कक्षा अध्ययन गर्न टाढा जानुपर्ने समस्या छ। सो समस्या समाधानका लागि सहयोग संकलन कार्य सुरु गरिएको हो।

### माध्यमिक बनाउने तयारी

विद्यालयका अभिभावकको आग्रहमा माध्यमिक तह सञ्चालन गर्न लागिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष टोपराम आचार्यले बताए। माध्यमिक विद्यालय पुग्न साढे दुई घन्टासम्म हिँड्नुपर्ने समस्या रहेको उनले बताए। विद्यालयमा अहिले दुई सय ६ विद्यार्थी अध्ययनरत छन्।

### एक करोड रुपैयाँ संकलन गर्ने लक्ष्य

०१४ सालमा स्थापना भएको सो विद्यालयमा अक्षर आरम्भ गरेका व्यक्तिहरू अहिले कोही राजनीतिज्ञ, प्रहरी, सेना, कर्मचारी, प्राविधिक, इन्जिनियर भएको गाउँपालिका अध्यक्ष श्रीधर रोकाले बताए। विद्यालय स्तरोन्नतिका लागि करिब ४३ लाख रुपैयाँ सहयोग संकलन भएको छ। एक करोड रुपैयाँ संकलन गर्ने लक्ष्य लिएको अध्यक्ष रोकाले बताए।

वागीश्वरी विद्यालयलाई जिल्लाकै नमुना विद्यालय बनाउने योजना रहेको गाउँपालिका अध्यक्ष रोकाले बताए। उक्त विद्यालयमा अंग्रेजी माध्यमबाट पठनपाठन गराउनेसमेत तयारी छ।

**Invitation for Bids**

**Province Government**
**Ministry of Land Management, Agriculture & Cooperative**
*Province No-2, Janakpurdham, Dhanusha*

***Invitation for Bids for the Construction of office building of Directorate of Livestock and Fisheries Development, Dhanusha, Janakpurdham***

Contract Identification No: **NCB/MOLMACP2/eBQ09/075-76/Works**

Date of publication: **2075/11/24 (March 8, 2019)**

1. The Provience Government, Provience No 2 has allocated funds or received a loan/credit/grant towards the cost of **Construction of** *Agriculture & Livestock Directorate Office, Dhanusha* and intends to apply part of the funds to cover eligible payments under the Contract for **Construction of Directorate of** *Livestock and Fisheries Development office, Dhanusha.* Bidding is open to all eligible Nepalese Bidders.
2. **Ministry of Land Management, Agriculture & Cooperative,** *Dhanusha,Janakpurdham*, invites electronic bids from eligible bidders for the construction of office building of **Directorate of** *Livestock and Fisheries Development, Dhanusha* under National Competitive Bidding, Two Envelope Bidding procedures.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Ministry of Land Management, Agriculture & Cooperative,** *Dhanusha, Janakpurdham* or may visit PPMO website www.bolpatra.gov.np.
4. Bidder submit their bid electronically through PPMO's Web Site **www.bolpatra.gov.np**. Bidders, submitting their bid electronically, should deposit the cost of a non-refundable fee of ***NRs 5,000.00*** in Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Name of the Bank: **Rastriya Banijya Bank LTD , Janakpur Branch.**
   Name of the Office: **Ministry of Land Management, agriculture and Cooperative, Province No. 2, Janakpurdham, Dhanusha**
   Office Code No. : **70 -235 -17- 01** Bank Account No. : 0004010000001
   Revenue Head No. : **14229**
5. Pre-bid meeting shall be held at **Ministry of Land Management,Agriculture & Cooperative,** ***Dhanusha,Janakpurdham at 13.00 hrs on 29th March 2019 (2075/12/15).***
6. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np. on or before ***1:00 PM*** on 7th ***April 2019 (2075/12/24).*** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2:00 PM on 7th April 2019 (2075/12/24)*** at the office of **Ministry of Land Management,Agriculture & Cooperative,** *Dhanusha, Janakpurdham*. Bids must be valid for a period of *120 days* after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format, amounting to a minimum of **NRs 11,21,000.00**, which shall be valid for 60 days beyond the validity period of the bid. The bid security guarantee issued only by "A" Class commercial banks approved by Nepal Rastra Bank shall be accepted.
8. If the last date of pre-bid meeting, submission and opening falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Bidders are required to specify the total price of the Bid in the Letter of Bid or the Bid Price in the Bill of Quantities. Failure to specify the total price of the Bid in the Letter of Bid or the Bill of Quantities shall be ground for declaring the bid non responsive.
10. Bidder's qualification criteria are mentioned in the bid documents.
11. The bidders are requested to submit all the original hard copy of bid documents within 7th day after bid submission date at **Ministry of Land Management, Agriculture & Cooperative,** *Dhanusha, Janakpurdham*. Failure to submit the original hard copy shall be ground for declaring the bid non responsive.
12. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
**Alternative Energy Promotion Centre (AEPC)**
Khumaltar Height, Lalitpur, Nepal
Tel: +977-1-5539390/5539391, Fax: +977-1-5542397, 5539392
Email: info@aepc.gov.np Website: www.aepc.gov.np

**Invitation for Electronic Bids**

**For "Supply, Delivery Installation, Testing & Commissioning of Electro Mechanical Equipment of Hikchu Khola Micro Hydropower Project", Bhotekhola, Sankhuwasabha"**
Contract Identification Number: AEPC/NRREP/HKMHPUC/G/NCB/2075/76-09
**Date of Notice Publication : 08 March 2019**

1. On behalf of **Hikchu Khola Micro Hydropower Project User's Committee** (HKMHPUC), AEPC/NRREP invites **electronic bids** from the registered eligible and qualified Suppliers/Bidders for the procurement of Goods **"Supply, Delivery Installation, Testing & Commissioning of Electro Mechanical Equipment of Hikchu Khola Micro Hydropower Project** (63 kW, 315 HH)**"** under National Competitive Bidding (NCB) procedures as specified in Public Procurement Act and Public Procurement Regulations.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of AEPC, as mentioned above or may visit e-GP system: www.bolpatra.gov.np/egp.
3. Bidding document in English is available online and can be downloaded from e-GP system of PPMO: **www.bolpatra.gov.np/egp.** Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document **NRs. 5,000.00** to the following bank:
   Name of the Bank: Nepal Bank Ltd., Gabahal Branch, Lalitpur
   Name of the Office: Alternative Energy Promotion Centre, Office Code No. : 308003401
   Bank Account No. : 00101000000001001001, Revenue Account No. 14229
4. Pre-bid meeting shall be held at AEPC, Khumaltar Height, Lalitpur, Nepal at **11.00 A.M. on 22 March 2019**.
5. Interested Bidders shall submit the electronic Bids through **www.bolpatra.gov.np/egp** to the above office of AEPC on or before **12:00 Noon on 08 April 2019.**
6. Submitted Electronic Bids shall be opened in presence of Bidders' representatives who choose to attend on **12:30 P.M. on 08 April 2019** at the office of AEPC, Khumaltar Height Lalitpur. But nothing shall bar the opening of Tender by the reason only that any bidder or its agent is not present. Bidder's representative should bear the authorization letter duly signed by the authority of firm at the time of bid opening.
7. Bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security, amounting to a minimum of **NRs. 700,000.00** which shall be valid for minimum 30 days beyond the bid validity period (i.e. Valid up to minimum 0**4 August 2019**).
8. If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in AEPC's Office Code 2830805 and Account Name DTCO, Lalitpur, Bank Account No. 16856 KHA3 at Nepal Bank Ltd., Gabahal, Lalitpur Branch and submit the original receipt of the deposited amount of cash along with the Bid.
9. If the last date of submission and opening falls on a government/public holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
10. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid. AEPC and respective User's committees shall not be responsible for any costs or expenses incurred by bidders in connection with preparation or submission of Bids.
11. AEPC and respective User's committees reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

# गाउँमै पाठेघरको उपचार

मानदत्त रावल/नयाँ पत्रिका
जुम्ला, २३ फागुन



तातोपानी गाउँपालिकाले पाठेघरको समस्याबाट पीडित महिलाको सित्तैमा उपचार गराउन थालेको छ। 'जनतासँग अध्यक्ष' कार्यक्रममार्फत काठमाडौंबाट विशेषज्ञ चिकित्सक ल्याएर गाउँमै पाठेघरको उपचार सुरु गरेको हो।

दुर्गम क्षेत्रमा महिलाले बढी काम गर्नुपर्ने र प्रभावकारी सेवा नपाउँदा रोग पालेर बस्नुपर्ने अवस्था भएकाले पाठेघरको निःशुल्क उपचार सेवा सुरु गरिएको गाउँपालिका अध्यक्ष नवराज न्यौपानेले बताए। 'अहिले पनि यहाँका महिलाको कार्यबोझ घटेको छैन। स्वास्थ्य अवस्थामा सुधार आउन सकेको छैन,' अध्यक्ष न्यौपानेले भने, 'स्वास्थ्यमा सुधार ल्याउन जनतासँग अध्यक्ष कार्यक्रम ल्याएका छौं। पहिलो चरणमा पाठेघर निःशुल्क उपचार गर्न सुरु गरेका छौं।'

गाउँपालिकाले सन्ध्या फाउन्डेसन नेपालको समन्वयमा क्यान्सर रोग विशेषज्ञको टोली गाउँमै ल्याएको छ। नेपाल क्यान्सर केयर फाउन्डेसनका निर्देशक डा.सरिता घिमिरेसहित सातजना स्वास्थ्यकर्मीको टोली तातोपानीमा खटिएको छ।

तातोपानीमा तीन सय महिलाको पाठेघरको उपचार गरिएको जनाएको छ। जसमध्ये २५ जनामा पाठेघरको मुखको क्यान्सरको सम्भावना देखिएको डा. घिमिरेले बताइन्।

गाउँमै उपचार पाउँदा पाठेघरको समस्याबाट पीडित महिला पनि खुसी देखिएका छन्। उपचार गर्ने खर्च नहुँदा अस्पताल जान नसकेको बताउँदै स्थानीय मन्नु रावतले भनिन्, 'रोग पालेर बसेकी थिएँ। उपचार पाउँदा आनन्द भयो।'

# निर्माण कार्यदल बनाएर गाउँपालिकामै युवालाई रोजगारी

## गुराँस गाउँपालिकाले बनायो ८० युवाको कार्यदल, मासिक १० हजार तलब दिएर काममा लगाइने

विष्णु शर्मा/नयाँ पत्रिका
दैलेख, २३ फागुन



गुराँस गाउँपालिकाले विकास निर्माण कार्यदल बनाएर युवालाई गाउँमै रोजगारी दिन थालेको छ। पहिलो चरणमा ८० युवालाई आबद्ध गरेर विकास निर्माणका काममा खटाउन सुरु गरेको छ।

बिहीबार एक समारोहबीच यसको सुरुवात गर्दै उनीहरूलाई एउटै किसिमको पोसाक वितरण गरिएको छ। युवालाई विदेश जानबाट रोक्न र गाउँ विकास निर्माणमा सहभागी गराउन कार्यदल गठन गरिएको गाउँपालिका अध्यक्ष खेमराज ओलीले बताए। 'उनीहरूको रुचिअनुसार नै सडक, बाटो, भवन निर्माणलगायतका काममा खटाउँछौं,' अध्यक्ष ओलीले भने।

गत वर्ष गाउँपालिकाले युवा स्वरोजगार मेला आयोजना गरेको थियो। उनीहरूलाई आफूले गर्न चाहेको काम भर्न लगाइएको थियो। उनीहरूले भरेको फारमकै आधारमा प्रत्येक वडाबाट १०/१० गरी ८० युवा छनोट गरिएका हुन्। उनीहरूलाई वर्षैभरि काममा लगाइने गाउँपालिकाको योजना छ।

पहिलो चरणमा निर्माण कार्यदलमा समेटिएका ८० युवा-युवतीलाई विकास निर्माणका काममा खटाइनेछ। उनीहरूलाई मासिक १० हजार रुपैयाँ तलब दिइने गाउँपालिका अध्यक्ष ओलीले बताए। प्राविधिकले गरेको मूल्यांकनका आधारमा तलब वृद्धि गरिने जनाएको छ।

यो वर्षको कामको आधारमा अर्को वर्ष थप युवालाई रोजागर दिइने गाउँपालिकाको योजना छ।

# गाउँपालिकाले थाल्यो नमुना विद्यालय अभियान

हेमन्त केसी/नयाँ पत्रिका
जाजरकोट, २३ फागुन



शैक्षिक अवस्था सुधार गर्न र सामुदायिक विद्यालयमा पनि गुणस्तरीय शिक्षा प्रदान गर्न कुशे गाउँपालिकाले नमुना विद्यालय अभियान थालेको छ। यो अभियानको पहिलो चरणमा १० विद्यालयलाई नमुना बनाउने योजना सुरु गरिएको छ।

कुशे गाउँपालिकामा ६० विद्यालय रहेका छन्। तीमध्ये १० विद्यालयलाई नमुना बनाउन लागिएको हो। गाउँपालिकाको पञ्चवर्षीय योजनाअन्तर्गत पहिलो चरणमा पाँचकटियास्थित रामचन्द्र प्रावि, भार्मास्थित दुर्गादेवी आधारूत विद्यालय, समाकोटस्थित राष्ट्रिय प्रावि, पैँकस्थित जनता प्रावि, लाँतास्थित महादेव प्रावि र टाँकाचौरस्थित हिमालय भानुभक्त प्राविलाई नमुना बनाउन लागिएको छ।

त्यस्तै गोयाकाप्रीस्थित देउती प्रावि, स्याँक्रीस्थित गणेश प्रावि, बर्खास्थित वीरेन्द्र प्रावि र डाँडाभौतास्थित सरस्वती आधारभूत विद्यालय नमुना बनाउने सूचीमा छन्।

यी विद्यालयको भवन, खेलमैदान, घेराबारा, शौचालय, खानेपानी, प्रयोगशाला बनाइनेछ। भौतिक पूर्वाधार निर्माणसँगै शिक्षक दरबन्दी र शैक्षिक सामग्री व्यवस्थापनमा सुधार गरिने गाउँपालिकाका अध्यक्ष हरिचन्द्र बस्नेतले बताए।

यसको पहिलो नम्बरमा रहेको रामचन्द्र प्राविलाई ३४ लाख अनुदान सहयोग प्रदान गरेको छ। गत आर्थिक वर्षमा १३ लाख र चालू आर्थिक वर्षमा २१ लाख अनुदान दिइएको हो ।

त्यस्तै, गाउँपालिका शिक्षा इकाइ शाखामार्फत बालविकास सहयोगी र दुईजना प्राथमिक शिक्षकका लागि अनुदान रकमसमेत प्रदान गरिएको छ। यो विद्यालयमा दुईजना राहत शिक्षक मात्र कार्यरत थिए। यहाँ कक्षा १ देखि ५ सम्म एक सय ५० विद्यार्थी अध्ययनरत छन्।

अनुदानबाट तीनकोठे भवन, खेलमैदानलगायत पूर्वाधार निर्माण गरेको प्रधानाध्यापक नीमबहादुर ओलीले बताए।

## ट्रक र जिपमा तोडफोड

सल्यान/ बन्दको अवज्ञा गरेको भन्दै नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपाका कार्यकर्ताले ट्रक र जिपमा तोडफोड गरेका छन्।

बिहीबार नेकपाले राप्ती क्षेत्र बन्दको आह्वान गरेको थियो। बन्दको अवज्ञा गरेको भन्दै त्रिवेणीको सल्लेखोलामा ना.४ख ६३६८ नम्बरको ट्रकमा तोडफोड गरिएको छ। त्यस्तै, लु.२च २७२५ नम्बरको बोलेरोमा पनि तोडफोड गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। तुलसीपुरमा भएको कार्यक्रमबाट प्रहरीले नेकपाका कार्यकर्ता प्रदीप वली, ईश्वरी पाण्डे र रुद्र वलीलाई मंगलबार पक्राउ गरिएको थियो। त्यसको विरोधमा राप्ती क्षेत्र बन्द गरिएको नेकपाका राप्ती ब्युरो इन्चार्ज सुवासले बताए।

# मन्दिरमा प्लास्टिक प्रतिबन्ध

नयाँ पत्रिका
रुकुम (पश्चिम), २३ फागुन



कर्णाली प्रदेशकै प्रमुख धार्मिकस्थल पश्चिमी रुकुमको डिग्रे साइकुमारी मन्दिरमा प्लास्टिक प्रतिबन्ध लगाइएको छ। प्लास्टिकका कारण मन्दिरमा फोहोर बढेको जनाउँदै मन्दिर व्यवस्थापन समितिले बन्देज लगाएको हो।

दर्शनार्थीले पूजाका सामग्री लैजानका लागि प्लास्टिकको प्रयोग गर्ने र मन्दिरमै जथाभावी फाल्ने भएकाले फोहोर बढेको जनाएको छ। प्लास्टिकका कारण फोहोर व्यवस्थापनमा समस्या भएपछि प्रतिबन्ध लगाउनुपरेको मन्दिर व्यवस्थापन समितिका कार्यबाहक अध्यक्ष चुडामणि गौतमले बताए। मुसीकोट नगरपालिका-५ का वडाध्यक्ष सुशील गौतमले मन्दिरलाई प्लास्टिकमुक्त घोषणा गरेका छन्। मन्दिरको दर्शनका लागि आउने दर्शनार्थीले प्लास्टिक नै प्रयोग गरेको पाइएको उनले बताए। अन्य मन्दिरमा पनि प्लास्टिकको प्रयोग बन्द गरिँदै लगिने वडाध्यक्ष गौतमले बताए।

अब मन्दिरमा प्लास्टिकको साटो फाइबर झोलाको प्रयोगमा जोड दिइने मन्दिर व्यवस्थापन समितिले जनाएको छ। त्यसका लागि सुरुवातमा मन्दिरमै फाइबरको झोला निःशुल्क उपलब्ध गराइने मन्दिर व्यवस्थापन समितिका कार्यबाहक अध्यक्ष गौतमले बताए। 'सुरुवातमा निःशुल्क झोला उपलब्ध गराउनेछौं। बिस्तारै शुल्क लगाइनेछ,' उनले भने। समितिले मन्दिर क्षेत्रमा डस्टबिन राखेको छ। यस मन्दिरमा हरेक वर्षको हरिबोधनी एकादशीदेखि पूर्णिमासम्म विशेष मेला लाग्ने गर्छ।

## ७ महिनामा १३ पक्राउ

रुकुम (पश्चिम)/ रुकुम पश्चिमबाट चालू आर्थिक वर्षको सात महिनामा १३ जना लागुऔषधका कारोबारीलाई पक्राउ गरेको छ। उनीहरूका साथबाट ५९ केजी १ सय ६ ग्राम लागुऔषधसमेत बरामद गरिएको नायब उपरीक्षक सुमित खड्काले जानकारी दिए। उनीहरूका साथबाट २७ केजी ६ सय ७ ग्राम चरेश, २६ केजी ५० ग्राम गाँजा, ५ केजी अफिमसहितका लागुऔषध बरामद गरिएको प्रहरीले जनाएको छ।

जिल्लामा लागुपदार्थको कारोबार तथा ओसार-पसार बढ्नुको पछाडि बेरोजगारी समस्या प्रमुख कारण रहेको डिएसपी खड्काले बताए। 'जिल्लामा भएका घटना हेर्दा बेरोजगारीका कारण नै युवा लागुपदार्थको कारोबारमा जोडिएको पाएका छौं,' खड्काले भने।

## बलात्कार गर्न खोजेको आरोपमा युवक पक्राउ

सल्यान/ अपांगता भएकी युवतीलाई बलात्कार गर्न खोजेको आरोपमा सल्यान प्रहरीले कपुरकोट गाउँपालिका-४ का १९ वर्षीय विशाल घर्तीलाई पक्राउ गरेको छ। शिवरात्रिका दिन अपांगता भएकी युवतीलाई बलात्कार गर्न खोजेको भन्दै स्थानीय बासिन्दाले जानकारी दिएपछि प्रहरी टोली गाउँमै पुगेको थियो। उनलाई घरबाटै पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर गिरीराज भण्डारीले बताए।

घटनाका विषयमा थप अनुन्धान भइरहेको प्रहरीले जनाएको छ।


**Invitation for Bids**

**Province Government**
**Ministry of Land Management, Agriculture & Cooperative**
*Province No-2, Janakpurdham, Dhanusha*

***Invitation for Bids for the Construction of office building of Directorate of Livestock and Fisheries Development, Dhanusha, Janakpurdham***

Contract Identification No: **NCB/MOLMACP2/eBQ09/075-76/Works**

Date of publication: **2075/11/24 (March 8, 2019)**

1. The Provience Government, Provience No 2 has allocated funds or received a loan/credit/grant towards the cost of **Construction of *Agriculture & Livestock Directorate Office, Dhanusha*** and intends to apply part of the funds to cover eligible payments under the Contract for **Construction of Directorate of *Livestock and Fisheries Development office, Dhanusha.*** Bidding is open to all eligible Nepalese Bidders.
2. **Ministry of Land Management, Agriculture & Cooperative,** *Dhanusha,Janakpurdham*, invites electronic bids from eligible bidders for the construction of office building of ***Directorate of Livestock and Fisheries Development, Dhanusha*** under National Competitive Bidding, Two Envelope Bidding procedures.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Ministry of Land Management, Agriculture & Cooperative,** *Dhanusha, Janakpurdham* or may visit PPMO website www.bolpatra.gov.np.
4. Bidder submit their bid electronically through PPMO's Web Site **www.bolpatra.gov.np**. Bidders, submitting their bid electronically, should deposit the cost of a non-refundable fee of ***NRs 5,000.00*** in Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Name of the Bank: **Rastriya Banijya Bank LTD , Janakpur Branch.**
   Name of the Office: **Ministry of Land Management, agriculture and Cooperative, Province No. 2, Janakpurdham, Dhanusha**
   Office Code No. : **70 -235 -17- 01** Bank Account No. : 0004010000001
   Revenue Head No. : **14229**
5. Pre-bid meeting shall be held at **Ministry of Land Management,Agriculture & Cooperative, *Dhanusha,Janakpurdham at 13.00 hrs on 29th March 2019 (2075/12/15).***
6. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np. on or before ***1:00 PM*** on 7th ***April 2019 (2075/12/24).*** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2:00 PM on 7th April 2019 (2075/12/24)*** at the office of **Ministry of Land Management,Agriculture & Cooperative,** *Dhanusha, Janakpurdham*. Bids must be valid for a period of ***120 days*** after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format, amounting to a minimum of **NRs 11,21,000.00**, which shall be valid for 60 days beyond the validity period of the bid. The bid security guarantee issued only by "A" Class commercial banks approved by Nepal Rastra Bank shall be accepted.
8. If the last date of pre-bid meeting, submission and opening falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Bidders are required to specify the total price of the Bid in the Letter of Bid or the Bid Price in the Bill of Quantities. Failure to specify the total price of the Bid in the Letter of Bid or the Bill of Quantities shall be ground for declaring the bid non responsive.
10. Bidder's qualification criteria are mentioned in the bid documents.
11. The bidders are requested to submit all the original hard copy of bid documents within 7th day after bid submission date at **Ministry of Land Management, Agriculture & Cooperative,** *Dhanusha, Janakpurdham*. Failure to submit the original hard copy shall be ground for declaring the bid non responsive.
12. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.



Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
**Alternative Energy Promotion Centre (AEPC)**
Khumaltar Height, Lalitpur, Nepal
Tel: +977-1-5539390/5539391, Fax: +977-1-5542397, 5539392
Email: info@aepc.gov.np Website: www.aepc.gov.np

**Invitation for Electronic Bids**

**For "Supply, Delivery Installation, Testing & Commissioning of Electro Mechanical Equipment of Hikchu Khola Micro Hydropower Project", Bhotekhola, Sankhuwasabha"**
Contract Identification Number: AEPC/NRREP/HKMHPUC/G/NCB/2075/76-09
**Date of Notice Publication : 08 March 2019**

1. On behalf of **Hikchu Khola Micro Hydropower Project User's Committee (**HKMHPUC), AEPC/NRREP invites **electronic bids** from the registered eligible and qualified Suppliers/Bidders for the procurement of Goods **"Supply, Delivery Installation, Testing & Commissioning of Electro Mechanical Equipment of Hikchu Khola Micro Hydropower Project** (63 kW, 315 HH)" under National Competitive Bidding (NCB) procedures as specified in Public Procurement Act and Public Procurement Regulations.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of AEPC, as mentioned above or may visit e-GP system: www.bolpatra.gov.np/egp.
3. Bidding document in English is available online and can be downloaded from e-GP system of PPMO: **www.bolpatra.gov.np/egp.** Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document **NRs. 5,000.00** to the following bank:
   Name of the Bank: Nepal Bank Ltd., Gabahal Branch, Lalitpur
   Name of the Office: Alternative Energy Promotion Centre, Office Code No. : 308003401
   Bank Account No. : 00101000000001001001, Revenue Account No. 14229
4. Pre-bid meeting shall be held at AEPC, Khumaltar Height, Lalitpur, Nepal at **11.00 A.M. on 22 March 2019**.
5. Interested Bidders shall submit the electronic Bids through **www.bolpatra.gov.np/egp** to the above office of AEPC on or before **12:00 Noon on 08 April 2019.**
6. Submitted Electronic Bids shall be opened in presence of Bidders' representatives who choose to attend on **12:30 P.M. on 08 April 2019** at the office of AEPC, Khumaltar Height Lalitpur. But nothing shall bar the opening of Tender by the reason only that any bidder or its agent is not present. Bidder's representative should bear the authorization letter duly signed by the authority of firm at the time of bid opening.
7. Bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security, amounting to a minimum of **NRs. 700,000.00** which shall be valid for minimum 30 days beyond the bid validity period (i.e. Valid up to minimum 0**4 August 2019**).
8. If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in AEPC's Office Code 2830805 and Account Name DTCO, Lalitpur, Bank Account No. 16856 KHA3 at Nepal Bank Ltd., Gabahal, Lalitpur Branch and submit the original receipt of the deposited amount of cash along with the Bid.
9. If the last date of submission and opening falls on a government/public holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
10. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid. AEPC and respective User's committees shall not be responsible for any costs or expenses incurred by bidders in connection with preparation or submission of Bids.
11. AEPC and respective User's committees reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

# 'पहिला पानी रोपाइँ गर्न पुग्थ्यो, अचेल खान पनि छैन'

करन ताम्राकार/नयाँ पत्रिका
डडेल्धुरा, २३ फागुन

डडेल्धुराको भित्रीमधेस क्षेत्रमा पर्ने आलिताल गाउँपालिका-८ मा रहेको डोलाकोट क्षेत्रका पानीका मुहान सुक्न थालेका छन् । मुहान सुक्दै गएपछि गाउँमा पानीको अभाव हुन थालेको छ ।

आलिताल गाउँपालिको डोलाकोट चुरे क्षेत्रमा जंगल फडानी हुँदा गरेर मानव वस्ती बढ्दै जाँदा पानीका मुहान सुक्न थालेको स्थानीय सरिता थापामगरले बताइन् । उनले भनिन्, 'पहिला यस्तो थिएन । १० वर्षयता चुरेमा भएको वन मासिँदै गयो । जंगल उजाड बन्दै गएपछि मूल पनि सुक्न थाले । अहिले खानेपानीका लागि रातभर जाग्राम बस्नुपर्ने भएको छ ।'

पहिला गाउँमै पानी पाइने भए पनि अचेल खानेपानीको जोहो गर्न दुई तीन घन्टा हिँडेर सुनखोला जानुपर्ने भएको उनले सुनाइन् । खानेपानीका मुहान नै सुकेपछि खानेपानीका लागि तीन घन्टा हिँड्नुपरेको दुःखेसो उनले गरिन् ।

'पहिला गाउँमा खेत रोप्ने पानी हुन्थ्यो,' डोलाकोटका जेष्ठ नागरिक वीरबहादुर थापामगरले स्मरण गरे, 'अहिले त खानेपानीसमेत हुँदैन ।' पानीको अभाव बढ्दै गएपछि अचेल गाउँमा वर्षेबाली मात्रै हुने गरेको उनले सुनाए ।

पटक-पटक खानेपानी समस्यालाई यस गाउँको चुनावी नारा बनाएर विभिन्न दलका नेताहरू आउँछन् । राजनीतिक दलहरूको चुनाव जितेपछि कसैले यहाँको समस्या सम्बोधन नगरेको यहाँका बासिन्दाहरू गुनासो गर्छन् । 'हाम्रो पीडा जस्ताको त्यस्तै छ' स्थानीयले गुनासो गरे । अहिले डालोकोट गाउँमा २० परिवार मगर बस्छन् । चुरे क्षेत्रमा बस्ती बढ्दै गएको छ ।

## ■ बस्तुभाउ पाल्न छोडे

गाउँमा जनघनत्व बढ्दै गयो । चुरे क्षेत्रमा रुखहरू कार्टिँदै गए । बस्ती बढ्दै गयो । स्थानीयहरू भन्छन्, 'त्यसैले पानीका मुहान सुक्न थाले । केही वर्ष पहिलासम्म गाउँमा पानी प्रसस्त थियो । अचेल पानी खोज्दै घन्टौं हिँड्नुपर्छ ।'

खानेपानी मात्र होइन अन्य पानीको स्रोत नहुँदा यो गाउँमा गाईभैंसीलगायत पशुचौपाया पाल्न मुस्किल भएको छ । स्थानीयले पशुचौपाया पाल्न छोडेको डोलाकोटकी पार्वती थापामगरले बताइन् । 'मान्छेलाई खान पानी छैन, गाईभैंसी पालेर कहाँबाट पानी ल्याउने ? कसरी खुवाउने,' उनले भनिन्, 'त्यसैले डोलाकोटमा गाईभैंसीसमेत पाल्न छोडिएको छ ।'

# १३ वर्षीय ऋषिको लोभ्याउने कला

मोहन विष्ट/नयाँ पत्रिका
कञ्चनपुर, २३ फागुन

कञ्चनपुरको लालझाडी गाउँपालिका-२ कञ्जका १३ वर्षीय ऋर्षिराज राना स्थानीय भानु माध्यमिक विद्यालय नौ कक्षामा अध्ययनरत छन् । उमेरले सानै भए पनि उनको प्रतिभा भने सबैलाई लोभ्याउने खालको छ ।

सानै उमेरदेखि गीतसंगीतमा रुचि राख्ने ऋषि अचेल विभिन्न मेला, महोत्सव, भजन किर्तन कार्यक्रमदेखि विभिन्न सभा, समारोहमा गीत गाउँदै आएका छन् । विकासका हिसाबले विकट गाउँ र थारू समुदायमा जन्मिएका ऋषि स्थानीयस्तरमा 'अतभूत' कलाका धनी बालकका रूपमा चिनिँदै आएका छन् । उनको गायकीले दर्शकको मुटु छोएको उनलाई सुन्नेहरू बताउँछन् । गीत गाउँदा उमेरभन्दा माथिल्लो स्तरको गाउने गरेको भन्दै उनको प्रसंसा हुने गरेको छ ।

कञ्चनपुरको झलारीमा सुरु भएको शुक्लाफाँटा कृषि पर्यटन महोत्सव-२०७५ मा ऋर्षिले 'आँखैमा राख्छु मेरो देश...' बोलको गीत गाउँदा दर्शक मात्र नभई बटुवाको समेत ध्यान केन्द्रित भएको थियो ।

ऋर्षिलाई जब उद्घोषले मञ्चमा बोलाए उनको उचाइ र बालापन देखेर दर्शक अच्चमित बने । उनले गीत गाउँदै गर्दा दर्शकले तालीमार्फत साथ दिएका थिए । सानै उमेरका बालकले राष्ट्रियता झल्कने गीत गाएकोमा आश्चर्य व्यक्त गर्दै आयोजकलगायत सर्वसाधारणले उनलाई धन्यवाद दिएका थिए । नौ वर्षअघि ऋषिका बाबु प्रकाश रानाले घरमा छोराका लागि खेलौना जस्तै 'वाकमेन' ल्याइदिएका थिए ।

'बुवाले ल्याइदिएको वाकमेनमा क्यासेट राखेर गीत सुन्थैं,' ऋषिले भने, 'गीत सुनेर आफू पनि गाउने प्रयास गर्थें, त्यसो गर्दागर्दै गीत गाउन थालें ।' सुरुका दिनहरूमा विद्यालय आउँदा जाँदा गीत आउने ऋषिले अहिले सार्वजनिक समारोहमा गीत गाएर राम्रो पहिचान बनाइसकेका छन् । 'पढेर कलाकार बन्ने धोको छ,' ऋषिले भने, 'गीत गाएरै बाँच्न सक्छु भन्ने मेरो संकल्प हो ।'

बाबु प्रकाशको सहयोगले संगीत क्षेत्रको यात्रा सुरु गरेका ऋषिले आफू अघि बढ्नुमा घर परिवार, समाज र सिंगो समुदायको साथ सर्मथन महत्वपूर्ण हुने बताए । ऋषिका बाबु प्रकाश रानाले छोराको इच्छाअनुसार आफ्नो जिम्मेवारी पूरा गर्ने बताए ।



कञ्चनपुरको झलारीमा आयोजित महोत्सवमा गीत प्रस्तुत गर्दै १३ वर्षीय ऋषिराज राना ।

## विद्यार्थीलाई शैक्षिक सामग्री

धनगढी/ कैलालीको पहलमानपुरस्थित विभिन्न विद्यालयमा अध्ययनरत विपन्न परिवारका २१ जना विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरिएको छ ।

विद्यालय पोसाक, जुत्ता, कापी, कलम, पेन्सिल, ज्यामिति बक्सलगायत सामग्री वितरण गरिएको हो । एनआरएन वुमन फोरम स्विटजरल्यान्डकी संयोजक शुभा इल्मार लामाको सक्रियतामा संकलित रकमबाट विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरिएको समन्वयकर्ता प्रकाश मिश्रले जानकारी दिए ।

## शिक्षकका लागि एक करोड

बैतडी/ पाटन नगरपालिकाले निजी स्रोतका शिक्षकको व्यवस्थापनका लागि एक करोड उपलब्ध गराउने भएको छ । नगरपालिकाभरका सामुदायिक विद्यालयमा कार्यरत निजी स्रोतका शिक्षकका लागि सो रकम उपलब्ध गराइने नगरप्रमुख केशवबहादुर चन्दले जानकारी दिए ।

शिक्षकका लागि अभिभावकले चन्दा दिनुपर्ने बाध्यता अन्त्य गर्न नगरपालिकाले पहल गरिरहेको जनाइएको छ । नगरभरिका सामुदायिक विद्यालयमध्ये गाभिनुपर्ने विद्यालयलाई गाभेर निजी स्रोतका शिक्षकको व्यवस्थापन गरिने नगरका प्रवक्ता लोकबहादुर भण्डारीले बताए ।

# चितुवाको आक्रमणमा चारजना घाइते

## गोली हानेर नियन्त्रणमा लिइयो चितुवा


टीकापुर नगरपालिकामा प्रवेश गरेको चितुवाले मानिसलाई आक्रमण गरेपछि नियन्त्रणमा लिने क्रममा जम्मा भएको भिड ।

दिलबहादुर चौधरी/नयाँ पत्रिका
टीकापुर, २३ फागुन

टीकापुर नगरपालिकामा चितुवाको आक्रमणबाट चारजना घाइते भएका छन् । बिहीबार बिहान टीकापुर नगरपालिका-९ पार्क रोडमा ट्राफिक प्रहरी जवान देवीभक्त धिताल र स्थानीय १४ वर्षीय सम्राट शाह चितुवाको आक्रमणबाट घाइते भएका थिए । दिउँसो टिकापुर-१ बसपार्क नजिकै शेरबहादुर कामी र षडानन्द न्यौपानेलाई घाइने बनाएको हो ।

चितुवा बस्तीमा पसेपछि प्रहरीले सुरक्षाका लागि घेरा हाल्दा एक्कासि चितुवाले आक्रमण गरेको जनाइएको छ । चितुवाले चार/पाँचपटक झम्टिएपछि घाइते भएका प्रहरी देवीभक्तलाई टीकापुर अस्पतालमा उपचारपछि काठमाडौं पठाइएको इलाका प्रहरी कार्यालय टीकापुरका प्रहरी नायब उपरीक्षक शिवबहादुर सिंहले बताए । घाइते शेरबहादुर कामीलाई कोहलपुर पठाइएको छ । अन्य दुईजनाको टिकापुर अस्पतालमै उपचार भइरहेको छ ।

स्थानीयको खेतबारीमा पसेको चितुवा नियन्त्रणका लागि बर्दिया राष्ट्रिय निकुञ्जबाट आएको टोलीले साँझ साढे पाँच बजे चितुवालाई गोली हानी घाइते बनाएर नियन्त्रणमा लिएको थियो । चितुवालाई बर्दिया राष्ट्रिय निकुञ्ज लगिएको छ ।

## इआइए ढिलाइले महाकाली करिडोरको काममा असर

दार्चुला/ सरकारको प्राथमिकतामा रहेको महाकाली करिडोर सडक निर्माणले अझै गति लिन सकेको छैन । सडक निर्माण गर्नुपूर्व हुनुपर्ने वातावरणीय प्रभाव मूल्यांकन (इआइए) को प्रतिवेदन ढिलाइले काम रोकिएको हो ।

कञ्चनपुरको ब्रह्मदेवदेखि डडेल्धुरा, बैतडी हुँदै दार्चुलासम्मको कूल २९१ किलोमिटर सडकखण्ड समयमै इआइए प्रतिवेदन नआउँदा सडकको ठेक्का नै अघि नबढेको दार्चुला तिंकर सडक योजना प्रमुख अच्युत पन्तले बताए । ०७३/७४ मा ८८ किलोमिटर सडकखण्डको मात्रै ठेक्का भएर काम अघि बढेको छ ।

बैतडी र दार्चुलामा पनि वन क्षेत्र पर्ने भएकोले सडक निर्माणले सोचेअनुसार प्रगति हुन नसकेको योजनाले जनाएको छ । डडेल्धुरा, बैतडी र दार्चुला गरी तीन खण्डमा काम गरिएका बेला वातावरणीय प्रभाव मूल्यांकन नगर्न योजनामाथि दबाब परेको थियो । कञ्चनपुरको ब्रह्मदेवमा सडक निर्माणका लागि ठेक्का भएको छैन । कञ्चनपुर र डडेल्धुरा क्षेत्रमा बढी वनक्षेत्र पर्छ । 'अहिले पनि इआइए प्रतिवेदन आइपुगेको छैन', पन्तले भने, 'निरन्तर चाँडो प्रतिवेदन बुझाउन आग्रह गर्दै आएको छु । समयमै प्रतिवेदन आए नयाँ ठेक्का लगाएर करिडोरको काम अघि बढाउन सहज हुन्छ ।'

महाकाली राजमार्गको विकल्पका रूपमा छोटो रुपमा महाकाली नदीको किनारै किनार भएर करिडोर बनाउन लागिएको हो । महाकाली करिडोर चुरे वन क्षेत्र हुँदै बैतडी र दार्चुलाको अधिकांश वन क्षेत्रमा बन्न लागेको छ । - रासस

# स्मार्ट लाइसेन्स वितरणको तयारी

नयाँ पत्रिका
डडेल्धुरा, २३ फागुन

डडेल्धुरा जिल्लाबाट स्मार्ट लाइसेन्स (सवारी चालक अनुमति) वितरण गर्ने तयारी थालिएको छ । यातायात व्यवस्था सेवा कार्यालय डडेल्धुराले स्मार्ट लाइसेन्स वितरण गर्न सकिने बताएपछि सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लालाई सहज हुने भएको छ ।

डडेल्धुरामा स्थापना भएको यातायात व्यवस्था सेवा कार्यालयले जिल्लामै परीक्षा सञ्चालन गरी लाइसेन्स वितरण गर्ने योजना बनाएको हो । तीन वर्ष पहिले स्थापना भएको कार्यालयले लाइसेन्स नवीकरण, सवारी दर्ता (ब्लु बुक) नवीकरण सेवा, सवारी जाँचपासलगायतका सेवा सञ्चालन गरिरहेको कार्यालयका प्रमुख दिलिप तामाङले बताए ।

डडेल्धुरामा भाडामा ट्रायल सेन्टर लिएर लाइसेन्स वितरण गर्ने तयारी गरेको प्रमुख लामाङले बताए । उनका अनुसार कार्यालय स्थापना भएको तीन वर्षसम्म अस्थायी रुट पर्मिट जारी गर्ने, पछिल्लो समय चालक अनुमतिपत्र, ब्लु बुक नवीकरण गर्ने, सवारी साधनको प्रदूषण जाँचको काम हुँदै आएको थियो । अब चाँडै स्मार्ट लाइसेन्स जारी गर्ने, सवारीको नामसारी र दर्ता गर्ने योजना अन्तिम चरणमा पुगेको उनले बताए ।

करिब एक करोडको लगानीमा निर्माण भइरहेको ट्रायल सेन्टरमा ५० लाख बराबरको काम भइसकेको छ । चैतसम्म सञ्चालन भइसक्ने तामाङले बताए ।

डडेल्धुराबाटै नयाँ सवारी चालक अनुमति पत्र पाइने भएपछि पहाडी जिल्लावासीलाई सहज हुनुका साथै यहाँको व्यापार व्यवसायसमेत फस्टाउने उग्रतारा ड्राइभिङ एन्ड ट्रेनिङ सेन्टरका सञ्चालक तेज बहादुर ऐरले बताए । सवारी चालक अनुमति पत्रका लागि यसअघि यातायात व्यवस्था कार्यालय कैलाली र कञ्चनपुर पुग्नुपर्ने अवस्था थियो ।

**Invitation for Bids**

**Province Government**
**Ministry of Land Management, Agriculture & Cooperative**
***Province No-2, Janakpurdham, Dhanusha***
***Invitation for Bids for the Construction of office building of Directorate of Livestock and Fisheries Development, Dhanusha, Janakpurdham***

Contract Identification No: **NCB/MOLMACP2/eBQ09/075-76/Works**

Date of publication: **2075/11/24 (March 8, 2019)**

1. The Provience Government, Provience No 2 has allocated funds or received a loan/credit/grant towards the cost of ***Construction of Agriculture & Livestock Directorate Office, Dhanusha*** and intends to apply part of the funds to cover eligible payments under the Contract for ***Construction of Directorate of Livestock and Fisheries Development office, Dhanusha.*** Bidding is open to all eligible Nepalese Bidders.
2. **Ministry of Land Management, Agriculture & Cooperative,** ***Dhanusha,Janakpurdham***, invites electronic bids from eligible bidders for the construction of office building of ***Directorate of Livestock and Fisheries Development, Dhanusha*** under National Competitive Bidding, Two Envelope Bidding procedures.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Ministry of Land Management, Agriculture & Cooperative,** ***Dhanusha, Janakpurdham*** or may visit PPMO website **www.bolpatra.gov.np**.
4. Bidder submit their bid electronically through PPMO's Web Site **www.bolpatra.gov.np**. Bidders, submitting their bid electronically, should deposit the cost of a non-refundable fee of ***NRs 5,000.00*** in Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Name of the Bank: **Rastriya Banijya Bank LTD , Janakpur Branch.**
   Name of the Office: **Ministry of Land Management, agriculture and Cooperative, Province No. 2, Janakpurdham, Dhanusha**
   Office Code No. : **70 -235 -17- 01** Bank Account No. : 0004010000001
   Revenue Head No. : **14229**
5. Pre-bid meeting shall be held at **Ministry of Land Management,Agriculture & Cooperative,** ***Dhanusha,Janakpurdham at 13.00 hrs on 29th March 2019 (2075/12/15).***
6. Electronic bids must be submitted through PPMO website **www.bolpatra.gov.np**. on or before ***1:00 PM*** on ***7th April 2019 (2075/12/24).*** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2:00 PM on 7th April 2019 (2075/12/24)*** at the office of **Ministry of Land Management,Agriculture & Cooperative,** ***Dhanusha, Janakpurdham***. Bids must be valid for a period of ***120 days*** after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format, amounting to a minimum of **NRs 11,21,000.00**, which shall be valid for 60 days beyond the validity period of the bid. The bid security guarantee issued only by "A" Class commercial banks approved by Nepal Rastra Bank shall be accepted.
8. If the last date of pre-bid meeting, submission and opening falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Bidders are required to specify the total price of the Bid in the Letter of Bid or the Bid Price in the Bill of Quantities. Failure to specify the total price of the Bid in the Letter of Bid or the Bill of Quantities shall be ground for declaring the bid non responsive.
10. Bidder's qualification criteria are mentioned in the bid documents.
11. The bidders are requested to submit all the original hard copy of bid documents within 7th day after bid submission date at **Ministry of Land Management, Agriculture & Cooperative,** ***Dhanusha, Janakpurdham***. Failure to submit the original hard copy shall be ground for declaring the bid non responsive.
12. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
**Alternative Energy Promotion Centre (AEPC)**
Khumaltar Height, Lalitpur, Nepal
Tel: +977-1-5539390/5539391, Fax: +977-1-5542397, 5539392
Email: info@aepc.gov.np Website: www.aepc.gov.np

**Invitation for Electronic Bids**

**For "Supply, Delivery Installation, Testing & Commissioning of Electro Mechanical Equipment of Hikchu Khola Micro Hydropower Project", Bhotekhola, Sankhuwasabha"**
Contract Identification Number: AEPC/NRREP/HKMHPUC/G/NCB/2075/76-09
**Date of Notice Publication : 08 March 2019**

1. On behalf of **Hikchu Khola Micro Hydropower Project User's Committee** (HKMHPUC), AEPC/NRREP invites **electronic bids** from the registered eligible and qualified Suppliers/Bidders for the procurement of Goods **"Supply, Delivery Installation, Testing & Commissioning of Electro Mechanical Equipment of Hikchu Khola Micro Hydropower Project** (63 kW, 315 HH)**"** under National Competitive Bidding (NCB) procedures as specified in Public Procurement Act and Public Procurement Regulations.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of AEPC, as mentioned above or may visit e-GP system: www.bolpatra.gov.np/egp.
3. Bidding document in English is available online and can be downloaded from e-GP system of PPMO: **www.bolpatra.gov.np/egp**. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document **NRs. 5,000.00** to the following bank:
   Name of the Bank: Nepal Bank Ltd., Gabahal Branch, Lalitpur
   Name of the Office: Alternative Energy Promotion Centre, Office Code No. : 308003401
   Bank Account No. : 00101000000001001001, Revenue Account No. 14229
4. Pre-bid meeting shall be held at AEPC, Khumaltar Height, Lalitpur, Nepal at **11.00 A.M. on 22 March 2019**.
5. Interested Bidders shall submit the electronic Bids through **www.bolpatra.gov.np/egp** to the above office of AEPC on or before **12:00 Noon on 08 April 2019.**
6. Submitted Electronic Bids shall be opened in presence of Bidders' representatives who choose to attend on **12:30 P.M. on 08 April 2019** at the office of AEPC, Khumaltar Height Lalitpur. But nothing shall bar the opening of Tender by the reason only that any bidder or its agent is not present. Bidder's representative should bear the authorization letter duly signed by the authority of firm at the time of bid opening.
7. Bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security, amounting to a minimum of **NRs. 700,000.00** which shall be valid for minimum 30 days beyond the bid validity period (i.e. Valid up to minimum **04 August 2019**).
8. If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in AEPC's Office Code 2830805 and Account Name DTCO, Lalitpur, Bank Account No. 16856 KHA3 at Nepal Bank Ltd., Gabahal, Lalitpur Branch and submit the original receipt of the deposited amount of cash along with the Bid.
9. If the last date of submission and opening falls on a government/public holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
10. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid. AEPC and respective User's committees shall not be responsible for any costs or expenses incurred by bidders in connection with preparation or submission of Bids.
11. AEPC and respective User's committees reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.